

नेपाल

# न्यायको पर्खाइमा

## नेपालको सशस्त्र द्वन्द्वका अदण्डित अपराधहरु

ADVOCACY FORUM

HUMAN RIGHTS WATCH

सेप्टेम्बर २००८ ADVOCACY FORUM HUMAN RIGHTS WATCH १-५६४३२-३१९-६

# न्यायको पर्खाइमा

## नेपालको सशस्त्र द्वन्द्वका अदण्डित अपराधहरु


**नेपालको नक्सा** १

**१. सारांश** २
मुख्य सुझावहरू ८
अध्ययन विधि ९

**२. युद्ध र शान्तिका बेला** १०
जनयुद्ध १०
विस्तृत शान्ति सम्झौता १३

**३. दण्डहीनताको इतिहास** १६

**४. जाहेरी दर्ता भयो तर त्यस उपर केही भएन** २४
अनुसन्धान एवम् कारवाही गर्न असफल २४
नेपाल प्रहरीको भूमिका २८
अधिकार उल्लङ्घनपछिको प्रारम्भिक प्रतिक्रिया २८
कारवाही गर्न निरन्तर रूपमा असफल ३१
शवको अन्त्येष्टी ३२
नेपाली सेनाको भूमिका ३५
सरकारी वकिलको भूमिका ३७
फरेन्सिक पेशाको भूमिका ३९
अदालतको भूमिका ३९
राष्ट्रिय मानवअधिकार आयोग ४२
अनुसन्धान निकायहरू ४३
क्षतिपूर्ति ४४
सङ्क्रमणकालीन न्याय ४५


**५. कानूनी दण्डहीनता** ४७
कानूनमा सुधार : यातना र जबर्जस्ती बेपत्तालाई अपराध मान्न आवश्यक ४८
अनुसन्धानका लागि कमजोर कानूनी रूपरेखा ४९
सरकारी मुद्दासम्बन्धी ऐन ४९
स्थानीय प्रशासन ऐन ५०
प्रहरी ऐन ५२
सैनिक ऐन ५२
सार्वजनिक सुरक्षा ऐन ५४
जाँचबुझ आयोग ऐन ५४
मुलुकी ऐन (राष्ट्रिय संहिता) ५५

**६. सिफारिसहरू** ५७
नेपाल सरकारलाई ५७
संविधान सभालाई ५९
सेनालाई ५९
प्रहरीलाई ५९
नेकपा (माओवादी) लाई ६०
भारत, चीन, संयुक्तराज्य अमेरिका, युरोपेली सङ्घ, जापान तथा अन्य प्रभावशाली अन्तर्राष्ट्रिय पात्रहरूलाई ६०

**७. हार्दिक आभार** ६२

**परिशिष्ट : जिल्लाद्वारा कारवाही हुन बाँकी रहेका ६२ मानवअधिकार उल्लङ्घनसम्बन्धी मुद्दाहरु** ६३

Map of Nepal


China
India
District Map of Nepal
Districts where FIRs were registered
© 2008 John Emerson
TAPLEJUNG
PANCHTHAR
ILAM
JHAPA
TERHATHUM
SANKHUWASABHA
MORANG
DHANKUTA
BHOJPUR
SUNSARI
SOLUKHUMBU
KHOTANG
UDAYPUR
SAPTARI
OKHALDHUNGA
SIRAHA
DOLAKHA
RAMECHHAP
DHANUSHA
SINDHUPALCHOK
SINDHULI
MAHOTTARI
KAVRE
BHAKTAPUR
KATHMANDU
LALITPUR
SARLAHI
RASUWA
NUWAKOT
RAUTAHAT
BARA
MAKWANPUR
PARSA
GORKHA
DHADING
CHITWAN
LAMJUNG
TANAHUN
MANANG
KASKI
MUSTANG
NAWALPARASI
SYANGJA
PARBAT
PALPA
MYAGDI
RUPANDEHI
BAGLUNG
GULMI
ARGHAKHANCHI
DOLPA
KAPILVASTU
PYUTHAN
RUKUM
ROLPA
MUGU
DANG
JUMLA
JAJARKOT
SALYAN
HUMLA
KALIKOT
DAILEKH
SURKHET
BANKE
BAJURA
BAJHANG
ACHHAM
BARDIYA
KAILALI
DOTI
DARCHULA
BAITADI
DADELDHURA
KANCHANPUR

# १. सारांश

*"मैले मेरो छोरोलाई सबैतिर खोजें। सेना र प्रहरी दुवैले ऊ हामीकहाँ छैन भनिरहें। उसलाई प्रहरीले गैरकानूनी ढंगले पक्राउ गरेको र सेनाले जानाजान गोली ठोकेको कुरा प्रस्ट छ। तर यसबारे छानबिन गरिने छैन। उसका हत्याराहरूलाई दण्ड दिइएको देख्न पाऊँ।"*

–प्रहरीद्वारा २७ डिसेम्बर २००३ मा अपहरण गरिएका हरिप्रसाद बोलाखेका बाबु पुष्पप्रसाद बोलाखे। हरिको शव २ जुन २००६ मा फेला परेको थियो।

*"मानवअधिकारको उल्लङ्घनका जिम्मेवार व्यक्तिहरूलाई न्यायको कठघरामा ल्याउन आफूसँग राजनीतिक इच्छाशक्ति छ भनी सबै राजनीतिक पार्टीले देखाउने बेला हो यो, आफ्ना समर्थकहरू पीडित भएको अवस्थामा न्यायको पुकारा गर्ने र आफ्ना समर्थकहरू पीडक भएको अवस्थामा तिनको बचाउ गर्न हस्तक्षेप गर्ने बेला होइन। निर्वाचित संविधान सभा तथा सरकारमा सुधार सँगै यस समयमा सबै राजनीतिक दलबाट न्याय, कानून र व्यवस्थाप्रति नयाँ प्रतिबद्धता आउने छ भन्ने मैले आशा गरेको छु। यो मेरो आशा हो, तर मेरो आशा पूरा होला भनी अपेक्षा गर्न अलि गाह्रो छ किनकि म नेपाल आएपछिको तीन वर्षभन्दा धेरै समययता यस प्रकारका हत्यामा संलग्न एकजनामात्र पीडकलाई पनि नागरिक न्यायालयको कठघरामा उभ्याइएको छैन।"*

– नेपालका लागि राष्ट्र सङ्घीय महासचिवका विशेष प्रतिनिधि इयान मार्टिनद्वारा रिपोर्टर्स् क्लब, काठमाडौँमा २७ मे २००८ मा व्यक्त विचार।

२७ डिसेम्बर २००३ को बिहान ११ बजेतिर हरिप्रसाद बोलाखे काभ्रे जिल्ला, बनेपाको बस बिसौनीमा बसबाट ओर्लिए। हरिका बाबु पुष्पप्रसाद बोलाखे लगायत प्रत्यक्षदर्शीहरूले एकजना प्रहरी अधिकारीले हरिलाई जबर्जस्ती पक्राउ गरी गाडीमा कोचेको देखे। अरू प्रत्यक्षदर्शीहरूले ती प्रहरी अधिकारी जिल्ला प्रहरी कार्यालय, काभ्रेका हवल्दार खड्गबहादुर लामा हुन् भनी चिने। हरिका बाबुले त्यो पक्राउबारे जिल्ला प्रहरी कार्यालय, काभ्रेमा जाहेरी गरे, तर त्यहाँका अधिकारीहरूले हरिलाई पक्राउ

गरेको कुरा इन्कार गरे । तीन वर्षसम्म हरिको कतै पत्तो लागेन, यद्यपि त्यस जिल्लामा कार्यरत सैनिक जवानहरूसँग उनलाई निकै पटक झल्याक-झुलुक देखियो । जुन २००६ मा राष्ट्रिय मानवअधिकार आयोगले उनको 'बेपत्ता'को स्थितिको अनुसन्धान गरेपश्चात् काभ्रे जिल्लाको गणेशथान वनमा फेला परेको चिहानबाट हरिको शव बाहिर निकालियो ।

हरिको परिवारले २० सेप्टेम्बर २००६ मा जिल्ला प्रहरी कार्यालय, काभ्रेमा एड्भोकेसी फोरमका वकिलहरूका साथ गई जाहेरी दर्खास्त दर्ता गराउन कोसिस गरे । तर प्रहरीले उक्त जाहेरी दर्खास्त त्यस जिल्लामा कार्यरत वरिष्ठ सैन्य अधिकारी विरुद्ध भएको भन्दै त्यसलाई दर्ता गर्न मानेनन् । ८ नोभेम्बर २००६ मा हरिका बाबुले जिल्ला प्रहरी कार्यालय, काभ्रेले जाहेरी दर्ता गरोस् भन्ने माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरे । हरि अपहरणमा परेको चार वर्षभन्दा धेरै समयपछि यी हरफहरू लेखुन्जेलसम्म पनि त्यो निवेदन अदालतमा विचाराधिन रहेको छ । हरिलाई जबर्जस्ती पक्राउ गरेर मारिएको स्पष्ट प्रमाण भएर पनि प्रहरीले अझै उजुरी दर्ता गरेको छैन ।

हरिप्रसाद बोलाखेको घटनाले नेपालमा मानवअधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी अपराधमा संस्थागत दण्डहीनताको समस्या कति भयावह छ भन्ने कुरा प्रकाश पार्छ । नेपाल कम्युनिस्ट पार्टी (माओवादी) द्वारा घोषित १० वर्षे 'जनयुद्ध' कालमा १३ हजारभन्दा बढी मानिस मारिएको अनुमान छ । तीमध्ये बहुसङ्ख्यक सुरक्षा फौजद्वारा मारिएका थिए, तर 'जनताका दुश्मन' भएको वा सुरक्षा फौजको तर्फबाट सुराकी गरेको आशङ्कामा हजारौँ जनसाधारणको हत्याका लागि माओवादी पनि जिम्मेवार छ । आफूबीच भएका दोहोरो आक्रमणहरूमा वा झूटा मुठभेडको क्रममा जनसाधारणको जथाभावी ज्यान लिने कार्यका लागि यी दुवै पक्ष जिम्मेवार छन् । आजसम्म प्रहरीद्वारा यीमध्ये कुनै पनि हत्याको यथेष्ट छानबिन गरिएको छैन र एकजना अपराधीलाई पनि नागरिक न्यायालयको कठघरामा उभ्याइएको छैन ।

राष्ट्रिय मानवअधिकार आयोग र विशिष्ट घटनाहरूको छानबिन गर्न गठित अरू थुप्रै आयोगहरूले कतिपय घटनाहरूको पूर्ण छानबिन गरी सबै दोषी उपर फौज्दारी कारवाही चलाउन सिफारिस गरेका भए तापनि सरकारले यी सिफारिसअनुसार कारवाही अघि बढाएको छैन । सेनाले दबाबमा परेर केही आरोपित पीडकहरू विरुद्ध सैनिक अदालतमा मुद्दा चलाएको भए तापनि तिनीहरूमाथि लगाइएका अभियोग तिनले गरेका उल्लङ्घनका कसूरहरूको गम्भीरतासँग मेल खाँदैनन । नेपाल सरकार र माओवादी आफ्ना मातहतमा रहेका सशस्त्र फौजद्वारा गरिएका मानवअधिकार उल्लङ्घनसम्बन्धी गम्भीर घटनाहरूको यथेष्ट छानबिन गर्न, त्यस विषयलाई सम्बोधन गर्न र आरोपित पीडकहरूलाई न्यायको कठघरामा उभ्याउन चुक्नु अन्तर्राष्ट्रिय कानूनअन्तर्गत नेपालको दायित्वको उल्लङ्घनमात्र

नभई मुलुकका राजनीतिक तथा सामाजिक द्वन्द्वहरू समाधान गर्ने बाटोमा गम्भीर तगारो बन्नु पनि हो ।

नेपालको न्याय प्रणालीले मानवअधिकार उल्लङ्घनसम्बन्धी आरोपहरू कसरी सम्बोधन गर्छ भन्ने कुराको विश्लेषण गर्न यस प्रतिवेदनमा एड्भोकेसी फोरम र ह्यूमन राइट्स वाचले जुन २००६ देखियता नेपाल प्रहरीमा दायर गरिएका ४९ ओटा जाहेरी निवेदनमा अभिलेखीकरण गरिएका ६२ ओटा घटनाहरूको अध्ययन गरेका छन् । यी ६२ ओटै मुद्दामा आफ्ना प्रियजनहरू विरुद्ध भएका अपराधहरूमा न्यायीक उपचार खोजिरहेका परिवारहरूलाई एड्भोकेसी फोरमका वकिलहरूले सहयोग गरे र गरिरहेका पनि छन् । यीमध्ये ४७ जाहेरी दर्खास्त सुरक्षा फौजद्वारा २००२ देखि २००६ को बीचमा घटाएका गैरन्यायीक हत्या, 'बेपत्ता,' यातना वा बलात्कारसम्बन्धी घटनासँग सम्बन्धित छन् । बाँकी दुईओटा जाहेरी माओवादीका कार्यकर्ताहरूद्वारा गरिएका हत्याका घटनासम्बन्धी छन् । अधिकांश जाहेरी दर्खास्तहरूमा प्रत्यक्षदर्शीहरूले पहिचान गरेका आरोपित पीडकहरू र मानवअधिकार उल्लङ्घनमा प्रत्यक्ष रूपले वा कमाण्ड दायित्वको (Command Responsibility) सिद्धान्तअनुसार संलग्न रहेका सम्बन्धित सैन्य एकाईका प्रमुख अधिकृत आरोपित पीडकका रूपमा उल्लिखित छन् ।

यी ६२ ओटा घटना द्वन्द्वकालमा घटित मानवअधिकार उल्लङ्घनका सबै खाले घटनाहरूका प्रतिनिधिमूलक घटना होइनन् । माओवादी लडाकुहरूले 'सुराकी' वा 'क्रान्तिका दुश्मन' भएको आशङ्कामा सर्वसाधारण मानिसहरूको अपहरण गरेका, यातना दिएका तथा हत्या गरेका छन् । तिनले गाउँलेहरूबाट बलजफ्ती 'चन्दा' असुलेका छन्, बालबालिकाहरूलाई बाल सैन्यका रूपमा वा द्वन्द्वसित गाँसिएका अन्य कामका लागि भर्ती गरेका छन् र राजनीतिक प्रशिक्षणमा लैजान विद्यार्थीहरूलाई अपहरण गरेका छन् । माओवादीहरूले जनमानसलाई त्रसित पारी आफू विरुद्ध केही नगरुन् भन्ने ध्येयले अक्सर पीडितका नातेदारहरू तथा अन्य गाउँलेहरूलाई रमिते बन्न बाध्य बनाएर सबैका अगाडि आफ्नो नियन्त्रणमा लिएका पीडितहरूलाई मृत्यु दण्ड दिएका छन् । प्रायःजसो मृत्यु दण्ड दिनु अघि पीडितहरूलाई कहालीलाग्दो यातना दिइन्थ्यो र यसमा पीडितलाई जिउँदै गाड्ने वा पीडित नमरुन्जेलसम्म उसका हड्डी तोड्नेजस्ता हत्याका अत्यन्तै पीडादायी विधिहरू पर्दथे । कहिलेकाहीँ माओवादीहरूले फिरौती रकमका निम्ति वा पीडितका नातेदारलाई सुरक्षा फौजको नोकरीबाट राजीनामा गर्न बाध्य तुल्याउने उद्देश्यले पनि मानिसहरूको अपहरण गरे । तैपनि यस्ता पीडितहरू वा तिनका नातेदारहरू ती पीडकहरू विरुद्ध उजुरी दिन अझसम्म पनि उदासिन छन् । आजका मितिसम्म माओवादी विरुद्ध प्रहरीमा दुईओटा मात्र जाहेरी दर्ता हुनु माओवादीहरूले जनमानसमा पैदा गरेको त्रासको प्रमाण हो ।

ह्युमन राइट्स वाच तथा एड्भोकेसी फोरमले जाहेरीहरूको अध्ययन गर्ने क्रममा कानून र व्यवहारमा दण्डहीनताको एकनासको ढाँचा फेला परे । नेपाली सेना र नेकपा (माओवादी) को जनमुक्ति सेनाको अझसम्म शक्तिशाली भूमिका रहनु मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूको गम्भीर रूपको छानबिनका लागि सबैभन्दा ठूलो अड्चन हो । २००६ को नयाँ सैनिक ऐनले नेपाली सेनालाई औपचारिक रूपले नागरिक निकायको नियन्त्रणमा ल्याएको भए तापनि यो लगभग पूर्णरूपमा जवाफदेही विहीन नै रहेको छ । सुरक्षा फौजले सशस्त्र द्वन्द्वकालमा दण्डित भइने वा फौज्दारी मुद्दा लाग्ने डर-त्रास विना नै मानवअधिकारको गम्भीर उल्लङ्घन गऱ्यो । नोभेम्बर २००३ देखि अप्रिल २००६ को समयमा प्रहरी बल सेनाको संयुक्त कमाण्डअन्तर्गत सञ्चालित भयो । प्रहरी सेनाको अधीनमा रहेकाले आफूभन्दा उच्च तहका अधिकारीहरू उपर छानबिन गर्नमा प्रहरीले आफू एकदमै अधिकार विहीन भएको महसुस गर्छ । कानून फेरिए पनि प्रचलनहरू भने फेरिएका छैनन् । हामीले लिएका अन्तर्वार्ताहरूले प्रहरीले आफूलाई अझै पनि सेनाको निकट ठानेको र दण्डहीनतालाई सुनिश्चित गर्न सक्रिय भूमिका खेलिरहेको देखाउँछन् ।

प्रहरी संगठनका केही अधिकारीहरूले सिपाहीहरू विरुद्ध छानबिन प्रारम्भ गरेमा प्रतिशोधको शिकार भइएला भन्ने डर आफूलाई रहेको कुरा ह्युमन राइट्स वाच तथा एड्भोकेसी फोरमलाई बताए । फलस्वरूप, प्रहरीहरू पन्छिनका लागि बहानाहरू खोजिरहन्छन् । अन्य घटनाहरूमा प्रहरीहरू आफैं आरोपित पीडकका रूपमा रहेका हुनाले ती घटनाहरूको प्रहरीद्वारा गम्भीर छानबिन हुने सम्भावना त झनै कम छ । सेना र प्रहरी दुवैमा विद्यमान आन्तरिक छानबिन कार्यविधिहरू पूर्णरूपमा अपर्याप्त छन् ।

मानवअधिकार उल्लङ्घनसम्बन्धी अपराधको अनुसन्धान नगर्नका लागि प्रहरीले अपनाएको मुख्य चालबाजी भनेकै जाहेरी दर्ता गर्न इन्कार गर्नु हो । हरिको परिवारले झैं पीडितहरूका थुप्रै नातेदारहरूले आरोपित उल्लङ्घनकै समयमा जाहेरी दर्खास्त दर्ता गराउन कोसिस त गरे तर असफल भए । २००६ को मध्यमा राजा ज्ञानेन्द्रलाई शासन-सत्ताबाट हटाइएपश्चात् भने कतिपय पीडितका नातेदारहरू अन्ततः प्रहरी कार्यालयमा जाहेरी दर्ता गराउन सफल भएका छन् । तर अधिकांश घटनाको हकमा गैरसरकारी संस्थाको सहयोगमा अनेकौं पटक कोसिस गरेपछि वा छानबिनको लागि प्रहरीलाई आदेश गराइपाऊँ भनेर नातेदारहरूले अदालतमा निवेदन दिएपछि मात्रै जाहेरीहरू स्वीकार गरिएका छन् ।

प्रहरीले प्रायः प्रमाण संकलन गरी अभियोजनका निम्ति मुद्दाको तयारी नगरेकाले पहिलो अड्चनबाट पार पाउनेहरूले पनि अर्को अड्चनको सामना गर्नुपरेको हुन्छ । प्रहरीले सम्बन्धित परिवारहरूलाई अनुसन्धानको प्रगतिबारे जानकारी उपलब्ध गराउनसमेत इन्कार गर्ने गरेका छन् ।

मानवअधिकार उल्लङ्घनमा माओवादीको संलग्नता रहेका आरोपित घटनामा थुप्रै पीडितहरू वा तिनका नातेदारहरू डर-त्रासले गर्दा वा प्रतिशोध लिइएला भनेर उजुरी दर्ता गराउन उदासिन रहेका छन् । माओवादीविरुद्ध अहिलेसम्म जम्मा दुईओटामात्र जाहेरी निवेदन परेको तथ्य डर-त्रास कायमै छ भन्ने कुराको प्रमाण हो । दस वर्षको माओवादी विद्रोहको आघात भेलेर आएका प्रहरीहरू माओवादी विरुद्धका मुद्दामा अनुसन्धान गर्ने कुरामा मौन रहने गरेका छन् । विद्रोहका वर्षहरूमा प्रहरीहरू अक्सर अग्रपङ्क्तिमा हुन्थे जसले गर्दा आक्रमणमा तिनले अनेकौं प्रहरी एकाईहरू र प्रहरी अधिकृतहरू गुमाउनु पर्‍यो । प्रहरी बलबाट नगण्य मात्रामा संस्थागत सुरक्षा प्राप्त हुने बरु आफ्नो सुरक्षा सम्बन्धमा आफैंले संवाद गर्नुपर्ने हुँदा माओवादीहरूले बदला लेलान् भन्ने डर-त्रास प्रहरीमा कायमै रहेको छ ।

कतिपय घटनाहरूको हकमा, प्रस्तावित सङ्क्रमणकालीन न्याय अन्तर्गतका निकायहरूबाट यी घटनाहरूका अनुसन्धान हुनेछ भनेर जाहेरी दर्ता नगर्ने प्रहरीको तर्कमा सहमत भएर अदालतहरू स्वयंले अनुसन्धानका लागि परिवारहरूले गरेका निवेदनहरू अस्वीकार गरेका छन् । त्यसकारण प्रहरीहरू त्यस्ता मुद्दाको अनुसन्धान कार्य अघि बढाउन बाध्य छैनन् । सत्य निरूपण तथा मेलमिलापसम्बन्धी निकायको कार्यादेश तयार भइनसकेको अवस्थामा प्रहरी तथा अदालतहरूद्वारा गरिने यस्ता खोटा तर्कहरूले नेपालमा राज्यका निकायहरू मानवअधिकारसम्बन्धी गम्भीर उल्लङ्घनका घटनाका लागि जवाफदेहीता बहन नगराउन दृढसङ्कल्पित छन् भन्ने देखाउँछ ।

अनुसन्धानमा बाधा पुर्‍याउने अन्य पक्षहरूमा अस्तव्यस्त अवस्थामा रहेको फौज्दारी न्याय प्रणाली पनि पर्दछ, जसमा राज्य निकायहरूबाट गरिने अपराधहरूको गम्भीर छानबिनको व्यवस्था छैन । प्रहरीको अनुसन्धान कार्यसम्बन्धी जिम्मेवारीहरूको स्पष्ट व्याख्या गरिएको छैन, शवहरूलाई पोस्ट मोर्टम वा अन्य विधि वैज्ञानिक परीक्षणहरू नगरिकनै दहन गर्न सकिन्छ, विधि वैज्ञानिक परीक्षणसम्बन्धी विज्ञताको उपलब्धता र प्रयोग सीमित छ, सरकारी वकिलहरू चालु प्रहरी अनुसन्धानको सूक्ष्म परीक्षण गर्नमा उदासिन छन्, र छानबिन आयोगहरू तथा राष्ट्रिय मानवअधिकार आयोगद्वारा थप छानबिन र अभियोजनका निम्ति गरिने सिफारिसहरूलाई कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्तिको एकदमै अभाव छ ।

नेपालका विभिन्न कानूनी व्यवस्थाले पनि दण्डहीनतालाई बल पुर्‍याएको छ । सैनिक ऐन, प्रहरी ऐन र सार्वजनिक सुरक्षा ऐनजस्ता कानूनहरूमा रहेका प्रावधानहरूले मानवअधिकारको प्रस्ट उल्लङ्घन लगायतका कार्यहरूका लागि समेत ती कार्यहरू कर्तव्य पालनको सिलसिलामा असल नियतले कार्य गर्दा घटित हुन पुगेका हुन भन्ने आधारमा सुरक्षा फौज र निजामती कर्मचारीहरूलाई अभियोजनबाट

उन्मुक्ति प्रदान गरेका छन् । सिपाहीहरू, प्रहरी अधिकृतहरू तथा तिनका हाकिमहरूका काम कारवाहीहरूको बचाउ गर्नका निम्ति यी कानूनहरूको दुरुपयोग गर्ने गरिन्छ । यी व्यक्तिहरू कानूनी दायित्वबाट उम्किन आफूले गरेका काम 'असल मनसाय'ले नै गरेको भन्ने जिकिर गर्दछन् ।

अझ, सुरक्षा फौजबाट गरिएका भनी आरोपित गैरकानूनी हत्याहरूको स्वतन्त्र अनुसन्धान सुनिश्चित गर्ने कानूनी प्रावधानहरू पाइदैनन् । नेपाल कानूनमा जबर्जस्ती बेपत्ता र यातना अपराधको रूपमा परिभाषित गरिएका छैनन् । सरकारी मुद्दासम्बन्धी ऐन २०४९ र मुलुकी ऐन २०२० ले प्रहरी, सरकारी वकिल तथा अन्य निकायहरूलाई विभिन्न आधारमा मुद्दालाई महिनौं र वर्षौंसम्म झुलाउन पाउने छुट दिएका छन् । उदाहरणको लागि, सरकारी मुद्दासम्बन्धी ऐनले अनुसन्धानको सिलसिलामा अनुसरण गर्नुपर्ने कार्यविधि निर्धारण गरेको भएता पनि यसले सुरक्षा फौजनै ज्यानसम्बन्धी मुद्दामा मुछिएमा त्यसको स्वतन्त्र जाँचबुझ कसरी गर्ने भन्नेबारे भने कार्यविधि तोकेको छैन । मुलुकी ऐनमा साक्षीलाई झूटा बके बापत सजाय हुने व्यवस्था छ तर सुरक्षाकर्मीहरू लगायत सरकारी अधिकारीहरूका लागि यो कानून लागू नहुने ढंगले अदालतहरूले लामो समयदेखि व्यख्या गरिआएकाले ती सरकारी अधिकारीहरू सत्य कुरा बक्न बाध्य देखिँदैनन् । निजामती कर्मचारीहरूसम्बन्धी अन्य कानून, नियम र नियमावलीहरूले पनि झूटा बक्ने कर्मचारीहरूलाई दण्डको व्यवस्था गरेका छैनन् ।

सरकारले कहिलेकाहीँ पीडितहरू वा तिनका परिवारहरूलाई क्षतिपूर्ति दिने गरेको छ । कतिपय घटनामा सुरक्षा फौजले पीडकहरूलाई निलम्बन गर्ने वा घटुवा गर्नेजस्ता प्रशासनिक कारवाही पनि गरेको छ । सेनाले एकाध घटनामा पीडकलाई सैनिक अदालतमा उभ्याएको छ, तर सैनिक अदालतले ठहर गरेको दण्ड दोषीले गरेको अपराधको गम्भीरतासँग मेल खादैनन् । यसरी ठहर गरिने दण्ड न्यायको विकल्प होइन ।

राजाको शासनको अन्त्य र २००६ को जनआन्दोलनपश्चात् शान्ति प्रक्रिया सुरु भएता पनि मानवअधिकार उल्लङ्घन प्रति जवाफदेहि बनाउने परिपाटी बसाउन कुनै पनि उल्लेख्य कार्य भने भएका छैनन् । १९९० मा बहुदलीय प्रजातन्त्रको स्थापना भएको समयमा जस्तै अहिले पनि दण्डहीनताका बलिया संचरनाहरूलाई परिवर्तन गर्न नगण्य कार्य मात्रै गरिएका छन् । अझ दुःखको कुरा त के हो भने अप्रिल २००६ मा सत्तामा फर्केका अनेकौं राजनीतिकर्मीहरूले विगतमा गरिएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको निम्ति उन्मुक्ति प्रदान गर्नुपर्ने कुराको वकालत गरेका छन् ।

सत्य निरूपण तथा मेलमिलाप अयोगको स्थापना गर्ने मस्यौदा कानूनबारे प्रमुख राजनीतिक पात्रहरूबीच भएको छलफलबाट यो कुरा स्पष्ट हुन आएको छ । मस्यौदामा पीडकले पश्चाताप प्रकट गरेर निवेदन दिए वा पीडितहरू र पीडकहरूबीच मेलमिलाप गर्ने सहमति भएमा क्षमादान दिन

सकिने व्यवस्थाहरू रहेका छन् । सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी छलफलहरू स्थानीय मानवअधिकार संगठनहरू तथा पीडितका परिवारहरूसँग बृहत् परामर्शका रूपमा नरही उच्चस्तरीय राजनीतिक छलफलका रूपमा मात्र सीमित रहेका छन् ।

## मुख्य सुझावहरू

मानवअधिकारका गम्भीर उल्लङ्घनकर्ताहरूलाई न्यायको कठघरामा उभ्याउने कुरा नेपाल सरकारले सुनिश्चित गर्नु पर्दछ । ह्युमन राइट्स वाच र एड्भोकेसी फोरम सरकारलाई निम्न कुरा गर्न आह्वान गर्दछन् ।

- यो प्रतिवेदनमा महत्त्वसाथ अघि सारिएका ४९ ओटा जाहेरी निवेदनहरू तथा मानवअधिकारको गम्भीर उल्लङ्घनसित सम्बन्धित अरू कुनै पनि घटनाहरूको तीव्रतासाथ छानबिन गरी सुरक्षा फौजका सबै संलग्न सदस्यहरूसमेत उपर मुद्दा चलाउनु पर्दछ ।
- ४९ ओटा जाहेरी निवेदन वा अन्य घटनाहरूमा नाम किटान गरिएका सबै सुरक्षाकर्मीहरूलाई अनुसन्धान र अन्य अभियोजनहरू पूरा नहुन्जेलसम्मको लागि तिनीहरूले गरेको फौज्दारी कसूरसँग सम्बन्धित तत्काल प्राप्त प्रमाणका आधारमा निलम्बन गरिनु पर्दछ ।
- नेपाल प्रहरी तथा महान्यायाधिवक्ताको कार्यालयको भूमिकाको पुनरावलोकनसमेत गरी गम्भीर अपराधहरूको छानबिन गर्ने कार्यमा तिनको प्रभावकारितामा सुधार ल्याउनका निम्ति फौज्दारी न्याय प्रणालीमा सुधार गरिनु पर्दछ ।
- सुरक्षा फौज, माओवादी वा अन्य जो कसैले बेपत्ता पार्ने र यातना दिने कार्यलाई फौज्दारी अपराधको कोटीमा राखी यस्ता कसूर सेनाले गरेका अवस्थामा त्यसको अनुसन्धान नागरिक निकायद्वारा गरिने तथा नागरिक अदालत समक्ष मुद्दा चलाइने छ भन्ने कुरा सुनिश्चित गरिनु पर्दछ ।
- प्रहरी ऐन, सैनिक ऐन तथा सार्वजनिक सुरक्षा ऐनमा रहेका सुरक्षाकर्मीहरू तथा सरकारी अधिकारीहरूलाई फौज्दारी क्रियाकलापका सम्बन्धमा मुद्दा चलाइनबाट उन्मुक्ति प्रदान गर्ने सबै प्रावधानहरू हटाउने गरी तिनलाई संशोधन गरिनु पर्दछ ।
- नेपाल प्रहरीका लागि स्वतन्त्र खालको बाह्य पर्यवेक्षण निकायको स्थापना गरिनु पर्दछ ।
- राष्ट्रिय मानवअधिकार आयोगलाई साक्षीहरूलाई उपस्थित गराई प्रमाण प्रस्तुत गराउन पाउने अधिकारलगायत विश्वसनीय छानबिन गर्नका निम्ति आवश्यक पर्ने अधिकार प्रदान गरी सुदृढ तुल्याइनु पर्दछ । सरकारले राज्यका सम्बन्धित अधिकारीहरूद्वारा राष्ट्रिय मानवअधिकार आयोगका सबै सिफारिसहरू द्रुत्तर गतिमा लागू गरिने कुरालाई सुनिश्चित गर्नु पर्दछ । राष्ट्रिय मानवअधिकार आयोगलाई मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूमाथि मुद्दा चलाउन सिफारिस गर्ने र राज्यका निकायहरूद्वारा गरिएका

गैरकानूनी कार्यहरू विरुद्ध कानूनी उपचारको खोजी गर्न पाउने स्पष्ट अधिकारहरू दिइनु पर्दछ ।

- सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी मस्यौदा कानूनमा मानवअधिकारको गम्भीर उल्लङ्घनका लागि क्षमादान दिने व्यवस्था रहने छैन भन्ने कुरा सुनिश्चित गरिनु पर्दछ ।

## अध्ययन विधि

यो प्रतिवेदन एड्भोकेसी फोरम र ह्युमन राइट्स वाचद्वारा संयुक्त रूपमा तयार गरिएको हो ।

ह्युमन राइट्स वाचले २००७ को अक्टोबरमा १० जना पीडित परिवारका सदस्य, ३ जना यातना पीडित, ४ जना प्रहरी र सेनाका अधिकारी, महान्यायाधिवक्ता कार्यालयका ४ जना अधिकारी, ओएचसीएचआरका ६ जना प्रतिनिधि, ४ जना नागरिक समाजका संस्थाहरूका सदस्य, राजनीतिक दलका [नेपाली कांग्रेस, नेकपा (माओवादी) र नेकपा (एमाले)] ३ जना प्रतिनिधि तथा राष्ट्रिय मानवअधिकार आयोगका १ जना अधिकारीसँग अन्तर्वार्ता लिई काठमाडौं र काभ्रे जिल्लामा अध्ययन गरेको थियो । अन्तर्वार्तामा बस्न कसैले पनि इन्कार गर्नु भएन् । पीडित र पीडितका परिवारसँग गरिएको अन्तर्वार्ता नेपालीमा अनुवाद गर्दै अंग्रेजीमा गरिएको थियो । यी अन्तर्वार्ताहरू गोप्यरूपमा लिइएका थिए । आफूले गरेको भ्रमणपश्चात् एड्भोकेसी फोरमको सहयोगमा ह्युमन राइट्स वाचले मुद्दाहरूमा भएको प्रगतिलाई नजिकबाट अवलोकन गरिआएको छ ।

थप अध्ययन र अन्तर्वार्ता एड्भोकेसी फोरमका कर्मचारीहरूले २००५ को अगस्टदेखि २००७ को अक्टोबरसम्म गर्नुभएको हो । केही सूचनाहरू भने एड्भोकेसी फोरमले २००२ देखि २००४ सम्म कानूनी प्रयोजनका लागि लिइएका अन्तर्वार्ताबाट लिएका हुन् । प्रस्तुत मुद्दाहरू प्रायः सबैमा एड्भोकेसी फोरमका वकिलहरूले न्यायका लागि पीडितका परिवारलाई जाहेरी दर्ता गर्न सहयोग गरेका छन् । यी मुद्दाहरू नेपालका १६ जिल्ला (बागलुङ्ग, बाँके, बर्दिया, डडेलधुरा, धादिङ, धनुषा, झापा, कपिलवस्तु, काभ्रे, लमजुङ्ग, मोरङ, म्याग्दी, पाल्पा, सुनसरी, सुर्खेत र तनहुँ) का मुद्दाहरू हुन् र एड्भोकेसी फोरमका कर्मचारीहरूले ती जिल्लाहरूमा नै अन्तर्वार्ता लिएका हुन् । प्रत्येक जाहेरीमा एड्भोकेसी फोरमका कर्मचारीहरूले मुद्दाको तथ्य पत्ता लगाउन पीडितका परिवारहरू, साक्षीहरू तथा अन्य मुख्य जानकारी प्रदायकहरूसँग लामो अन्तर्वार्ता लिई प्रत्यक्ष बयानहरू संकलन गरेका थिए । यस प्रतिवेदनमा २००८ को अगस्ट सम्ममा मुद्दामा भएका प्रगतिबारे ताजा जानकारी सामेल गर्न सक्दो प्रयत्न गरिएको छ ।

# २. युद्ध र शान्तिका बेला

## जनयुद्ध

नेपालको राजनीति केही समय अघिसम्म त्रिकोणात्मक थियो, जसमा संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरू, माओवादी र परम्परागत रूपमा सेनासँग घनिष्टता रहेको राजतन्त्र संलग्न थिए । १९९६ मा नेकपा (माओवादी) ले "शासक वर्ग"का रूपमा रहेका राजनीतिक दलहरू र राजतन्त्रका विरुद्ध "जनयुद्ध" घोषणा गऱ्यो । सशस्त्र द्वन्द्वको प्रथम वर्षमा नै अपर्याप्त साधन स्रोत र कमजोर तालिम प्राप्त गरेको नेपाल प्रहरीले माओवादी विरुद्ध लड्नु पर्ने जिम्मेवारी बहन गर्नु पऱ्यो । प्रहरी माओवादीको मुख्य निसाना भएकाले सयौँ प्रहरी अधिकारीहरूले ज्यान गुमाए । अधिराज्य भरका १९७१ ओटा प्रहरी चौकीहरू मध्ये १२७१ प्रहरी चौकीहरू माओवादीको आक्रमणबाट ध्वस्त भएपश्चात् वा सुरक्षाको कारण देखाई प्रहरीहरूलाई त्यहाँबाट हटाइएपश्चात् बन्द भए ।[१]

२००१ को २३ नोभेम्बरमा माओवादी शान्ति वार्ताबाट पछाडि हटचो र प्रकाशमा आए अनुसार ३० सेना र ५० प्रहरी जवानहरूको मृत्यु हुने गरी अधिराज्य भरका ४२ जिल्लाका प्रहरी चौकी तथा आर्मी ब्यारेकमा एकैचोटी आक्रमण गऱ्यो ।[२] यसको जवाफमा तत्कालीन सरकारले २६ नोभेम्बरदेखि अधिराज्य भर संकटकालको धोषणा गऱ्यो र हाल नेपाली सेना भनिने तत्कालीन शाही नेपाली सेना परिचालन गऱ्यो ।[३] सरकारले संकटकाल लागू गरेपश्चात् "आतंककारी" तथा विध्वंसात्मक अध्यादेश जारी गरी "आतंककारी" गतिविधिमा संलग्न व्यक्तिहरूलाई पक्राउ गर्न सुरक्षा बललाई व्यापक

---

[१] ह्युमन राइट्स वाचले ओएचसिएचआरका परिचय खुलाउन नचाहेका अधिकारीसँग लिइएको अन्तर्वार्ता, काठमाडौं, २६ अक्टोबर २००७ ।

[२] एमनेस्टी इन्टरनेसनल, *A Spiraling Human Rights Crisis* अप्रिल २००२ । http://www.amnesty.org/en/library/asset/ASA31/016/2002/ en/dom-ASA310162002en.pdf.

[३] ऐतिहासिक रूपमा नेपालमा सेना राजाको कमाण्ड र नियन्त्रणमा रहेको थियो । यस सम्बन्धमा १९९० को संविधानका व्यवस्थाहरूले सारभूत परिवर्तन केही गरेनन् । २००६ को सेप्टेम्बरमा नेपालको अन्तरिम विधायिकी संसदले नयाँ सैनिक ऐन पारित गरी शाही नेपाली सेनाको नामलाई परिवर्तन गरी नेपाली सेना नामाकरण गऱ्यो र सेनालाई सरकारप्रति जवाफदेही बनायो । तथापि, सेना नागरिक निकायको नियन्त्रणबाट उन्मुक्त नै रहि आएको छ ।

अधिकार प्रदान गऱ्यो। उक्त अध्यादेश बमोजिम नेकपा (माओवादी) लाई "आतंककारी संगठन" घोषणा गरियो।[४]

नेपाली सेनाको संलग्नताले विद्रोहलाई केही मात्रामा दबाए पनि आम जनताको निम्ति भने सेनाको परिचालनले द्वन्द्वलाई बढ्दो रूपमा घातक बनायो। नेपालको मानवअधिकार संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अनुसार यस द्वन्द्वमा करिब १३,२५६ नेपालीहरू मारिए।[५] २००१ को नोभेम्बरमा सेनाको परिचालन पछि ८ हजारभन्दा बढी मृत्युको अभिलेखीकरण गरियो, मारिनेहरू अधिकांश सर्वसाधारण थिए। सैनिकहरू ब्यारेकभन्दा बाहिर स्थान बनाई बस्न सक्षम नभएकाले उनीहरू माओवादी आक्रमणको जवाफ दिन माओवादी गतिविधि हुने क्षेत्रहरूमा नियमित "छिर्ने" गर्दथे, प्रायः यसरी सेना पुग्दा जनमुक्ति सेना (माओवादीको सैन्य एकाई) त्यहाँबाट हिँडिसकेको हुन्थ्यो र गैरसैनिक जनसाधारण सेनाको निसाना बन्थे। नेपाली सेनाको यस्तो व्यवहारले सर्वसाधारणको "मन जित्नु" भन्दा पनि स्थानीय जनताहरू त्रसित भए।

२००३ को नोभेम्बरमा सरकारले प्रहरी र अर्द्धसैनिक सशस्त्र प्रहरीबललाई सेनाको संयुक्त सुरक्षा कमाण्ड अन्तर्गत राख्यो।[६] तत्पश्चात् मानवअधिकारको उल्लङ्घन नाटकीय रूपमा बढ्यो। २००३ र २००४ का दुवै वर्षमा राष्ट्र सङ्घीय जबर्जस्ती वा अस्वेच्छिक बेपत्तासम्बन्धी कार्यदल समक्ष प्रस्तुत बेपत्तासम्बन्धी वार्षिक संख्यामा नेपालमा भएका बेपत्ताको संख्या सबैभन्दा उच्च रहेकाले नेपालको अन्तर्राष्ट्रिय छवि धुमिल बन्न पुग्यो।[७] राष्ट्रिय मानवअधिकार आयोगलाई कुल १६१९ "बेपत्ता" सम्बन्धी उजुरीहरू प्राप्त भएका छन्, (जसमध्ये १२३४ सुरक्षा बलद्वारा, ३३१ माओवादीद्वारा र ५४ अज्ञात समूहद्वारा गरिएका छन्।)[८] माओवादी पनि हत्या, यातना, जबर्जस्ती चन्दा असुली र

---

[४] २००२ को अगष्टमा संकटकालको अवधि समाप्त भयो। अतंककारी तथा विध्वंसात्मक गतिविधि (सजाय तथा नियन्त्रण) अध्यादेशको प्रावधानलाई संसदले २००२ मा कानूनको रूपमा पारित गऱ्यो। संसदको कार्यकाल सकिएर संसद नभएको अवस्थामा २००४ देखि पटकपटक शाही आदेशद्वारा यो कानून जारी गरियो। २००६ को सेप्टेम्बर पछि भने यसलाई जारी गरिएन।

[५] राष्ट्रिय मानवअधिकार आयोग, युद्ध विराम प्रतिवेदन, डिसेम्बर २००६, http://www.internal-displacement.org/8025708F004CE90B/(httpDocuments)/944E0E93E66B48EFC125735C00513A04/$file/Ceasefire+report+NHRC+Dec06.pdf (accessed May 6, 2008).

[६] यी तीन बलका सदस्यहरू प्राय संयुक्त रूपमा गस्ती गर्न जान्थे। यो प्रतिवेदनमा "सुरक्षा बल" भन्ने पदावलीलाई संयुक्त सुरक्षा कमाण्ड अन्तर्गतको सुरक्षा बल भन्ने अर्थमा प्रयोग गरिएको छ।

[७] जबर्जस्ती वा अस्वेच्छिक बेपत्तासम्बन्धी कार्यदलका अनुसार २००८ को जनवरी सम्ममा ३२० ओटा घटनाहरू प्रस्ट रूपमा अगाडि आएका थिए। विस्तृत जानकारीको लागि जबर्जस्ती वा अस्वेच्छिक बेपत्तासम्बन्धी कार्यदलको प्रतिवेदन हेर्नुहोस् (A/HRC/7/206, 10 January 2008)।

[८] ह्युमन राइट्स वाचले राष्ट्रिय मानवअधिकार आयोगका सदस्य गौरी प्रधानसँग लिएको अन्तर्वार्ता, २७ अक्टोबर २००७।

बालबालिकाहरूलाई सैन्य उद्देश्यको निम्ति प्रयोग गर्ने जस्ता अपराधहरू गर्ने कार्यमा जिम्मेवार थिए ।[९]

२००५ को फेब्रुअरी १ मा तत्कालीन राजा ज्ञानेन्द्रले द्वन्द्व समाधान गर्न असक्षम भनी नागरिक सरकारलाई वर्खास्त गरी सैनिकको आडमा सम्पूर्ण कार्यकारी अधिकार आफ्नो हातमा लिई संकटकाल घोषणा गरे । उनले हजारौँ राजनीतिक कार्यकर्ता, पत्रकार, मानवअधिकार अनुगमनकर्ताहरूलाई हिरासतमा राख्ने आदेश दिए र नागरिक स्वतन्त्रताहरू माथि प्रतिबन्ध लगाए ।

मानवअधिकारको तीव्ररूपमा बिग्रँदो अवस्थामा राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) ले नेपालमा मानवअधिकार अनुगमन नियोगको स्थापना गर्नु पर्छ भन्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको लामो समयदेखिको आह्वानलाई अन्तर्राष्ट्रिय समुदायले कार्यरूप प्रदान गऱ्यो । २००५ को अप्रिलमा राष्ट्र सङ्घीय मानवअधिकार आयोगका सदस्य रहेका राष्ट्रहरूको पर्याप्त दबाबको फलस्वरूप नेपाल सरकार र संयुक्त राष्ट्र सङ्घीय मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयबीच नेपालमा बृहत् कार्यालय खोल्ने सम्झौतामा हस्ताक्षर भयो । फलतः नेपालमा एउटा मानवअधिकारको सशक्त अनुगमन र प्रतिवेदन हुने अवस्था सिर्जना भयो । माओवादी नेतृत्वले पनि मानवअधिकारका आरोपित उल्लङ्घनको अनुसन्धान गर्न ओएचसीएचआरलाई अनुमति दिए र केही घटनाहरूमा त मानवअधिकार अनुगमन कर्ताहरूले उठाएका सवालमा कारवाही पनि गरे ।[१०] सेनाद्वारा बेपत्ता पारिएका उजुरीको संख्या ह्वात्तै घटेता पनि सेनाको सहयोग पाउन गाह्रो थियो । उदाहरणका लागि नेपाली सेनाले लगातार ओएचसीएचआरलाई सैनिक अदालत र सैनिक जाँचबुझका अभिलेखमा पहुँच प्रदान गर्न इन्कार गरी रह्यो ।[११]

फेब्रुअरी २००५ मा राजाले अधिकार हत्याई सकेपछि संसदमा प्रतिनिधित्व भएका राजनीतिक दलहरूले सातदलीय गठबन्धन[१२] स्थापना गरी भारतको सहयोगमा नेकपा (माओवादी) सँग छलफल सुरुआत गरे । २००५ सेप्टेम्बर ३ देखि ४ महिनाको लागि युद्ध विराम गर्ने नेकपा (माओवादी) को

[९] ह्युमन राइट्स वाच, बालबालिका सैन्य दस्तामा- नेपालमा माओवादीद्वारा बाल सैनिकको प्रयोग, फेब्रुअरी २००७, http://hrw.org/reports/ 2007/nepal0207/

[१०] संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको मानवअधिकारको अवस्था र उच्चायुक्तको कार्यालयको नेपालमा गरेका प्राविधिक सहयोग लगायतका क्रियाकलापहरू सम्बन्धी प्रतिवेदन । २००६ फेब्रुअरी १६, संयुक्त राष्ट्र सङ्घीय दस्तावेज, E/CN.4/2006/ 107, para 16, February 2006.

[११] हेर्नुहोस्, "विस्तृत शान्ति सम्झौताको एक वर्ष पछि नेपालमा मानवअधिकार" डिसेम्बर २००७ लगायतका ओएचसीएचआर नेपालका प्रतिवेदनहरू । http://nepal.ohchr.org/en/index.html

[१२] सातदलीय गठबन्धनमा नेपाली कांग्रेस, नेपाली कांग्रेस प्रजातान्त्रिक, नेकपा एमाले, जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, संयुक्त बाम मोर्चा र नेपाल सद्भावना पार्टी (आनन्ददेवी) रहेका थिए । पछि नेपाली कांग्रेस प्रजातान्त्रिक नेपाली कांग्रेसमा एकीकरण भयो ।

एकतर्फी घोषणामा शाही सरकार सामेल भएन । २००५ को नोभेम्बर २२ मा सातदल र माओवादीबीच १२ बुँदे "सम्झौता" भयो, जसले संविधान सभाको चुनावको माग गऱ्यो, बहुदलीय लोकतन्त्र, मानवअधिकारको सम्मान तथा कानूनको शासनप्रति माओवादीलाई प्रतिबद्ध गरायो । शाही सरकारद्वारा जोडदार रूपमा विरोध गरिएको यो सम्झौतालाई संयुक्त राष्ट्र सङ्घका महासचिवले स्वागत गरे ।

२००६ को जनवरीमा एकपक्षीय युद्ध विराम समाप्त भएको लगत्तै नेकपा (माओवादी) ले आफ्नो सैन्य गतिविधिलाई तीव्र बनायो । त्यस पछि मार्च १४ तारिखदेखि काठमाडौँलगायत अधिराज्य भरका जिल्ला सदरमुकाम माथि नाकाबन्दीको आह्वान गऱ्यो र अप्रिल २ देखि अधिराज्य भर अनिश्चितकालीन आम हड्ताल घोषणा गऱ्यो । मार्च महिनामा भारतको नयाँ दिल्लीमा सातदलका प्रतिनिधि र माओवादीबीच भएको वार्ता लगत्तै माओवादी संयुक्त शक्ति प्रदर्शनमा राजनीतिक दलसँग साथमा आयो । प्रतिबन्ध तथा कर्फ्यू आदेशहरूको प्रतिवाद गर्दै लाखौं मानिसहरूले अप्रिल ६ बाट सुरु भएको सडक विरोध प्रदर्शनमा देशव्यापी रूपमा भाग लिए । अप्रिल २४ मा राजाले एक घोषणाद्वारा विघटित प्रतिनिधि सभाको पुनर्स्थापना गरे । नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा नयाँ सरकारको गठन भयो । यसले नेकपा (माओवादी) सँग विस्तृत शान्ति सम्झौताका लागि वार्ता सुरु गऱ्यो ।[१३]

## *विस्तृत शान्ति सम्झौता*

जटिल संवादहरू पश्चात, २००६ को नोभेम्बर २१ मा नेपाल सरकार र नेकपा (माओवादी) बीचको विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भयो । विस्तृत शान्ति सम्झौताले त्यस अघि गरिएका सम्झौतामा भएका मानवअधिकार प्रतिका शृङ्खलाबद्ध प्रतिबद्धताहरूलाई अझ दह्रीलो बनाउनका साथै मानवअधिकारको सम्मान, प्रवर्द्धन र यसलाई सुनिश्चित गर्नुपर्ने नेपालको अन्तर्राष्ट्रिय दायित्वलाई समावेश गऱ्यो । सम्झौताको प्रस्तावनामा नै यसमा हस्ताक्षर गर्ने पक्षहरूले "नेपाली जनताका राजनीतिक, नागरिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको उपभोग गर्न ... भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन् नहुने वातावरण सिर्जना गर्न" प्रतिबद्धता जाहेर गरेका छन् ।[१४] यसमा विभेद, स्वेच्छाचारी थुना, यातना, हत्या र बेपत्ता अन्त्य गर्ने प्रतिबद्धतासमेत समावेश छ ।

विस्तृत शान्ति सम्झौतामा भएका मानवअधिकारसम्बन्धी प्रावधानहरूको कार्यान्वयन अनुगमन गर्न सम्झौताले ओएचसीएचआर र राष्ट्रिय मानवअधिकार आयोगलाई कार्यादेश प्रदान गरेको छ ।

[१३] हालसम्म गरिएका सम्झौताहरूका दस्तावेजका लागि शान्ति सचिवालयको वेभसाइट हेर्नुहोस् । http://www.peace.gov.np/eng/programs.asp?info=Resources/Publications&id=6&menu=1 (accessed May 6, 2008).

[१४] २२ नोभेम्बर २००७ मा नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता अनुच्छेद ७.१.२ ।

सम्झौताका दुवै पक्ष द्वन्द्वको कालमा बेपत्ता भएका वा मारिएका व्यक्तिहरूको स्थिति ६० दिन भित्र सार्वजनिक गर्न र एक उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गर्नसमेत सहमत भए ।

२००७ को सुरुमा सीमित राजनीतिक कार्यादेश भएको राष्ट्र सङ्घीय नियोग (अनमिन) को स्थापना नेपालमा गरियो[१५] र यो नियोग "निश्चित अवधिको लागि केन्द्रित नियोगको", रूपमा चित्रित छ । अनमिनलाई प्राप्त कार्यादेश दुवै पक्षका "हतियार तथा हतियारधारी व्यक्तिहरूको अनुगमन", निर्वाचनको लागि योजना, तयारी र यसको सञ्चालनको लागि प्राविधिक सहयोग उपलब्ध गराउने तथा युद्ध विराम सम्बन्धमा गरिएका व्यवस्थाहरूको अनुगमनमा सहयोग पुऱ्याउने कुरामा सीमित छ ।

युद्ध विरामपश्चात् गरिएको विस्तृत शान्ति सम्झौताको हस्ताक्षरले मानवअधिकारको अवस्थामा सुधारको क्रम जारी रहने आशा बढायो । तथापि, २००७ को अवधिमा विशेष गरी मधेसी समुदायले भेदभावको अन्त्यको माग गर्दै  कुनै समय हिंसात्मक विरोध आन्दोलन गरेको तराईमा कानून कार्यान्वयन गर्ने राज्यका निकायमा नागरिकहरूको जीवन सुरक्षा गर्ने क्षमता सीमित रहेको प्रस्ट भएको छ ।

समय समयमा तराईमा हिंसात्मक प्रदर्शन भए । २००७ को जनवरीदेखि अक्टोबर सम्ममा ओएचसीएचआरले १३० जनाभन्दा बढी नागरिकहरू मारिएको अभिलेखीकरण गऱ्यो, जसमा सबै जसो मध्य तथा पूर्वी तराईका जिल्लाहरूमा भएका हत्याहरू थिए । यी हत्याहरूमा मधेसी सशस्त्र समूहद्वारा गरिएका तथा प्रहरी र सशस्त्र प्रहरीद्वारा प्रदर्शनका समयमा अत्यधिक बल प्रयोग गरेका कारणले भएका हत्याहरू समावेश छन् ।

अर्को तिर २००७ देखि, खास गरी पहाडी र हिमाली क्षेत्रमा नेकपा (माओवादी) को युवा दस्ता, योङ्ग कम्युनिस्ट लिगका कार्यकर्ताहरूले सार्वजनिक सुरक्षाको भूमिका निर्वाह गरे । यसरी सार्वजनिक सुरक्षाकर्मीको रूपमा काम गर्दा, उनीहरू जबर्जस्ती चन्दा असुली गर्ने, धम्क्याउने तथा त्रास सिर्जना गर्ने , भौतिक आक्रमण गर्ने, केही अवस्थामा यातना भन्न सकिने दुर्व्यवहार गर्ने, जबर्जस्ती श्रम गर्न लगाउने, अरूका प्रदर्शन र भेला बैठकहरूलाई विथोल्ने, सम्पत्ति तोडफोड लगायतका अनेकन प्रकारका अधिकार उल्लङ्घनका लागि जिम्मेवार रहे ।[१६]

[१५] सुरक्षा परिषदको प्रस्ताव नं. १७४०, २३ जनवरी २००७; http://www.un.org/Docs/sc/unsc_resolutions07.htm

[१६] ओएचसीएचआर- नेपाल, "योङ्ग कम्युनिस्ट लिगबाट भएका मानवअधिकार उल्लङ्घनसम्बन्धी आरोपहरू" जुन २००७ ।

सत्ताधारी दलहरूले शान्ति सम्झौतामा भएका धेरै प्रावधानहरू लागू गर्न तथा सीमान्तकृत समूहरूको गुनासाहरूलाई पर्याप्त रूपमा ध्यान पुऱ्याउन नसकेकाले शान्ति प्रक्रिया नै गम्भीर रूपमा कमजोर बन्यो ।

राजनीतिक दलहरूले सुरक्षा क्षेत्रको सुधारलाई पनि उपेक्षा गरेका छन् । २००७ को सेप्टेम्बरमा २२ सूत्रीय पूर्व सर्तहरू राखी माओवादी सरकारबाट बाहिरियो जसका कारण संविधान सभाको चुनाव पर सारियो । चुनावमा भाग लिनका लागि माओवादीले अघि सारेका २२ बुँदे पूर्वसर्तहरू मध्येको एउटा सर्त सुरक्षा क्षेत्रको सुधार थियो । अहिलेसम्म पनि न त नेकपा (माओवादी) ले, न अरू कुनै दलले प्रभावकारी निरीक्षण संयन्त्र वा जवाफदेहि प्रक्रियाको स्थापनाको वकालत गरेका छन् ।

२००७ को डिसेम्बर २३ मा माओवादी लगायत सात मुख्य राजनीतिक दलबीच २००८ को अप्रिल १० मा हुने संविधान सभाको चुनाव पछि गठन हुने संविधान सभाको पहिलो बैठकबाट नेपाललाई एक गणतन्त्रामक राज्य घोषणा गर्ने सहमतिका साथ २३ बुँदे सहमति पत्रमा हस्ताक्षर भयो । यस पटक पनि दलहरूले बेपत्तासम्बन्धी जाँचबुझ आयोगका साथै सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गर्ने सम्बन्धमा पुनः उल्लेख गरे ।

कुल खसेको मत मध्ये ३७ प्रतिशत मत प्राप्त गरी नेकपा (माओवादी) ले निर्वाचन जित्यो । उक्त निर्वाचनमा नेपाली जनताको मौलिक परिवर्तन प्रतिको चहना प्रस्टरूपमा प्रकट भई नेपाली कांग्रेसले १८ प्रतिशत र नेकपा (एमाले) ले १७ प्रतिशत मतका साथ ठूलो हार सहनु पऱ्यो । लामो छलफलपश्चात् नेकपा (माओवादी), नेकपा एमाले र मधेसी जनअधिकार फोरमले अगस्ट, २००८ को अन्त्यमा सरकार गठन गरेका छन् । यस अघिनै मधेसी समुदायका नेपाली कांग्रेसका सदस्य रहेका डा. रामवरण यादव नेपालका प्रथम राष्ट्रपति नियुक्त भइसकेका छन् । नेकपा (माओवादी) का नेता पुष्पकमल दाहाल उर्फ प्रचण्ड प्रधानमन्त्रीमा नियुक्त भएका छन् । राजनीतिक दल सहमतिमा पुग्न नसकेका कारणले राष्ट्रपति तथा प्रधानमन्त्रीका दुवै नियुक्ति संविधान सभा चुनाव गरी भएका छन् । अगस्ट २१, २००८ मा घोषणा गरिएको न्यूनतम सझा कार्यक्रममा तीनओटै सत्ताधारी राजनीतिक दलहरूले सत्य निरूपण तथा मेलमिलाप आयोगका साथै बेपत्तासम्बन्धी जाँचबुझ आयोग स्थापना गर्ने प्रतिबद्धता जाहेर गरेका छन् ।

# ३. दण्डहीनताको इतिहास

पीडकहरूलाई आफ्ना कार्यप्रति जवाफदेहि नबनाइदा सुरक्षा बल र हतियारधारी समूहमा मानवअधिकार उल्लङ्घन गर्ने आचरण बढेर जान्छ। तसर्थ, मानवअधिकार उल्लङ्घन गर्ने आचरणलाई जरैदेखि फाल्न नयाँ नीति ल्याउनु तथा सुधारका लागि प्रतिबद्धता जाहेर गर्नु मात्रै पर्याप्त हुँदैन, यसका लागि त अधिकार उल्लङ्घन गर्ने पीडकहरूले खास गरी यातना, बेपत्ता र गैरन्यायीक हत्या जस्ता गम्भीर मानवअधिकार उल्लङ्घनमा आफूहरू संलग्न भए जेल जानु पर्ने र आफ्नो जागिर बरवाद हुने कुरा अभियुक्तहरूले थाहा पाउन आवश्यक छ। नेपालमा यसो हुन सकेको छैन र दण्डहीनता कानूनी तथा व्यवहारिक दुवै रूपमा अझसम्म मान्य छ।[१७]

क्षमताको अभावले वा इच्छाशक्तिको (प्रायः राजनीतिक कारणहरूले) अभावले मानवअधिकार उल्लङ्घनका जिम्मेवारहरू विरुद्ध राज्यले अभियोग लगाई मुद्दा चलाउन असफल रहँदा व्यवहारिक दण्डहीनताले ठाउँ पाउँछ। नेपालमा राजनीतिक दबाब र अन्य हस्तक्षेप समेतका विभिन्न पक्षहरूको जटिल अन्तर्सम्बन्धका कारण राम्रोसँग अभिलेखीकरण गरिएका मानवअधिकारका गम्भीर उल्लङ्घनहरूमा समेत विद्यमान कानून बमोजिम अभियोजन गरिएको छैन।

कानून र नियमहरू अति सीमित हुने वा त्यस्ता कानून र नियमहरूले अभियोजनबाट प्रस्ट रूपमा उन्मुक्ति प्रदान गर्ने अवस्थाको कानूनी दण्डहीनताले मानवअधिकार उल्लङ्घनका पीडकहरूको बचाउ गर्दै व्यवहारिक दण्डहीनताका असरलाई विस्तार गर्नका साथै मजबुत बनाउँदछ। नेपालको कानूनमा सैनिक तथा गैरसैनिक अधिकारीहरूलाई कानूनी जवाफदेहिताबाट बचाउने उद्देश्य भएका धेरै प्रावधानहरू छन्। यी कानूनहरू अन्तर्राष्ट्रिय मानवअधिकारको गम्भीर उल्लङ्घनबापत उपचार तथा हर्जना पाउने अधिकारसँग बाझिएका

---

[१७] संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार आयोगले दण्डहीनताालाई "अधिकार उल्लङ्घनका दोषीहरूलाई तिनीहरू उपर जाँचबुझ भई अभियोग नलगाइने, पक्राउमा नपर्ने, मुद्दा नचल्ने र दोषी पाइएमा उचित दण्ड नदिइने र पीडितहरूलाई हर्जनासमेत नदिइने कारणले त्यस्ता दोषीहरूलाई फौज्दारी, देवानी, प्रशासनिक वा अनुशासनात्मक कारवाहीको दायरामा ल्याउन कानूनी वा व्यवहारिक रूपले असम्भव भएको अवस्था" भनी परिभाषित गरेको छ। संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार आयोग, "दण्डहीनता विरुद्ध लड्ने सिद्धान्तहरूको परिमार्जन गर्ने स्वतन्त्र विज्ञको प्रतिवेदन" E/CH.4/2005/102/Add.1. ८ फेब्रुअरी २००५, पृ. ६।

छन् ।[१८] नेपालमा दण्डहीनताका दुवै रूपहरूले मानवअधिकारको गम्भीर उल्लङ्घनलाई बढावा दिएका छन् र सरकार तथा सुरक्षा बलमाथिको विश्वासलाई घटाएका छन् ।

नेपालमा रहेको दण्डहीनतालाई समाज, कानूनको स्रोत तथा फौज्दारी न्याय व्यवस्थाको सन्दर्भमा पनि बुझ्नु पर्दछ । एसिया फाउन्डेसनले गरेको एक अध्ययन[१९] ले नेपालमा दण्डहीनता हुनुका कारणहरूमा न्यायीक स्वतन्त्रताको अभाव, संवैधानिक निकायहरू (जस्तै, अख्तियार दुरुपयोग अनुसन्धान आयोग) मा भएको अकर्मण्डयता, जिल्ला प्रशासन कार्यालय जस्तो अर्द्धन्यायीक निकायमा भएको भ्रष्टाचार, सामाजिक र सांस्कृतिक पक्षहरू (चाकरी र आफ्नो मान्छे भन्ने धारण समेत)[२०] र अन्तमा मानवअधिकार उल्लङ्घनमा न्यायको इन्कारी रहेका छन् ।

१९६० देखि १९९० सम्म रहेको पञ्चायती व्यवस्थामा मानवअधिकारको उल्लङ्घनका लागि दण्डहीनता व्याप्त थियो ।[२१] प्रकाशमा आएका अदण्डित घटनाहरू मध्ये, १९८५ को मध्यतिर सरकार विरुद्ध गरिएको नागरिक अवज्ञा अभियान तथा राजधानीमा भएका शृङ्खलाबद्ध बम बिस्फोटनका बखत भएका छओटा "बेपत्ता" का घटनाहरू रहेका छन् । जबर्जस्ती वा अस्वेच्छिक बेपत्तासम्बन्धी संयुक्त राष्ट्र सङ्घीय कार्यदलसँग त्यसबेलाका चारओटा घटनाहरू अझै अनिर्णित छन् । ती घटनामध्येका कम्तीमा दुईओटा घटनामा बन्दीहरूलाई महाराजगंजस्थित प्रहरी प्रशिक्षण केन्द्रमा राखेको कुरा विश्वसनीय प्रतिवेदनहरूले उल्लेख गरेका छन् । यी घटना सम्बन्धमा जाँचबुझ गर्न आयोग गठन भयो तर उक्त आयोगको प्रतिवेदनमाथि काहिल्यै कारवाही गरिएन ।

१९९० को सुरुमा निरङ्कुश राजतन्त्रबाट बहुदलीय प्रजातन्त्रतर्फको सङ्क्रमणको समयमा मानवअधिकार उल्लङ्घनका दोषीहरूलाई दण्डसजाय गर्न राज्यको असक्षमताले मानवअधिकारको उल्लङ्घनका घटनाहरूमा कानूनी तथा व्यवहारिक दण्डहीनताको निरन्तरतालाई संकेत गर्दछ । १९९० को

[१८] अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घनका पीडितहरूको उपचार र हर्जना पाउने अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासभाबाट पारित आधारभूत सिद्धान्त र निर्देशनहरू G.A.Res 60/147,UN.Doc.A/RES/60/147,part viii' " Access to justice" १६ डिसेम्बर २००५ ।

[१९] The Asia Foundation, "Impunity in Nepal—An Exploratory Study," http://www.asiafoundation.org/pdf/nepal_impunity.pdf

[२०] आफ्नो मान्छे भन्ने अभिव्यक्ति आफूसँग सम्बन्धित मानिसहरूको भित्रि घेरा, "कसैका आफ्नै मानिस" र "आफूलाई आवश्यक परेको बेला गुहार मागिने व्यक्तिहरू" लाई जनाउन प्रयोग गरिन्छ । चाकरी भन्नाले "कसैको सेवा गर्नु, कुनै व्यक्तिले भनेको कुरा स्वीकार गर्नु वा भगवानसँग दयाको याचना गर्नु" भन्ने बुझिन्छ । Bista, Dor Bahadur, *Fatalism and Development—Nepal's Struggle for Modernization* (Calcutta: Orient Longman, 1990).

[२१] पञ्चायती व्यवस्था राजा महेन्द्रद्वारा १९६० मा स्थापना गरिएको दलविहीन व्यवस्था थियो । यो व्यवस्था राजामा केन्द्रित थियो र राजालाई सेना, प्रहरी तथा प्रशासनका प्रमुख मानिसहरूको समर्थन प्राप्त थियो । राजनीतिक दलहरू प्रतिबन्धित थिए र चुनाव भएता पनि उम्मेदवारहरू व्यक्तिगत रूपमा चुनावमा भाग लिन्थे ।

जनअन्दोलनपश्चात् तत्कालीन अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले पञ्चायती सरकारले अन्दोलनका क्रममा गरेका मानवअधिकारका दुरुपयोगहरूको सम्बन्धमा छानबिन गर्न न्यायाधीशहरूको संलग्नतामा एक त्रि-सदस्य न्यायीक आयोगको गठन गरे जसको नेतृत्व न्यायाधीश जनार्दन मल्लिकले गरेका थिए । १९९० को डिसेम्बरमा यो आयोगले सरकार समक्ष आफ्नो प्रतिवेदन बुझायो । प्रतिवेदनले जनअन्दोलनका क्रममा ४५ जना मारिएका २३ हजार जना घाइते भएको निष्कर्ष निकाल्दै सयभन्दा बढी सरकारी अधिकारीहरू र राजनीतिज्ञहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानवधिकारको उल्लङ्घनका लागि जिम्मेवार रहेको भनी तिनीहरूको  नामाङ्कन गऱ्यो । विगतमा भएका अपराधका दोषीहरूलाई कारवाही गर्नुभन्दा शान्ति सुरक्षालाई कायम राख्नु प्राथमिकता भएको भन्दै प्रतिवेदनमा उल्लिखित व्यक्तिहरू विरुद्ध भट्टराई सरकारले कुनै कारवाही गरेन । त्यस पछिका अन्य सरकारहरूले समेत यो प्रतिवेदन माथि कुनै कारवाही गरेका छैनन् ।

१९९० को जनआन्दोलनको बेलामा मानवअधिकारहरूको उल्लङ्घन गर्ने दोषीहरू माथि अभियोजन गर्न नसक्दा नेपालले एउटा ठूलो अवसर गुमायो । मानवअधिकारको उल्लङ्घनमा संलग्न दोषीहरूलाई जवाफदेहि बनाउने प्रभावकारी व्यवस्था सुनिश्चित गर्न प्रजातान्त्रिक सरकारको स्थापनमा एउटा अद्वितीय अवसर थियो ।

१९९९ को जनवरी महिनामा मल्लिक आयोगको प्रतिवेदनलाई कार्यान्वयन गर्न सम्बन्धित सरकारी निकायहरूका नाममा आदेश गरी पाऊँ भन्ने माग गर्दै १२१ जना कानूनका विद्यार्थी र  ३८ जिल्लाका कानून व्यवसायीहरूका साथै १९९० को आन्दोलनमा मारिएका वा घाइते भएका व्यक्तिका केही आफन्तहरूले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्न जाँदा सर्वोच्च अदालतका रजिस्ट्रारले उक्त निवेदनलाई दरपिठ गरिदिए ।[२२]

१९९० देखि विशेषतः नागरिकहरूको दबाब र गम्भीर उल्लङ्घनको सम्बन्धमा सार्वजनिक विरोघ र अन्तर्राष्ट्रिय चासोका कारणले नेपालका सबैजसो सरकारहरूले जाँचबुझ वा अनुसन्धान समितिहरू गठन गर्ने गरेका छन् । यस्ता निकायहरूलाई सुरक्षा बलबाट सहयोग प्राप्त गर्ने र प्रमाणहरूको सुरक्षा गर्ने सम्बन्धी पर्याप्त अधिकारहरू थिएनन्, त्यस्ता आयोगहरूका सिफारिसहरूलाई कहिल्यै कार्यान्वयन गरिएका छैनन् र ती निकायहरूले विभिन्न राष्ट्र सङ्घीय विज्ञहरूले उल्लेख गरे जस्तै व्याप्त दण्डहीनताको वातावरणमा कुनै असर पारेका छैनन् । २००० को फेब्रुअरीमा भ्रमण गरे पछि गैरकानूनी, संक्षिप्त वा स्वेच्छाचारी हत्यासम्बन्धी संयुक्त राष्ट्र सङ्घीय विशेष प्रतिवेदकले सरकारी

[२२] The Asia Foundation, "Impunity in Nepal—An Exploratory Study," http://www.asiafoundation.org/pdf/nepal_impunity.pdf

निकाय र प्रहरीद्वारा घटाइएका बेपत्ता र गैरन्यायीक हत्या लगायतका आरोपित मानवअधिकार उल्लङ्घनको तहकिकात गरी अभियोजन गर्न एउटा बलियो स्वतन्त्र र विश्वासिलो संयन्त्र बनाउन आग्रह गरिन् ।[२३] जाँचबुझहरू पूर्णरूपमा कानून लागू गर्ने निकायहरूमा नै भर पर्ने गरेको तथ्यले अनुसन्धानको वस्तुपरकतामा आपत्ति जनक रूपमा सम्झौता भएको उनले पाइन् ।[२४]

२००० मा एउटा राष्ट्रिय मानवअधिकार आयोगको स्थापना गरियो । यसलाई मानवअधिकारका उल्लङ्घनका उजुरीमाथि अनुसन्धान गरी सरकारलाई सुझाव दिने सीमित अधिकार दिइयो । यसलाई महान्यायाधिवक्ता वा अदालत समक्ष मुद्दा पठाई वा आफैं मुद्दा चलाउन सक्ने प्रस्ट अधिकार दिइएको छैन ।[२५]

आफ्ना कारवाहीहरूको बढ्दो आलोचनाका बीच सुरक्षा अंगहरू, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाले मानवअधिकार उल्लङ्घनका उजुरीहरूको अनुसन्धान गर्न भनी आन्तरिक निकायको रूपमा "मानवअधिकार एकाई" हरूको स्थापना गरे । केही आरोपित घटनाहरूका दोषीहरू उपर विभागीय वा अनुशासनात्मक कारवाही गरेता पनि यी सबै कुरा देखाउनका लागि मात्र गरेको देखियो ।[२६] हालसम्म पनि अनुसन्धान र अभियोजन गर्ने पूर्ण अधिकार सहितको कुनै स्वतन्त्र संयन्त्रको स्थापना गरिएको छैन ।

मानवअधिकार एकाई अस्तित्वमा रहेता पनि सेनाले गरेको भनी आरोप लागेका घटनाहरूको अनुसन्धान गर्न सेनाले प्रहरीलाई सघाइरहेको छैन । नेपाली सेनाको मानवअधिकार एकाईले सेनाले मानवअधिकार उल्लङ्घन गरेका केही घटनाहरू सम्बन्धमा मात्रै अनुसन्धान गरेको छ । रामेछाप जिल्लाको दोरम्बा नजिकैको गाउँमा आत्मसमर्पण पश्चात् १९ जना शङ्कास्पद माओवादी विद्रोहीको हत्या गरिएको सम्बन्धी मुद्दामा एक उच्चस्तरीय सैनिक अदालतले ३१ जनवरी २००५ मा फैसला सुनायो । फैसलाले एक जना सेनाका अधिकारीलाई आफू मातहतमा रहेको फौजलाई नियन्त्रण गर्न नसकेको भन्दै दुई वर्ष जेल सजाय गऱ्यो । माथिल्लो तहका अधिकृतलाई मानवअधिकारको दुरुपयोग गरेकोमा जेल सजाय गरिएको यो नै पहिलो घटना हो ।

---

[२३] Project on Extrajudicial Executions, "Report of the Special Rapporteur on extrajudicial, summary or arbitrary executions," E/CN.4/2001/9/Add.2, August 9, 2000, http://www.extrajudicialexecutions.org/reports/ (accessed May 6, 2008).

[२४] ऐजन् ।

[२५] अन्तरिम व्यवस्थापिका संसदले हालसालै राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक निकाय बनाएको छ ।

[२६] Human Rights Watch, World Report 2006, http://www.hrw.org/english/docs/2006/01/18/nepal12256.htm

२००० को सेप्टेम्बरमा नेपाल भ्रमणपछि तयार पारिएको प्रतिवेदनमा "यातना" सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय विशेष प्रतिवेदकले नेपालमा साविती र जासुसी सूचनाहरू प्राप्त गर्न प्रहरी, सशस्त्र प्रहरी बल र सेनाले व्यवस्थित तथा नियमित यातनाको प्रयोग गर्ने गरेको निष्कर्ष निकाले । उनले आफ्नो प्रतिवेदनमा सेना तथा प्रहरीका उच्च तहका अधिकारीहरूले आपत्तिजनक रूपमा पटकपटक र खुलस्त रूपमा कुनै कुनै घटनाहरूमा यातना स्वीकार्य भएको कुरा व्यक्त गरेको उल्लेख गरे । वास्तवमा यातना व्यवस्थित र निरन्तर रूपमा प्रयोग भइरहेको थियो । प्रतिवेदकले "नेपालमा विद्यमान रहेको दण्डहीनताको संस्कृति विशेषत : यातनासम्बन्धी अपराधका पीडकहरू विरुद्ध फौज्दारी सजाय नगरी त्यसको विकल्पमा क्षतिपूर्ति दिने व्यवस्थाप्रति" चिन्ता व्यक्त गरे । सैनिक ऐन, प्रहरी ऐनमा पीडकहरूलाई "विभागीय कारवाही" जस्तै तह घटाउने, निलम्बन गर्ने, जरिवाना गर्ने र बढुवा गर्न ढिलाइ गरिदिने समेतका व्यवस्थाहरू रहेका छन् । विशेष प्रतिवेदकका अनुसार विभागीय कारवाही यति अपर्याप्त छन् कि फलतः उक्त कारवाहीको व्यवस्थाले प्राप्त गर्न खोजेका सुरक्षात्मक र निरोधात्मक असर बेअर्थका भएका छन् ।[२७]

२००४ को अन्त्यतिर नेपालमा गरेको भ्रमणपछि प्रकाशित गरिएको आफ्नो प्रतिवेदनमा जबर्जस्ती वा अस्वेच्छिक बेपत्तासम्बन्धी कार्यदलले "बेपत्ता" को रोकथाम र अनुसन्धानका लागि अनेकौं सुझाव दियो ।[२८] यस अलावा सेनाबाट अधिकारीहरू उपर गरिएका निर्णय वा फैसलाहरूको पूर्ण विवरण उपलब्ध गराउन आग्रह गरिएको भएता पनि यसो गरिएको छैन ।

बढ्दो अन्तर्राष्ट्रिय दबाबका कारण २००४ को जुलाई १ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले उजुरी परेका "बेपत्ता" सम्बन्धी घटनाहरूको छानबिन गर्न एउटा छानबिन समिति गठन गरे । गृहमन्त्रालयका सह-सचिव नारायण गोपाल मलेगुको नेतृत्वमा बनेको उक्त समितिले २००४ मा ३२० जनाको विवरण भएको चारओटा प्रतिवेदन तयार पार्‍यो । यो समितिले अधिकारीहरू समक्ष परेका बेपत्ताका उजुरीहरूका आधारमा बेपत्ताको सूची तयार पार्नुभन्दा अरू केही गर्न सकेन । सेनाको सहयोग नहुनुको अर्थ "बेपत्ता" हरूलाई राखिएको स्थान तथा तिनीहरूको अवस्था स्थापित गर्न असम्भव थियो भन्ने हो । यस बाहेक समितिमा सुरक्षा बललाई सहयोग गर्न बाध्य बनाउने अधिकारको अभाव थियो ।

[२७] यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार र सजाय विषयका विशेष प्रतिवेदक म्यानफ्रेड नोवाकको नेपाल मिसनको प्रतिवेदन, E/CN.4/2006/6/Add.5, January 9, 2006.

[२८] राष्ट्र सङ्घीय मानवअधिकार उच्चआयुक्तको,"जबर्जस्ती वा अस्वेच्छिक बेपत्तासम्बन्धी कार्यदलको नेपाल भ्रमण प्रतिवेदन । E/CN.4/2005/65/Add.1.

मे २००६ मा ओएचसिएचआर ले बेपत्ता, गैरकानूनी थुना, दूर्व्यवहार र यातनाको सम्बन्धमा धेरै घटनाहरू भएको अभिलेखीकरणको एक प्रतिवेदन सार्वजनिक गऱ्यो । जसमा डिसेम्बर २००३ मा काठमाडौँको महाराजगंजस्थित भैरवनाथ गणमा ४९ जनालाई हिरासतमा राखेको कुरा निश्चित गरिएको थियो र सरकारलाई जाँचबुझ आयोग गठन गरी ४९ जनाका बारेमा यथार्थ पत्ता लगाउन आग्रह गरेको थियो । सरकारले त्यो प्रतिवेदनको कहिल्यै वास्ता गरेन । नेपाली सेनाले पनि आजसम्म अभिलेखीकरण गरिएका घटनाको बारेमा जिम्मेवारी बहन गरेको छैन । नेपाली सेनाले ४९ जनाको घटना बारेमा अनुसन्धान गर्न गठित कार्यदलले तयार गरेको प्रतिवेदन ओएचसीएचआरलाई प्रेसित गरेको छैन ।[२९]

२००६ को जुनमा सुरक्षा बलद्वारा "बेपत्ता" पारिएको भनिएका व्यक्तिहरूका बारेमा खोजबिन गर्न सरकारले गृह मन्त्रालयका सह-सचिव बामनप्रसाद न्यौपानेको अध्यक्षतामा एक सदस्यीय समिति गठन गऱ्यो । यो समितिले पनि सेनाबाट सहयोग नपाउने पुरानै समस्या बेहोऱ्यो । तथापि यसले १०४ जना "बेपत्ता" पारिएका व्यक्तिहरूको अवस्था स्थापित गरेको दाबी गऱ्यो । केही घटनाहरूको सम्बन्धमा दिइएको प्रतिवेदन सुरक्षा फौजद्वारा उपलब्ध गराइएका ज्यादै न्यून सूचनाहरूमा आधारित थियो, जसलाई स्वतन्त्र रूपमा पुष्टि गरिएको थिएन ।[३०]

२००६ को अप्रिलमा भएको जनआन्दोलनको प्रदर्शनमा मारिएका र राजाले सम्पूर्ण अधिकार आफ्नो हातमा लिई शासन गरेको समयावधिमा भएका आरोपित उल्लङ्घनहरूको बारेमा जाँचबुझ गरी प्रतिवेदन दिन सरकारले जाँचबुझ आयोग ऐन १९६९ अन्तर्गत एक उच्चस्तरीय जाँचबुझ आयोग गठन गऱ्यो । आयोगले राजा सहित उनका सरकारका २०२ जना अधिकारीहरूलाई कारवाहीको लागि सिफारिस गऱ्यो र ३१ जना सुरक्षा बलका अधिकारी विरुद्ध तत्काल मुद्दा चलाउन सिफारिस गऱ्यो । परन्तु गृह मन्त्रीले उनीहरूलाई कारवाही भइसकेको र प्रतिवेदनका प्रायः सिफारिसहरूको कार्यान्वयन भइसकेको र अरूको हकमा भने थप अनुसन्धानका लागि सक्षम निकाय समक्ष पठाई सकिएको बताए । यस सम्बन्धमा प्रमाणहरू अपर्याप्त भएका भन्दै महान्यायाधिवक्ताले दोषी उपर अभियोग लगाउन कुनै कार्य गरेका छैनन् ।[३१]

[२९] "प्राविधिक सहयोगलगायत आफ्नो कार्यलयले गरेका क्रियाकलाप र नेपालको मानवअधिकार अवस्थासम्बन्धी संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको प्रतिवेदन, जनवरी २००७, UN Document: A/HRC/4/97, para 46.

[३०] उदाहरणार्थ, नेपाल आर्मीको मानवअधिकार सेलले दिएको जानकारीका आधारमा न्यौपाने समितिले केशर बहादुर बस्नेत (मुद्दा ९) दोहोरो भिडन्तमा र दाताराम तिम्सिना (मुद्दा ३७) सुरक्षा कारवाहीमा मारिएको निष्कर्ष निकालेको थियो ।

[३१] ओएचसीएचआर, नेपाल, "विस्तृत शान्ति सम्झौता पछिको एक वर्षमा नेपालको मानवअधिकारसम्बन्धी अनुसन्धान प्रतिवेदन", डिसेम्बर २००७ । http://nepal.ohchr.org/en/resources/Documents/English/reports/HCR/1207CPA_Report_EN.pdf

सशस्त्र द्वन्द्व र जनआन्दोलन भन्दा भिन्न परिप्रेक्ष्यमा जथाभावी रूपमा हत्या भएका दुईओटा घटनाको बारेमा जाँचबुझ गर्न संसदीय जाँचबुझ समितिको गठन भयो । ती घटनाहरू २००६ को अप्रिल २५ मा मोरङ जिल्लाको बेलबारीमा सेनाले बलात्कार गरी मारेकी महिला र त्यसको भोलिपल्ट विना हातहतियार प्रदर्शनमा भाग लिएका ६ जनाको सेनाद्वारा गोली हानी भएको हत्याका घटनाहरू थिए (परिशिष्टमा उल्लिखित मुद्दा नम्बर ४८-५३ हेर्नुहोस् ) । अन्ततः २००८ को जनवरीमा समितिले ३ जना हत्यामा संलग्न भनी आरोपित सैनिक अधिकारीहरू विरुद्ध तहकिकात गरी फौज्दारी अभियोजन गर्न सिफारिस गऱ्यो । साथै अन्य १६ जनालाई सैनिक ऐन अन्तर्गत तहकिकात गरी अभियोजन गर्न सिफारिस गऱ्यो । समितिले पीडित र तिनका आफन्तहरूलाई उल्लिखित मात्राको क्षतिपूर्ति दिन समेत सिफरिस गऱ्यो ।[३२] समितिका सबै सिफारिसहरू पूर्ण रूपमा कार्यान्वयन हुन्छन् या हुदैनन् हेर्न बाँकी छ ।

आजसम्म, हत्या "बेपत्ता" र सुरक्षा फौजद्वारा अत्यधिक बल प्रयोग भएका घटनाहरू सम्बन्धमा विभिन्न जाँचबुझ र अनुसन्धान भएता पनि अहिलेसम्म एउटा घटनाका पनि दोषी उपर अभियोग लगाइएको छैन । कमाण्ड उत्तरदायित्वको (Command Responsibility) सिद्धान्तलाई लागू गरिएको छैन । यो सिद्धान्तअनुसार आफू मातहतका अन्य अधिकारीहरूले गरेको कार्यको उत्तरदायित्व आदेश दिने अधिकारीले बहन गर्नु पर्दछ । अझ, अहिलेसम्म सरकारले संस्थागत सुधारका लागि गरिएका सिफारिसहरूलाई पूर्ण रूपमा लत्याएको छ । उदाहरणको लागि २००५ डिसेम्बर १४ का दिन विदामा रहेका एक सैनिकले नगरकोटमा गरेको नरसंहारको सम्बन्धमा सर्वोच्च अदालतका भूतपूर्व न्यायाधीश टोपबहादुर सिंहको अध्यक्षतामा गठित त्रि-सदस्यीय आयोगले सेना र ब्यारेकको अनुशासन प्रणालीबारे सुधार गर्न गरेको सिफारिसलाई सरकारले अझैसम्म कार्यान्यवन गरेको छैन । सरकारले गठन गरेका जाँचबुझ आयोगहरू तथा अन्य अनुसन्धान गर्ने निकायहरूसमेत पीडकहरूलाई जवाफदेहि बनाउने कुरामा असफल भएका छन् । युद्ध विराम भएको २ वर्ष बितिसक्दा पनि यद्ध विरामको समयमा वा अगाडि तथा पछाडि भएका मानवअधिकारका गम्भीर उल्लङ्घनहरूका लागि जवाफदेहि बनाउन राजनीतिक इच्छाशक्ति भएको देखिएको छैन । यस विपरीत सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्नका लागि बनाएको मस्यौदा विधेयक वा बेपत्ता सम्बन्धमा जाँचबुझ गर्ने आयोग गठन गर्ने सम्बन्धमा लिएका कदमहरूले मानवता विरोधी अपराधका लागि क्षमादान दिने उद्देश्य राखेका छन् । हत्या, बेपत्ता, यातना वा अन्य ढंगले अधिकारको उल्लङ्घन गरेका कारण सुरक्षा बल वा माओवादीका एउटा पनि व्यक्तिलाई कसूरदार ठहर गरी फौज्दारी जवाफदेहिता बहन गराइएको छैन ।[३३]

---

[३२] "House panel recommends action against 28 people over Belbari massacre," Nepalnews, January 12, 2008, http://www.nepalnews.com/archive/2008/jan/jan12/news11.php (accessed May 6, 2008).

[३३] ओएचसीएचआर, नेपाल, "विस्तृत शान्ति सम्झौता पछिको एक वर्षमा नेपालको मानवअधिकार सम्बन्धी अनुसन्धान प्रतिवेदन", डिसेम्बर, २००७ । http://nepal.ohchr.org/en/resources/Documents/English/reports/HCR/1207CPA_Report_EN.pdf

आफ्नो आदेशबाट घट्न गएका अपराधहरूको लागि कमाण्डमा रहको वा अन्य उच्च तहका अधिकारीहरू कानूनतः उत्तरदायी हुन्छन् तर यसबाहेक अन्तर्राष्ट्रिय क्षेत्रमा कमाण्ड उत्तरदायित्वको सिद्धान्तअनुसार त्यस्तो कार्य आफू मातहतको अधिकारीले गर्दै छ वा गऱ्यो वा गर्न गैरहेको छ भनी थाहा पाउँदा पाउँदै वा थाहा पाउनु पर्ने मुनासिव कारण हुँदाहुँदै मातहत कर्मचारीलाई सो कार्य गर्नबाट रोक्नका लागि आवश्यक र मुनासिव कदम नचालेमा वा संलग्न व्यक्तिलाई सक्षम निकायद्वारा छानबिन गरी अभियोग लगाइने कुरा सुनिश्चित नगरेमा आफू मातहतको अधिकारीले गरेको अपराधको दायित्व कमाण्डमा रहेको व्यक्तिले बहन गर्नु पर्दछ ।[३४] आफू मातहतका व्याक्तिले मुख्य अपराध गरेका अवस्थामा कमाण्ड दायित्वको सिद्धान्त राजनीतिक वा सैन्य नेतृत्वका सबै तहमा लागू हुन सक्छ । राष्ट्रिय मानवअधिकार आयोग तथा संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार विशेषज्ञहरू लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूले लगातार रूपमा राजनीतिक र सैन्य नेतृत्वको उच्च तहसम्म गम्भीर र लगातार रूपमा चलिरहेको बेपत्ता जस्तो मानवअधिकारको उल्लङ्घन बारेमा चिन्ता जाहेर गरेको र यस्तो नेतृत्वले यी अपराधहरूको रोकथाम गर्न तथा दोषीलाई दण्डित गर्न असफल भएको परिप्रेक्ष्यमा कमाण्ड उत्तरदायित्वको सिद्धान्तको अवधारणालाई बुझी नेपाली फौज्दारी न्याय प्रणालीमा यसको प्रयोग गरिनु आवश्यक छ ।

कमाण्ड उत्तरदायित्वको अवधारणाप्रति नेपाली कानून मौन छ । ढिला सुस्ती र प्रहरी अनुसन्धानको अभावका बावजुद पनि हालै प्रहरीमा जाहेरी दर्खास्त दर्ता भएका मुद्दाहरू अदालत समक्ष पुगेछन् भने नेपाली अदालतले वास्तवमा कमाण्ड उत्तरदायित्वको प्रयोग गर्छन् या गर्दैनन् र गर्छन् भने के कसरी गर्छन् भनी हेर्ने अवसर मिल्नेछ । फौज्दारी न्याय प्रणालीमा सुधार नगरिएसम्म दण्डहीनता एक मुख्य समस्याका रूपमा रहिरहने छ ।

[३४] उदहरणका लागि जुलाई १, २००२ मा लागू भएको अन्तर्राष्ट्रिय फौज्दारी अदालतको रोम विधानको धारा २८ हेर्नुहोस् । 2187 U.N.T.S. 90.

# ४. जाहेरी दर्ता भयो तर त्यस उपर केही भएन

*सिपाहीहरूले मलाई कोठाभित्र जान विवश पारे । ठीक त्यतिबेला मैले गोली चलेको आवाज सुनेँ र तुरुन्तै कोठाबाट दौडिएर बाहिर आएँ । मेरो छोरो र बुहारी दुवैजना पीडाले छट्पटाइ पानी मागिरहेका थिए । मैले नातिनीलाई काखमा लिएँ ऊ पनि घाइते भएकी थिई । मेरो छोरो र बुहारी मेरा आँखाकै अगाडि अन्तिम सास फेर्दै थिए ।*

– भुमिश्वरा थापा, दलबहादुर थापाकी आमा । दलबहादुरलाई सुरक्षा फौजले २००२ मा हत्या गरेको थियो ।

*म प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयमा कम्तिमा २० पटक धाए । दुवै अफिसमा मेरो निवेदन लिइयो तर उजुरी दर्ता गरिएन । मैले नेकपा (माओवादी) का नेता प्रचण्डलाई भेटें र मेरा पति कहाँ हुनुहुन्छ भनी सोधेँ । उहाँले दुई/तीन दिनको समय माग्नु भयो तर अहिले दुई वर्ष बितिसक्यो केही भएको छैन ।*

– पूर्णिमाया लामा, अर्जुन लामाकी पत्नी, अर्जुनलाई माओवादीले अप्रिल १९, २००५ मा अपहरण गरेका थिए । उनी अहिलेसम्म हराइरहेका छन् ।

## अनुसन्धान एवम् कारवाही गर्न असफल

दण्डहीनताको चक्रलाई निरन्तरता दिँदै सुरक्षा फौज र माओवादीबाट भएका मानवअधिकार उल्लङ्घनका उजुरी उपर प्रायः अनुसन्धान र कारवाही नहुने गरेको पाइन्छ । ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमले मानवअधिकार उल्लङ्घनका ६२ ओटा घटनाहरूमा भएका अनुसन्धान र कारवाहीको प्रगतिलाई गम्भीरता साथ अध्ययन गरेका छन् । यी मुद्दाहरू ३४ ओटा भिन्न घटनाहरू सित सम्बन्धित छन् र यी घटना सम्बन्धमा ४९ ओटा जाहेरी दरखास्तहरू नेपाल प्रहरी समक्ष दर्ता गरिएका छन् । (मुद्दा दर्ता हुनु भन्नाले लिखित र हस्ताक्षरित जाहेरी दरखास्त नेपाल प्रहरी कार्यालयले औपचारिक रूपमा लिई दर्ता गर्नुलाई जनाउँदछ ।) यस्ता घटनाहरू पाँच विकास क्षेत्रका ७५ जिल्लामध्ये १६ ओटा जिल्लाका हुन् । यी आरोपित कसूरहरू जनवरी २००२ देखि जुन २००६ का बीचमा घटेका थिए । २२ ओटा घटना

२००४ मा घटेका हुन भने ११ ओटा २००२ मा, १० ओटा २००३ मा, ११ ओटा २००५ मा र ८ ओटा घटना २००६ मा घटेका हुन् ।[३५]

अध्ययन गरिएका ६२ जना पीडितहरू मध्ये अधिकांश ५६ जना पीडितहरू मारिएका छन्, ४ जना बेपत्ता बनाइएका र धेरैलाई यातना दिइएको र कम्तिमा ३ जनालाई बलात्कार गरिएको थियो । अधिकांश ५६ ओटा घटनाहरू सुरक्षा फौजबाट भएका गैरन्यायीक हत्यासँग सम्बिन्धित छन् । दुईओटा मुद्दा भने माओवादीका सदस्यहरूले गरेका हत्यासँग सम्बन्धित छन् (मुद्दा नम्बर ३२ र ५९ हेर्नुहोस्) ।

यी मुद्दाहरूको अनुसन्धान नेपाल प्रहरीको क्षेत्राधिकार भित्र पर्दछ । कानूनतः नेपाल प्रहरीले जुनसुकै भइसकेको अपराध वा हुन सक्ने अपराधका बारेमा "जुनसुकै माध्यमबाट जो कसैले गरेको उजुरी दर्ता गर्नु पर्दछ ।"[३६] जाहेरी दर्ता भइसकेपछि फौज्दारी अनुसन्धान गरी अनुसन्धानको प्रारम्भिक प्रतिवेदन सम्बन्धित जिल्लाका सरकारी वकिल समक्ष प्रस्तुत गर्नु प्रहरीको कर्तव्य हो ।[३७] कानूनतः अनुसन्धानकर्ताले घटनास्थलको भ्रमण गरी, त्यसको फोटो खिची मुचुल्का तयार गर्नुका साथै साक्षीहरूको बयान लिनु पर्दछ ।[३८]

यहाँ अध्ययन गरिएका ६२ मध्ये अधिकांश मुद्दामा प्रहरीले अनुसन्धानको कुनै पनि कार्य सुरु गरेको छैन । धेरै मुद्दाहरूमा पीडित पक्षले प्रजिअको कार्यालयमा निवेदन दिएपछि मात्र प्रारम्भिक जाहेरी दरखास्त दर्ता गरिएको थियो । प्रजिअ जिल्लाको सबैभन्दा ठूलो सरकारी अधिकारी हो जसप्रति प्रहरी जवाफदेही हुन्छ र विभिन्न मुद्दाहरूमा प्रमुख जिल्ला अधिकारीले जाहेरी दर्ता गर्न प्रहरीलाई आदेश दिएका थिए । एक दर्जनभन्दा बढी घटनाहरूमा जाहेरी दर्ता गराउनका लागि पीडित परिवारले अदालत समक्ष निवेदन गर्नु परेको थियो । अदालतले पनि केही मुद्दाहरूमा यी घटनाहरू सत्य निरूपण तथा मेलमिलाप आयोग वा अन्य सङ्क्रमणकालीन न्यायका निकायहरू गठन भएपश्चात् ती निकायहरूले हेर्ने हुनाले प्रहरी यी जाहेरी दर्ता गर्न बाध्य नभएको भन्ने प्रहरीले जाहेरी दर्ता गर्न इन्कार गर्दा लिएकै तर्कसँग सहमत हुँदै पीडितले गरेका निवेदनहरूलाई अस्वीकार गरेका थिए ।

गैरन्यायीक हत्याका घटनाहरूमा कुनै घटनामा पीडितहरूलाई सेना, सशस्त्र प्रहरी वा प्रहरीले उनीहरूका घरमै, कुनै घटनामा पीडितलाई उनीहरूका घर वा गाउँबाट पक्राउ गरी लगिएको केही

[३५] जिल्लागत रूपमा उल्लेख गरिएका यी सम्पूर्ण मुद्दाहरूको विवरणका लागि परिशिष्ट हेर्नुहोस् ।

[३६] सरकारी मुद्दासम्बन्धी नियमावली, नियम ३ ।

[३७] सरकारी मुद्दासम्बन्धी ऐन, दफा ६ र सरकारी मुद्दासम्बन्धी नियमावली, नियम ४ ।

[३८] सरकारी मुद्दासम्बन्धी ऐन, दफा ७ र ९ तथा सरकारी मुद्दासम्बन्धी नियमावली, नियम ४(५) र (६) ।

घण्टा भित्रै हत्या गरिएको थियो । कैयौं घटनामा पीडितलाई घरभन्दा अलि टाढा एक्लो ठाउँमा हत्या गरिएको थियो - पीडक वा हत्याराहरूले एकान्त स्थलमा हत्या गर्दा प्रत्यक्षदर्शी वा साक्षी हुँदैनन् भन्ने आशय लिएको बुझिन्छ । घटनापछि नेपाली सेनाले "भाग्न खोज्दा माओवादी मारियो" वा "सुरक्षा कारवाहीमा मारियो" वा "सेनासँगको भिडन्तमा माओवादी मारियो" भनी रेडियोमा सार्वजनिक प्रसारण गराउँदथ्यो । कतिपय घटनामा तत्कालै सार्वजनिक सूचना आउँदैनथ्यो तर वर्षौंपछि राष्ट्रिय मानवअधिकार आयोग वा रेडक्रसको अन्तर्राष्ट्रिय समितिमार्फत सूचना प्रवाहित गरिन्थ्यो । कम्तिमा आठओटा घटनाहरूमा पीडितका परिवार वा गाउँलेहरूलाई सुरक्षा फौज आफैंले तयार पारेको यस्तै व्यहोराको बयानमा हस्ताक्षर गर्न बाध्य पारिएको थियो । उक्त बयानमा लेखिएको व्यहोरा हस्ताक्षर गर्नेलाई पढ्न दिइएको थिएन । सुरक्षा अधिकारीहरूले आफैंले बन्दुक, ग्रिनेड र अरू अपराध सावित गर्ने प्रमाणहरू मृतकको वरिपरि राखेर फोटो खिच्दथे । सबै ६२ ओटा घटनाहरूमा सुरक्षा फौजले सार्वजनिक रूपमा प्रसारण गराए जस्तो सशस्त्र भिडन्त भएको सवुत प्रमाण पाइएनन्, धेरैजसो प्रत्यक्षदर्शीका अनुसार सुरक्षा फौजले गैरन्यायीक ढंगले पीडितहरूको हत्या गरेको थियो । २००२ मा हत्या गरिएका दलबहादुरकी आमा भुमिश्वरा थापाले एड्भोकेसी फोरमसँग कुरा गर्दै भनिन् :

> "सिपाहीहरूले मलाई कोठाभित्र जान विवश पारे । त्यसैबेला मैले गोली चलेको आवाज सुनें र तुरुन्तै कोठाबाट दौडिएर बाहिर आएँ । मेरो छोरो र बुहारी, दुवैजना पीडाले छटपटाइ पानी मागिरहेका थिए । मैले नातिनीलाई काखमा लिएँ ऊ पनि घाइते भएकी थिई । मेरो छोरो र बुहारी मेरा आँखाकै अगाडि अन्तिम सास फेर्दै थिए" ।[३९]

२००२ को सेप्टेम्बर १० मा दलबहादुर र उनकी पत्नी पार्वतीलाई उनकै घरमा सुरक्षा फौजले गोली हानी हत्या गरेको थियो । सुरक्षा फौजले परिवारका सदस्यहरूलाई दलबहादुर र पार्वतीलाई अस्पताल लैजान दिएनन् र परिणामतः ती दम्पतीको मृत्यु भयो । प्रत्यक्षदर्शीका अनुसार सुरक्षा अधिकारीहरूले घरमा बम राखे र रेडियोबाट बाँके जिल्लामा माओवादी आतंककारीको घरबाट नगद र बम फेला पऱ्यो भनी प्रसारण गराएपछि अर्को दिन त्यो बम फिर्ता लिएर गएका थिए ।[४०]

६२ ओटा घटनाहरू मध्ये धेरैजसो घटनामा राज्य पक्षले ती व्यक्तिहरू माओवादी भएको वा माओवादीप्रति सहानुभूति राख्ने व्यक्ति भएको शङ्कामा मारेको थियो । मारिएका मध्ये कोही पनि

[३९] भुमिश्वरा थापासँग एड्भोकेसी फोरमले गरेको अन्तर्वार्ता, काठमाडौं, २५ डिसेम्बर २००२ ।

[४०] थप जानकारीका लागि परिशिष्टमा भएको दलबहादुर थापा र पार्वती थापा (मुद्दा नम्बर ५ र ६) का जाहेरी दर्खास्त हेर्नुहोस् ।

माओवादी लडाकु थिएनन् तर केहीको माओवादी पार्टी वा त्यसको राजनीतिक वा अन्य भातृ संगठनप्रति विश्वास र केही भूमिका थियो ।

६२ जना पीडितमध्ये ५ जना महिला र ३ जना किशोरी सहित ७ जना बालबालिका थिए । कम्तिमा तीनओटा घटनामा महिला पीडितलाई बलात्कार पछि हत्या गरिएको कुरा प्रकाशमा आएको थियो । सुरक्षा फौजद्वारा हत्या गरिएका ८ जना पीडितको सशस्त्र द्वन्द्वसित प्रत्यक्ष रूपमा कुनै सरोकार थिएन । मोरङ जिल्लाको बेलबारीमा २६ अप्रिल २००६ मा प्रदर्शनकारी भीडमाथि सार्वजनिक सुरक्षा कायम गर्न क्याप्टेन प्रह्लाद थापाको कमाण्डमा खटिएका सुरक्षाकर्मीहरूले अन्धाधुन्द गोली चलाउँदा ६ जनाको मृत्यु भएको थियो । स्थानीय २२ वर्षे महिला सपना गुरुङलाई अप्रिल २५ (अघिल्लो दिन) मा सुरक्षा फौजले अपहरण गरी बलात्कार पछि हत्या गरेकाले सो को विरोधमा उक्त प्रदर्शन भएको थियो (मुद्दा ४७) ।[४१]

चारओटा जाहेरी दरखास्त 'बेपत्ता' बारेका थिए, जसमा व्यक्तिहरू मारिएका थिए तर मृतकहरूको शव फेला परेको थिएन । यी पीडितहरूको मृत्यु भइसकेको कुरा सरकारी अधिकारीले महिनौं वा वर्षौंपछि जानकारी गराएका थिए तर तिनको शवलाई के गरियो भन्ने बारे कुनै प्रमाण/सवुत दिन सकेका थिएनन् । यी घटनाहरूका प्रत्यक्षदर्शीहरूका अनुसार पीडित व्यक्तिलाई शोधपुछका लागि भनेर संयुक्त सुरक्षा फौज वा सेनाले पक्राउ गरि बेपत्ता पारेका थिए । सुरक्षा फौजद्वारा ती व्यक्तिहरूलाई कहाँ लगियो भन्नेबारे परिवारलाई कहिल्यै जानकारी दिइएन । परिवारले जिल्ला प्रहरी कार्यालय वा सेनाको ब्यारेकमा शोधपुछ गर्दा ती निकायहरूले सदैव जवाफ दिन इन्कार गरे ।[४२]

बाग्लुङ जिल्लामा मार्च २००२ मा टेकबहादुर विकको छोरा राजु विक गिरफ्तार पछि बेपत्ता भए । पीडितका बुबा टेकबहादुरले एड्भोकेसी फोरमलाई बताए :

> "राजुलाई गिरफ्तार गरेर लगे पछि हामी राजुलाई भेट्न भनेर अनेकौं पटक सेनाको ब्यारेकमा गयौं तर प्रत्येक पटक सेनाका अधिकारीले कुनै न कुनै बहाना बनाएर भेट्न दिएनन् । प्रत्येक पटक उनीहरू राजु सुतिरहेको छ, हामीले भेट्न दिन मेजरको अनुमति चाहिन्छ, शोधपुछ चलिरहेको छ, भोली ऊ मुक्त हुँदै छ जस्ता भिन्न भिन्न

[४१] थप जानकारीका लागि परिशिष्टमा उल्लिखित सपना गुरुङ, छत्रबहादुर परियार, फुर्वा शेर्पा, प्रभुनाथ भट्टराई, प्रसाद गुरुङ, टंकलाल चौधरी र सुनिता रिसीदेवका जाहेरी दर्खास्तहरू (मुद्दा ४७-५३) हेर्नुहोस् ।

[४२] Human Rights Watch, Nepal – Between a Rock and a Hard Place, October 2004, http://www.hrw.org/reports/2004/nepal1004/.

> कारण देखाउँथे । हामीले उसलाई कहिल्यै भेट्न पाएनौं र हामीले अहिलेसम्म न्याय पाएका छैनौं ।"[४३]

यस प्रतिवेदनमा अध्ययन गरिएका ६२ ओटा घटनाहरूले बन्दी बनाएका व्यक्तिहरूलाई प्रहरी कार्यालय वा सेनाको ब्यारेकमा शोधपुछको क्रममा दिइने यातना र उनीहरू माथि गरिने दुर्व्यवहारको स्वरूपलाई देखाएका छन् । एक तिहाई जति घटनाहरूमा हत्या गर्नु पूर्व पीडितलाई पिट्ने, आक्रमण गर्ने र अपमान गर्ने गरिएको थियो । यी कुनै पनि घटनाहरूमा पीडितलाई यातना दिएको आरोपबारे प्रहरीले छानबिन गरेको देखिँदैन । अन्तरिम संविधानमा यातनालाई अपराधको रूपमा परिभाषित गरिए पनि अन्य कानूनको अभावमा यतनाको कसूरअनुसार कारवाही हुने गरेको छैन । यातनाकै कारणले मृत्यु भएको हुन सक्ने भएता पनि कुनै पनि जाहेरी दरखास्त यातनाको विरोधमा दर्ता भएको पाइँदैन । कम्तिमा ३ महिला पीडितहरूलाई हत्या गर्नु पूर्व बलात्कार गरिएको थियो । नेपालमा बलात्कार उपर जाहेरी दिने कानूनी हदम्याद ३५ दिनको भएकाले यी मध्ये दुईओटा मुद्दाको जाहेरी दरखास्तमा बलात्कारको आरोप समावेश गर्न सकिएन ।

## नेपाल प्रहरीको भूमिका

### अधिकार उल्लङ्घनपछिको प्रारम्भिक प्रतिक्रिया

सेनाका अधिकारीद्वारा हत्या गरिएका रीना रसाइली र सुभद्रा चौलागाईंको (मुद्दा नम्बर २९ र ३०) मृत शरीरलाई उनीहरूका आफन्तले छ दिनसम्म उठाएनन् । यसो गरिनुको उद्देश्य कारवाहीका लागि प्रहरीलाई दबाब दिनु थियो तर उक्त हत्याको अनुसन्धान गर्न काभ्रे जिल्ला प्रहरीबाट कोही पनि घटना भएको गाउँमा गएनन् । त्यसैगरी बाग्लुङ जिल्लाको ३२ वर्षीय ज्यामी गंगा गौचनको परिवारले हत्याको अनुसन्धान गर्न सम्बन्धित निकायलाई दबाब दिने उद्देश्यले उनको मृत शरीर उठाएनन् । तर नेपाली सेनाले उक्त शवको पोस्ट मोर्टमसमेत नगराई अन्त्यष्टि गर्न लगायो । गंगा गौचनका भाइ मानबहादुर गौचनले एड्भोकेसी फोरमसँग कुरा गर्दै भने :

> "मेरा दाइको लाश पोस्ट मोर्टम जाँचका लागि लगिएन । त्यतिकै जमीनमा लडिरह्यो । बाँच्न चाहने हो भने लाशलाई तुरुन्त हटाउनु भनी सिपाहीहरूले गाउँलेलाई धम्क्याए । त्यसपछि गाउँलेले मेरा दाइको लाश उठाएर जमीनमा गाडिदिए ।"[४४]

[४३] एड्भोकेसी फोरमले बाग्लुङ जिल्लाका टेकबहादुर विकसँग गरेको अन्तर्वार्ता, फेब्रुअरी २००३ ।
[४४] एड्भोकेसी फोरमले भनबहादुर गौचनसँग गरेको अन्तर्वार्ता, काठमाडौं, २६ नोभेम्बर २००६ ।

आधाभन्दा बढी घटनाहरूमा (३६ ओटामा) मृतकका नातेदारले प्रहरी कार्यालय र जिल्ला प्रशासनमा हत्याबारे जाहेरी दर्ता गराउने प्रयास गरे तर जाहेरीहरू ठाडै अस्वीकार गरिए । कानूनी प्रावधानअनुसार प्रहरी कार्यालयले जाहेरी दर्ता गर्नै पर्ने हुँदाहुँदै पनि प्रहरीले जाहेरी दरखास्त दर्ता गर्न र अनुसन्धानको थालनी गर्न रुचि देखाएन । त्यस्ता घटनाहरू घटेको वर्षौं पछि सशस्त्र द्वन्द्वको अन्त्य पछि, परिवार तथा विभिन्न गैरसरकारी संस्थाहरूको लगातारको दबाबपछि मात्र जाहेरी दरखास्त दर्ता भएका छन् । यस्ता मुद्दाहरू दर्ता नगर्न 'यो राजनीतिक मुद्दा हो' भनी प्रहरीले कारण र तर्क दिने गरेको छ ।

राजनीतिक मुद्दा प्रहरीले हेर्ने होइन भन्दै मोरङ जिल्लाको प्रहरी कार्यालयले जगप्रसाद राई उर्फ नारदलाई सेनाको ५४ जनाको समूहले हत्या गरेको सम्बन्धमा अनुसन्धान गर्न अस्वीकार गरेको थियो (मुद्दा ४०) । जगप्रसाद राईका पिता जगथ सुनुवारले एड्भोकेसी फोरमलाई भने, "यो राजनीतिक मुद्दा हो यसलाई आयोगले हेर्छ भने । मलाई थाहा छैन त्यो कुन आयोग हो र त्यसको ठेगाना के हो ?"[४५]

रमादेवीको मुद्दामा पनि प्रहरी प्रशासनले यस्तै जवाफ दिएको थियो (मुद्दा २७) । उनलाई सुरक्षा फौजले सम्भवतः बलात्कार पछि हत्या गरेको थियो । उनका नातेदारहरू झापा जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयमा हत्याको छानबिन गरी पाउन पटकपटक धाए तर हत्यारा विरुद्ध कुनै कारवाही चलाइएन । जिल्ला प्रहरी कार्यालयले "यो एउटा राजनीतिक मुद्दा हो त्यसैले प्रहरीले यस मुद्दामा कुनै कारवाही गर्न सक्दैन" भन्यो ।

नेपाल प्रहरीको मानवअधिकार एकाईका प्रमुख, प्रहरी उपरीक्षक नवराज सिलवालले ह्युमन राइट्स वाचलाई भने, "हामीलाई मन्त्रीहरूले शान्ति प्रक्रियालाई बाधा पार्ने कुनै कदम नचाल्नु भनेका छन् । सरकारसँग कसूरदार अधिकारीलाई दण्डित गर्ने प्रतिबद्धता हुनु पर्दछ ।"[४६]
अहिलेसम्म कुनै प्रहरी अधिकृतलाई जाहेरी दरखास्त दर्ता नगरेको वा आवश्यक तहकिकात नगरेकोमा जिम्मेवार ठहराइएको छैन ।

राजनीतिक इच्छाशक्तिको अभावमा नेपाली समाजमा दण्डहीनताले गहिरो जरा गाडेको छ । ऐतिहासिक रूपमै पीडित पक्षले शायदै न्याय पाएका छन्, तसर्थ न त उनीहरू न्यायको आश गर्छन् न त माग नै । पीडितका परिवार सुरुमा प्रहरी कार्यालय वा स्थानीय प्रशासनिक कार्यालयमा जाहेरी दरखास्त दर्ता गराउन अनिच्छुक हुन्छन् । त्यसको कारण सुरक्षा फौजले प्रतिशोध लिन्छ भनेर

[४५] एड्भोकेसी फोरमले जगत सुनुवारसँग गरेको अन्तर्वार्ता, काठमाडौं, १४ सेप्टेम्बर २००६ ।

[४६] ह्यूमन राइट्स वाचले नेपाल प्रहरीको मानवअधिकार सेलका प्रहरी अधिकृत नवराज सिलवालसँग गरेको अन्तर्वार्ता, काठमाडौं, २९ अक्टोबर २००७ ।

उनीहरू त्रसित भएकाले र पीडकलाई न्यायको कठघरामा ल्याइन्छ भन्ने कुरामा उनीहरूलाई विश्वास पनि पटक्कै नभएकाले हो । धेरै मुद्दाहरूमा अप्रिल २००६ को जनआन्दोलन पछि परिवर्तित राजनीतिक अवस्थामा स्थानीय मानवअधिकार सस्थाहरूको सहयोगमा मात्र पीडित परिवारले जाहेरी दरखास्त दर्ता गराएका हुन् ।

कम्तिमा ४६ ओटा घटनाहरूमा परिवार वा प्रत्यक्षदर्शीले पीडकको नाम बताएका छन् र अपराधका बारेमा प्रत्यक्ष सबुत पेश गरेका छन् । यति हुँदाहुँदै पनि प्रहरीले अभियुक्त वा साक्षीको बयान लिई, स्थलगत भ्रमण गरी वा अन्य भौतिक सबुत संकलन गरी आवश्यक प्रमाण जुटाउन सकेको छैन ।

नेपाल प्रहरी र सरकारी वकिललाई नेपाली सेना र माओवादी लडाकु दुवैको दबाब र तिनीहरूको उच्च राजनीतिक तहसँगको सम्पर्कले थप शक्तिहीन बनाएको छ ।

६२ ओटा घटनाहरूमध्ये एउटा घटनामा प्रहरीले घटना लगत्तै जाहेरी दरखास्त दर्ता गरेको थियो तर त्यस मुद्दामा प्रहरीले प्रतिवेदनको विषयवस्तुलाई बङ्ग्याएको थियो । अगस्ट २००५ मा मनोज बस्नेतको सशस्त्र प्रहरीबलको हिरासतमा हत्या गरिएको थियो । सुरुमा जिल्ला प्रहरी कार्यालय मोरङले जाहेरी दरखास्त दर्ता गर्न इन्कार गऱ्यो । परिवारले जाहेरी दरखास्त रजिष्ट्रि गरेर हुलाक चिठीमार्फत पठाए तै पनि प्रहरीले दर्ता गरेन । ओएचसीएचआर लगायत धेरै संस्थाहरूले यो घटनाको अनुसन्धान गरी प्रहरीलाई दबाब दिएपछि प्रहरीले पीडितको परिवारलाई बोलायो र प्रहरी आफैंले तैयार पारेको जाहेरी दरखास्त दायर गऱ्यो । ३० अगस्ट २००५ मा पीडितका बाबुले त्यस जाहेरी दरखास्तलाई पढ्नै नपाइ हस्ताक्षर गरे । उक्त मुद्दा अदालतमा पुगेपछि मात्रै परिवारले प्रहरीले तयार पारेको जाहेरी दरखास्त पढ्ने मौका पाए । प्रहरीले हत्यालाई दुर्घटनाका रूपमा प्रस्तुत गरेको रहेछ ।

मनोजका बुबाले सर्वोच्च अदालतमा आफ्नो छोराको मुद्दामा प्रहरीद्वारा तहकिकात पुनः सुरु गरियोस् भनी रिट निवेदन दायर गरे । प्रहरीले त्यो रिट निवेदन फिर्ता लिन परिवारलाई दबाब दियो । प्रहरीले लिखित रूपमा मनोजकी पत्नीलाई प्रहरीमा जागिर दिने र उसका दुई बच्चालाई बोर्डिङ स्कूलमा पढाइ दिने वाचा गरी मनोजका बुबालाई रू. २,५०,०००/- (अमेरिकी डलर ३,९००) दिने भनी काठमाडौं ल्याई अदालतमा पारेको उक्त रिट निवेदन आफूले एड्भोकेसी फोरमको दबाबमा दायर गरेको, वास्तवमा आफूले त्यसो गर्न नचाहेको भनेर निवेदन लेख्न लगाए । यस्तो दबाबमा मनोजका बुबाले ३० नोभेम्बर २००७ मा अदालतमा मुद्दा फिर्ता लिनका लागि निवेदन दाखिल गरे । त्यसै दिन सर्वोच्च अदालतले त्यस मुद्दालाई तामेलीमा राख्यो । यो प्रतिवेदन लेख्दासम्म अदालतले मुद्दा फिर्ता लिने निवेदन उपर आदेश गरेको छैन ।

पीडितका परिवार, प्रत्यक्षदर्शी र गाउँलेहरूलाई, पीडक पक्षबाट दबाब र धम्की आउनु सामान्य कुरा हो । यहाँ अध्ययन गरिएका मुद्दाहरूमध्ये कम्तिमा छओटा पीडितका परिवारलाई उनीहरूले आफन्तको हत्यापछि न्याय खोजेका कारण सुरक्षा फौज वा माओवादीले धम्क्याएका छन् । धेरै घटनाहरूमा नेपाली सेना र माओवादीले एड्भोकेसी फोरमका कर्मचारीलाई पनि घटना अनुसन्धान गर्न खोज्दा धम्क्याएका थिए ।

यहाँ अभिलेखीकरण गरिएका हिंसा र हत्याका घटना भए लगत्तै प्रहरीले जाहेरी दरखास्त लिन अस्वीकार गर्नुका धेरै कारणहरू थिए, तर एउटा मूलकारण नोभेम्बर २००१ देखि अप्रिल २००६ सम्म प्रहरीले संयुक्त सुरक्षा फौजको मातहतमा काम गरिरहेको थियो । प्रहरी अधिकृतहरू संयुक्त सुरक्षा बलको मातहतमा रहँदा हत्याका लागि आरोपित जिम्मेवार एकाईकै सदस्यका रूपमा रहेका हुन्थे र प्रहरी आफ्ना उपल्ला दर्जाका हाकिमहरू विरुद्ध अनुसन्धान गर्न असमर्थ रहेको दावा गर्दथ्यो ।[४७]

***कारवाही गर्न निरन्तर रूपमा असफल***

६२ ओटा मुद्दाहरूमध्ये १३ ओटामा अगस्ट २००८ मा यस प्रतिवेदनमा ताजा जानकारी राख्दासम्म नेपाल प्रहरीले जाहेरी दरखास्त दर्ता गरेको छैन ।

प्रहरीको यो निरन्तर असफलता आंशिक रूपमा संशाधनको अभाव र कमजोर क्षमताले गर्दा भएको हो तर यसले संकेत गर्ने महत्त्वपूर्ण कुरा के पनि हो भने नेपाल प्रहरीमा संस्थागत कमजोरी रहिरहेको छ, यो आत्मनिर्भरता र जवाफदेहिताको अभावको प्रतिफल हो । मानवअधिकार हनन् गर्ने पीडकहरूका विरुद्ध अनुसन्धान गर्ने र कारवाहीको प्रक्रिया अघि बढाउने कार्यमा प्रहरीको खासै चासो देखिएको छैन । प्रहरीको ध्यान गुणात्मक सेवा प्रदान गर्नमा भन्दा राजनीतिक दबाब र माथिल्ला अधिकारीप्रति भक्तिभाव देखाएका आधारमा गरिने पुरस्कार र दण्डको संस्थागत स्वरूपमा बढी केन्द्रित भयो । अपराध अनुसन्धान शाखा प्रमुख प्रहरी नायव उपरीक्षक प्रकाश कुमारले ह्युमन राइट्स 'वाच' लाई भने प्रहरीसँग अनुसन्धानका लागि वैज्ञानिक उपकरणहरूको अभाव छ, उनीहरूको पद्धति सवुत प्रमाण लक्षित नभएर सावीती लक्षित छ । यस अलावा, उनीहरूको दैनिक काममा प्रायःजसो राजनीतिक हस्तक्षेप भइरहन्छ ।"[४८]

पीडितका परिवारले जाहेरी दर्ता गराउन सफल भएका धेरैजसो मुद्दामा प्रहरीले अपराध अनुसन्धानको प्रारम्भिक चरणको काम : घटना स्थलको भ्रमण, प्रत्यक्षदर्शीसँग बयान, आरोपित/दोषीलाई हिरासतमा

[४७] ऐजन् ।

[४८] ह्युमन राइट्स वाचले प्रकास कुमार, सिआईडीका डिआईजीसँग गरेको अन्तर्वार्ता, काठमाडौं, २७ अक्टोबर २००७ ।

लिनु पर्ने जस्ता काम पनि गर्न सकेन । प्रहरीले जाहेरी दरखास्त दर्ता कागजी औपचारिकताका रूपमा मात्र गरेकाले, यी मुद्दाहरूमा कारवाही अघि बढाउनुको सट्टा राजनीतिक नेतृत्वको निर्देशन पर्खेर बसेको पाइयो ।

आरोपित दोषीका विरुद्ध (चाहे त्यो माओवादी होस् वा अन्य) प्रहरीले कानूनी दायित्वअनुसार गर्नुपर्ने कुनै कारवाही गरेको पाइएन । प्रहरीले कारवाही अघि बढाउन पीडित आफैं वा पीडितको हकमा अन्य कसैबाट जाहेरी दरखास्त दर्ता हुनुपर्छ वा प्रहरीले माथिल्लो तहबाट कारवाहीका लागि अख्तियारी लिन जरुरी हुन्छ भनी कहिलेकाहीँ प्रहरीले भन्ने गरेको पाइन्छ ।[४९] यस्तो व्यवहारले सरकारी मुद्दासम्बन्धी ऐनको स्पष्ट उल्लङ्घन हुन्छ । त्यस ऐनमा "कुनै साधन वा माध्यमबाट अपराध घटेको हुन सक्ने भन्ने जानकारी पाउनासाथ त्यस्तो घटनाको अनुसन्धान गर्नु प्रहरीको कर्तव्य हुनेछ" भन्ने उल्लेख गरिएको छ ।[५०]

## शवको अन्त्येष्टी

अध्ययन गरिएका ६२ ओटा मुद्दाहरू मध्ये ५५ ओटा मुद्दामा पीडितको शरीर फेला परेको थियो । पाँचओटा घटनाहरूमा प्रहरीले मृत शरीरलाई लाश जाँचका लागि अस्पतालमा लगेका थिए जहाँ डाक्टरहरूले पोस्ट मोर्टम परीक्षण गरेका थिए । यसरी पोस्ट मोर्टमका लागि मृत शरीरलाई अस्पताल लगिनु या त हत्या अस्पताल नजिक भएकाले वा पीडित मृतकको परिवार प्रभावशाली भएकाले हो । छओटा अरू घटनाहरूमा प्रहरीले लाश जाँच गरेको दावी गऱ्यो तर लाश जाँचको रिपोर्ट आफन्तहरू कसैलाई देखाएन । बाँकी घटनाहरूमा लाश जाँच नै गरिएको थिएन ।

६२ ओटा घटनामध्ये नौओटामा हत्याको केही घण्टाभित्रै मृतक शरीरलाई जलाइयो/गाडियो । लाश तुरुन्तै नष्ट गर्नुमा सांस्कृतिक र मौसमसम्बन्धी कारणहरू थिए । बहुसंख्यक हिन्दू समुदायमा रित परम्पराअनुसार मृत शरीरलाई जलाइन्छ तर विभिन्न घटनामा सेनाले यो सांस्कृतिक मान्यता उल्लङ्घन गर्दै गाउँलेलाई मृत शरीर तुरुन्त जलाउने आदेश दियो । लाशलाई तुरुन्तै जलाइएपछि घटनाको अनुसन्धान असम्भव हुन्छ किनकि मृत शरीरलाई अपराध घटेको स्थलमा जाँच गर्न, पोस्ट मोर्टम जाँच गर्न र भविष्यमा विधि वैज्ञानिक परीक्षण गर्न सम्भव हुँदैन ।

केही अपवादका घटनाहरूमा भने मृतकका नातेदारहरूले सदगत गर्नका लागि मृत शरीर पाए र ती परिवारलाई शवको तुरुन्तै दाहसंस्कार गर्नलाई दबाब पनि दिइएन । उदाहरणका लागि अप्रिल २००२

---


[४९] ओएचसीएचआर-नेपाल, "योङ्ग कम्युनिस्ट लिगबाट भएका मानवअधिकार उल्लङ्घनसम्बन्धी आरोपहरू" जुन, २००७ http://nepal. ohchr.org/en/resources/Documents/English/reports/IR/Year2007/YCL.ENG.pdf

[५०] सरकारी मुद्दासम्बन्धी नियमावली, नियम ३ ।

मा तनहुँ जिल्लामा मारिएका गंगाबहादुर नेपाली, 'भरत' भनिने श्याम सुन्दर कैनी, (मुद्दा ६० र ६१) का मृत शरीरलाई सेनाले मृतकका परिवारलाई बुझाइदियो । तत्कालीन समयमा नेकपा (एमाले) का नेताहरू जिल्ला भ्रमणमा रहेको र उनीहरूले त्यसमा हस्तक्षेप गरेकाले यसो भएको हो ।

रमादेवी अधिकारी (मुद्दा २७) का परिवारजनले मृत शरीरलाई आफ्नो रीतिरिवाज अनुसार दाहसंस्कार गर्न दिएमा लाश जाँच नगर्ने सर्त मानेका थिए ।

पीडितको अवशेष गाडिएका अवस्थामा अदालती परीक्षणका लागि उक्त अवशेष पुनः प्राप्त गर्नु असाध्यै गाह्रो हुने गरेको छ । मैना सुनुवारको एउटा मात्रै मुद्दामा मृत शरीरको अवशेष प्राप्त भएको थियो । प्रहरीले, ओएचसीएचआरका साथ खोजबिन गरी मार्च २००७ मा वीरेन्द्र शान्ति सेना तालिम केन्द्रमा रहेको केही उल्लेख नगरिएको चिहानबाट मैनाको लाशको अवशेष प्राप्त गरेको थियो ।[५१] फेब्रुअरी २००४ मा गिरफ्तार गरिएपछि १५ वर्षकी मैना सुनुवार बेपत्ता भएकी थिइन् । एमनेस्टी इन्टरनेसनल र ह्युमन राइट्स वाच जस्ता मानवअधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूको निरन्तर दबाबका कारण जिल्ला प्रहरी कार्यालय, काभ्रेले अन्ततः नोभेम्बर २००५ मा जाहेरी दरखास्त दर्ता गरेको थियो ।



संयुक्त सुरक्षा फौजद्वारा धनुषा जिल्लामा गिरफ्तार गरी अक्टोबर २००३ मा मारिएका आफ्ना २४ वर्षीय छोरा सञ्जीव कुमार कर्णको फोटो लिएका बुबा जय किशोर लव © 2007 Nick Hogg.

मृतकका अवशेषलाई पहिचान गर्ने र प्रमाणित गर्ने प्रहरीको अति ढिलो कार्य पद्धतिले अनुसन्धानको काममा बाधा पुऱ्याएको छ । मैनाको मुद्दामा, मैनाको अवशेष २००७ मार्चमा पाइएको भएता पनि डिएनए परीक्षणका लागि नोभेम्बर अन्तसम्ममा भारत पठाइएन । आर्थिक संशाधनको अभाव यस्तो ढिलाइको कारण हुन सक्छ तर

[५१] फरेन्सिक विशेषज्ञहरूले प्रहरीको संलग्नता विना राष्ट्रिय मानवअधिकार आयोग मातहतमा रही अन्य शवहरू पनि उत्खनन् गरेका थिए, थप जानकारीका लागि तल हेर्नुहोस् ।

यसरी ढिलाइ गर्नुको कुनै औपचारिक कारण भने प्रहरीले दिनसकेको छैन । जुलाई २२, २००८ मा मैनाको डिएनए परीक्षणको प्रतिवेदन प्राप्त गऱ्यो । यो प्रतिवेदनले उक्त शव मैनाकै भएको पुष्टि गऱ्यो । यो जानकारी सरकारी वकिल तथा अदालतमा पठाइएको भएता पनि त्यसपश्चात मुद्दामा कुनै प्रगति भएको छैन ।

तीनओटा घटनाहरूमा मृतकका परिवार वा प्रत्यक्षदर्शीले मृत शरीर गाडिएको ठाउँबारे सूचना दिँदा पनि प्रहरीले अहिलेसम्म ती ठाउँ उत्खनन् गरेको छैन । जुलाई २००६ मा २४ वर्षका विद्यार्थी सञ्जीव कुमार कर्ण र उनका धेरै साथीहरू बेपत्ता भएकै समयमा गाउँलेहरूले जनकपुरको एउटा ठाउँमा पाँचओटा लाश गाडिएको कुरा उठाए (मुद्दा नम्बर १५-१९) । गाउँलेका अनुसार ८ अक्टोबर २००३ मा सञ्जीव कुमार आफ्ना साथीहरूका साथ पिकनिक मनाइरहेका थिए । त्यसैबेला उनी र उनका १० जना साथीहरूलाई २५-३० जनाको संयुक्त सुरक्षा फौजले गिरफ्तार गऱ्यो । ६ जनालाई पछि मुक्त गरियो तर सञ्जीव र उनका चारजना साथीहरू हराइरहे । सञ्जीवका बुबाले यो मुद्दा राष्ट्रिय मानवअधिकार आयोगमा दर्ता गराए ।

दुईवर्ष पछि मार्च २००६ मा सञ्जीवका बुबाले राष्ट्रिय मानवअधिकार आयोगबाट उनीहरूले गरेको अनुसन्धानको विवरण सहितको पत्र पाए । त्यस पत्रअनुसार नेपाली सेनाले सञ्जीव र उनका साथीहरूको गिरफ्तारीमा आफ्नो संलग्नता नरहेको तर पाँच जना युवाहरू प्रहरीको कारवाहीमा उनीहरू बेपत्ता भएकै दिन मारिएको बतायो भने प्रहरीले राष्ट्रिय मानवअधिकार आयोगलाई लेखेको चिट्ठीमा सञ्जीव कुमार र उसका साथीहरूलाई गिरफ्तार गरिसकेपछि सेनालाई बुझाइएको उल्लेख गरेको थियो । नातेदारका अनुसार प्रहरीले उचित ढंगले अनुसन्धान कारवाही नै अघि बढाएको छैन । नेपाली सेनाले एमनेस्टी इन्टरनेसनललाई २००६ को उत्तरार्द्धमा ५ जना हराइरहेका युवाहरूको सम्बन्धमा अनुसन्धान जारी छ भनी जानकारी गराएका थिए ।[५२]

सञ्जीवका बुबा र सञ्जीवका साथीका नातेदारहरूले जनकपुर प्रहरीमा ९ जुलाई २००६ मा जाहेरी दरखास्त दर्ता गराए । त्यसै दिन परिवार र नातेदारहरूले निश्चित स्थलमा फेला पारेका वस्तुहरूका आधारमा मारेर गाडिएको शङ्का गरेको ठाउँलाई उत्खनन् गर्न प्रहरीलाई अनुरोध गरे । धनुषा प्रहरीले लाश गाडिएको शङ्का गरिएका ठाउँलाई सीमाङ्कित पनि गऱ्यो तर अहिलेसम्म उत्खनन् गर्ने व्यवस्था गर्न भने सकेको छैन । सञ्जीवका बुबा जयकिशोर लाल भन्छन् :

[५२] एम्नेस्टी इन्टरनेसनल, नेपालः सञ्जीव कुमार कर्ण, विश्वव्यापी पत्र लेखन अभियान, २००६, एएसए । http://nepal.ohchr.org/en/resources/Documents/English/reports/IR/Year2006/2006_12_01_HCR%20_Maina%20Sunuwar_E.pdf

> म अझै पनि जवाफको प्रतिक्षामा छु। यदि प्रहरीले उसको हत्या गरेको हो भने ऊ मरी सकेको प्रमाण मलाई दिनु पर्‍यो। यदि ऊ सेनाको कारवाहीमा मारिएको हो भने उसको लाश किन परिवारलाई बुझाइएन ? जबसम्म उसको लाश उत्खनन् गरेर निकालिँदैन र त्यसको पहिचान हुँदैन म ऊ मरेको छ भन्ने विश्वास गर्न सक्तिन।[५३]

## नेपाली सेनाको भूमिका

संयुक्त सुरक्षा फौजको प्रमुख संस्था नेपाली सेना भएकाले यस प्रतिवेदनमा उल्लिखित ६२ ओटै मुद्दाहरूमा सेनाको प्रमुख भूमिका रहेको थियो। उपरोक्त मुद्दाहरू मध्ये केवल दुईओटा मुद्दामा पीडितका परिवारले सेनासँग सोझै सम्पर्क गरेका थिए (मुद्दा नम्बर ५ र ६)। यसले जनता सेनासँग कति डराउदा रहेछन् भन्ने देखाउँदछ। सैनिक ऐन १९५९ अनुसार सेना कानूनी रूपमा नागरिक निकायहरू प्रति नभई परमाधिपति रहेका राजाप्रति उत्तरदायी थियो। यस प्रावधानलाई सैनिक ऐन २००६ ले कागजी रूपमा परिवर्तन गरेता पनि सेना व्यवहारमा नागरिक निकायको नियन्त्रणबाट उन्मुक्त नै रहेको देखिन्छ।

सुरक्षा क्षेत्रको सुधारसम्बन्धी बृहत् आयाम जाहेरीमा प्रस्ट देखिन्छ। प्रहरीले पीडित पक्षको जाहेरी दरखास्तको आधारमा अनुसन्धान अघि बढाउँदा सेनाले गरेको असहयोगले यो निकाय नागरिक निकाय प्रति उत्तरदायी बन्न इन्कार गर्ने देखाउछ। पटकपटकका हत्याहरूलाई 'सशस्त्र दोहोरो मुठभेड' भनेर प्रचार गर्ने, गाउँलेहरूलाई करकापमा पारी बयानमा सहिछाप गराउने, आफैँले अपराध सावित गर्ने सामग्रीहरू मृत व्यक्तिको वरिपरि राखी फोटो खिच्ने जस्ता कार्यहरू सामान्य अभ्यास थिए। सैनिक अधिकारीहरूले भविष्यमा पीडित व्यक्तिका परिवारजनले सेना विरुद्ध कानूनी कारवाही चलाउन नसकून् भन्ने मनसायले उपरोक्त काम गरेको हुन सक्छ।

केही घटनामा अपवाद स्वरूप अत्यन्त दबाबका कारण सेनाले अनुसन्धानका लागि सैनिक अदालत खडा गरेको थियो। मैना सुनुवारको मुद्दामा सुरुमा अस्वीकार गरे पनि स्थानीय र अन्तर्राष्ट्रिय रूपमै तीव्र दबाब परेपछि सेनाले अनुसन्धानका लागि सैनिक अदालत गठन गर्‍यो र त्यस अदालतले आफ्नो काम १४ मार्च २००५ मा सम्पन्न गर्‍यो।[५४] ओएचसीएचआरले सैनिक अनुसन्धानको प्रतिवेदन

[५३] ह्युमन राइट्स वाचले जय किशोर लवसँग गरेको अन्तर्वार्ता, काठमाडौँ, १ नोभेम्बर २००७।

[५४] यस मुद्दाबारे थप जानकारीका लागि ओएचसीएचआरको "The torture and death in custody of Maina Sunuwar: Summary of concerns," United Nations Office of the High Commissioner for Human Rights, Nepal, December 2006, http://nepal.ohchr.org/en/resources/Documents/English/reports/IR/Year2006/2006_12_01_HCR%20_Maina%20Sunuwar_E.pdf हेर्नुहोस्।

अनौपचारिक रूपमा प्राप्त गऱ्यो र उक्त प्रतिवेदनमा मैना सुनुवारलाई सैनिक हिरासतमा दिइएको यातना र मृत्युबारे कहालीलाग्दो विवरण उल्लेख भएको थियो । प्रतिवेदनमा भनिएको छः "मैना सुनुवारको हत्या वास्तवमा सोधपुछको क्रममा दिइएको यातनाको परिणामस्वरूप भएको थियो ।"[५५] उक्त प्रतिवेदनले त्यस घटनामा संलग्न सिपाही र अधिकृतहरूले उक्त हत्यालाई ढाकछोप गर्ने प्रयास गरेको निष्कर्ष निकालेको थियो ।

सेप्टेम्बर २००५ मा सैनिक अदालतले कर्णेल बबी खत्री, क्याप्टेन सुनिल अधिकारी र क्याप्टेन अमित पुन तीनै जनालाई यातना र हत्याका लागि जिम्मेवार ठहऱ्यायो । उनीहरू मैना सुनुवार विरुद्ध अनुचित अनुसन्धान पद्धति अपनाएको लागि र मृत्युपछि लाश सेलाउँदा उचित तरिका नअपनाएकोमा प्रत्यक्ष जिम्मेवार ठहराइए । यी तीनै जना सैनिक अधिकृत विरुद्ध मात्र ६ महिनाको जेल सजाय तोकियो र अस्थायी रूपमा बढुवा रोकियो । अनुसन्धानको समयमा निजहरू ब्यारेकमै सीमित भई बसेर उनीहरूले कैद भुक्तानी गरेकाले बास्तवमा उनीहरूले कैद काट्नै परेन । ती सैनिक अधिकृतहरूले मृतकको परिवारलाई जरिवाना स्वरूप २५ हजार देखि ५० हजारसम्म (अमेरिकी डलर ३९० देखि ७८०) बुझाउनु पर्नेसमेत ठहर भएको थियो ।

नोभेम्बर २००७ सम्म पनि मैनाकी आमा देवी सुनुवारलाई औपचारिक रूपमा सैनिक अदालतको अनुसन्धान प्रतिवेदनबारे केही जानकारी नगराइएता पनि उनले सञ्चारमाध्यम मार्फत ती कुरा थाहा पाइसकेकी थिइन् ।

> सैनिक अदालत र सैनिक अनुसन्धान केवल औपचारिकता मात्रै थिए । एउटा नाबालिकलाई यातना दिई हत्या गरेकोमा ६ महिना कैदको सजाय सुनाइनु कुनै पनि अर्थमा न्यायोचित दण्ड होइन ।[५६]

मैनाको पक्षमा वकालत गर्ने कैयौं प्रत्यक्षदर्शी र मानवअधिकार कर्मीहरूलाई सेनाले धम्क्याएको थियो तै पनि नोभेम्बर २००५ मा मैनाका परिवारले काभ्रे जिल्ला प्रहरी कार्यालयमा चारजना सैनिक अधिकृतहरू उपर हत्याको अभियोगमा किटानी जाहेरी दरखास्त दर्ता गराएका थिए । सुरुमा निवेदन दर्ता गर्न अनिच्छुक देखिए पनि पछि प्रहरीले त्यो निवेदन दर्ता गऱ्यो तर नेपाली सेनाले अनुसन्धानलाई पटकपटक रोक्यो । काभ्रे प्रहरी कार्यालयले अभियुक्त कहाँ छन् भनी पत्ता लगाउन तथा तिनीहरूलाई

[५५] ऐजन् ।

[५६] ह्युमन राइट्स वाचले देवी सुनुवारसँग गरेको अन्तर्वार्ता, काठमाडौं, ३१ अक्टोबर २००७ ।

सोधपुछका लागि उपस्थित गराउन सहयोग पाउन अनुरोध गर्दै सैनिक मुख्यालयलाई लेखेका छओटा पत्र र वीरेन्द्र शान्ति सेना तालिम केन्द्रलाई लेखेका दुईओटा पत्रमा नेपाली सेनाले कुनै जवाफ दिएन । प्रहरी अनुसन्धान प्रक्रियालाई ठाडै अवज्ञा गर्ने र सैनिक कारवाहीलाई गैरसैनिक अदालतमा हुने कारवाहीमा बाधा पुऱ्याउने प्रस्ट उदाहरणका रूपमा ब्रिगेडियर जनरल वी.ए. कुमार शर्माले २२ मे २००६ मा काभ्रे प्रहरी कार्यालयलाई पत्र लेखी सैनिक अदालतले सम्बन्धित मुद्दामा निर्णय गरिसकेकाले "ती चार सैनिक अधिकृतका विरुद्ध कारवाही प्रारम्भ गर्नु कानून सङ्गत नहुने" बताए ।[५७] ती अधिकृतहरूलाई यातना र हत्याको दोषमा नभई शोधपुछका क्रममा अनुचित पद्धति अपनाएको र उचित ढंगले मृत शरीर नसेलाएकोमा दण्ड गरिएको थियो ।

२००५ मा देवी सुनुवारले जाहेरी दरखास्त दर्ता गरेपछि पनि अनुसन्धानमा उल्लेख्य प्रगति भएन । काभ्रे प्रहरीका अनुसन्धान अधिकृत विनोद सिलवालले ह्युमन राइट्स वाचसँगको कुराकानीमा भने :

> हामीले सैनिक मुख्यालयलाई उल्लिखित चार सैनिक अधिकृतलाई हिरासतमा लिन र अनुसन्धान अघि बढाउन अनुमति माग गर्दै धेरै पत्र लेख्यौं तर हामीलाई सेनाले सहयोग गरेन । कुनै कानूनी प्रावधान नभएता पनि हामीले सेनासँग सहयोग माग्दा लामो प्रक्रिया पूरा गर्नुपर्ने चलन यी दुई निकायबीच स्थापित भएको छ ।[५८]

यस मुद्दाको अनुसन्धान त्यतिबेलामात्र अघि बढ्यो जब देवी सुनुवारले एड्भोकेसी फोरमको सहयोगमा २००७ मा सर्वोच्च अदालतको ढोका ढक्ढकाइन् (परिशिष्ट हेर्नुहोस्) ।

## सरकारी वकिलको भूमिका

अप्रिल २००८ सम्म ४९ ओटा जाहेरी दरखास्त मध्ये दुईओटा मुद्दा मात्र (मुद्दा ३१ र ४४) अदालतमा पुगेका छन् । महान्यायाधिवक्ताको कार्यालयको काम प्रहरी अनुसन्धानका आधारमा अदालतमा मुद्दा चलाउनु हो । जाहेरी दरखास्तको सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयको भूमिका विश्लेषण गर्न गाह्रो छ ।

[५७] यस मुद्दाबारे थप जानकारीका लागि ओएचसीएचआरको "The torture and death in custody of Maina Sunuwar: Summary of concerns," United Nations Office of the High Commissioner for Human Rights, Nepal, December 2006, http://nepal.ohchr.org/ en/resources/Documents/English/reports/IR/Year2006/2006_12_01_HCR%20_Maina%20Sunuwar_E.pdf हेर्नुहोस् ।

[५८] ह्यूमन राइट्स वाचले काभ्रे जिल्ला प्रहरी कार्यालयका अनुसन्धान अधिकृत विनोद सिलवालसँग गरेको अन्तर्वार्ता, २९ अक्टोबर २००७ ।

धेरै मुद्दाहरूमा, प्रहरीले प्रारम्भिक अनुसन्धान प्रतिवेदन सरकारी वकिल समक्ष बुझाएनन्, जबकि सरकारी मुद्दासम्बन्धी ऐनअनुसार प्रहरीले यस्तो प्रतिवेदन बुझाउनै पर्दछ।[५९] दफा ६ अनुसार प्रतिवेदन प्राप्त हुनासाथ "सरकारी वकिलले अनुसन्धान गर्ने प्रहरी अधिकृतलाई आवश्यक निर्देशन दिने छ।" यदि प्रहरीले प्रारम्भिक प्रतिवेदन बुझाएन भने के गर्ने भन्ने सन्दर्भमा त्यो ऐन मौन छ। यस प्रावधानका परिप्रेक्ष्यमा सरकारी वकिल प्रायशः निस्क्रिय देखिन्छन्। एड्भोकेसी फोरम र ह्युमन राइट्स वाचको जानकारीमा आएअनुसार प्रहरीले प्रारम्भिक प्रतिवेदन नबुझाएकोमा सरकारी वकिलले प्रहरीसँग तत्परताका साथ जानकारी मागेको देखिँदैन।

कानूनतः जाहेरी दरखास्त परिसकेको छ तर दोषी प्रक्राउ परेको छैन भने सम्बन्धित अपराधको कानूनी हदम्याद सकिनु भन्दा १५ दिन पूर्व प्रहरीले महान्यायाधिवक्ताको कार्यालयमा अनिवार्य रूपमा प्रतिवेदन बुझाइनु पर्दछ।[६०] किन प्रहरीले प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा समयमा बुझाउँदैनन् भन्ने कुरा यस कानूनी छुटले स्पष्ट पार्छ। यस्ता अपराधहरू जारी रहने अपराध भएकाले प्रतिवेदन बुझाउने समय अपराधको कानूनी हदम्यादसित गाँस्नु हुँदैन।

मनोज बस्नेतको मुद्दामा ओएचसीएचआरबाट तीव्र दबाब परेपछि प्रहरीले सरकारी वकिल समक्ष प्रतिवेदन पठायो र सरकारी वकिलले सो मुद्दा अदालतमा पुर्‍याए। सरकारी अभियोक्ताले प्रहरी अनुसन्धानबारे प्रश्न गरेको देखिएन बरु प्रहरीले हत्यालाई दुर्घटनामा परिणत गर्न गरेको प्रयासमा व्यवहारिक रूपमा सहयोग पुर्‍याए। अदालतमा मुद्दा दर्ता गर्न प्रयोग गरिएको तथ्य र सवुदलाई ती अभियोक्ताले राम्ररी परीक्षणसमेत पनि गरेनन्। अर्को तर्फ, पाल्पा जिल्लामा सेनाले ३ जना केटाहरूको हत्या गरेको घटनामा (मुद्दा ५६-५८) सरकारी अभियोक्ताले प्रहरीलाई त्यस घटनालाई हत्याका रूपमा अनुसन्धान गर्न निर्देशन दिएका थिए।

प्रहरीले अनुसन्धानमा ढिलाइ गर्‍यो भने पीडितका परिवारले गर्न सक्ने भनेकै अदालतबाट राज्य निकायलाई कानून बमोजिम गर्न आदेश गराउने हो। मैना सुनुवारको मुद्दामा सर्वोच्च अदालतमा रिट निवेदन परे पछि, काभ्रे प्रहरीले अन्तमा जनवरी २००८ मा प्रहरी अनुसन्धान प्रतिवेदन सरकारी अभियोक्तालाई बुझायो र त्यसकै आधारमा काभ्रे जिल्ला अदालतलमा, फेब्रुअरीको प्रारम्भमा ज्यान मुद्दा दर्ता भयो।

[५९] सरकारी मुद्दासम्बन्धी ऐन, दफा ६।

[६०] सरकारी मुद्दासम्बन्धी ऐन, दफा १७ (१)।

## फरेन्सिक पेशाको भूमिका

केही अपराधहरूमा अपराध भएको लामो समय पछि पनि अपराधमा प्रयोग भएका हतियार तथा अन्य सामग्रीका परीक्षणबाट प्राप्त प्रमाणका आधारमा मृत्युको कारण पत्ता लगाउन तथा सम्भावित पीडकको पहिचान गर्न सकिने सम्भाव्यतालाई बढाउन सकिने अवस्था रहन्छ ।

नेपालमा विधि विज्ञान पेशाका सीमित क्षमताहरू रहेका छन् । अहिलेसम्मका मुद्दाहरूमा मैना सुनुवारको मुद्दामा मात्र उनको गाडिएको लाश वैज्ञानिकहरूले प्रहरी अपराध अनुसन्धानका लागि उत्खनन् गरेका थिए (मुद्दा ३१) । त्यस मुद्दामा पनि विभिन्न अनुसन्धानका लागि विदेशमा परीक्षण गर्न नमुनाहरू पठाउन अति ढिला गरिएकोले मुद्दाको प्रगति अति सुस्त गतिमा रह्यो ।

अरू दुईओटा मुद्दाहरूमा फरेन्सिकको सहयोग नलिई प्रहरी आफैंले लाश उत्खनन् गरेर निकाल्यो । अरू छओटा मुद्दाहरूमा राष्ट्रिय मानवअधिकार आयोगको निर्देशनमा रही वैज्ञानिकहरूले गाडेको लाशलाई खनेर बाहिर निकाले - उनीहरूको काम लाशहरू परिवारलाई बुझाउने जस्तो विशुद्ध मानवीय थियो । उदाहरणका लागि धादिङ जिल्लाकी १५ वर्षीय बालिका सरला सापकोटा जुलाई २००४ मा हिरासतमा लिइएपछि बेपत्ता पारिइन् (मुद्दा १४) । उनको लाश राष्ट्रिय मानवअधिकार आयोगले अनुसन्धानको क्रममा प्राप्त सूचनाका आधारमा जुलाई २००६ उत्खनन् गऱ्यो । यस उत्खनन्मा प्रहरीको सहयोग पनि लिइएन । यस मुद्दामा अनुसन्धान जारी छ र राष्ट्रिय मानवअधिकार आयोग डिएनए परीक्षणको परिणाम पर्खिरहेको छ ।

सरलाका बाबु भक्तबहादुर सापकोटाले एड्भोकेसी फोरमलाई भने :

> "म न्यायका लागि राज्य निकायका ढोका ढक्ढक्याउन धेरै ठाँउमा गए तर मैले अहिलेसम्म न्याय पाएको छैन । मेरी छोरीको कंकाल अहिलेसम्म अस्पतालमा राखिएको छ । म थाकिसकें तै पनि न्याय पाउने आशमा सरकारी निकायमा धाइरहेको छु, मलाई थाहा छैन मैले कहिले न्याय पाउने हुँ... ।"[६१]

## अदालतको भूमिका

धेरै मुलुकहरूमा मृत्युको आशङ्का गरिएका मुद्दाहरूको अनुसन्धानमा स्थानीय तहको मेजिष्ट्रेटको संलग्नता रहन्छ ।[६२] नेपालमा आरोपित गम्भीर अपराधको अनुसन्धानमा जिल्ला अदालत वा अन्य न्यायीक अधिकारीहरू संलग्न हुने व्यवस्था छैन ।

---

[६१] एड्भोकेसी फोरमले भक्त बहादुर सापकोटासँग गरेको अन्तर्वार्ता, काठमाडौं, ४ जनवरी २००७ ।

[६२] उदारहणका लागि संयुक्त अधिराज्यको कारोनर प्रणाली तथा भारत, श्रीलंका र पाकिस्तानको मेजिष्टेरियल जाँचबुझ प्रणाली हेर्नुहोस् ।

मानवअधिकार हननका सम्बन्धमा न्यायपालिकाको भूमिका धेरै नै नगण्य छ । यसो हुनुको आंशिक कारण नेपालको संविधानमा प्रत्येक मानिसको बाँच्न पाउने अधिकारको विशेष सुरक्षाको व्यवस्था नहुनुले हो । यसर्थ, नेपालका अदालतमा पीडितका आफन्तजनले गैरन्यायीक हत्या मौलिक अधिकारको उल्लङ्घन हो भनेर तर्क गर्नु निरर्थक देखिन्छ ।

गैरकानूनी थुना तथा बेपत्तासम्बन्धी मुद्दाहरूमा सर्वोच्च अदालतले अति महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । उसले सम्बन्धित सुरक्षा निकायलाई, बन्दी प्रत्यक्षीकरण आदेशमार्फत थुनामा राखिएका व्यक्तिलाई अदालतमा उपस्थित गराउने निर्देशन दिने गरेको छ । त्यसो हुँदाहुँदै पनि सेनाले अदालतलाई सहयोग नगरेको विषय एक प्रमुख चासोको विषय थियो र हालसम्म प्रमुख चासोको विषय रहिरहेको छ ।

अदालतको अपमान र झूटा बके बापत अति न्यून दण्ड जरिवानाको व्यवस्था भएकाले समस्या झन् जटिल बन्दै गएको छ (कानूनी दण्डहीनताको खण्ड समेत हेर्नुहोस् ।) । सेनाले वा सैनिक अधिकृतले अदालतमा पटकपटक स्पष्ट झूट र गलत सूचना दिएका भएता पनि अदालतले कुनै सैनिकलाई दण्डित वा अनुशासनको कारवाही गरेको छैन ।[६३] यसले सेनाले आफूलाई कानूनभन्दा माथि सम्झिने कुरालाई बढावा दिन्छ । सशस्त्र द्वन्द्वका समयमा राज्यले गर्ने व्यवहारका लागि निश्चित मापदण्ड तोक्न नसक्नुमा अदालत पनि उल्लेख्य मात्रामा जिम्मेवार छ ।

सशस्त्र द्वन्द्वको अन्त्यसँगै अदालतहरू मानवअधिकारको संरक्षणमा बढी सक्रिय भएका छन् । जुन १, २००७ मा सर्वोच्च अदालतले ८३ ओटा बन्दी प्रत्यक्षीकरण आदेश जारी गऱ्यो र सरकारलाई जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरू बारे अनुसन्धान आयोग गठन गर्ने निर्देशन दियो । साथै यस आयोगले अन्तर्राष्ट्रिय मानवअधिकारको मापदण्ड अनुरूप काम गर्नुपर्ने कुरा समेत सर्वोच्चले किटान गरेको थियो ।

हालसालै २२ जना पीडितहरूका परिवारले प्रहरी अनुसन्धानमा कुनै प्रगति नदेखेपछि सर्वोच्च अदालत र पुनरावेदन अदालतबाट प्रहरी अनुसन्धान तीव्र बनाउन प्रहरीका नाममा आदेश जारी गरी पाउन निवेदन दायर गरेका छन् ।[६४]

---

[६३] एम्नेस्टी इन्टरनेसनल,"गहिरिदों मानवअधिकार संकट" डिसेम्बर २००२, AI Index: ASA 31/072/2002.

[६४] प्रमोद नारायण मण्डल, सञ्जीव कुमार कर्ण, सरला सापकोटा, सुभद्रा चौलागाई, मैना सुनुवार र अर्जुनबहादुर लामाका आफन्तहरूले प्रहरी कार्यालयमा जाहेरी दरखास्त दर्ता गराएपछि पनि अनुसन्धान अघि नबढेकाले सर्वोच्च अदालतमा जिप्रका र सरकारी वकिलका नाममा आदेश जारी गरी पाउन निवेदन गरेका थिए ।

अगस्ट २००८ सम्ममा दर्ता भएका छओटा रिट निवेदनमध्ये दुईओटामा सर्वोच्च अदालतले स्पष्ट आदेश जारी गरेको छ (मैना सुनुवार र अर्जुनबहादुर लामाको मुद्दामा)। अरू चारओटा रिट निवेदनहरू विचाराधीन रहेका छन्। मैनाको मुद्दामा सर्वोच्चले सेप्टेम्बर २००७ मा प्रहरीलाई मैनाको मृत्युबारे छानबिन गरी ३ महिनाभित्र प्रतिवेदन बुझाउन आदेश दियो भने नेपाली सेनालाई पनि त्यस मुद्दासित सम्बन्धित सैनिक अभिलेख उपलब्ध गराउन आदेश जारी गऱ्यो। सेनाले सर्वप्रथम गोप्य लेखिएको मिसिल अदालतमा बुझायो। एड्भोकेसी फोरमले सूचनाको हक सम्बन्धी ऐनलाई आधार मान्दै मैना सुनुवारको परिवारले सेनाको मिसिल हेर्न पाउने आदेश अदालतबाट जारी गरायो। तर आजसम्म सैनिक अदालतले चारजना अधिकृत उपर सजाय गरी गरेको फैसलाबाहेक अरू केही उपलब्ध गराएको छैन। अदालतको यस आदेशको परिणाम स्वरूप २००८ को फेब्रुअरीमा प्रहरीले ती चार सैनिक विरुद्ध ज्यानसम्बन्धी मुद्दाको अभियोग पत्र सरकारी वकिलमार्फत अदालत समक्ष प्रस्तुत गऱ्यो।

राष्ट्रिय एकता परिषद नामक दरबारिया संस्थाका सदस्यसमेत रहेका काभ्रे जिल्लामा बस्दै आएका अर्जुनबहादुर लामालाई (मुद्दा ३२), अप्रिल २००५ मा नेकपा (माओवादी) का सदस्यहरूले अपहरण गरेका थिए। प्रत्यक्षदर्शीका अनुसार माओवादी कार्यकर्ताले उनलाई विभिन्न गाउँहरूको बाटो हुँदै हिँडाएर लगेका थिए। २००५ को जुन महिनाको अन्त्यमा उनलाई बुढाकनी गाविसमा लगिएको थियो, जहाँ उनलाई हत्या गरिएको भनिएको छ। माओवादीले उनी अपहरण गरिएकै दिन सुरक्षा फौजसँगको भिडन्तमा मारिएका थिए भन्ने दावी गरेता पनि उनलाई पछि देख्ने स्रोतले भने उनको अपहरणपश्चात् हत्या गरिएको विश्वास गरेको छ। जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय दुवै संस्थाले यो मुद्दा सत्य निरूपण तथा मेलमिलाप आयोग अन्तर्गत पर्ने भन्दै जाहेरी दरखास्त दर्ता गर्न मानेनन् र प्रहरीले जाहेरी दर्ता गर्न नमिल्नुको कारणको रूपमा यथेष्ट प्रमाणहरू नभएको तथा यो मुद्दा सत्य निरूपण तथा मेलमिलाप आयोगको क्षेत्राधिकार अन्तर्गत पर्ने कुरा लिखित रूपमा उल्लेख गरेको थियो। नेकपा (माओवादी) का पनि १०० जनाभन्दा बढी कार्यकताहरूले जिल्ला प्रहरी कार्यालयमा आई प्रहरी तथा परिवार जन दुवैलाई मुद्दा दर्ता नगर्न धम्क्याएका थिए। लामाकी पत्नीले सर्वोच्चमा दाखिला गरेको निवेदन उपर सुनुवाइ गर्दै मार्च १०, २००८ मा सर्वोच्चले जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय, काभ्रेलाई अग्नी सापकोटा र अन्य पाँच माओवादीहरू विरुद्धको ज्यान मुद्दा दर्ता गर्ने आदेश दियो।[६५] ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमले यी मुद्दामा भएका प्रगतिलाई नजिकबाट अध्ययन गरिरहेका छन्।

[६५] "File murder case against Agni Sapkota: SC," Kantipur.com, March 10, 2008, http://www.kantipuronline.com/kolnews. php?nid=140395 (accessed May 6, 2008)..

पुनरावेदन अदालत विराटनगरको भूमिका अत्यन्त चासोको रहेको छ । यसले सशस्त्र द्वन्द्वको समयमा भएका हत्याहरू गठन हुन बाँकी रहेको सत्य निरूपण तथा मेलमिलाप आयोगले गर्ने अनुसन्धान अन्तर्गत पर्ने र यी मुद्दाहरूमा अनुसन्धान गर्ने कर्तव्य प्रहरीको नरहेको भन्ने प्रहरीको तर्कसँग सहमत हुँदै तीनओटा हत्यासँग सम्बन्धित निवेदनलाई खारेज गरेको छ (मुद्दा ३६, ४१ र ४६) ।

अहिलेसम्म जिल्ला अदालत मोरङले एउटा मुद्दामा मात्रै फैसला गरेको छ । मोरङ जिल्ला अदालतले मनोज बस्नेतको हत्यामा आरोपित सशस्त्र प्रहरीका अधिकृत नरदीप बस्नेतलाई अभियोगबाट सफाई दिएको छ । यद्यपि पीडितका पिता गोविन्द बस्नेतले हाल गरिसकिएको अनुसन्धानलाई बदर गरी पुनः अनुसन्धान गरी पाउन सर्वोच्चमा निवेदन दायर गरेका भए पनि अघि उल्लेख गरिए झैँ परिवारलाई सो निवेदन फिर्ता लिन दबाब दिइएको छ र गोविन्द बस्नेतले सवोच्चमा दिएको निवेदनका आधारमा अदालतले यो मुद्दालाई तामेलीमा राखेको छ । यसरी तामेलीमा राख्ने आदेश विरुद्ध एड्भोकेसी फोरमले सार्वजनिक सरोकारको सवालअन्तर्गत सर्वोच्च अदालतमा पुनः निवेदन दिएर अनुसन्धान पुनः गर्नु पर्ने जिकिर गरिरहेको छ । हाल यो निवेदन अदालतमा विचाराधिन अवस्थामा रहेको छ ।

## राष्ट्रिय मानवअधिकार आयोग

राष्ट्रिय मानवअधिकार आयोगले पीडकहरूलाई न्यायको कठघरामा ल्याउन महत्त्वपूर्ण भूमिका खेल्न सकेको छैन । कानूनतः यसको अनुसन्धानात्मक भूमिका रहेको छ, राजनीतिक र कार्यकारी निकायबाट हुने दबाबका कारण आयोग कमजोर भएको छ यसका लागि स्वतन्त्र बजेटको प्रत्याभूति गरिएको छैन । सेनाले नियमित रूपमा लगातार सहयोग गर्न इन्कार गरेकाले आयोगको कामलाई गम्भीर रूपमा बाधा पुऱ्याएको छ । सेनाले आफ्ना ब्यारेकमा आयोगका पदाधिकारीहरूलाई पहुँच प्रदान गर्नु इन्कार गर्नका साथै आयोगले गरेका पत्राचार प्रति बिरलै मात्रै जवाफ दिने गरेको छ । आयोगले सैनिक अधिकृतहरूलाई उपस्थित हुन बोलाउँदा सैनिक अधिकृतहरू आएनन् । आयोगसँगको औपचारिक पत्राचारमा सेनाले झूटो विवरणसमेत दियो ।[६६] परिणामतः आयोग आफ्ना अनेकौँ अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन असक्षम भएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य गौरी प्रधानले ह्युमन राइट्स वाचलाई भने : “संविधानले राष्ट्रिय मानवअधिकार आयोगलाई अधिकार सम्पन्न बनाएको भएता पनि संस्थागत रूपमा यो अत्यन्त कमजोर छ । आयोगमा संशाधन, तालिम र समन्वयको अभाव छ ।”[६७]

[६६] Human Rights Watch, Nepal – Between a Rock and a Hard Place, October 2004, http://www.hrw.org/reports/2004/nepal1004/nepal1004.pdf

[६७] ह्युमन राइट्स वाचले गौरी प्रधानसँग गरेको अन्तर्वार्ता, काठमाडौं, २७ अक्टोबर २००७ ।

यस प्रतिवेदनमा उल्लिखित ६२ ओटै मुद्दामा राष्ट्रिय मानवअधिकार आयोग समक्ष पनि उजुरीहरू दर्ता गरिएका थिए । १७ ओटा मुद्दाहरूमा आयोगले छानबिन सिध्याएर सम्बन्धित निकायहरूलाई आरोपित पीडकहरूका सम्बन्धमा छानबिन सुरु गर्न र दोषीहरू उपर मुद्दा चलाउनका साथै पीडितका परिवारलाई क्षतिपूर्ति दिन सुझाव दिएको थियो ।

आयोगले सिफारिस गरेका १७ ओटै मुद्दामा सरकारले आयोगको सुझावअनुसार अनुसन्धान र दोषीलाई दण्डित गर्ने काम गरेन तर पाँचओटा मुद्दाहरूमा गृहमन्त्रालयले पीडित पक्षलाई क्षतिपूर्ति दियो । माओवादीहरू संलग्न रहेको भनिएका दुईओटा घटनासहित अन्य सबै घटनाहरूमा राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो अनुसन्धान पूरा गरिसकेको छैन ।

२००४ को सेप्टेम्बरमा सुरक्षा फौजले विश्वराज पराजुलीलाई (मुद्दा नं. ३७) गिरफ्तार गरी हत्या गऱ्यो । यस घटनापश्चात् पीडितका परिवारले जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालय मोरङमा घटनाका बारेमा पटकपटक उजुरी गरे तर प्रहरीले सेप्टेम्बर २००६ सम्म जाहेरी दरखास्त दर्ता गरेन । मे १६, २००५ मा आयोगले सरकारलाई दोषी विरुद्ध कारवाही गर्न र पीडितका परिवारलाई क्षतिपूर्ति स्वरूप रु. १५०,००० (अमेरिकी डलर २,३५०) दिन सिफारिस गऱ्यो । आजका मितिसम्म आयोगको उक्त सिफरिस कार्यान्वयन भएको छैन । पराजुलीका भाइले एड्भोकेसी फोरमसँग भने, "दोषी दण्डित भएको देख्न पाइने दिनको प्रतिक्षामा हामी बसेका छौँ । म यति धेरै पटक विभिन्न सरकारी अफिसहरूमा गएँ त्यो गिन्ती नै गर्न सक्दिनँ । राष्ट्रिय मानवअधिकार आयोगको निर्णय पनि पालना गरिएको छैन ।"[६८]

## अनुसन्धान निकायहरू

केही मुद्दाहरूमा मात्र प्रहरी अनुसन्धानको समानान्तर छुट्टै अनुसन्धान प्रक्रिया स्थापना गरिएका छन् । गृहमन्त्रालयको मातहतमा छानबिन समिति गठन गर्नु वा जाँचबुझ आयोग ऐनअन्तर्गत जाँचबुझ आयोग वा उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्नु नै सरकारले अपनाउदै आएको प्रचलन हो । संसदले पनि अन्तरिम संविधानको व्यवस्थाअनुसार संसदीय जाँचबुझ समितिहरू र तिनका कार्यविधि बनाएको छ ।

ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमले गृह मन्त्रालयअन्तर्गत छानबिन समितिको गठन गर्नका लागि कानूनी आधार छ कि छैन भन्ने कुरा स्थापित गर्न सकेका छैनन् ।

[६८] एड्भोकेसी फोरमले राजेन्द्र पराजुलीसँग गरेको अन्तर्वार्ता, काठमाडौं, २९ मार्च २००७ ।

कहिलेकाहीँ यस्ता समितिहरू पीडितका नातेदारका लागि सहयोगी हुन्छन् । उदाहरणका लागि हरिप्रसाद बोलाखेलाई राखिएको स्थान पत्ता लगाउन मलेगो कमिटी सार्थक रह्यो । अक्टोबर १२, २००४ मा कमिटीले हरिप्रसाद प्रहरी थुनामा भएको प्रतिवेदन बुझायो । हरिका बुबाले राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी दर्ता गराए, आयोगले अनुसन्धान गरी हरि मारिएको र उनको मृत शरिरलाई काभ्रे जिल्लाको गणेस्थानमा रहेको जङ्गलमा गाडिएको सूचना साक्षीहरूबाट प्राप्त गऱ्यो । जुलाई ६, २००६ मा आयोगले गाडिएको स्थानबाट उनको लाशलाई उनी पक्राउ परेको बखत लगाएको लुगा र जुत्ता सहित निकाल्यो । फरेन्सिक विशेषज्ञहरूले पेल्भिसमा भएको बन्दुकको चोटका कारणबाट उनको मृत्यु भएको निष्कर्ष निकाले । हरिका बुबा पुष्पप्रसाद बोलाखेले आफूले न्याय चाहेको बताए :

> मैले छोरालाई चारैतिर खोजेँ । सेना र प्रहरीले मेरो छोरो उनीहरूसँग छैन भनी रहे । यो कुरा स्पष्ट छ कि मेरो छोरोलाई गैरकानूनी रूपमा प्रहरीले पक्राउ गरेको थियो र सेनाले मनसायपूर्वक गोली ठोकेको थियो । तर घटनाको उचित छानबिन हुने छैन । म उसका हत्यारालाई दण्ड दिएको हेर्न चाहन्छु ।[६९]

अप्रिल २५, २००६ मा सपना गुरुङलाई बलात्कार पछि हत्या गरिएको थियो । अर्को दिन सपनाको हत्याको विरोधमा विरोध जुलुस हुँदा सेनाको गोली लागेर प्रदर्शनकारीको मृत्यु भएको थियो । यस घटनाको छानबिनका लागि संसदीय छानबिन समिति गठन गरियो । त्यस समितिले जनवरी २००८ मा प्रतिवेदन बुझायो र प्रजिअ, प्रहरी उपरीक्षक, त्यस बखत खटिएका सेना प्रमुखलगायत २८ जनाका विरुद्ध कारवाही गर्न सिफारिस गऱ्यो । क्षतिपूर्तिका सम्बन्धमा रु. १० लाखसम्म (अमेरिकी डलर १५,५००) पीडितका नातेदारलाई दिनुपर्ने सिफारिस गरियो ।[७०] तर यी समितिहरू वा अन्य अनुसन्धान निकायले गरेका सिफारिसहरू पूर्णरूपमा लागू हुन्छन् कि हुँदैनन्, हेर्न बाँकी नै छ ।

## क्षतिपूर्ति

नेपालमा गम्भीर प्रकृतिका मानवअधिकार हनन्का घटनाहरूमा पीडित पक्षलाई आर्थिक क्षतिपूर्ति दिनु त्यस्ता उल्लङ्घन सम्बन्धमा सरकारले गर्ने कार्यको विशेषतानै भएको छ ।[७१] माथि उल्लेख भए बमोजिम, संसदीय छानबिन समितिले सपना गुरुङ र प्रदर्शनमा मारिएका ६ जनाका नातेदारलाई आर्थिक क्षतिपूर्ति स्वरूप रु १० लाख (अमेरिकी डलर १५,५००) दिने निर्णय गरेको थियो । राष्ट्रिय

[६९] ह्युमन राइट्स वाचले पुष्पप्रसाद बोलाखेसँग गरेको अन्तर्वार्ता, काठमाडौँ, ३० अक्टोबर २००७ ।

[७०] "House panel recommends action against 28 people over Belbari massacre," Nepalnews, January 12, 2008, http://www.nepalnews.com/archive/2008/jan/jan12/news11.php (accessed May 6, 2008).

[७१] उल्लेखनीय के छ भने "क्षतिपूर्ति" भन्ने शब्द प्रयोग गरिएको छ तर अदालतले दिने नभई प्रशासकीय निर्णयका आधारमा दिइने हुनाले यसलाई "बाध्यात्मक नभई असल नियत देखाउन दिइने रकम" (ex gratia payment) भन्दा बढी उपयुक्त हुन्छ ।

मानवअधिकार आयोगले मानिसको बाँच्ने अधिकार हनन् भएका घटनामा रु १ लाख वा १ लाख ५० हजार (अमेरिकी डलर १५०० वा २३५०) क्षतिपूर्ति दिने निर्णय गर्ने गरेको छ। गृहमन्त्रालयले यस्ता घटना सम्बन्धमा क्षतिपूर्ति दिने गरेको छ तर गृहमन्त्रालयले अपनाउदै आएको क्षतिपूर्तिको अंकलाई नै प्रयोग गर्न संसद बाध्य नहुने देखिन्छ । पीडित पक्षलाई क्षतिपूर्ति दिने सम्बन्धमा नेपालमा कुनै समष्टिगत नीति छैन र विद्यमान नीति राजनीतिक एवं अन्य किसिमका प्रभावबाट मुक्त छैन।

क्षतिपूर्तिका लागि रकम सिफारिस गरिए तापनि क्षतिपूर्तिको भुक्तानी सारै ढिला हुने गरेको छ। उदाहरणका लागि राष्ट्रिय मानवअधिकार आयोगले १७ ओटा मुद्दामा क्षतिपूर्ति दिने सिफारिस गरेकोमा गृहमन्त्रालयले पाँचओटा मुद्दामा मात्र पीडितका परिवारलाई क्षतिपूर्ति दिएको छ।

## सङ्क्रमणकालीन न्याय

ह्युमन राइट्स वाचले अन्तर्वार्ता लिएका अधिकांश राजनीतिज्ञहरूले विगतमा भएका अधिकार उल्लङ्घनका सम्बन्धमा न्याय प्राप्त गर्ने कुरालाई शान्ति प्रक्रियाको प्रगतिसँग सन्तुलनमा राखेर हेरिनु पर्ने बताए। ती राजनितिज्ञहरू मध्येका माओवादीका विधायक खिमलाल देवकोटाले ह्युमन राइट्स वाचसँगको कुराकानीमा भने, “यतिबेला हामी शान्ति प्रक्रियामा छौं। यो प्रक्रियामा खलल् नपुगोस् भन्नेमा हामी सावधान रहनु पर्दछ। प्रथमतः पुरानो राज्य शक्तिको सुरक्षा निकायले गरेका उल्लङ्घन प्रति जवाफदेहिता लक्षित हुनु पर्दछ।”[७२]

विस्तृत शान्ति सम्झौताले सत्ताधारी राजनीतिक दलहरूलाई सत्य निरूपण तथा मेलमिलाप आयोग स्थापना गर्न प्रतिबद्ध गराएको छ। प्रहरी र राजनीतिज्ञहरूले मुद्दाको अनुसन्धान अघि नबढाउनका लागि कारणको रूपमा कहिलेकाहीँ सत्य निरूपण तथा मेलमिलाप आयोगलाई प्रस्तुत गर्ने गरेका छन्। अर्जुनबहादुर लामाको मुद्दामा प्रहरीले सत्य निरूपण तथा मेलमिलाप आयोगको प्रसङ्ग उठाएको थियो। प्रजिअ र नेपाल प्रहरी दुवैले सो मुद्दा दर्ता गर्न अस्वीकार गरेका थिए र प्रहरीले लिखित रूपमै सो मुद्दामा यथेष्ट प्रमाण नहुनुका साथै उक्त मुद्दा सत्य निरूपण तथा मेलमिलाप आयोगको क्षेत्राधिकार अन्तर्गत पर्ने भएकाले प्रहरीले अनुसन्धान गर्न मिल्दैन भनेको थियो। नेकपा (माओवादी) ले पनि परिवारलाई दबाब दियो। १०० जनाभन्दा बढी माओवादीहरू जिल्ला प्रहरी कार्यालयमा गई पीडितका परिवार तथा प्रहरी दुवैलाई मुद्दा दर्ता नगर्न धम्की दिए। जिल्ला प्रहरी कार्यालय काभ्रेले यो विषय सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यादेश अन्तर्गत पर्ने भएकाले प्रहरी कार्यलयमा दर्ता नगरेको बतायो।[७३]

[७२] ह्युमन राइट्स वाचले खिमलाल देवकोटासँग गरेको अन्तर्वार्ता, काठमाडौं, २९ अक्टोबर २००७।

[७३] ह्युमन राइट्स वाचले जिल्ला प्रहरी कार्यालय काभ्रेका अनुसन्धान अधिकृत विनोद सिलावलसँग गरेको अन्तर्वार्ता, २९ अक्टोबर २००७।

अर्जुन लामाकी पत्नीले ह्युमन राइट्स वाच तथा एड्भोकेसी फोरमलाई भनिन् :

> म प्रजिअ र जिप्रकामा कम्तिमा २० पटक धाए । दुवै ठाउँमा मेरो हातबाट निवेदन लिइयो तर दर्ता गरिएन । मैले नेकपा (माओवादी) का नेता प्रचण्डलाई भेटेँ र मेरा पति कहाँ छन् बताउनुहोस् भनी सोधे । उनले २/३ दिनको समय मागे । त्यसो भनेको दुई वर्ष भइसक्यो, केही भएको छैन ।[७४]

माथि उल्लेख गरी सकिएको छ कि सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यादेश के हुने भन्ने प्रस्ट नभएकै अवस्थामा सशस्त्र द्वन्द्वका बेला भएका हत्या उक्त आयोगको क्षेत्राधिकार भित्र पर्ने हुनाले प्रहरीले अनुसन्धान गर्न नपर्ने भन्ने प्रहरीको तर्कलाई विराटनगरको पुनरावेदन अदालतले सदर गरेको छ ।

२००७ को मध्यतिर प्रेसित सत्य निरूपण तथा मेलमिलाप आयोगको मस्यौदाले राजनीतिक उद्देश्यले गरिएको कार्यमा मानवअधिकारको गम्भीर उल्लङ्घन भएको भएता पनि पीडकले पश्चाताप गर्दै निवेदन दिएमा वा पीडक र पीडित दुवै मेलमिलापका लागि सहमत भएमा क्षमादान दिने व्यवस्था गरेकाले यो मस्यौदाले पीडित र तिनका परिवारलाई न्याय दिन इन्कार गरेको छ ।

यस्तो संयन्त्रको अर्थ उल्लिखित ४९ ओटा जाहेरी दरखास्तमा उल्लिखित व्यक्तिहरूले तिनले घटाएका हत्या, बलात्कार, यातना र बेपत्ता पार्ने कार्यका लागि फौज्दारी अभियोगबाट उन्मुक्ति पाउन सक्छन् भन्ने हो । यस मस्यौदाले अन्तर्राष्ट्रिय मानवीय कानून र अन्तर्राष्ट्रिय मानवअधिकारको चरम उल्लङ्घनका पीडितले उपचार र क्षतिपूर्ति पाउने प्रावधानको उल्लङ्घन गरेको छ ।[७५]

नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायबाट भारी आलोचना भएपछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले २००७ अन्तमा सत्य निरूपण तथा मेलमिलाप आयोगको मस्यौदा माथि पुनर्विचार सुरु गऱ्यो । यस मस्यौदाले नेपालमा केही मानिसहरू दस वर्षे द्वन्द्वका दौरान वा त्यसपछि माओवादी र सुरक्षा फौजबाट गरिएका अपराधबारे अर्थपूर्ण अनुसन्धान गर्ने कुरालाई रोक्न मेलमिलापको अवधारणालाई प्रयोग गरिरहेका छन् ।

---

[७४] ह्युमन राइट्स वाचले पूर्णिमाया लामासँग गरेको अन्तर्वार्ता, काठमाडौं, ३१ अक्टोबर २००७ ।

[७५] अन्तर्राष्ट्रिय मानवअधिकारको गम्भीर उल्लङ्घनका पीडितहरूको उपचार तथा हर्जना पाउने अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय आधारभूत सिद्धान्त तथा निर्देशिका, २००५ नेपाल पक्ष रहेका विभिन्न अन्तर्राष्ट्रिय सन्धि अन्तर्गतका अन्तर्राष्ट्रिय कानूनी दायित्वहरू समेतमा आधारित छन् ।

# ५. कानूनी दण्डहीनता

कानूनले अपराध मान्नु पर्ने कार्यलाई अपराध नमानेका वा ती कानूनहरूले सैनिक वा गैरसैनिक अधिकारीहरूलाई फौज्दारी अभियोगबाट बचाउ गरेका जस्ता कारणले कानूनहरू अपर्याप्त हुँदा कानूनी दण्डहीनता अस्तित्वमा रहन्छ । यी दुवै कारणहरू नेपालमा समस्याका रूपमा रहेका छन् ।

१९९० मा प्रजातन्त्र परिपक्व नभएकै अवस्थामा नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, यसको पहिलो ऐच्छिक आलेख, आर्थिक सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध, यातना विरुद्धको महासन्धि, बाल अधिकारसम्बन्धी महासन्धि, र महिला विरुद्धको भेदभावको अन्त्यसम्बन्धी महासन्धि लगायतका मानवअधिकार सम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय सन्धिहरू अनुमोदन गऱ्यो । यसैगरी नेपालको संसदले नेपाल पक्षरहेका अन्तर्राष्ट्रिय सन्धिहरू राष्ट्रिय कानून सरह लागू हुने र राष्ट्रिय कानूनहरू अन्तर्राष्ट्रिय कानूनसँग बाझेमा बाझिएको हदसम्म अन्तर्राष्ट्रिय कानूनका व्यवस्था लागू हुने व्यवस्था सहितको सन्धि ऐन १९९० पारित गऱ्यो । यसले अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरूको पालना गर्ने बारेमा एउटा खाका तयार पारेता पनि व्यवहारमा भने सो कुरा लागू भएको छैन । सन्धि ऐनमा प्रयुक्त भाषा स्पष्ट देखिएता पनि अन्तर्राष्ट्रिय सन्धिहरूमा उल्लिखित अपराधलाई नेपालको संविधान वा फौज्दारी कानूनमा समावेश नगरिएकोले सन्धिहरूका प्रमुख प्रावधानलाई व्यवहारमा लागू गर्न असम्भव भएको छ र सरकारी वकिल तथा अदालतहरूले राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय कानूनलाई भिन्न हुन भनी व्यवहार गरिरहेका छन् ।

प्रमुख समस्यामध्ये प्रहरी जाहेरीको लागि उल्लेख भएका मानवअधिकारसम्बन्धी दुरुपयोग वा उल्लङ्घनहरूलाई यस प्रतिवेदनमा उल्लिखित जाहेरीमा खुलाइएका मानवअधिकार उल्लङ्घनहरूलाई अन्तरिम संविधानले प्रतिबन्ध नगर्नु र नेपालको फौज्दारी कानूनले यी जाहेरीमा उल्लिखित उल्लङ्घनलाई छुटै अपराधको रूपमा नलिनु प्रमुख समस्या हुन् । कानूनमा रहेका त्यस्ता कमजोरीहरूले मानवअधिकार दुरुपयोगहरूलाई सम्बोधन गर्नु राजनीतिक प्राथमिकता नभएको संकेत गर्छ र त्यस्ता किसिमका अपराधको अनुसन्धान र अभियोजन गर्ने बेलामा अधिकारीहरूमा सामान्यतः उदासिनता बढेर आउँछ ।

## कानूनमा सुधार : यातना र जबर्जस्ती बेपत्तालाई अपराध मान्न आवश्यक

नेपाल कानूनअन्तर्गत जबर्जस्ती बेपत्ता पार्ने कार्यहरू अपराध हैनन् । २००७ को मे मा नेपाल सरकारले जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई फौज्दारी अपराध मान्न मुलुकी ऐनलाई संशोधन गर्न एउटा विधेयक संसदमा पेश गर्‍यो । यो एक सकरात्मक सुरुआत भएता पनि अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरूसँग मेल खान त्यस विधेयकमा थुप्रै सुधार गर्न आवश्यक थियो । यही रूपमा यो कानून लागू भएमा, द्वन्द्वकालमा घटित "बेपत्ता" सम्बन्धमा यो कानून लागू हुँदैन र त्यस्तो अपराध गरे बापत अधिकतम ५ वर्षको जेल सजाय गर्ने व्यवस्था रहेको छ । २००७ को नोभेम्बरमा नेपालको अन्तरिम विधायीका संसदले सरकारलाई सर्वोच्च अदालतले २००७ को जुन महिनामा गरेको फैसला (तल हर्नुहोस्) र जबर्जस्ती बेपत्ता विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिसँग मेल खानेगरी कानूनको मस्यौदा गर्न आदेश दियो । तर यो प्रतिवेदन लेखिदासम्म सो कानून बनेको छैन ।

अन्तरिम संविधानअन्तर्गत जबर्जस्ती बेपत्ता उपर कुनै विशेष प्रतिबन्ध लगाइएको छैन । अन्तरिम संविधानले विगत द्वन्द्वको समयमा जबर्जस्ती बेपत्ता पार्ने कार्य भएको स्वीकारेको छ र "यसले द्वन्द्वको समयमा भएका बेपत्ता सम्बन्धमा अनुसन्धान गर्न गठित आयोगको प्रतिवेदनको आधारमा पीडित परिवारहरूलाई राहत दिनु" राज्यको कर्तव्य तोकिदिएको छ ।"

१९९० को संविधानले यातनालाई गैरसंवैधानिक भनेर घोषणा गरे तापनि यो विशेषतः यातनालाई अपराध बनाउन सफल भएन । कानून निर्माणको विषयलाई लिएर घनिभूत लविङ्गको बाबजुद पनि अहिलेसम्म यातनालाई अपराध बनाउने कुनै कानूनको तर्जुमा भएको छैन । यसको अलावा १९९६ मा संसदले यातना पीडित व्यक्तिहरूलाई क्षतिपूर्ति माग गर्ने अधिकार प्रदान गर्दै यातना क्षतिपूर्ति ऐन पारित गर्‍यो । यस ऐनले यातना पीडितलाई सीमित देबानी उपचारको व्यवस्था गरेको र ३५ दिनको मात्रै कानूनी हदम्यादको व्यवस्था गरेकाले यसमा धेरै कमजोरीहरू रहेका छन् । कानूनतः जिल्ला अदालतले न्यून मात्रामा क्षतिपूर्ति दिलाउन र सम्बन्धित निकायलाई पीडक उपर अनुशासनात्मक कारवाही गर्न निर्देशन दिन सक्दछ । तर अदालतहरूले दोषी विरुद्ध फौज्दारी अनुसन्धान गर्न आदेश दिन सक्दैनन् ।[७६]

अन्तरिम संविधानले यातनालाई अपराधको रूपमा राख्ने व्यवस्था गरेको छ । यसको धारा २६ मा "(१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै

[७६] Amnesty International, Nepal: Make Torture a Crime, AI Index: ASA 31/002/2001, March 1, 2001; Advocacy Forum, "Torture Continues: A Brief Report on the Practice of Torture in Nepal," July 2007.

पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । (२) उपदफा १ बमोजिमको कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।"

२००७ भरी सरकारले यातनालाई अपराध बनाउने विधेयकको मस्यौदा भइरहेको बतायो तर सो मस्यौदा नागरिक समाज समक्ष ल्याएन । यो प्रतिवेदन लेखिदासम्म पनि संवैधानिक प्रावधानलाई कानूनमा रूपान्तरण गर्ने कुनै विधेयक पेस भएको छैन ।

## अनुसन्धानका लागि कमजोर कानूनी रूपरेखा

### सरकारी मुद्दासम्बन्धी ऐन

सरकारी मुद्दासम्बन्धी ऐन १९९२ मा विद्यमान कमीकमजोरीले प्रहरी, सरकारी वकिलहरू तथा अन्य निकायहरूलाई गम्भीर अपराधसँग सम्बन्धित मुद्दाहरूलाई प्रायशः झूटा आधारहरू देखाउँदै महिनौं वा वर्षौंसम्म अल्झाएर राख्ने अनुमति दिएको छ । यो ऐन सरकार पक्ष रहने मुद्दाको अनुसन्धान र अभियोजन गर्ने कार्यविधि तय गर्ने उद्देश्यले ल्याइएको थियो । यो ऐन सुरक्षा फौजनै कसैको हत्या भएको मुद्दामा मुछिएको अवस्थामा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी विस्तारमा व्यवस्था गर्न चुकेको छ । ऐनमा भएको यो कमजोरी त्यस्ता मुद्दाहरूमा स्वतन्त्र रूपमा तहकिकात गर्नुपर्ने अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न नेपाल असफल हुनुको आंशिक कारण हो ।[७७]

कानून वा न्यायीक अधिकृत जस्तो स्वतन्त्र अधिकारीको मातहत रहने प्रभावकारी छानबिन प्रक्रिया नहुँदा पीडितहरूको मृत शरीरलाई पोस्ट मोर्टम जाँच नगरी तत्काल सेलाइन्छ वा जलाइन्छ । यसका साथै ४८ ओटा जाहेरी दर्खास्तका सम्बन्धमा चर्चा गरिएका अन्य कमीकमजोरीहरूले गर्दा सुरक्षा बलका व्यक्तिहरू आफू विरुद्ध अभियोग लाग्ने तथा कारवाही हुने डर विना मानिस मार्न सक्ने ठान्दछन् । यी कुराहरूले दण्डहीनतालाई अझ बढी दह्रीलोसँग स्थापित गरेका छन् ।

विद्यमान फौज्दारी न्याय व्यवस्थामा धेरै कमीकमजोरीहरू रहेको उल्लेख गर्दै सरकारी मुद्दा सम्बन्धी ऐनलाई संशोधन गर्न फेब्रुअरी २००८ को सुरुमा महान्यायाधिवक्ताले आह्वान गरेका छन् ।[७८]

[७७] संयुक्त राष्ट्र सङ्घीय आर्थिक तथा सामाजिक परिषदद्वारा प्रस्ताव नम्बर १९८९/६५ अन्तर्गत मे २४, १९८९ मा पारित गैरन्यायीक, स्वेच्छाचारी तथा संक्षिप्त हत्याको प्रभावकारी रोकथाम तथा अनुसन्धानसम्बन्धी सिद्धान्तको सिद्धान्त नम्बर ९ देखि १७ सम्म । http://www.extrajudicialexecutions.org/ law/transparency_in_armed_conflict_2006.html

[७८] "Attorney General calls for change in procedural law to bring about swift justice," Nepalnews, February 13, 2008, http://www.nepalnews.com/archive/2008/feb/feb13/news17.php (accessed May 6, 2008).

***स्थानीय प्रशासन ऐन***

पर्याप्त सुरक्षा विना हिंसात्मक प्रदर्शनहरूमा घातक बल प्रयोग गर्न प्रहरीलाई अनुमति दिने धेरै कानूनहरू मध्ये स्थानीय प्रशासन ऐन १९७१ पनि एक हो ।[७९] स्थानीय प्रशासन ऐन अन्तर्गत कुनै भेलाले सार्वजनिक व्यवस्थालाई खलल् पार्ने देखिएमा उक्त भेलालाई रोक्न प्रमुख जिल्ला अधिकारीले प्रहरीलाई निर्देशन दिन सक्दछन् ।[८०] यदी प्रहरीले त्यस्तो भेलालाई रोक्न असफल भयो भने प्रमुख जिल्ला अधिकारी वा निज मातहतको अधिकृत आफैं गई भेला रोक्नलाई अनुरोध गर्नु पर्छ ।[८१] यदी भेला रोकिएन भने प्रहरीले परिस्थितिलाई हेरी आवश्यक देखिएमा लाठी चार्ज, हवाई फायर, अश्रुग्यास र पानीका फोहोरा समेतको बल प्रयोग गर्न सक्छ ।[८२] यदी यसो गर्दा पनि शान्ति बहाली हुन सकेन भने भीड तितरबितर नभएमा गोली चल्ने सूचना दिई प्रमुख जिल्ला अधिकारीबाट लिखित आदेश लिई प्रहरीले अग्नीअस्त्र प्रयोग गर्न सक्छ ।[८३]

लिखित आदेश जारी गर्न समय नभएमा प्रमुख जिल्ला अधिकारीले २४ घण्टा भित्र लिखित आदेश दिने गरी मौखिक आदेश दिन सक्छ ।[८४] ऐनको प्रावधानमा कसैमाथि गोली चलाउँदा घुँडादेखि तल मात्र निसाना गर्नुपर्ने भएता पनि[८५] यथार्थमा यस्तो प्रावधान कहिल्यै लागू भएको देखिन्न । असंख्य घटनाहरूमा नेपालको प्रहरीले अन्तर्राष्ट्रिय मापदण्डहरूमा तोकिदिएका विधिहरूको प्रयोग विना नै र स्थानीय प्रशासन ऐनले तोकेको पूर्व जानकारी दिनु पर्ने र घोडादेखि तल गोली चलाउनु पर्ने प्रावधानप्रति ध्यानै नदिई भीडमा गोली चलाउने गरेको छ ।[८६]

अप्रिल २००६ को जनआन्दोलनको क्रममा नेपालस्थित राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले अभिलेखीकरण गरेका घटनाहरू मध्ये धेरै जसो घटनाहरूमा सुरक्षा बलले स्थानीय प्रशासन ऐनअन्तर्गत अत्यधिक बल प्रयोग गरेको थियो । मोरङ जिल्लाको बेलबारीमा ६ जना प्रदर्शनकारी मारिएको घटना (मुद्दा ४९-५४ ) छानबिन गर्न गठित संसदीय जाँचबुझ समितिले "गोली चलाउनु पूर्व सुरक्षा बलले पूर्वजानकारी दिनु पर्दथ्यो, पहिला अन्य उपायहरू जस्तै लाठी

[७९] सबै भन्दा उल्लेखनीय के छ भने सशस्त्र द्वन्दको धेरै अवधिभर लागू रहेको आतंककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण र सजाय ऐन तथा त्यही नामको अध्यादेशमा पनि यस्तै व्यवस्था थिए ।

[८०] स्थानीय प्रशासन ऐन, दफा ६ (१) (क) ।

[८१] ऐजन् ।

[८२] ऐजन् ।

[८३] स्थानीय प्रशासन ऐन, दफा ६ (१) (ख) ।

[८४] स्थानीय प्रशासन ऐन, दफा ६ (१) (घ) ।

[८५] स्थानीय प्रशासन ऐन, दफा ६ (१) (ख) ।

[८६] मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय नेपाल, "अप्रिल आन्दोलन प्रजातान्त्रिक अधिकार र अत्यधिक बलको प्रयोग" सेप्टेम्बर २००६, http://nepal.ohchr.org/en/resources/documents/English/reports/IR/year. 2006-09-21_ohchr-nepal. Report%20on%20the% 20April%20 protests.pdf

चार्ज, अश्रुग्यास, हवाई फायर गर्नु पर्दथ्यो । तर यस घटनामा त्यस्ता कुनै पनि विकल्पहरू प्रयोग नगरी मानिसहरू माथि ठाडै गोली चलाइयो" पाएको थियो ।[८७] तर पनि त्यस समितिले स्थानीय प्रशासन ऐन तथा सुरक्षा बलबाट हिंसात्मक प्रदर्शनमाथि गरिने व्यवहारको सुधारको सम्बन्धमा सुझावहरू पेश गरेन ।

यहाँ २००१ को नोभेम्बरदेखि २००२ को अगस्टसम्म संकटकाल लागू गरी सेना परिचालन गरिएको कुरा उल्लेखनीय छ । यसै समयमा आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण र सजाय) अध्यादेशद्वारा गरियो । २००२ मा संसदद्वारा यस अध्यादेशका व्यवस्थाहरूलाई ऐनमा परिणत गरियो । संसदको कार्यकाल समाप्त भई संसद नभएको अवस्थामा शाही आदेशद्वारा यसलाई २००४ को अक्टोबरमा पुनः जारी गरियो । यो अध्यादेशमा रहेका प्रावधानहरू अन्तर्राष्ट्रिय कानूनका मापदण्डहरू भन्दा निकै तल्लो स्तरका थिए । यो कानूनले "कुनै व्यक्ति वा समूहले हतियार सहित वा हतियार विना कर्तव्य पालनमा रहेका सुरक्षा बललाई अवरोध पुऱ्याएका परिस्थितिहरू" लगायतका परिस्थितिमा "आवश्यक बल र हतियार प्रयोग गर्न" अनुमति दियो (दफा ५त्र) ।

स्थानीय प्रशासन ऐन वा आतंककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण अध्यादेश वा नेपालका अन्य कुनै पनि कानूनले प्रदर्शनहरू बाहेकका अन्य परिस्थितिमा बलको प्रयोग गर्ने सम्बन्धी कानूनी दायरा तोकेका छैनन् । सत्य होस् वा झूटा "भिडन्त" मा भएका हत्या सम्बन्धमा अनुसन्धान गर्नेबारे कुनै कानूनी व्यवस्थाहरू पाइँदैनन् । यस्ता विषयमा कम्तिमा जाहेरी दायर गर्ने अनि प्रहरीले अनुसन्धान गर्ने जस्ता सरकारी मुद्दासम्बन्धी ऐनमा भएका सामान्य व्यवस्थाहरू लागू हुनु पर्दछ तर यसो भइरहेको पाइँदैन । वास्तविक प्रमाणहरू नभएता पनि विद्रोहलाई सम्बोधन गर्न २००१ मा पहिलो पटक सेना परिचालन गरिए पछि सुरक्षा बलद्वारा गरिने घातक बल प्रयोग सामान्य फौज्दारी अनुसन्धान अन्तर्गत नपर्ने भन्ने समझदारी सरकार र सेनाका बीच भएको धेरै नेपालीहरूको विश्वास छ, यद्यपि यस्तो समझदारी गलत थियो ।[८८]

२००८ मे १२ मा एउटा महत्त्वपूर्ण फैसला गर्दै सर्वोच्च अदालतले अत्यधिक बल प्रयोगका कारणले हुने मानवअधिकारको उल्लङ्घनलाई सम्बोधन गर्न पर्याप्त क्षतिपूर्तिको व्यवस्था सहितको विस्तृत कानून निर्माण गर्न आदेश दियो ।[८९]

---

[८७] संसदीय छानबिन समितिको प्रतिवेदन ।

[८८] एड्भोकेसी फोरम तथा अन्य मानवअधिकार रक्षकहरूद्वारा प्रधानमन्त्री गिरिजाप्रसाद कोईरालासँग गरिएको अन्तर्वार्ता, मार्च २००७ ।

[८९] Kantipuronline, "SC to govt: Enact law against excessive force," May 12, 2008, http://www.kantipuronline.com/kolnews.php?&nid=146782

***प्रहरी ऐन***

प्रहरी ऐन १९५५ ले प्रमुख जिल्ला अधिकारी वा अन्य कुनै प्रहरी अधिकारीलाई "कर्तव्य पालनाको सिलसिलामा असल नियतले गरिएको कारवाही" सम्बन्धमा उन्मुक्ति दिएको छ।[९०] यसले अर्थपूर्ण जवाफदेहितालाई नजरअन्दाज गरेको छ र यसको सट्टा दण्डहीनतालाई स्थापित गरेको छ।

प्रहरी ऐनको दफा ६ मा एउटा लामो अपराधसम्बन्धी लिस्ट छ, जसका लागि प्रहरी अधिकारीहरू अनुशासनको कारवाहीमा पर्न सक्छन्। तर यस ऐनमा गैरकानूनी हत्या "बेपत्ता" स्वेच्छाचारी हिरासत, यातना वा दुर्व्यवहार जस्ता कसूरका लागि वैयक्तिक फौज्दारी दायित्व स्थापना गर्ने कुनै प्रावधानहरू छैनन्। केवल ऐनको दफा ३४(ढ) मा भएको प्रावधानलाई मानवअधिकारको दुरुपयोग वा उल्लङ्घनको सम्बन्धमा दायित्व सिर्जना गर्ने व्यवस्थाका रूपमा मान्न सकिन्छ। जसमा कुनै प्रहरी अधिकृतले कसैलाई आफ्नो ओहदाको धाक धम्की दिई कसैलाई अनाहक दुःख र टण्टा दिएमा वा कसैको सम्पत्ति हानी गरेमा त्यस्तो कार्यमा संलग्न प्रहरी अधिकृतलाई ५ वर्षसम्म कैद सजाय वा १ वर्षसम्मका लागि निजको तलब रोक्का गर्न सक्ने व्यवस्था छ।[९१] यो प्रावधानमा स्पष्टताको अभाव छ, र कानून लागू गर्ने अधिकारीले आफ्नो कर्तव्य पालनाको क्रममा गरेको कार्य प्रति पर्याप्त मात्रामा जवाफदेहिता हुनु पर्ने कुराको सुनिश्चितता गर्न असफल भएको छ।

केही प्रहरी जवानहरूको विरुद्धमा मानवअधिकार दुरुपयोग गरेको उजुरीमा प्रहरी विभागले विभागीय कारवाही गरेको छ। तर तोकिएको सजाय भने न्यून छ।[९२] यातना तथा अन्य क्रूर, अमानवीय वा दुर्व्यवहारमा सजायसम्बन्धी राष्ट्र सङ्घीय विशेष प्रतिवेदकले यातना क्षतिपूर्ति ऐन र प्रहरी ऐनका प्रावधानहरू धेरै मात्रामा अपर्याप्त छन् र तिनमा प्रतिरोधात्मक र दुरुत्साहनको असर होस् भन्ने सोचिएको भए पनि व्यवहारमा यसको महसुस नभएको संकेत गरेका छन्।[९३]

***सैनिक ऐन***

यस प्रतिवेदनमा उल्लिखित सबै ४८ ओटै जाहेरी दरखास्तमा उल्लेख भएको मानवअधिकार उल्लङ्घन भएका बखत क्रियाशील रहेको सैनिक ऐन १९५९ का प्रावधान र २००६ को सेप्टेम्बरमा लागू भएको नयाँ सैनिक ऐनका प्रावधानहरू पनि अपर्याप्त छन्। नेपालको सेनामाथि नागरिकको भन्दा शाही नियन्त्रण भएको इतिहास भएकाले यो निकाय उपर आजसम्म पनि न्यायीक जाँचपड्तालको अभाव रहेको छ।

---

[९०] प्रहरी ऐन, दफा ३७।

[९१] प्रहरी ऐन, १९५५, दफा ३४ (ढ)।

[९२] Amnesty International, Nepal: A Spiralling Human Rights Crisis, April 2002.

[९३] क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विषयका संयुक्त राष्ट्र सङ्घीय विशेष प्रतिवेदक मेनफ्रेड नवाकको नेपाल भ्रमण प्रतिवेदन, E/CN.4/2006/6/Add.5, January 9, 2006.

सैनिक ऐन १९५९ मा यस ऐनको कुनै उल्लङ्घन भएमा कोर्टअफ इन्क्वारी र कोर्ट मार्शलको गठन हुने प्रावधान रहेको थियो ।[९४] सिद्धान्ततः यी प्रावधानहरूमा सेनाहरूलाई मानवअधिकार उल्लङ्घन प्रति जवाफदेहि बनाउने कुरा सामावेश भएको हुनु पर्दथ्यो । तर रामेछाप जिल्लाको दोरम्बामा भएको हत्या र बेपत्ता पारी सैनिक हिरासतमा चरम यातनापश्चात् मृत्यु भएकी मैना सुनुवारका (मुद्दा ३१) जस्ता घटनाहरूबारे व्यापक जनदबाब भएकाले यस्ता घटनाका लागि सैनिक अदालतमा मुद्दा चलाइयो । त्यस्ता प्रकारका कुनै पनि मुद्दाहरूलाई नियमित नागरिक अदालत समक्ष ल्याइएन । सैनिक अदालतमा चलेका ती मुद्दाहरूको सुनुवाइको क्रममा पीडितका परिवारजनहरूलाई सहभागी गराइएन ।

सैनिक ऐन १९५९ तथा अन्य कानूनका प्रावधानहरूमा घटनाका सम्बन्धमा जाहेरी परेमा, प्रहरीले घटनाका सम्बन्धमा फौज्दारी अनुसन्धान सुरु गरेमा वा कुनै फैसला भएका अवस्था जस्ता कुन अवस्थामा सेनाले सैनिक अदालतमा भइरहेको सुनुवाइको पर्याप्त र पूर्ण विवरण खुल्ला गर्ने भन्ने दायित्वबारे कुनै उल्लेख गरिएको छैन । सेनाले सैनिक जाँचबुझ र सैनिक अदालतले गरेको कारवाहीलाई नागरिक अदालतबाट बहन गराइने दायित्वलाई पर सार्ने गरी व्याख्या गरेको पाइन्छ । यसले आरोपित गैरकानूनी हत्या तथा अन्य दुरुपयोग सम्बन्धी घटनाका सम्बन्धमा प्रहरीलाई तहकिकात गर्न बाधा पुगेको छ । सेनाले नागरिक अदालतबाट भएको आदेशको बाबजुद पनि सैनिक अदातलले मैना सुनुवारको सम्बन्धमा गरेको फैसलालाई प्रहरी तथा उनका परिवार समक्ष देखाउन इन्कार गरेको तथ्यले सेना कानूनभन्दा माथि छ भन्ने सोचाइलाई बल पुऱ्याउदछ ।

२००४ को डिसेम्बरमा जबर्जस्ती वा अस्वेच्छिक बेपत्तासम्बन्धी कार्यदलले नेपालमा भ्रमण गऱ्यो र आफ्नो प्रतिवेदनद्वारा नागरिक हत्या, बलात्कार, “बेपत्ता” का घटनामा आरोपित सुरक्षा बलका व्यक्तिहरूलाई नागरिक अदालतमा पुर्पक्ष गर्नुपर्ने भएकाले सैनिक ऐनलाई संशोधन गर्न आह्वान गऱ्यो ।[९५] उक्त कार्यदलको सुझावलाई कार्यान्वयन गर्नुको सट्टा नयाँ सैनिक ऐन २००६ ले यातना तथा जबर्जस्ती बेपत्ता पार्ने घटनाका धेरै दोषीहरूलाई सजायको दायराबाट उम्कने मौका दियो । सैनिक ऐन २००६ को दफा ६२ मा भ्रष्टचार, चोरी, यातना र बेपत्ता जस्ता अपराधको अनुसन्धान र तहकिकात गर्न एक विशेष समिति रहने र यस सम्बन्धमा कुनै अभियोजन गर्दा (पुनरावेदन अदालतका एक न्यायाधीश, रक्षा मन्त्रालयका सचिव र नेपाली सेनाका प्राड् विभागका प्रमुख रहने एक विशेष सैनिक अदालतले गर्ने छ भन्ने व्यवस्था रहेको छ । तर ऐनको दफा २२ ले त्यस्ता कारवाहीहरू “कर्तव्य पालनको सिलसिलामा असल नियतले गरिएका भए अपराध मानिने छैन” भन्ने व्यवस्था छ । सैनिक ऐन २००६ मा त्यस्ता अपराध बापत सजायको व्यवस्था पनि गरिएको छैन ।

[९४] सैनिक ऐन, १९५९, दफा ९७, ९८ र १०७ ।

[९५] जबर्जस्ती वा अस्वेच्छिक बेपत्तासम्बन्धी कार्यदलको नेपाल भ्रमण प्रतिवेदन, E/CN.4/2005/65/Add.1.

### सार्वजनिक सुरक्षा ऐन

२००६ अप्रिलको जनआन्दोलनसम्म पुग्नु अगाडि नेकपा (माओवादी) र मुलप्रवाहका राजनीतिक दलका नेता तथा कार्यकर्तालाई निवारक नजरबन्द गर्न सार्वजनिक सुरक्षा ऐन १९८९ को प्रयोग भएको थियो । यस ऐनको दफा २२ मा (सैनिक ऐनको दफा २२ मा जस्तै ) सरकारी अधिकारीले कर्तव्यपालनाको सिलसिलामा असल नियतले गरेको कार्यका लागि निजहरूलाई उन्मुक्ति दिने व्यवस्था गरेको छ ।

यस ऐनमा कसैलाई गैरकानूनी थुनामा राखिएमा त्यस विरुद्ध अदालतमा क्षतिपूर्तिको दावी गर्न सकिने व्यवस्था रहेको छ । तथापि यो प्रावधान कमै रूपमा मात्र प्रयोग गरिएको छ ।

### जाँचबुझ आयोग ऐन

२००६ को नोभेम्बरमा गरिएको विस्तृत शान्ति सम्झौताले बेपत्ता पारिएका व्यक्तिहरू वा द्वन्द्वमा मारिएका व्यक्तिहरूको घटनाका सम्बन्धमा विस्तृत जानकारी तयार गरी ६० दिन भित्र सार्वजनिक गरी सम्बन्धित व्यक्तिका परिवारका सदस्यहरूलाई खबर गर्ने प्रतिबद्धता जाहेर गऱ्यो । प्रस्ट रूपमा नतोकिएको भएता पनि विगतमा भएका बेपत्ता जस्ता अधिकार उल्लङ्घनहरूका सम्बन्धमा तहकिकात गर्न एक उच्चस्तरीय जाँचबुझ आयोगको स्थापनाबाट गर्ने देखिन्छ ।

जाँचबुझ गर्ने सम्बन्धमा यस ऐनमा अति उपयुक्त खाका भएता पनि यस ऐनमा अन्य धेरै कमीकमजोरीहरू रहनुका साथै जाँचबुझ आयोग गठन गर्ने धेरै महत्त्वपूर्ण सन्दर्भहरूमा अन्तर्राष्ट्रिय रूपमा स्थापित मापदण्डहरूसँग मेलखान यो ऐन असफल भएको छ ।[९६] उदाहरणको लागि यस ऐनले जाँचबुझ आयोगका सदस्यहरूको योग्यता (मानवअधिकारसम्बन्धी विशेषज्ञतासँग सम्बन्धित), स्वतन्त्रता, तटस्थताको बारेमा आवश्यक सर्तहरू तोकिदिएको छैन । यसमा पीडित तथा साक्षीहरूको सुरक्षासम्बन्धी कुनै व्यवस्था गरेको छैन ।

सन् २००७ को जुन महिनामा सर्वोच्च अदालतले गरेको ऐतिहासिक फैसलामा बेपत्ता पारिएका व्यक्तिहरूका बारेमा जाँचबुझ गर्न आयोगको गठन गर्दा उक्त आयोगलाई दिइने कार्यसूची अन्तर्राष्ट्रिय मापदण्डसँग मेल खाने हुनु पर्ने भनी आदेश भएको छ ।

---

[९६] ओएचसिएचआर नेपाल, "सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी मस्यौदा विधेयक उपर टिप्पणी र सुझाव" अगस्ट २००७ । http://nepal.ohchr.org/en/resources/Documents/English/pressreleases/AUG2007/Comments%20on%20draft%20Truth% 20and%20Reconciliation%20Bill_03_09_07.doc.pdf

यसबाहेक अदालतले आफ्नो फैसलामा सरकारलाई बेपत्ता पारिएका व्यक्तिका परिवारलाई अन्तरिम राहत प्रदान गर्न र बेपत्ता सम्बन्धमा कानून बनाई जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई अपराध घोषित गर्न आदेश दियो । र जबर्जस्ती बेपत्ताबाट संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा ध्यान दिनसमेत सरकारलाई आदेश दियो ।[९७]

"बेपत्ता" पारिएका पीडितहरूका अधिकारहरूको सम्बन्धमा र उनीहरूका परिवारहरूको सत्य, न्याय र क्षतिपूर्ति पाउने अधिकारलाई मान्यता दिनका निम्ति यो फैसला महत्त्वपूर्ण अग्रगामी कदम थियो । तर अहिलेसम्म सरकारले यो फैसलाको आदेशलाई लागू गरेको छैन ।

२००७ जुन १ को सर्वोच्च अदालतको फैसलाले द्वन्द्वको बेलामा नियोजित रूपमा बेपत्ता पारिएका घटनाहरूको सम्बोधन गर्न जाँचबुझ आयोगसम्बन्धी विद्यमान कानूनी व्यवस्था अपर्याप्त भएको उल्लेख गरेको छ । त्यो आदेशले सरकारलाई नयाँ कानून बनाई योग्य, तटस्थ, स्वतन्त्र र विश्वसनीय आयोगको स्थापना सुनिश्चित गर्न निर्देशन दिएको छ ।[९८] परन्तु सरकारले जाँचबुझ आयोगसम्बन्धी ऐनलाई संशोधन नगरी हतार हतारमा विद्यमान अपूर्ण कानून बमोजिम नै सदस्यहरूको नियुक्ति गरी बेपत्तासम्बन्धी आयोगको गठन गर्‍यो । नागरिक समाजको तर्फबाट व्यापक विरोध भएकाले आयुक्तहरूले काम गरेनन् । वर्षको अन्त्यमा सरकारले आयोगलाई विघटन गरी जाँचबुझ आयोगसम्बन्धी ऐनको मस्यौदा गर्ने अर्को प्रक्रिया सुरु गर्‍यो ।

पुरानो जाँचबुझ आयोग ऐनअन्तर्गत वा यसलाई संशोधन गरी आयोग गठन गर्ने कुराको उल्लेख विना नै २००७ को डिसेम्बर २३ मा भएको २३ बुँदे सम्झौतामा एक महिना भित्र जाँचबुझ आयोग गठन गर्ने प्रतिबद्धता पत्र जाहेर गरियो । तर पनि मध्य जनवरी २००८ मा अन्तरिम विधायिका संसद विघटन होउन्जेल कुनै कानून बनेन ।

### मुलुकी ऐन (राष्ट्रिय संहिता)

सुरक्षा बल र सरकारी निकायहरूलाई अदालत प्रति पूर्णरूपमा सहयोग गर्न बाध्य बनाउने अधिकारको अभाव न्यायाधीशहरूमा हुनु नै विद्यमान कानूनमा भएको कमजोरी हो । एउटा मुख्य कठिनाइ भनेको अदालतको मानहानी र झूटो वकपत्र सम्बन्धी त्रुटिपूर्ण कानून हो जुन प्रयाशः बन्दी

[९७] Human Rights Watch, Nepal – Supreme Court Orders Action on "Disappearances," Government Should Take Immediate Steps to End Impunity, June 15, 2007, http://hrw.org/english/docs/2007/06/15/nepal16194.htm

[९८] International Commission of Jurists, '*Nepal: ICJ urges Government to ensure "High level Commission of Inquiry on Disappeared Citizens" meets international standards and complies with Supreme Court order,*' July 16, 2007, http://www.icj.org/news.php3?id_article=4194&lang=en (accessed May 6, 2008).

प्रत्यक्षीकरणका मुद्दाहरूमा अभिव्यक्त हुने गर्दछ। मुलुकी ऐन अदालती बन्दोवस्तको दफा १६९ अन्तर्गत "साक्षीहरू" ले झूटा बोले वा वकपत्र गरे बापत दायित्व बहन गर्नु पर्ने भएता पनि प्रमाण ऐनको दफा ४४ बमोजिम सरकारी अधिकारीहरू आफूले पदीय विश्वासमा थाहा पाएका जानकारी प्रकट गर्न बाध्य छैनन्। अदालतहरूले पनि साक्षीका सन्दर्भमा लागू हुने कानूनहरू सरकारी अधिकारीका हकमा लागू नहुने भन्ने ढंगले व्याख्या गरिआएका छन्।

दूर्गम क्षेत्रका जनताहरूका लागि अदालतको पहुँच नहुनु दण्डहीनताको वातावरणलाई सहयोग पुऱ्याउने अर्को कारण रहेको छ। विशेषतः बन्दी प्रत्यक्षीकरणको निवेदन केवल पुनरावेदन र सर्वोच्च अदालतको तहमा मात्र गर्न सकिन्छ। यसको अर्थ पीडित वा पीडितका आफन्तहरूले निवेदन दर्ता गराउनको निम्ति प्रायशः कैयौं दिन यात्रा गर्नु पर्दछ। यी कानूनी प्रावधानहरूलाई परिवर्तन गरी बन्दी प्रत्यक्षीकरण सम्बन्धी रिट निवेदनहरू जिल्ला अदालतहरूले समेत हेर्ने व्यवस्था भएमा सुरक्षा बलको जवाफदेहिताको तह माथि उठ्ने थियो। यो विशेषतः बेपत्ताका मुद्दाहरूका सम्बन्धमा सान्दर्भिक हुन्छ।

# ६. सिफारिसहरु

## नेपाल सरकारलाई

- यो प्रतिवेदनमा महत्त्वसाथ अघि सारिएका ४९ ओटा जाहेरी दर्खास्तहरू तथा मानवअधिकारको गम्भीर उल्लङ्घनसित सम्बन्धित अरू कुनै पनि घटनाहरूको तीव्रतासाथ छानबिन गरी सुरक्षा फौजका सबै संलग्न सदस्यहरूमाथि मुद्दा चलाउनु पर्दछ र तत्काल अनुसन्धान अघि बढाउन नेपाल प्रहरीलाई स्पष्ट निर्देशन जारी गरिनु पर्दछ।
- सुरक्षा फौजलाई मानवअधिकारको गम्भीर उल्लङ्घनमा संलग्न पीडकहरूलाई जवाफदेहि बनाइने छ र अनुसन्धानमा सुरक्षा फौजका सबै सदस्यहरूले अनिवार्य रूपले सहयोग गर्नुपर्ने छ भन्ने प्रस्ट सन्देश पठाइनु पर्दछ। यसो नगर्ने सदस्यहरूलाई निलम्बन वा बर्खास्त गर्ने जस्ता उचित दण्ड दिइनु पर्दछ।
- ४९ ओटा जाहेरी निवेदन वा अन्य घटनाहरूमा नाम किटान गरिएका सबै सुरक्षाकर्मीहरूलाई अनुसन्धानर अन्य अभियोजनहरू पूरा नहुन्जेलसम्मको लागि तिनीहरूले गरेको फौज्दारी कसूरसँग सम्बन्धित तत्काल प्राप्त प्रमाणका आधारमा निलम्बन गरिनु पर्दछ।
- नेपाल प्रहरी तथा महान्यायाधिवक्ताको कार्यालयको भूमिकाको पुनरावलोकनसमेत गरी गम्भीर अपराधहरूको छानबिन गर्ने कार्यमा तिनको प्रभावकारितामा सुधार ल्याउनका निम्ति फौज्दारी न्याय प्रणालीमा सुधार गरिनु पर्दछ।
- व्यक्तिहरूलाई जबर्जस्ती बेपत्ता पार्ने र यातना दिने कार्यलाई फौज्दारी अपराधको कोटीमा राख्ने ठोस कानून बनाइनु पर्दछ।
- व्यक्तिहरूलाई जबर्जस्ती बेपत्ता पार्ने र यातना दिने आरोप लागेका सुरक्षाकर्मीहरूलाई नागरिक अदालतमा मुद्दा चलाउने कार्यलाई सुनिश्चित गर्न सैनिक ऐन संशोधन गरिनु पर्दछ।
- गैरन्यायीक हत्यालाई रोक्नेर आरोपित गैरन्यायीक हत्याहरूको उचित छानबिन गर्ने कार्यलाई सुनिश्चित गर्नका निम्ति स्थानीय प्रशासन ऐन तथा सरकारी मुद्दासम्बन्धी ऐन संशोधन गरिनु पर्दछ।

- प्रहरी ऐन, सैनिक ऐन तथा सार्वजनिक सुरक्षा ऐनमा रहेका सुरक्षाकर्मीहरू तथा सरकारी अधिकारीहरूलाई फौज्दारी क्रियाकलापका सम्बन्धमा मुद्दा चलाइनबाट उन्मुक्ति प्रदान गर्ने सबै प्रावधानहरू हटाउने गरी तिनलाई संशोधन गरिनु पर्दछ ।
- नेपाल प्रहरीका लागि स्वतन्त्र खालको बाह्य पर्यवेक्षण निकायको स्थापना गरिनु पर्दछ ।
- राष्ट्रिय मानवअधिकार आयोगलाई साक्षीहरूलाई उपस्थित गराई प्रमाण प्रस्तुत गराउन पाउने अधिकारलगायत विश्वसनीय छानबिन गर्नका निम्ति आवश्यक पर्ने अधिकार प्रदान गरी सुदृढ तुल्याइनु पर्दछ । सरकारले राज्यका सम्बन्धित अधिकारीहरूद्वारा राष्ट्रिय मानवअधिकार आयोगका सबै सिफारिसहरू द्रुत्तर गतिमा लागू गरिने कुरालाई सुनिश्चित गर्नु पर्दछ । राष्ट्रिय मानवअधिकार आयोगलाई मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूमाथि मुद्दा चलाउन सिफारिस गर्ने र राज्यका निकायहरूद्वारा गरिएका गैरकानूनी कार्यहरू विरुद्ध कानूनी उपचार खोजी गर्न पाउने स्पष्ट अधिकारहरू दिइनु पर्दछ ।
- यसअघिका छानबिन आयोगहरूका सबै प्रतिवेदनहरू सार्वजनिक गरी तिनमा रहेका सिफारिसहरूलाई पूर्णरूपले कार्यान्वयन गरिनु पर्दछ ।
- अन्तर्राष्ट्रिय फौज्दारी अदालतको विधान, जबर्जस्ती बेपत्ता पार्ने कार्य विरुद्ध सबै व्यक्तिको संरक्षणसम्बन्धी महासन्धि तथा यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेखमा तत्काल हस्ताक्षर गरी तिनलाई अनुमोदन गरिनु पर्दछ ।
- गैरन्यायीक हत्या, विना सुनुवाइ गरिने हत्या, तथा स्वेच्छाचारी हत्या विषयका विशेष प्रतिवेदक तथा जबर्जस्ती वा अस्वेच्छिक बेपत्तासम्बन्धी कार्यदललाई नेपालमा आमन्त्रण गरिनु पर्दछ ।
- अन्तर्राष्ट्रिय सत्य निरूपण तथा मेलमिलाप आयोगहरू तथा जाँचबुझ आयोगहरूका मापदण्डको पूर्णरूपमा अवलम्बन गर्दै सत्य निरूपण तथा मेलमिलाप आयोगका साथै बेपत्तासम्बन्धी जाँचबुझ आयोगहरू गठन गरिनु पर्दछ । यसरी गठन गरिने आयोगहरू जुन २००७ मा सर्वोच्च अदालतले सरकारलाई अन्तर्राष्ट्रिय मानकहरू अनुरूप बेपत्ता पारिएका व्यक्तिको खोजी गर्ने आयोग गठन गर्न आदेश दिएर गरेको फैसलाको भावना अनुरूपका हुनु पर्दछ । यो कार्य नागरिक समाज र पीडितहरू तथा पीडितहरूका नातेदारहरूलगायत सबै सरोकारवालाहरूसित पूर्ण र यथेष्ट रूपले परामर्श गरी गरिनु पर्दछ । मानवता विरोधी अपराधहरू, युद्ध अपराधहरू, जबर्जस्ती बेपत्ता र यातनालगायत गम्भीर प्रकृतिका अन्तर्राष्ट्रिय अपराधहरूको हकमा क्षमादान दिइनु हुन्न ।
- सुरक्षा फौजका सदस्यहरू लगायत राज्यका अधिकारीहरूमाथि झूटा बकेबापत तथा अदालतको अवहेलना गरेबापत मुद्दा लगाउन सकिने कुरा सुनिश्चित गर्न मुलुकी ऐनको दफा १६९ संशोधन गरिनु पर्दछ ।

- बन्दी प्रत्यक्षीकरणको निवेदन जिल्ला अदालतले सुन्ने गरिनु पर्दछ।
- साक्षी तथा पीडितहरूको संरक्षण प्रभावकारी रूपले गर्ने निकायसम्बन्धी कानून बनाइनु पर्दछ, वा त्यस्तो निकायको स्थापना गरेर साक्षी तथा पीडितहरूलाई डर-त्रास देखाउने जोकोहीलाई पनि यथोचित दण्ड दिइने कुरालाई सुनिश्चित गरिनु पर्दछ।
- अपराध तथा मानवअधिकार उल्लङ्घनबाट पीडित हुनेहरूका लागि क्षतिपूर्तिसम्बन्धी विद्यमान व्यवस्थाहरूको पुनरावलोकन गरी सबै पीडितहरूका लागि लागू हुने निष्पक्ष तथा समतामूलक व्यवस्था गरिनु पर्दछ।
- पदोन्नतिका निम्ति र/वा समुद्रपार राष्ट्र सङ्घीय शान्ति सेनामा वा विदेशमा विशेष प्रशिक्षणका लागि पठाउन प्रस्तावित गरिने नेपाली सुरक्षाकर्मीहरूका विगतका क्रियाकलापहरू रुजु गरी हेर्ने प्रभावकारी प्रणालीलाई सुनिश्चित गरिनु पर्दछ ता कि मानवअधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी छानबिनअन्तर्गत रहेको जोकोहीलाई पनि विदेश भ्रमण गर्न प्रतिबन्धित गरिने कुरालाई सुनिश्चित गर्न सकियोस्।

## संविधान सभालाई

नयाँ संविधान मस्यौदा गर्दा संविधान सभाले –

- बाँच्न पाउने अधिकारको उल्लङ्घन विरुद्ध स्पष्ट प्रत्याभूति समावेश गर्नुपर्दछ।
- व्यक्तिहरूलाई जबर्जस्ती बेपत्ता पार्ने र यातना दिने कार्य उपर प्रतिबन्ध लगाई त्यस्ता कार्यप्रति कानूनद्वारा उचित दण्ड दिइने कुरालाई सुनिश्चित गर्नुपर्दछ।

## सेनालाई

- विगतका मानवअधिकार उल्लङ्घसम्बन्धी कार्यहरूको छानबिन प्रक्रियामा प्रहरीलाई पूर्णरूपले सहयोग गर्नु पर्दछ। जसअन्तर्गत शङ्कास्पद व्यक्तिहरू तथा सान्दर्भिक दस्तावेजहरूमा पहुँच प्राप्त गर्न प्रहरीद्वारा गरिने अनुरोधलाई स्वीकार गर्ने कुरासमेत पर्दछ।
- प्रहरी र पीडितहरूका परिवारहरूलाई सैनिक जाँचबुझ अदालत तथा सैनिक अदालतमा चलाइने मुद्दासम्बन्धी सबै प्रतिवेदनहरू उपलब्ध गराउनु पर्दछ।

## प्रहरीलाई

- अनुसन्धान अघि नबढाउने अधिकृतहरूलाई दण्डित गरिनु पर्छ।

- पर्यवेक्षण गर्ने स्वतन्त्र निकायको निर्माण गर्नुको अतिरिक्त नेपाली सेना विरुद्धका सबै घटनाहरूको छानबिन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयको मातहत रहने गरी वरिष्ठ तहका अनुसन्धानकर्ताहरूको विशेष एकाई गठन गरिनु पर्छ।

## नेकपा (माओवादी) लाई

- शङ्कास्पद व्यक्तिहरू तथा सान्दर्भिक दस्तावेजहरूमा पहुँच प्राप्त गर्न प्रहरीद्वारा गरिने अनुरोधलाई स्वीकार गर्ने लगायतका कार्य गरी विगतमा भएका मानवअधिकार तथा मानवीय कानूनको उल्लङ्घसम्बन्धी कार्यहरूको अनुसन्धान प्रक्रियामा प्रहरीलाई पूर्णरूपले सहयोग गर्नु पर्छ।
- द्वन्द्वकालमा गरिएका अपराधहरूप्रतिको जवाफदेहीतालाई नयाँ सरकारको प्राथमिकता बनाइनु पर्छ।

## भारत, चीन, संयुक्तराज्य अमेरिका, युरोपेली सङ्घ, जापान तथा अन्य प्रभावशाली अन्तर्राष्ट्रिय पात्रहरूलाई

- राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय-नेपालको कार्यमा सहयोग जारी राख्नु पर्दछ र दण्डहीनताको अन्त्य गर्न तथा फौज्दारी न्याय प्रणालीमा सुधार गर्न यस कार्यालयले सरकारको कामकाजमा सहयोग पुऱ्याउन सक्ने कुरालाई सुनिश्चित गर्न पर्याप्त आर्थिक सहायता उपलब्ध गराउनु पर्छ।
- सुरक्षा क्षेत्रको सुधारलाई बढावा दिनु पर्छ जसअन्तर्गत सुरक्षा फौजको प्रभावकारी पर्यवेक्षण र जवाफदेहीता सम्बन्धी संयन्त्रहरूका साथै कार्यसम्पादन रुजु गरिने कार्यविधिहरू पनि पर्दछन्।
- साक्षीको संरक्षण प्रभावकारी रूपले गर्ने निकाय स्थापना गर्न आर्थिक प्रबन्ध मिलाउनु पर्छ।
- अपराध स्थलहरूको छानबिन गर्न, डीएनएका नमूनाहरूको सङ्कलन तथा विश्लेषण गर्न र अस्त्र परीक्षण गर्नमा प्रहरीको फरेन्सिक विज्ञतामा वृद्धि गर्न आर्थिक सहयोग उपलब्ध गराउनु पर्दछ।
- सङ्क्रमणकालीन न्याय प्रदान गरिने तथा गम्भीर प्रकृतिका मानवअधिकारका अपराधमा क्षमादान नदिइने कुराको सुनिश्चितताको आधारमा आर्थिक सहयोग उपलब्ध गराउनु पर्दछ।

- समुद्रपार राष्ट्र सङ्घीय शान्ति सेनामा वा विदेशमा विशेष प्रशिक्षणका लागि पठाउन प्रस्तावित गरिने नेपाली सुरक्षाकर्मीहरूका विगतका क्रियाकलापहरू रुजु गरी हेर्ने प्रभावकारी प्रणालीलाई सुनिश्चित गर्नु पर्छ जसले गर्दा मानवअधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी छानबिनअन्तर्गत रहेको जोकोहीलाई पनि विदेश भ्रमण गर्न प्रतिबन्धित गरिने कुरालाई सुनिश्चित गर्न सकियोस् ।

# ७. हार्दिक आभार

यो प्रतिवेदन ह्युमन राइट्स वाचका दक्षिण एसिया खोजकर्ता चारु लता हग, इन्ग्रीड मसाज र एड्भोकेसी फोरम-नेपालकी कार्यकारी निर्देशक मन्दिरा शर्माद्वारा खोज अनुसन्धान गरी लेखिएको हो । प्रतिवेदनको सम्पादन ह्युमन राइट्स वाचका एसिया उप-निर्देशक एलेन पियर्सन, वरिष्ठ कानूनी सल्लाहकार क्लिभ बाल्डविन र कार्यक्रम कार्यालयका उप-निर्देशक जोसेफ सन्डर्सले गर्नु भएको हो ।

प्रतिवेदन तयार गर्नमा ह्युमन राइट्स वाचको एसिया विभागका वरिष्ठ सदस्यहरू डोमिनिक चेमलेस तथा एण्ड्री कटम, प्रकाशन विज्ञ ग्रेस चोई, अनलाइन सम्पादक जिम मर्फी, फोटोग्राफी विज्ञहरू भेरोनिका मातुसाज र अन्ना लोप्रिओर तथा उत्पादन व्यवस्थापक फिट्जरोई हेप्किन्सले सहयोग पुऱ्याउनु भएको छ । प्रतिवेदनको तयारीमा एसियाका इन्टर्न बेन एडीले समेत सहयोग पऱ्याउनु भएको छ ।

यो प्रतिवेदन तयार गर्नमा सहयोग, विश्लेषण वा सूचना उपलब्ध गराउनु हुने सम्पुर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद । आफ्ना अनुभव हामीसँग साट्नुहुने पीडित परिवारहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । यसरी आफ्ना अनुभव साट्ने पीडित परिवारका कैयौं सदस्यहरूले प्रतिशोधको डरले गर्दा नाम उल्लेख नगर्न अनुरोध गर्नु भएकाले उहाँहरूको नाम यस प्रतिवेदनमा उल्लेख गरिएको छैन ।

मौलिक रूपमा अंग्रेजीमा लेखिएको यो प्रतिवेदनलाई खगेन्द्र संग्रौला, कृष्ण चन्द्र शर्मा, डिल्लीराम न्यौपाने, कमल पाठक, कोपिला अधिकारी र देवराज लिम्बुले नेपालीमा अनुवाद गर्नुभएको हो । यसको शुद्धाशुद्धि तथा ले-आउट डिजाइन किशोर प्रधानले गर्नु भएको हो । उहाँहरू सबैप्रति गुणग्राही छौं ।

# परिशिष्ट : जिल्लाद्वारा कारवाही हुन बाँकी रहेका ६२ मानवअधिकार उल्लङ्घनसम्बन्धी मुद्दाहरु

यस परिशिष्टमा मानवअधिकारको गम्भीर उल्लङ्घनका शिकार बनेका व्यक्तिहरूका ६२ ओटा मुद्दाहरू समाविस्ट छन्, जसमध्ये ४९ ओटा मुद्दाको जाहेरी दर्खास्तमाथि कारवाही अघि बढाउन अझै बाँकी छ ।

यहाँ प्रस्तुत प्रत्येक मुद्दामा "जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकाय" को रूपमा मानवअधिकारको गम्भीर उल्लङ्घनका बखत सम्बन्धित प्रहरी कार्यालय वा सैन्य क्याम्पमा आदेश दिने ओहदामा रहेका अधिकारीहरूको नाम उल्लेख गरिएको छ जसलाई ती आरोपित गम्भीर उल्लङ्घनका घटनाको अनुसन्धानका सिलसिलामा सोधपुछ गरिनु पर्छ । केही मुद्दामा भने साक्षीहरूले घटना घटाउन प्रमुख भूमिका खेलेको भनी अन्य व्यक्तिहरूको नाम पनि लिएका छन् । सुरक्षा बलका व्यक्ति (जस्तै कमाण्डर) भन्नाले घटना घट्दाका बखत बहाल रहेका सुरक्षा बलका व्यक्तिलाई बुझ्नुपर्दछ । यस प्रतिवेदनमा प्रस्तुत जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकायको सूचीमा अरू पनि थपिन सक्छन् ।

## बाग्लुङ जिल्ला

### मुद्दा नं. १

| | | |
|---|---|---|
| नाम | : | राजु विक |
| घटना मिति | : | मार्च १, २००२ |
| उमेर | : | २९ वर्ष |
| ठेगाना | : | बाग्लुङ नगरपालिका, वडा नं. १०, बाग्लुङ जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकाय***

१. कालिदल बटालियन, बाग्लुङ ब्यारेक

२. मेजर चन्द्रबहादुर पुन, कालिदल बटालियन कमाण्डर, बाग्लुङ ब्यारेक
३. कालिदल बटालियनबाट घटनास्थलमा खटिएका अन्य सैनिक जवानहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** मार्च १, २००२ मा बाग्लुङ नगरपालिका-११ मा अवस्थित आफ्नै बुबाको घरबाट हातहतियार बोकी सैन्य पोशाकमा आएका ८/९ जनाको सैन्य समूहले राजु विकलाई पक्राउ गरे । उनीहरूले पक्राउ पुर्जी नदिई निजलाई माओवादी नेता भएको शङ्काको आधारमा पक्राउ गरिएको बताए । राजु विक पक्राउ परे लगतै निजलाई त्यहाँ राखिएको छ कि भनी बुझ्न निजका परिवार बारम्बार जिल्लाको एकमात्र सैन्य ब्यारेक बाग्लुङ ब्यारेक पुगे । तर परिवारका कुनै पनि सदस्यलाई ब्यारेक कमाण्डरलाई भेट्न दिइएन । मार्च २ मा ब्यारेकमा भेट्न जाँदा गेटमा तैनाथ सैन्य अधिकारीले राजु विक त्यहाँ नभएको जानकारी दिए । साथै राजु विकका भाइ अर्जुन विकलाई आइन्दा त्यहाँ नआउन चेतावनी समेत दिए । मार्च ३ मा निजकी आमासमेत परिवारका अन्य सदस्यहरू राजुलाई भेट्न भनी जाँदा बाग्लुङ ब्यारेकको गेटमा तैनाथ सैन्य अधिकारीले निज राजु विकलाई थुनामा राखिएको, निजका बारेमा अनुसन्धान भइरहेको र निज सुरक्षित अवस्थामा रहेको जानकारी गराएका थिए ।

मार्च ४ को बिहान अन्दाजी ७:३० बजे तिर सैन्य पोशाक लगाएका नाम वतन थाहा नभएका एक सैनिक घरमा आई राजु विकलाई भेट्न बाग्लुङ जिल्ला प्रहरी कार्यालय जान भने । सोही दिन राजु विकका परिवार बाग्लुङ जिल्ला प्रहरी कार्यालय जाँदा निजले भाग्ने प्रयास गर्दा सेनाद्वारा गोली प्रहार गरी राजु विकको हत्या गरियो भनी प्रहरीले बताए । पीडित राजुका बुबालाई कागजमा हस्ताक्षर गर्न लगाइयो, तर सो कागज पढ्न भने दिइएन । त्यसपछि एक प्रहरीले राजुका बुबालाई शव राखिएको बाग्लुङ अस्पतालमा लगे । शव हेरे पछि राजुलाई छातीको बाँया भागमा २ गोली प्रहार गरिएको थाहा भयो । पीडितको घाँटी र निधारमा चोट लागेको तथा मुखमा रगत निस्की सुकेको थियो । परिवारले अस्पतालबाट शव बुझी सेना र प्रहरीको उल्लेख्य उपस्थितिमा दाहसंस्कार गरे ।

सेनाले परिवारजनलाई जति सक्दो चाँडो दाहसंस्कार गर्न दबाब दियो । पीडित राजुका बुबाले यस घटना सम्बन्धमा उजुरी गरी क्षतिपूर्तिको माग गरे । क्षतिपूर्ति माग गर्दै घटना लगत्तै उनी विभिन्न मितिमा बाग्लुङ जिल्ला प्रहरी कार्यालय, बाग्लुङ जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रधानमन्त्री कार्यालय, तथा राजा समक्ष गए । तैपनि कहीँकतैबाट कुनै जाँच अनुसन्धान सुरु भएन । २००७ मार्चको मध्य तिर पीडितका परिवारले प्रहरीमा उजुरी दर्ता गराए लगत्तै राष्ट्रिय मानवअधिकार आयोगमा समेत उजुरी दर्ता गरे । यद्यपि आयोगले २००८ को अगस्टसम्म पनि अनुसन्धान सम्पन्न गरेको छैन ।

**औपचारिक कारवाही :** मार्च १८, २००७ मा बाग्लुङ जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्खास्त दर्ता गरिएको थियो, तर २००८ को अगस्टसम्म पनि उक्त मुद्दामा प्रहरीले कुनै अनुसन्धान अघि बढाएको छैन । बाग्लुङ अस्पतालमा पोस्ट मोर्टम गरिएको कुरा एड्भोकेसी फोरमलाई जानकारी दिइयो, तर धेरै अनुरोधका बाबजुद पनि पीडितका परिवारलाई उक्त रिपोर्ट हेर्न भने दिइएन ।

***मुद्दा नं. २ र ३***

| | | |
|---|---|---|
| नाम | : | गंगा गौचन र पहलबिर विक "पहल सिंह" |
| घटनाको मिति | : | जुलाई ११, २००४ |
| उमेर | : | क्रमशः ३२ र २९ वर्ष |
| ठेगाना | : | तारा गाविस, वडा नं. ९, बाग्लुङ जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

## ***जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकाय***

१. खडगदल बटालियन, बाग्लुङ जिल्ला

२. मेजर अङ्शी विष्ट, खडगदल बटालियन कमाण्डर, बाग्लुङ जिल्ला

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** जुलाई ११, २००४ मा काठको काम गर्दै आएका गंगा गौचन आफ्नो साथी पहल सिंहलाई भेट्न तारा गाविस, वडा नं. ५ सागुकोट गाउँ गए । परिवारका अनुसार गंगा दुबई जानको लागि पैसा सापट लिन भनी पहल सिंहलाई भेट्न गएका थिए । ४ जना प्रत्यक्ष्यदर्शीले दिएको विस्तृत जानकारीअनुसार, घटना घटेको दिन गंगा गौचन र पहल सिंह कुरा गर्दै बसिरहेको पसलमा मेजर अङ्शी विष्टको कमाण्डमा खडगदल बटालियनबाट खटिएको सेनाको एक जत्था आइपुगी निजहरूलाई माओवादीहरूको बारेमा सोधपुछ गर्‍यो । निजहरूले माओवादीहरूको बारेमा आफूहरूलाई केही थाहा नभएको जानकारी दिएपछि माओवादीहरूलाई लुकाएको आरोप लगाउदै सो सेनाको जत्थाले निजहरूमाथि जथाभावी कुटपिट गर्न थाल्यो । केही क्षण पछि सो जत्थाका केही सेनाहरूले निजहरूलाई २५ मिटर परसम्म घिसार्दै लगी गोली प्रहार गरे । निजहरूलाई दिउँसोको अन्दाजी ३:३० बजेतिर मारिएको प्रत्यक्षदर्शीले बताए ।

गंगा गौचनको परिवारले सरकार समक्ष छानबिनको माग राख्दै शव उठाउन इन्कार गरे । तर सुरक्षा बलले डर-त्रास देखाई तत्काल शव उठाउन आदेश दियो । पीडितद्वय गंगा गौचन र पहल सिंह कुनै पनि राजनीतिक दलमा सामेल थिएनन् ।

अगस्ट २८, २००४ मा एड्भोकेसी फोरमका प्रतिनिधिसमेत सामेल भएको स्थानीय मानवअधिकार संगठनका प्रतिनिधि मण्डलले घटनास्थलको निरीक्षण तथा प्रत्यक्षदर्शीहरूसँग सोधपुछ गरी सो घटनामा सेनाको संलग्नता रहेको ठहर गऱ्यो । अगस्ट ३१, २००४ मा दुवै पीडितका परिवारले जिल्ला प्रशासन कार्यालयमा उजुरी हाले । उनीहरूले प्रहरीमा पनि निवेदन दिई अनुसन्धान सुरु गर्न माग राखे । दुवै कार्यालयले अनुसन्धानको कारवाही अघि बढाएनन् । सेप्टेम्बर १३, २००४ मा ४०/५० जना गाउँलेहरूले घटनास्थल नजिकै गाडिएको स्थानबाट मृतकद्वय गंगा गौचन र पहल सिंहको शव निकाली करिब ४०० मिटर पर लगेर स्थानीय रीतिथिति अनुसार अन्तिमसंस्कार गरी गाडेका थिए ।

**औपचारिक कारवाही :** २००७ फेब्रुअरी १५ मा दुईओटा जाहेरी दर्खास्त दायर भएको भए पनि २००८ को अगस्ट सुरु हुँदासम्म प्रमुख जिल्ला अधिकारीलगायत कुनै पनि आधिकारिक निकायले कारवाही अगाडि बढाएका छैनन् ।

***मुद्दा नं. ४***

| | | |
|---|---|---|
| नाम | : | डिल्लीप्रसाद सापकोटा |
| घटनाको मिति | : | फेब्रुअरी ८, २००५ |
| उमेर | : | ३५ वर्ष |
| ठेगाना | : | बाग्लुङ नगरपालिका, वडा नं. २, हाडेपाखा, बाग्लुङ जिल्ला |
| अपराधको प्रकृति | : | यातनापश्चात् गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकाय***

१. मेजर शिव पौडयाल, खडगदल बटालियन कमाण्डर, बाग्लुङ ब्यारेक

२. प्रहरी निरीक्षक विनोद घिमिरे, जिल्ला प्रहरी कार्यालय, बाग्लुङ जिल्ला

३. खडगदल बटालियन, बाग्लुङ ब्यारेकका २५/३० अन्य सैन्य सदस्यहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** फेब्रुअरी ८, २००५ को बिहान सुरक्षाकर्मीहरूको ५०/६० जनाको समूहले बाग्लुङ जिल्लाको पाला गाविस वडा नं. ९ स्थित दान बिसाउला भन्ने ठाउँबाट डिल्लीप्रसाद सापकोटालाई पक्राउ गऱ्यो । उक्त सुरक्षाफौज खडगदल बटालियनका मेजर शिव पौडयाल र बाग्लुङ जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक विनोद घिमिरेको नेतृत्वमा आएको थियो । डिल्लीप्रसाद सापकोटा माओवादी पार्टीसँग आबद्ध बाग्लुङ नगरपालिका "जनसरकार" प्रमुख हुनुका साथै नेकपा (माओवादी) को जिल्ला स्तरमा विविध कार्यभार सम्हाल्दै आएका थिए । ३ जना प्रत्यक्षदर्शीका अनुसार डिल्लीप्रसाद सापकोटालाई पक्राउपश्चात् सोही दिन रुखमा बाँधेर यातना दिँदै

दिउँसोको करिब ३ बजेतिर गोली प्रहार गरिएको थियो । भोलिपल्ट पोस्ट मोर्टमको लागि बाग्लुङ जिल्ला अस्पतालमा लाश लगिएको थियो । पीडितका परिवारले सोही दिन लाश बुझी दाहसंस्कार गरेको थियो ।

दोषी माथि कारवाहीको माग गर्दै मृतकका परिवारले बाग्लङ जिल्ला प्रहरी कार्यालय तथा खडगदल बटालियनमा कैयौं पटक उजुरी हाले, तर उजुरी दर्ता गर्नुको साटो आफ्नो माग जारी राखे सुरक्षाफौजले पीडितका परिवारलाई नै मार्ने धम्की दिए । अगस्ट १५, २००५ मा डिल्लीप्रसादकी श्रीमतीले राष्ट्रिय मानवअधिकार आयोगसमक्ष उजुरी गरिन् । जुन ११, २००६ मा परिवारले आयोगबाट छानबिन सुरु भइसकेको जानकारी पाए । आयोगको निर्णय आउन अझै बाँकी छ ।

**औपचारिक कारवाही** : जुलाई २१, २००६ मा जाहेरी दर्खास्त दर्ता गर्न भनी परिवारजन बाग्लुङ जिल्ला प्रहरी कार्यालय गए । त्यहाँका प्रहरी अधिकारीहरूले जाहेरी दर्खास्त दर्ता गर्ने आश्वासन दिए, तर २००८ को अगस्टसम्म पनि उक्त जाहेरी दर्खास्त दर्ता गरिएको छैन ।

# बाँके जिल्ला

**मद्दा नं. ५ र ६**



पीडित दल बहादुर थापाकी आमा भुमिसरा थापा © 2007 Nick Hogg.

| | | |
|---|---|---|
| नाम | : | दलबहादुर थापा र पार्वती थापा |
| घटनाको मिति | : | सेप्टेम्बर १०, २००२ |
| उमेर | : | दुवै ३३ वर्ष |
| ठेगाना | : | रझेना गाविस, वडा नं. २, मदनचोक, बाँके जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

**जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकाय :**

१. मेजर अजित कुमार थापा, भिमकाली कम्पनी, चिसापानी ब्यारेक, बाँके
२. क्याप्टेन रमेश स्वार, भिमकाली कम्पनी, चिसापानी ब्यारेक, बाँके
३. सशस्त्र प्रहरी बलको कार्यालय, बागेश्वरी बटालियन, सम्शेरगञ्ज, बाँकेका कमाण्डर
४. भिमकाली बटालियन कमाण्डर

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** २००२ सेप्टेम्बर १० को बेलुका करिब ८:४० बजेतिर दलबहादुर थापाको परिवार बन्दुक पड्केको आवाजले ब्यूँझिए । उनीहरूको घरमा १५ मिनेटसम्म फायरिङ्ग भयो र उक्त घटनामा दल बहादर, निजकी श्रीमती पार्वती थापा र १० महिने छोरी दीपा घाइते भए । दलबहादुरकी आमाले घाइते छारा, बुहारी र नातिनीलाई अस्पताल लैजान तरखर गर्दा परिवाजनले फ्ल्यास लाइट बालेर ५०/६० सुरक्षाकर्मीहरू घरतर्फ आउदै गरेका देखे । ती सुरक्षाकर्मीहरूले घाइते नभएका घरका अन्य सदस्यहरूलाई घरबाट बाहिर निकाली पीडित थापाकी बहिनीमाथि मुक्का र थप्पड प्रहार गरे । त्यसपछि ती सुरक्षाकर्मीहरूले घरभित्र छिरेर दराजबाट क्यामेरा, गरगहना, र ११ हजार नगद लुटेर लगेको कुरा दलबहादुरकी आमाले बताइन् । तिनीहरूले घरभित्र बम पनि राखिदिए । घाइतेहरूलाई देखि सुरक्षाकर्मीहरू आत्तिएको, र तिनीहरूमध्ये एकजनाले वाकिटकिमार्फत "नौवस्था भन्ने ठाउँमा माओवादीहरूसँग हाम्रो भिडन्त भयो, हाम्रोतर्फ कुनै क्षति भएन, तर विद्राही तर्फ २ जना मारिए" भनी खबर गरेको दलबहादुरको परिवारले बताए ।

भोलिपल्ट बिहान ८ बजे हातहतियार सहित १२/१३ जना सुरक्षाकर्मीहरू दलबहादुर थापाको घरमा आइपुगे । तिनीहरूले घरभित्र छिरी अघिल्लो राति राखेको बम फेला पारे । यसको लगत्तै पीडितका

परिवारले रेडियो नेपालबाट "नौवस्था भन्ने ठाउँमा माओवादीहरूसँग भिडन्त हुँदा २ जना विद्राही मारिएको तथा घटनास्थलबाट घरेलु बम, भिडियो क्यामरा, र ११ हजार नगद सुरक्षाकर्मीले बरामद गरे" भन्ने समाचार सुने । भिमकाली कम्पनी तथा सशस्त्र प्रहरी कार्यालय सम्शेरगञ्जमा जाहेरी दर्ता गराउन जाँदा सरक्षाकर्मीहरूले आफूलाई मार्ने धम्की दिएको पीडितकी आमाले बताइन् । बाँके जिल्ला प्रहरी कार्यालय तथा जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरूले पनि उनलाई त्यस्तै धम्की दिए । सरकारी अधिकारीहरूले लिखित जाहेरी दर्ता गराउन अस्वीकार गरेकाले दलबहादरकी आमाले अन्त्यमा मौखिक रूपमा उजुर गरिन् ।

**औपचारिक कारवाही** : अप्रिल ३०, २००७ मा परिवारजन बाँके जिल्ला प्रहरी कार्यालय पुग्दा प्रहरीले जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरे । पीडितकी आमाले बाँके जिल्ला प्रहरी कार्यालय विरुद्ध जाहेरी दर्ता गराउन रिट आदेश जारी गराउन भनी पुनरावेदन अदालत बाँकेको ढोका ढक्ढकाइन् । जुलाई ५, २००७ मा बाँके पुनरावेदन अदालतले बाँके जिल्ला प्रहरी कार्यालयलाई जाहेरी दर्खास्त दर्ता गर्न आदेश दियो । अन्त्यमा जुलाई १५, २००७ मा बाँके जिल्लाको कोहलपुर इलाका प्रहरी कार्यालयमा जाहेरी दर्खास्त दर्ता भयो । एड्भोकेसी फोरम र संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको दबाबमा कोहलपुर इलाका प्रहरी कार्यालयले २००८ को मे महिनामा घटनाका दुई जना प्रत्यक्षदर्शीको बयान लियो । मे ५ २००८ मा कोहलपुर इलाका प्रहरी कार्यालयले दोषीहरूको पहिचान गरी यस इप्रकामा उपस्थित गराउनू भनी बाँके जिल्ला सम्शेरगञ्जस्थित सशस्त्र प्रहरीको बागेश्वरी बटालियन र भिमकाली कम्पनीको कार्यालयलाई पत्र लेख्यो । अगस्ट १३, २००७ मा पनि त्यस्तै व्यहोराको पत्र पठाइयो । यद्यपि २००८ को अगस्टसम्म यी निकायहरूले जवाफ पठाएका छैनन् ।

***मुद्दा नं. ७ र ८***

| | | |
|---|---|---|
| नाम | : | धनीराम चौधरी र जोरीलाल चौधरी |
| घटनाको मिति | : | सेप्टेम्बर २९, २००४ |
| उमेर | : | क्रमश ३३ र ३० वर्ष |
| ठेगाना | : | बैजपुर गाविस, वडा नं. २, बेलापुर, बाँके जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकाय :***

१. सुरक्षा आधार शिविर, कुसुम, बाँकेका प्रमुख
२. प्रहरी निरीक्षक अर्जुन धरेल, सुरक्षा आधार शिविर, कुसुम, बाँके
३. सशस्त्र प्रहरी कार्यालय, बागेश्वरी बटालियन, सम्शेरगञ्ज, बाँकेका प्रमुख

४. घटनास्थलमा गोली चलाउने "सरदार" थरका सुरक्षाकर्मी
५. सुरक्षादलका कमाण्डर

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** सेप्टेम्बर २९, २००४ का दिन दिउँसो करिब १२:५० बजे तिर बागेश्वरी बटालियन र सुरक्षा आधार शिविरबाट संयुक्त रूपमा खटिएका लगभग २०० जना सरक्षाकर्मीको टोलीले खास्कुस्मा गाविस वडा नं. ४ स्थित प्रेमनगर गाउँ घेराबन्दी गरी आधा घण्टा जति गाउँ भरी जतातततै गोली चलायो । सुरक्षाकर्मीहरू सो क्षेत्रमा माओवादीहरूलाई पिछा गर्दै हिँडेका थिए, र यसैक्रममा उनीहरूले गाउँ खानतलासी गरी गाउँलेहरूलाई पक्राउ गर्न सुरु गरे । उनीहरूसँग पक्राउ पुर्जी भने थिएन । करिब १ बजेतिर उनीहरूले साहू दिलाराम डाँगीको खेतमा काम गरिरहेका धनीराम थारू र जोरीलाल थारू नामका दाजुभाइलाई पक्राउ गरे । पक्राउपश्चात् सोधपुछ गर्दै दुवै दाजुभाइलाई ती सुरक्षाकर्मीहरूले गोली हानी हत्या गरे । घटनाका एक प्रत्यक्षदर्शीका अनुसार गोली हान्ने क्रममा एक सुरक्षाकर्मीले सँगैको अर्को सुरक्षाकर्मीलाई "सरदार" भनी बोलाएको थियो । उक्त खानतलासी गोलीकाण्ड पछि सुरक्षाकर्मीहरूले धनीराम थारू र जोरीलाल थारू सहितको पाँचओटा शव बोकर नेपालगञ्ज-बुटवल राजमार्ग हुँदै गाउँबाट करिब ५०० मिटर पर रहेको टहरोमा लगेका थिए, जहाँ आधार शिविर रहेको थियो ।

पीडितद्वयका श्रीमतीहरू गाउँलेहरूका साथ आफ्ना श्रीमान्का शव बुझ्न कुसुमस्थित सैन्य आधार शिविर जाँदा त्यहाँ रहेका सुरक्षाकर्मीले धम्की दिइ फर्काए । निज श्रीमतीहरूले आफ्ना श्रीमान्का शव सहित त्यहाँ सातओटा लाश देखेको बताए, जसमध्ये तीनओटा महिलाको शव थियो । सेनाले पीडित परिवारलाई शव दिन इन्कार गऱ्यो । त्यसपछि पीडितद्वयका श्रीमतीहरू सो घटनाको उजुरी गर्न पटकपटक सशस्त्र प्रहरी बागेश्वरी बटालियन तथा कुसुम सुरक्षा आधार शिविरमा धाए । सुरक्षा अधिकारीहरूले उनीहरूलाई अब उप्रान्त यहाँ नआउनू भनी धम्क्याए । बाँके जिल्ला प्रहरी कार्यालय तथा प्रमुख जिल्ला अधिकारीको कार्यालयमा बारम्बार उजुरीका लागि धाउँदा त्यहाँका कर्मचारीले पनि उनीहरूको बेवास्ता गरे । यस घटनाका सम्बन्धमा मानवअधिकार आयोगले आफ्नै पहलमा छानबिन सुरु गऱ्यो, तर २००८ को अगस्टसम्म सो छानबिन सम्पन्न भइसकेको छैन ।

**औपचारिक कारवाही** : अक्टोबर ५, २००७ मा जाहेरी दर्खास्त दर्ता गर्न एड्भोकेसी फोरमका वकिलहरू र ओएचसिएचआर-नेपालका प्रतिनिधिहरूका साथ पीडितद्वयका परिवार बाँके जिल्ला प्रहरी कार्यालयमा गए । प्रहरी उपरीक्षक उत्तम कार्कीले यस्तो घटनाको छानबिन प्रहरीले होइन सत्य निरूपण तथा मेलमिलाप आयोगले गर्नेछ भनी जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरे । पीडितद्वयका परिवारले बारम्बार जिल्ला प्रहरी कार्यालय धाए पछि भने प्रउ कार्कीले उक्त घटनाबारे अन्य सरकारी

निकायसँग छलफल गर्न आवश्यक रहेको बताए। अन्ततः अक्टोबर २९, २००७ मा कोहलपुर ईलाका प्रहरी कार्यालयले जाहेरी दर्खास्त दर्ता गऱ्यो।

एड्भोकेसी फोरम र संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको दबाब पछि मे ५, २००८ मा कोहलपुर इलाका प्रहरी कार्यालयले घटनाका प्रत्यक्षदर्शीको पहिचान गरी यस इप्रकामा उपस्थित गराई अनुसन्धानको प्रक्रियामा सघाउ पुऱ्याउन भनी सुरक्षा आधार शिविर, कुसुम, बाँके र बागेश्वरी बटालियन सम्शेरगञ्ज, बाँकेलाई पत्र लेख्यो। तथापि, २००८ को अगस्टसम्म यी निकायहरूले जवाफ पठाएका छैनन्।

## बर्दिया जिल्ला

**मुद्दा नं. ९**

| | | |
|---|---|---|
| नाम | : | केशर बहादुर बस्नेत |
| घटनाको मिति | : | मार्च ११, २००२ |
| उमेर | : | २९ वर्ष |
| ठेगाना | : | न्याउलापुर गाविस, वडा नं. ४, बर्दिया जिल्ला |
| अपराधको प्रकृति | : | जबर्जस्ती बेपत्ता तथा गैरन्यायीक हत्या |

**जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकाय ः**

१. बरखादल बटालियन, ठाकुरद्वारा आर्मी ब्यारेकका कमाण्डर मेजर लावा रायमाझी
२. घटनास्थलमा खटिएका नेपाली सेना तथा अन्य सुरक्षाकर्मीहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** मार्च ११, २००२ को दिउँसो करिब ४ बजे स्थानीय स्वास्थ्यकेन्द्रका लेखापाल केशर बहादुर बस्नेतलाई नेपाली सेनाले बाँके जिल्लाको भुरीगाउँ स्थित निज कार्यरत कार्यालयबाटै पक्राउ गऱ्यो । केशर बहादुरका दाइ दिप बहादुर बस्नेत र अन्य प्रत्यक्षदर्शीका अनुसार केशर बहादुरलाई सेनाको गाडीमा राखी ठाकुरद्वारा आर्मी ब्यारेक लगियो । सेनाले पक्राउका बखत केशर बहादुरलाई नाक, मुख, खुट्टा लगायतका अङ्गमा चिरपटले हिर्काएको भनी प्रत्यक्षदर्शीले एड्भोकेसी फोरमलाई बताए । भोलिपल्ट केशर बहादुर र निजका दाजु दिप बहादुर बस्नेत दुवै कार्यरत स्वास्थ्यकेन्द्रमा थुप्रै सुरक्षाकर्मीका साथ आई मेजर लावा रायमाझीले केशर बहादुरलाई केही नहुने आश्वासन दिए । त्यसपछि केशर बहादुरका परिवारजन कैयौं पटक ठाकुरद्वारा आर्मी ब्यारेक धाए । सुरक्षा अधिकारीहरूले केशर बहादुरलाई त्यहाँ थुनिएको स्वीकारे पनि परिवारसँग भने भेटाएन ।

केशर बहादुर र अर्को एक जनालाई लाई अप्रिल ७, २००२ मा ठाकुरद्वारा आर्मी ब्यारेकबाट गुलरिया ब्यारेक ल्याइएको कुरा गुलरिया ब्यारेकमा थुनामा रहेका एक बन्दीले परिवारलाई बताए । निजका अनुसार अप्रिल १६, २००२ को बिहान करिब ८ बजेतिर ७–८ जना सेना आई केशर बहादुरलाई गाडीमा हालेर लगेपछि उनी देखा परेका छैनन् ।

गृह मन्त्रालयको न्यौपाने समितिले “अप्रिल ११, २००२ मा मनाउ गाविसको नर्सरी क्षेत्रमा भएको सुरक्षाकर्मी र माओवादी बीचको दोहोरो भिडन्तको क्रममा केशर बहादुर मारिएको” भन्ने प्रतिवेदन पेश गऱ्यो । सरकारले परिवारजनलाई केशर बहादुरको शवको बारेमा थप जानकारी दिएको छैन ।

**औपचारिक कारवाही :** फेब्रुअरी १४, २००७ मा एड्भोकेसी फोरमका वकिलहरू र नेपालस्थित संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रतिनिधिहरूको रोहबरमा केशर बहादुरका परिवारजनले बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी समक्ष जाहेरी दर्खास्त दायर गरे । सोही दिन केही समय अघि मात्र बर्दिया जिल्ला प्रहरी कार्यालयले जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरेको थियो । मार्च ७, २००७ मा जिल्ला प्रहरी कार्यालयले दोषी पत्ता लगाई यस कार्यालयमा उपस्थित गराउन भनी ठाकुरद्वारा आर्मी ब्यारेकलाई पत्र लेख्यो । मार्च २४, २००७ मा ठाकुरद्वारा ब्यारेकले बरखदल बटालियन कैलाली जिल्लामा स्थानान्तरण भइसकेको छ भनी जवाफ पठाएको थियो । अगस्ट ५, २००७ मा जिल्ला प्रहरी कार्यालयले बरखदल बटालियनलाई पत्र पठाई सो बटालियनबाट खटिएका सैनिकहरूले केशर बहादुर बस्नेतलाई पक्राउ गरेका थिए कि भनी सोधेको थियो । माओवादी गतिविधिसँग सम्बन्धी कुनै पनि अभिलेख बटालियनसँग नभएको तथा बटालियनका प्रमुख लव रायमाझी देशबाहिर भएको कारण जनाउँदै बरखदल बटालियनले नोभेम्बर ९, २००७ मा जिप्रकालाई पत्र लेखी केशर बहादुर बस्नेतलाई पक्राउ गरेको अभिलेख बटालियनसँग नभएको जवाफ पठाएको थियो । जिल्ला प्रहरी कार्यालयले यसपछि थप कदम चालेको छैन ।

***मुद्दा नं. १०***

| | | |
|---|---|---|
| नाम | : | भौना थारू (नागरिकतामा भौना चौधरी लेखिएको) |
| घटनाको मिति | : | मे ३०, २००२ |
| उमेर | : | २१ वर्ष |
| ठेगाना | : | न्याउलापुर गाविस, वडा नं. २, सुजनपर, बर्दिया जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |



पीडित छोरा भौना चौधरीको फोटो लिएका बुबा पूर्ण बहादुर चौधरी
© 2007 Nick Hogg.

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकाय :***

१. पर्शु कुमाल, रणशेर बटालियन, ठाकुरद्वारा आर्मी ब्यारेक, बर्दिया जिल्ला

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** मे ३०, २००२ को दिउँसो १:१५ बजे बर्दिया जिल्लाको न्याउलापुर गाविस, वडा नं. २ मा पर्ने सुजनपर गाउँको आफ्नै निवासमा भौना थारू मारिए । शङ्कास्पद माओवादीलाई लखट्दै दिउँसो करिब १ बजेतिर सेनाको एक टोली त्यहाँ आएको थियो । घटनाका प्रत्यक्षदर्शी भौना थारूका परिवारजनका अनुसार दुई जना सेनाका जवानले घरभित्र प्रवेश गरी गोली प्रहार गरी भौनाको हत्या गरे । भौनाका परिवारले ती दुई दोषी बर्दिया जिल्ला,

ठाकुरद्वारा आर्मी ब्यारेकका सुरक्षाकर्मी हुन् भनी चिन्न सफल भए । ती दुई मध्ये एक सोही गाउँमा घर भएका पर्शु कुमाल भएको परिवारजनले बताए । अर्को दोषी सेनाको नाम भने उनीहरूलाई थाहा हुन सकेन । भोलिपल्ट परिवारले नजिकैको खोलामा भौनाको दाहसंस्कार गरे । जुन १३, २००२ मा भौनाका बुबा जिल्ला प्रशासन कार्यालय गइ उजुरी गर्दा प्रजिअले "भौना माओवादी नभएको भए निजमाथि सेनाले गोली चलाउदैनथ्यो" भन्ने जवाफ दिँदै उजुरी लिन अस्वीकार गरे । परिवारले भने भौना माओवादी नभएको दाबी गरे ।

घटनाको एक महिना पछि दुई सादा पोशाकमा रहेका व्यक्ति रु १० हजार लिई भौना माओवादी भएको भन्ने पुष्टि गर्ने कागजातमा हस्ताक्षर गराउन भौनाका बुबाकहाँ आए । भौनाका बुबाले सो पैसा लिन इन्कार गरे, तर सेनाले बद्ला लिने डरले ठाकुरद्वारा आर्मी ब्यारेकमा उजुरी भने गरेनन् । बरु उनले बाँके जिल्लाको नेपालगञ्जस्थित राष्ट्रिय मानवअधिकार आयोगको क्षेत्रीय कार्यालय तथा रेडक्रसको अन्तर्राष्ट्रिय समितिको क्षेत्रीय कार्यालयमा अक्टोबर २४, २००५ मा सो घटनाका बारे उजुरी गरे ।

**औपचारिक कारवाही :** जुलाई २४, २००६ मा एड्भोकेसी फोरमका वकिलहरू र ओएचसिएचआर-नेपालका प्रतिनिधिहरूको रोहबरमा जिल्ला प्रहरी कार्यालयले जाहेरी दर्खास्त दर्ता गर्‍यो । सोही दिन केही समय अघिमात्र जिल्ला प्रहरी कार्यालयले जाहरी दर्खास्त दर्ता गर्न अस्वीकार गरेको थियो । प्रमुख जिल्ला अधिकारी र सरकारी वकिलहरूलाई भेटेपछि भने प्रजिअले जिल्ला प्रहरी कार्यालयलाई जाहेरी दर्खास्त दर्ता गर्न आदेश दिएका थिए । जिल्ला प्रहरी कार्यालयले दोषी पत्ता लगाई जिप्रकामा उपस्थित गराउनु भनी ठाकुरद्वारा आर्मी ब्यारेकलाई दुईओटा पत्र लेख्यो । ब्यारेकले जिप्रकाले मागेको विवरण सामेल नगरी जवाफ पठाएको थियो । नोभेम्बर १९, २००६ मा जिप्रका बर्दियाले दोषीहरूको विवरण पठाउन अनुरोध गर्दै ठाकुरद्वारा आर्मी ब्यारेकलाई फेरि अर्को पत्र लेख्यो । २००८ को अगस्टसम्म ब्यारेकले जिप्रकामा जवाफ पठाएको छैन ।

# डडेल्धुरा जिल्ला

**मुद्दा नं. ११ र १२**

| | | |
|---|---|---|
| नाम | : | नर बहादुर बुढामगर र रतन बहादुर बुढामगर |
| घटनाको मिति | : | अगस्ट १७, २००४ |
| उमेर | : | क्रमश ४० र ३२ वर्ष |
| ठेगाना | : | जोगमुढा गाविस, वडा नं. ४, गजलीडाँडा, डडेल्धुरा जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकाय :***

१. सूर्यदल बटालियनका सैन्य सदस्यहरू, भगतपुर आर्मी ब्यारेक, महेन्द्रनगर, कञ्चनपुर
२. सूर्यदल बटालियनका बटालियन कमाण्डर
३. घटनास्थलमा खटिएका सैन्य अधिकारीहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** अगस्ट १७, २००४ को बिहान ७ बजेतिर सूर्यदल बटालियनबाट खटिएका १५० जना जतिको सैन्य जत्थाले नर बहादुर बुढामगर र उनका भाइ रतन बहादुर बुढामगरको घर घेराउ गरी निजहरूलाई पक्राउ गरे। दुई जना सिपाहीले रतन बहादुरकी श्रीमती मधुदेवीलाई घर छेउको गाईगोठमा लगि पटकपटक बलात्कार गरे, जसको कारण मधुदेवीले मानसिक सन्तुलन गुमाइन्। प्रत्यक्षदर्शीले भनेअनुसार नर बहादुर र रतन बहादुरलाई ती सुरक्षाकर्मीले गाउँ घुमाई कञ्चनपुर जिल्लाको सुधा गाविस, वडा नं. ४ मा लगी दुवै दाजुभाइलाई अन्दाजी ४ बजेतिर गोली हानियो।

टिकाराम गिरी र पिरिमा देवी नाथ लगायतका गाउँलेहरू गोली हानेको आवाज सुनी घटनास्थल गए। उनीहरूका अनुसार नर बहादुरलाई घाँटीमा र रतन बहादुरलाई छाती र खुट्टामा गोली प्रहार गरिएको थियो। पछि उनिहरूले नै पीडितद्वयका आफन्तजनलाई घटनास्थलसम्म बाटो देखाए। पीडक सेनाहरू प्रतिशोधमा उत्रन सक्ने डरले आफन्तहरूले पीडितद्वयका शव घटनास्थलमै पुरे।

उक्त सेनाको जत्थाले नर बहादुर र रतन बहादुरका कान्छा भाइ मन बहादुर बुढामगरलाई पनि सोही दिन पक्राउ गरी सूर्यदल बटालियन, भगतपुर लगेको थियो। प्रमुख जिल्ला अधिकारीको आदेशअनुसार मन बहादुरलाई १७ दिन पछि छाडिएको थियो। उनले ब्यारेकमा थुनुवा रहँदा आफूलाई चरम यातना दिइएको बताए। रिहा हुनुभन्दा पहिले सेनाले भाउजु बलात्कार गरेको कुरा साँचो होइन भन्ने व्यहोराको कागजमा हस्ताक्षर गर्न लगाएको थियो।

घटनाको करिब एक वर्ष पछि पीडित परिवार सो गैरन्यायीक हत्या र बलात्कार विरुद्ध उजुरी गर्न कञ्चनपुर जिल्ला प्रहरी कार्यालय गए, तर जिप्रकाले उजुरी दर्ता गर्न अस्वीकार गऱ्यो । २००५ को मध्येतिर राष्ट्रिय मानवअधिकार आयोगको एक टोली गाउँ आउदा पीडितका आफन्तले सो टोली समक्ष उजुरी गरेका थिए र उक्त घटनाको अभिलेखीकरण भएको थियो । राष्ट्रिय मानवअधिकार आयोगले मुद्दा दायर गरी छानबिन अघि बढाउन लागिएको उनीहरूलाई जानकारी दियो । २००८ को अगस्टसम्म सो आयोगको कुनै निर्णय बाहिर आएको छैन । पीडितका परिवारजनलाई भने छानबिन जारी रहेको जानकारी दिइएको छ ।

**औपचारिक कारवाही** : फेब्रुअरी ११, २००७ मा पीडितद्वयका परिवार सो घटनाका बारेमा दुईओटा छुट्टाछुट्टै जाहेरी दर्खास्त दर्ता गर्न जिल्ला प्रहरी कार्यालय पुग्यो । जबर्जस्ती करणीसम्बन्धी मुद्दा दायर गर्ने हदम्याद ३५ दिन तोकिएको, र सो म्याद नाघिसकेको हुनाले मधुमतीको बलात्कार विरुद्ध भने जाहेरी दर्खास्त दिएनन् । तर जिप्रकाले जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गऱ्यो । त्यसपछि परिवारले प्रमुख जिल्ला अधिकारीलाई भेटि जिप्रकालाई जाहरी दर्खास्त दर्ता गर्न आदेश दिन आग्रह गरे । तर प्रजिअले सो आग्रहलाई अस्वीकार गर्दै फेब्रुअरी १३ मा आउन भने । दोश्रो प्रयासमा पनि प्रजिअले उजुरी दर्ता गर्न स्वीकार गरेनन् । प्रजिअ र जिप्रका दुवैले एड्भोकेसी फोरमका वकिलहरू र पीडितद्वयका परिवारका सदस्यहरूलाई दुःख मात्र दिए । सबै निकायले जाहरी दर्खास्त दर्ता गर्न अस्वीकार गरेपछि उनीहरूले जाहेरी दर्खास्त दर्ता गराइपाऊँ भनी फेब्रुअरी २२ मा महेन्द्रनगर पुनरावेदन अदालत, कञ्चनपुरमा परमादेश माग गर्दै रिट निवेदन दिए । अप्रिल ९, २००७ मा पुनरावेदन अदालतले जिप्रकालाई जाहेरी दर्खास्त दर्ता गर्न आदेश दियो । यद्यपि सो "मुद्दा राजनीतिक भएकोले राजनीतिक रूपले नै समाधान गरिनु पर्छ" भनी जिप्रकाले जाहेरी दर्खास्त दर्ता गर्न फेरि पनि अस्वीकार गऱ्यो । त्यसपछि जाहेरी दर्खास्त दर्ता नगर्नुको कारण जान्न एड्भोकेसी फोरमले जिप्रका कञ्चनपुरलाई फोन गऱ्यो । अदालतको अवहेलनासम्बन्धी मुद्दा अघि बढाउने बताएपछि बल्ल जुन १८, २००७ मा जिप्रकाले जाहेरी दर्खास्त दर्ता गऱ्यो । २००८ को अगस्टसम्म सो मुद्दामा केही प्रगति भएको थाहा हुन आएको छैन ।

प्रहरीले कुनै छानबिन अघि नबढाए पछि एड्भोकेसी फोरमले जुन ५, २००८ मा पुनरावेदन अदालत, कञ्चनपुरमा अदालतको अवहेलना र परमादेश रिट निवेदन दायर गरेको थियो । यस लेखन कार्य हुँदासम्म यो मुद्दा अदालतमा विचाराधीन अवस्थामै छ, र यसको पेशी सेप्टेम्बर ९, २००८ मा तोकिएको छ ।

**मुद्दा नं. १३**

| | | |
|---|---|---|
| नाम | : | जयलाल धामी |
| घटनाको मिति | : | फेब्रुअरी १२, २००५ |
| उमेर | : | ३३ वर्ष |
| ठेगाना | : | जोगबुढा गाविस, वडा नं. ४, पिपलबाट, डडेल्धुरा जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकाय :***

१. सूर्यदल बटालियनका सैन्य सदस्यहरू, भगतपुर आर्मी ब्यारेक, महेन्द्रनगर, कञ्चनपुर
२. मेजर राजिव शाह, कमाण्डर, सूर्यदल बटालियन
३. घटनास्थलमा खटिएका संयुक्त सुरक्षाकर्मीको टोली

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** फेब्रुअरी १२, २००५ मा महेन्द्रनगर जान भनी जयलाल धामी एकाबिहानै घरबाट निस्किए । त्यहाँ आफन्तको घरमा एकछिन बसेर उनी घरतिर फर्किए । तर उनी घरमा पुगेनन् । त्यस दिन राति रेडियोले पुतलीबजारमा भएको दोहोरो भिडन्तमा सुरक्षाफौजद्वारा केही "आतंककारी" मारिए भन्ने समाचार प्रसारण गऱ्यो । भोलिपल्ट जयलाल धामीका काका धोज धामी आतंककारीसँग गोली हानाहान भएको बताइएको ठाउँ गए । उनलाई ४ जना आतंककारी पुरिएको ठाउँमा लगियो । सरक्षाफौजले ती ४ जनालाई मारेपछि आफूहरूलाई खाडल खन्न लगाएको गाउँलेहरूले बताए । उनीहरूका अनुसार ती ४ मध्ये ३ जनालाई सेनाले त्यस दिन दिउँसो माओवादीको नारा लेखिएको पोस्टर टाँग्दै गर्दा पक्राउ गरेको र घटनास्थलमा ल्याई गोली हानी हत्या गरेको थियो । "दोहोरो भिडन्त" त बहाना मात्रै हो, गाउँलेहरूले बताए ।

जयलाल धामीलाई फेला पार्न नसकेपछि काका धोज धामीले चौथो पीडित जयलाल भएको अड्कल गर । भगतपुर आर्मी ब्यारेक पुगेर मेजर राजिव शाहलाई भेटी उनले सो घटनाका बारेमा छानबिन गर्न अनुरोध गरे । त्यसबेला मेजर राजिव शाहले जयलाल नामक एक निर्दोष पनि "उक्त गोलीकाण्डमा मारिएको" भन्ने जानकारी दिएका थिए । यसभन्दा बढी अरू केही थप जानकारी दिइएन । फेब्रुअरी १४, २००५ मा जयलालको परिवार मुद्दा दायर गराउन जिल्ला प्रहरी कार्यालय गए, तर जिप्रकाले साथ दिएन । त्यसपछि परिवार प्रजिअ ध्रुब राज वाग्लेलाई भेट्न गए । प्रजिअबाट पनि कहीँकसैलाई मुद्दा दायर गर्ने आदेश भएन ।

**औपचारिक कारवाही** : सेप्टेम्बर १०, २००७ मा प्रहरीले जाहरी दर्खास्त दर्ता गऱ्यो । २००८ को अगस्टसम्म सो जाहेरी दर्खास्त माथि कुनै कारवाही भएको छैन ।

## धादिङ जिल्ला

***मुद्दा नं. १४***



पीडित सरला सापकोटाको बुबा भक्त बहादुर सापकोटा
© 2007 Nick Hogg.

| | | |
|---|---|---|
| नाम | : | सरला सापकोटा |
| घटनाको मिति | : | जुलाई १५, २००४ |
| उमेर | : | १५ वर्ष |
| ठेगाना | : | जिवनपुर गाविस, वडा नं. १, छापागाउँ, धादिङ जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकाय ः***

१. धादिङ जिल्लामा रहेको श्री ६ नं. ब्रिगेड मुख्यालय, बैरेनी ब्यारेकबाट मेजरको नेतृत्वमा खटिएको एक गस्ती टोली

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** जुलाई १५, २००४ को बिहान करिब ११ बजे तिर हातहतियार सहित आएको १२ जना सम्मिलित सेनाको समूहले सरला सापकोटालाई हजुरबुबाको घरबाट पक्राउ गऱ्यो । सरलालाई पक्राउ गर्दा सेनाले पक्राउ गर्नु पर्ने कुनै कारण नबताएको प्रत्यक्षदर्शी सरलाको परिवारले बताए । सरला पक्राउ परेपछि उनको अवस्थाबारे बुझ्न सरलाको परिवार बैरेनी ब्यारेक तथा जिप्रका धादिङ धाए, तर त्यहाँका सबै कर्मचारीहरूले सरलालाई पक्राउ नगरिएको बताए । जुलाई २६, २००४ मा सरलाका बुबाले राष्ट्रिय मानवअधिकार आयोग समक्ष आफ्नी छोरीलाई बेपत्ता पारिएको बारे छानबिन गर्न निवेदन दिए । त्यसपछि करिब १६ महिनासम्म कहीँकसैबाट परिवारजनलाई सरलाको बारेमा कुनै जानकारी प्राप्त भएन । जनवरी ११, २००६ मा फरेन्सिक विशेषज्ञसमेत सामेल भएको राष्ट्रिय मानवअधिकार आयोगको एक टोली आई सरलाको गाउँ नजिकैको स्थानमा गाडिएको ठाउँबाट सरलाको लाश झिक्यो । सरलाका बुबाले लाशले लगाएको कपडा र चप्पल सरलाकै हो भनी पहिचान गरे । हाल राष्ट्रिय मानवअधिकार आयोगको छानबिन जारी छ । राष्ट्रिय मानवअधिकार आयोग लाशको अवशेषको डिएनए परीक्षणको प्रतिवेदनको प्रतिक्षामा छ ।

**औपचारिक कारवाही** : जुन २८, २००६ मा प्रहरीले जाहेरी दखार्स्त दर्ता गऱ्यो, तर गम्भीर छानबिन भने गरेन । नोभेम्बर २, २००७ मा सरलाका बुबा भक्त बहादुर सापकोटाले धादिङ जिप्रका र जिल्ला सरकारी वकिलहरूलाई छानबिन अघि बढाउन आदेश जारी गरी पाऊँ भनी सर्वोच्च अदालतमा निवेदन दिए । २००८ को अगस्टसम्म सो निवेदन सर्वोच्च अदालतमा विचाराधीन अवस्थामै रहेको छ ।

## धनुषा जिल्ला

**मुद्दा नं. १५, १६, १७, १८ र १९**

| | | |
|---|---|---|
| नाम | : | सञ्जिव कुमार कर्ण, दुर्गेश कुमार लव,<br>जितेन्द्र झा, शैलेन्द्र यादव र प्रमोद नारायण मण्डल |
| घटनाको मिति | : | अक्टोबर ८, २००३ |
| उमेर | : | क्रमशः २४, २३, १९, २२ र २४ वर्ष |
| ठेगाना | : | जनकपर नगरपालिका, वडा नं. १०, धनुषा जिल्ला |
| अपराधको प्रकृति | : | जबर्जस्ती बेपत्ता |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकाय :***

१. प्रहरी वरिष्ठ उपरीक्षक डा. चुडा बहादर श्रेष्ठ, क्षेत्रीय प्रहरी कार्यालय, जनकपुर
२. प्रमुख जिल्ला अधिकारी रेवती राज काफ्ले, धनुषा जिल्ला
३. प्रहरी उपरीक्षक कुबेर सिंह राणा, जिल्ला प्रहरी प्रमुख, धनुषा जिल्ला
४. मेजर अनुप अधिकारी, श्री ९ नं. बटालियन आर्मी ब्यारेक, धनुषा जिल्ला

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** अक्टोबर ८, २००३ को दिउँसो करिब १२:१० देखि २ बजे बीचमा सुरक्षाफौजले सञ्जिव कुमार कर्ण, दुर्गेश कुमार लव, जितेन्द्र झा, शैलेन्द्र यादव र प्रमोद नारायण मण्डल सहित ११ जनालाई जनकपुर नगरपालिका, वडा नं. ४ को कटइयाचौरी भन्ने ठाउँबाट पक्राउ गरी लग्यो । पक्राउपश्चात् क्षेत्रीय प्रहरी कार्यालय, जनकपुरमा लगेर प्रहरी वरिष्ठ उपरीक्षक डा. चुडा बहादुर श्रेष्ठले प्रमुख जिल्ला अधिकारी रेवती राज काफ्ले, प्रहरी उपरीक्षक कुबेर सिंह राणा र मेजर अनुप अधिकारीको उपस्थितिमा उनीहरूसँग सोधपुछ गरेका थिए । जय किशोर लवले आफ्नो छोरा लगायत पक्राउ परेका एघारै जनालाई क्षेत्रीय प्रहरी कार्यालयको कम्पाउण्डभित्र लाइनमा उभ्याइएको आफूले देखेको बताए । प्रहरीले भने उल्लिखित ११ जनालाई पक्राउ नगरिएको बतायो । पीडितहरूका परिवारले राष्ट्रिय मानवअधिकार आयोग समक्ष उजुरी गरे । यस आयोगले छानबिनको कारवाही अघि बढाइसकेको छ ।

राष्ट्रिय मानवअधिकार आयोगले जनवरी २३, २००६ मा नेपाली सेनाको मानवअधिकार एकाईबाट सञ्जिव कुमार कर्ण र उसका ४ साथीहरू अक्टोबर ८, २००३ को प्रहरी कारवाहीमा मारिएको भन्ने व्यहोरा भएको पत्र प्राप्त गऱ्यो । यद्यपि निजहरूलाई कसरी मारियो, लाशको ठिकाना कसरी लगाइयो, वा लाशका अवशेषहरू प्राप्त गर्ने अवस्था के कस्तो छ आदि सवालमा सो पत्रमा कुनै जानकारी थिएन । सो पत्र प्राप्त गरेपछि उक्त आयोगले सो घटनाको सम्बन्धमा जानकारी माग्दै प्रहरी

महानिरीक्षकलाई पत्र लेख्यो । नेपाल प्रहरी प्रधान कार्यालयबाट फेब्रुअरी २४, २००६ मा आएको पत्रमार्फत प्रहरी नायब महानिरीक्षकको संयोजकत्वमा गठित एक कार्यदलले सो घटनाका सम्बन्धमा छानबिन गरिरहेको थाहा हुन आयो । २००८ को अगस्टसम्म सो कार्यदलको प्रतिवेदन बाहिर आएको छैन ।

**औपचारिक कारवाही** : जुलाई ९, २००६ मा प्रहरीले दुईओटा जाहरी दर्खास्त दर्ता गऱ्यो । सञ्जिव कुमार कर्ण, दुर्गेश कुमार लव, जितेन्द्र झा र शैलेन्द्र यादवलाई "पक्राउपश्चात् बेपत्ता पारिएको" भन्ने सम्बन्धमा एक तथा प्रमोद नारायण मण्डललाई "पक्राउपश्चात् बेपत्ता पारिएको" भन्ने सम्बन्धमा अर्को जाहेरी दर्खास्त दर्ता गरिएको थियो । प्रहरीले भने गम्भीरताका साथ उक्त जाहेरी दर्खास्तहरूमाथि कारवाही अघि बढाएको छैन । नोभेम्बर २०, २००६ मा एड्भोकेसी फोरमले सो घटनाको छानबिन गर्न कार्यदल गठनको सम्बन्धमा धनुषा जिप्रकामा अनुगमन भ्रमण गरेको थियो । सो घटनाका सम्बन्धमा बुझ्दा प्रहरीले २००६ अक्टोबर ३० मा राष्ट्रिय मानवअधिकार आयोगलाई, २००६ अक्टोबर २५ मा नेपाल प्रहरी प्रधान कार्यालय काठमाडौं तथा प्रहरीको काठमाडौं मानवअधिकार एकाईलाई र २००६ नोभेम्बर १२ मा नेपाली सेनाको गोरख बक्स बटालियन, महोत्तरीलाई पत्र लेखी सो घटनाका बारेमा जानकारी मागिएको प्रहरीले बतायो । साथै नेपाली सेनाको गोरख बक्स बटालियन, महोत्तरीलाई पठाइएको पत्रको एक प्रति जङ्गी अड्डा काठमाडौंलाई समेत पठाइएको प्रहरीले जनायो । उपरोक्त सरोकारवाला निकायहरूबाट कुनै जानकारी नआएको धनुषा जिप्रकाले बतायो ।

जनवरी २८, २००७ मा सञ्जिव कुमारका बुबा जय किशोर लवले धनुषा जिप्रका विरुद्ध सर्वोच्चमा रिट दायर गरे । अगस्ट २१,२००७ मा सर्वोच्चले नेपाल प्रहरी प्रधान कार्यालय काठमाडौंलाई आफ्नो आन्तिरिक छानबिन समितिको प्रतिवेदन सर्वोच्चमा पेश गर्न आदेश दियो । २००८ को जनवरीसम्म नेपाल प्रहरी प्रधान कार्यालयले आफ्नो प्रतिवेदन सर्वोच्चमा पेश गरको छैन ।

जुलाई ९, २००६ मा सञ्जिव कुमार कर्ण र अन्य विद्यार्थीहरूको शव गाडिएको भनिएको ठाउँसम्म प्रहरीलाई लगिएको थियो । प्रहरीले सो ठाउँलाई चिह्नाङ्कन पनि गरेको थियो, तर २००८ को अगस्टसम्म शवोत्खनन् गर्ने कार्य भएको छैन । पीडित परिवारका अनुसार प्रहरीले उक्त चिह्नाङ्कित ठाउँलाई उचित सुरक्षा प्रदान गरेको छैन । एड्भोकेसी फोरमले जनवरी १७, २००८ मा धनुषा जिप्रका भ्रमण गर्दा सशस्त्र द्वन्द्वको क्रममा दर्ता भएका सञ्जिव कुमार कर्ण र अन्य विद्यार्थीहरूको सम्बन्धमा दर्ता भएका लगायत सम्पूर्ण जाहेरी दर्खास्तहरू प्रहरीले जम्मा पारेको तथा हाल कुनै कारवाही अघि बढेको नभए पनि ती दुई जाहेरी दर्खास्तहरू छुट्ट्याएर राखिएको त्यहाँ कार्यरत प्रहरी नायब उपरीक्षकले जानकारी दिए ।

**मुद्दा नं. २० र २१**

| | | |
|---|---|---|
| नाम | : | राम चन्द्र लाल कर्ण र मनोज कुमार दत्त |
| घटनाको मिति | : | अक्टोबर १२, २००३ |
| उमेर | : | क्रमशः ३५ र ३९ वर्ष |
| ठेगाना | : | क्रमशः नगराईन गाविस–१ र जनकपुर नगरपालिका–८, धनुषा जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या र जबर्जस्ती बेपत्ता |

**जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकाय :**

१. प्रहरी वरिष्ठ उपरीक्षक डा. चुडा बहादुर श्रेष्ठ, क्षेत्रीय प्रहरी कार्यालय, जनकपुर
२. प्रमुख जिल्ला अधिकारी रेवती राज काफ्ले, धनुषा जिल्ला
३. प्रहरी उपरीक्षक कुबेर सिंह राणा, जिल्ला प्रहरी प्रमुख, धनुषा जिल्ला
४. मेजर अनुप अधिकारी, श्री ९ नं. बटालियन आर्मी ब्यारेक, धनुषा जिल्ला
५. घटनास्थलमा खटिएका सुरक्षाअधिकारी तथा सुरक्षाकर्मीहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** अक्टोबर १२, २००३ को बिहान करिब १०:१५ बजे मनोज कुमारको जनकपुर नगरपालिका, वडा नं. ८ स्थित घरबाट राम चन्द्र लाल कर्ण र निजका साथी मनोज कुमार दत्तलाई सादा पोसाकमा आएका २५-३० जना सुरक्षाकर्मीको समूहले पक्राउ गर्‍यो । सुरक्षाकर्मीको सो जत्थाले पक्राउ पुर्जी भने देखाएन । आफ्नो छोरा र छोराको साथीलाई सुरक्षाकर्मीले पक्राउ गरेको प्रत्यक्ष रूपमा देखेका मनोज कुमारका बुबाआमा र श्रीमतीका अनुसार मनोज कुमारलाई पक्राउका बखत् हात पिठ्यूँ पछाडि बाँधेर घोप्टो पारेर भूँईमा लडाई सुरक्षाकर्मीले लाठी, ढुङ्गा र लात्तले हानी रगतपच्छे बनाएका थिए । मनोज कुमारका परिवार र अन्य ३ प्रत्यक्षदर्शीका अनुसार पक्राउपश्चात् राम चन्द्र लाल कर्ण र मनोज कुमार दत्तलाई धनुषा जिप्रकामा लगिएको थियो । यद्यपि अक्टोबर १३, २००३ मा परिवारले धनुषा जिप्रका गई बुझ्दा त्यहाँका कर्मचारीले राम चन्द्र लाल कर्ण र मनोज कुमार दत्तलाई पक्राउ नगरिएको बताए ।

पीडितका परिवारले थुप्रै प्रहरी कार्यालयहरू धाए । उनीहरूले राष्ट्रिय मानवअधिकार आयोग, रेडक्रसको अन्तर्राष्ट्रिय समिति र मानवअधिकारसम्बन्धी राष्ट्र सङ्घीय उच्च आयुक्तको कार्यालय जस्ता विभिन्न निकायहरूसमक्ष उजुरी गरे । तर सरकारी पक्षबाट भने कुनै जवाफ पाएनन् । जुन ७, २००५ मा पीडित परिवारले राष्ट्रिय मानवअधिकार आयोगले पठाएको एक पत्र पाए, जसमा नेपाली सेनाको मानवअधिकार एकाईले अप्रिल ११, २००५ मा दिएको जानकारी सामेल थियो । सो पत्रअनुसार अक्टोबर १२, २००३ मा जनकपुरमा भएको भिडन्तमा राम चन्द्र लाल कर्ण र मनोज

कुमार दत्त मारिएका थिए । दुई मध्ये कुनै परिवारले पनि राम चन्द्र लाल कर्ण र मनोज कुमार दत्तको लाशलाई के गरियो भन्ने सम्बन्धमा केही जानकारी पाएनन् ।

**औपचारिक कारवाही** : अक्टोबर १९, २००६ मा प्रहरीले दुईओटा जाहेरी दर्खास्त दर्ता गऱ्यो । अक्टोबर २०, २००६ मा धनुषा जिप्रकाले दुईओटा जाहेरी दर्खास्त दर्ता भएको जानकारी गराउँदै सो घटनाका सम्बन्धमा प्रस्ट पार्न नेपाल प्रहरी प्रधान कार्यालय काठमाडौँसँग अनुरोध गऱ्यो । हालसालै, राम चन्द्र लाल कर्ण र मनोज कुमार दत्तको सम्बन्धमा दर्ता भएका लगायत सशस्त्र द्वन्द्वको क्रममा दर्ता भएका सम्पूर्ण जाहेरी दर्खास्तहरू प्रहरीले जम्मा पारेको, तथा कर्ण र दत्तसँग सम्बन्धित ती दुई जाहेरी दर्खास्तहरू अलग्गै राखेको तर हाल कुनै कारवाही अघि बढाइएको छैन भनी जिप्रका, धनुषाले एड्भोकेसी फोरमका वकिलहरूलाई जानकारी दियो । २००८ को अगस्टसम्म जिप्रकाले थप छानबिन अघि बढाएको छैन ।

***मुद्दा नं. २२ देखि २६ सम्म***

| | | |
|---|---|---|
| नाम | : | लप्टेन यादव, राम नाथ यादव, शत्रुघन यादव, राजगिर यादव, र राम पुकार यादव |
| घटनाको मिति | : | अक्टोबर १, २००४ |
| उमेर | : | क्रमशः २६, ४३, ३१, ३६ र ५७ वर्ष |
| ठेगाना | : | चोराकोयालपुर गाविस, वडा नं. २, धनुषा जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकाय :***

१. प्रहरी वरिष्ठ उपरीक्षक डा. चुडा बहादुर श्रेष्ठ, क्षेत्रीय प्रहरी कार्यालय, जनकपुर
२. प्रमुख जिल्ला अधिकारी, धनुषा जिल्ला
३. प्रहरी उपरीक्षक तपेन्द्रधोज हमाल, जिल्ला प्रहरी कार्यालय, धनुषा जिल्ला
४. लेफ्टिनेन्ट (उपसेनानी) आदित्य प्रताप सिंह, सहायक कमाण्डर, युनिफाइड कमाण्ड, यदुकुहा गाविस, धनुषा जिल्ला
५. प्रहरी हवल्दार श्रवण शाह, स्थायी घर महोत्तरी जिल्ला, बर्दिबास गाविस, हाल धनुषा जिप्रकामा कार्यरत
६. घटनास्थलमा खटिएका सुरक्षाअधिकारी तथा सुरक्षाकर्मीहरू
७. बुधन शाह, सत्य नारायण शाह "बिजुली", शत्रुघन यादव "पुजन", जैशी यादव, र जगदिश प्रसाद शाह "छोट्का", बाल्वाखर गाविस, वडा नं. २, धनुषा जिल्ला

८. रामयतन यादव "मञ्जिर", रामबाबु यादव, चोराकोयालपुर गाविस, वडा नं. ५, धनुषा जिल्ला

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** अक्टोबर १, २००४ को बिहान १ देखि २ बजे बीचमा सुरक्षाकर्मीको एक समूहले लप्टेन यादव, राम नाथ यादव, शत्रुघन यादव, राजगिर यादव, र राम पुकार यादवको घरभित्र घुसी निजहरूलाई पक्राउ गऱ्यो । शत्रुघन यादवलाई भने रामनाथको घरबाट पक्राउ गरियो । लप्टेनको घरमा घुसेर सुरक्षाकर्मीले उनलाई देखेपछि पिस्तोल ताकेर पक्राउ गरेको थियो । लप्टेनलाई पक्राउ गर्दा श्रवण शाह सहित १०-१५ जना सुरक्षाकर्मी लप्टेनको घर आई भित्र छिरेर खानतलासी सुरु गरेका थिए ।

सुरक्षाकर्मीहरूले परिवारलाई प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक र प्रमुख जिल्ला अधिकारीको आदेशअनुसार ती ५ जनालाई पक्राउ गरिएको बताए । उनीहरूले पाँचै जनालाई १०० मिटर पर लगे, जहाँ ४०-५० जना सुरक्षाकर्मी जम्मा भएका थिए । सोही दिन सोही समयमा पक्राउ परेका र भोलिपल्टै रिहा भएका २ जना प्रत्यक्षदर्शीका अनुसार ती ५ जनालाई सुरक्षाकर्मीले १ घण्टासम्म निर्घात रूपले कुटपिट गरेर अर्को ठाउँ लगेका थिए ।

सुरक्षाकर्मीले पीडित परिवारलाई ती ५ जनालाई कहाँ लगिदै छ भन्दै पिछा नगर्न चेतावनी दिएका थिए । पछि ती ५ जनालाई धनुषा जिल्ला, चोराकोयालपुर गाविसको केउटानी भन्ने गाउँको दक्षिणमा अवस्थित चौरीखेतमा लगिएको भन्ने जानकारी परिवारले रिहा भएकाहरूबाट पाए । ती ५ जनालाई भोलिपल्ट बिहान ५ बजे गोली हानी हत्या गरिएको प्रत्यक्षदर्शीले बताए ।

सादा पोसाकमा आएका तर आफूहरूलाई संयक्त सुरक्षाफौजको सदस्य बताउने केही व्यक्तिहरूले राम नाथ यादव र शत्रुघन यादवलाई माओवादीको झूटो आरोपमा पक्राउ गरी हत्या गरिएको भनी परिवारलाई बताए । परिवारजनका अनुसार "भिजिलान्ते" शैलीको माओवादी विरुद्धको स्थानीय समूहका सदस्यहरू बुधन शाह, सत्य नारायण शाह, शत्रुघन यादव "पुजन", जैशी यादव, र जगदिश प्रसाद शाह "छोट्का", रामयतन यादव "मञ्जिर" र रामबाबु यादवले सरक्षाफौजलाई राम नाथ यादव र शत्रुघन यादव माओवादी हुन् भनी झोसपोल गरेका थिए ।

अक्टोबर १, २००४ मा सुरक्षाकर्मीले ती ५ शव प्रहरी वरिष्ठ उपरीक्षकको कार्यालय, जनकपुर लिएर गएका थिए । गाउँलेहरू भोलिपल्ट ती ५ शवको बारेमा बुझ्न उक्त कार्यालय, जनकपुर गएका थिए । प्रहरीले गाउँलेहरूलाई लाशको पोस्ट मोर्टम गरी सकिएको जानकारी दियो । त्यसपछि प्रहरीले गाउँलेहरूलाई सोही दिन लाश जलाउन दबाब दियो । लाशको पोस्ट मोर्टम प्रतिवेदन भने प्रहरीले

परिवारजनलाई उपलब्ध गराएन। जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा गई परिवारजनले मौखिक रूपमा क्षतिपूर्ति माग गरेका थिए।

मे १३, २००५ मा आफ्नै पहलमा राष्ट्रिय मानवअधिकार आयोगले छानबिन सुरु गर्‍यो, र प्रत्येक पीडितका परिवारलाई रु १,५०,०००।- को दरले क्षतिपूर्ति दिन सरकारलाई सुझाव दियो। क्षतिपूर्ति बापत पाउनु पर्ने सो रकम परिवारले अझै पाएका छैनन्।

**औपचारिक कारवाही** : अक्टोबर ११, २००७ मा प्रहरीले पाँचओटा जाहेरी दर्खास्त दर्ता गर्‍यो। २००८ मार्चमा धनुषा जिल्ला प्रहरी कार्यालयले सशस्त्र द्वन्द्वको क्रममा दर्ता भएका उपरोक्त पाँचओटा जाहेरी दर्खास्तलगायत सम्पूर्ण जाहरी दर्खास्तहरू प्रहरीले जम्मा पारेको, तर हाल कुनै कारवाही अघि बढेको छैन भनी एड्भोकेसी फोरमका कर्मचारीहरूलाई जानकारी दिइयो।

## *झापा जिल्ला*

***मुद्दा नं. २७***

| | | |
|---|---|---|
| नाम | : | रमा देवी अधिकारी |
| घटनाको मिति | : | जुलाई ३, २००५ |
| उमेर | : | ३८ वर्ष |
| ठेगाना | : | टाकनडुबा गाविस, वडा नं. ७, कालिमाटी, झापा जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति वा निकाय :***

१. क्याप्टेन योगेश चन्द्र महतो, नेपाली सेनाको श्री जबरजंग बटालियन, चारआली झापा
२. सशस्त्र प्रहरीका देवनारायण यादव, श्री जबरजंग बटालियनद्वारा सञ्चालित संयुक्त सुरक्षाफौज, चारआली, झापा जिल्ला
३. जबरजंग बटालियनका कमाण्डर सुरेश कुमार कार्कीको आदेशमा खटिएका नाम वतन थाहा नभएका ३ सुरक्षाकर्मीहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** जुलाई ३, २००५ को दिन सादा पोसाकमा आएका ५ जनाको संयुक्त सुरक्षाफौजले बिहानको करिब ५ बजेतिर रमा देवी अधिकारी र निजका श्रीमान देवी प्रसादलाई ब्यूँझायो र दुवै श्रीमान् श्रीमतीलाई पक्राउ गऱ्यो । देवी प्रसादलाई घरबाहिर तथा रमा देवी अधिकारीलाई घरपछाडि लगियो । देवी प्रसादले आफ्नी श्रीमती चिच्याएको आवाज सुने । रमा देवी अधिकारीलाई त्यसबेला घरपछाडि गल्लीमा गोली प्रहार गरिएको थियो । केही समय पछि ५० जना जति सेना आई रमा देवीको लाश घरपछाडि गाड्ने प्रयास गरे । त्यसबेला गाउँलेहरू जम्मा भइसकेका थिए र उनीहरूले रमा देवीको लाश घरपछाडि गाड्न दिएनन् । सुरक्षाकर्मीहरूले गाउँलेहरूलाई लाश पोस्ट मोर्टमका लागि नलैजान धम्की दिए । सुरक्षाकर्मीले परिवारलाई आफ्नो रीतिरिवाज अनुसार रमा देवीको अन्तिम संस्कार गर्न दिने र गाउँलेहरूले लाश पोस्ट मोर्टम गर्न नलैजाने सर्तमा सम्झौता भयो । सुरक्षाकर्मीले गोली हान्नु अगाडि माओवादीलाई खाना उपलब्ध गराएको भन्दै आरोप लगाई रमा देवी अधिकारीलाई गाली गरेको देवी प्रसादले सुनेका थिए । रमा देवीको परिवार त्यसपछि थुप्रैपटक जिल्ला प्रहरी कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा गई छानबिन गर्न अनुरोध गरे । दोषीलाई कुनै कारवाही गरिएन । राजनीतिक मुद्दा भएकोले कुनै कारवाही गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयले जानकारी दियो ।

**औपचारिक कारवाही :** नोभेम्बर ९, २००६ मा एड्भोकेसी फोरमका वकिलहरूको साथमा रमा देवीका परिवारजन झापा जिल्ला प्रहरी कार्यालय गए । प्रहरीले जाहेरी दर्खास्त बुझे र माथिल्ला निकायबाट परामर्श लिई मुद्दा अघि बढाउने बताए । तर उक्त जाहेरी दर्खास्त दर्ता नै गरिएन । २००८ को अगस्टसम्म थप कारवाही अघि बढेको छैन ।

## काभ्रे जिल्ला

**मुद्दा नं. २८**

| | | |
|---|---|---|
| नाम | : | हरि प्रसाद बोलाखे |
| घटनाको मिति | : | डिसेम्बर २७, २००३ |
| उमेर | : | ३५ वर्ष |
| ठेगाना | : | फूलबारी गाविस, वडा नं. ८, काभ्रे जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

**जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :**

१. मेजर कृष्णधोज थापा, सत्रुमार्दन बटालियन, धुलिखेल
२. शत्रुमार्दन बटालियन, धुलिखेलबाट घटनास्थलमा खटिएका सुरक्षाफौज
३. मेजर बाबुराम थापा, सत्रुमार्दन बटालियन, पनौती
४. शत्रुमार्दन बटालियन, पनौतीबाट घटनास्थलमा खटिएका सुरक्षाफौज
५. प्रहरी हवल्दार खड्गबहादुर लामा, जिल्ला प्रहरी कार्यालय, काभ्रे
६. घटनास्थलमा खटिएका अन्य सुरक्षाअधिकारी तथा सुरक्षाफौजहरू



पीडित छोरा हरि प्रसाद बोलाखेको फोटो लिएका बुबा पुष्प प्रसाद बोलाखे र लीला कुमारी बोलाखे
© 2007 Charu Lata Hogg/Human Rights Watch

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश** : डिसेम्बर २७, २००३ गते बिहान हरी प्रसाद बोलाखेले बनेपा बसपार्कमा आफ्ना बुबा पुष्प प्रसाद बोलाखेलाई भेट्ने कार्यक्रम बनाएका थिए । करिब ११ बजेतिर हरि प्रसाद गाडीबाट ओर्लिए । तर बुबा पुष्प प्रसादसँग बोल्न नपाउँदै जिल्ला प्रहरी कार्यालय, काभ्रेका प्रहरी हवल्दार खड्गबहादुर लामाले निजलाई रोके । प्रत्यक्षदर्शीका अनुसार लामाले प्रहरी नायब निरीक्षकले तपाईंलाई भेट्न बोलाउनु भएको छ भनी हरि प्रसादलाई गाडीमा जबर्जस्ती कोची लगेका थिए । त्यसपछि तत्कालै हरि प्रसादका बुबा पुष्प प्रसादले जिल्ला प्रहरी कार्यालय काभ्रे गई छोराको पक्राउ विरुद्ध उजुरी गरेका थिए, तर त्यहाँका कर्मचारीले हरी प्रसादलाई पक्राउ नगरिएको बताए । महीनौंसम्म पुष्प प्रसादले छोरालाई राखिएको ठाउँ पत्ता लगाउन सकेनन् ।

गृह मन्त्रालयले अक्टोबर ११, २००४ तारिखमा प्रकासित गरेको मलेगु समितिको तेस्रो प्रतिवेदनमा हरि प्रसाद बोलाखेको नाम उल्लेख गर्दै निज हिरासतमा रहेको तथ्य सार्वजनिक भयो । अक्टोबर १२ मा पुष्प प्रसादले सुन्दरीजल थुनाकेन्द्र लगायत भक्तपुर र ललितपुरका विभिन्न आर्मी ब्यारेक र बन्दीगृहहरू भ्रमण गरे, तर छोरालाई फेला पार्न सकेनन् । त्यसपछि पुष्प प्रसादले राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी हाले । आयोगले घटनाको छानबिन गऱ्यो, र हरि प्रसाद मारिइसकेको जानकारी प्राप्त गऱ्यो । जुलाइ ५, २००६ मा राष्ट्रिय मानवअधिकार आयोगका सदस्यहरू र एक फरेन्सिक प्याथोलोजिष्टको नेतृत्वमा रहेको एक टोलीले हरि प्रसादको लाश गाडिएको स्थान गई शवोत्खनन् गऱ्यो । शवोत्खनन् पश्चात् हरि प्रसादको लाश, परिचय-पत्र, नागरिकता प्रमाण-पत्र, घडी, भिजिटिङ कार्ड, र मारिदाको बखतमा लगाएको कपडा फेला पारिएको थियो । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, काठमाडौँको फरेन्सिक ल्याबमा लाश परीक्षण गरिएको थियो । फरेन्सिक रिपोर्टले लाश हरि प्रसादको हो भनी पुष्टि गरेको थियो । राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो प्रतिवेदनमा “कटिको हाड (pelvis) मा गोली लागि मृत्यु भएको” भन्ने व्यहोरा लेखेको थियो । २००८ को अगस्टसम्म आयोगले कुनै सुझाव पेश गरेको छैन ।

**औपचारिक कारवाही** : अक्टोबर १८, २००६ मा जाहेरी दर्खास्त दर्ता गराउन पीडितका परिवार एड्भोकेसी फोरमका वकिलहरूका साथ काभ्रे जिल्ला प्रहरी कार्यालय गए । प्रहरीले जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गऱ्यो । लगत्तै प्रमुख जिल्ला अधिकारीलाई भेटी सो मुद्दा हेर्न केही दिन खर्चन आग्रह गरियो ।

सो मुद्दा हेर्न स्वीकार गरी अक्टोबर १८, २००६ मा प्रजिअले जाहेरी दर्खास्त दर्ता गर्नू र आवश्यक छानबिन अघि बढाउनू भन्ने आदेशका साथ सो मुद्दा जिल्ला प्रहरी कार्यालयमा पठाए । नोभेम्बर १, २००६ मा पीडितका परिवार र एड्भोकेसी फोरमका वकिलहरू अनुगमन गर्न जिल्ला प्रहरी कार्यालय, काभ्रे गए । प्रहरीले सोही जिल्लामा अझै कार्यरत आफूहरूभन्दा माथिल्लो तहका सैन्य अधिकारीहरू विरुद्ध उजुरी गरिएकोले सो मुद्दा दर्ता गने नसकिएको बताए । नोभेम्बर ८, २००६ मा काभ्रे जिल्ला प्रहरी कार्यालयका नाममा जाहेरी दर्खास्त दर्ता गर्नू भन्ने आदेश गरी पाऊँ भनी हरि प्रसादका बुबाले सर्वोच्च अदालत समक्ष निवेदन दिए । सर्वोच्च अदालतले काभ्रे जिप्रकालाई जाहेरी दर्खास्त दर्ता गर्नू भन्ने आदेश दियो । त्यसको प्रत्युत्तरमा काभ्रे जिप्रकाले सर्वोच्च अदालतलाई जाहेरी दर्खास्त नोभेम्बर ७, २००६ मा नै दर्ता भइसकेको जवाफ पठायो । डिसेम्बर ८, २००६ मा काभ्रे जिप्रकाले प्रहरी प्रधान कार्यालय र बाग्मती अञ्चल प्रहरी कार्यालयलाई दोषीहरूको पहिचान गर्न र तिनीहरूलाई काभ्रे जिप्रकामा उपस्थित गराउन सहयोग गर्न पत्राचार गरेको थियो । तथापि यस लेखन कार्य हुँदासम्म काभ्रे जिप्रकाले उक्त निकायहरूबाट कुनै जवाफ प्राप्त गरेको छैन ।

**मुद्दा नं. २९**

| | | |
|---|---|---|
| नाम | : | रीना रसाइली |
| घटनाको मिति | : | फेब्रुअरी १२, २००४ |
| उमेर | : | १८ वर्ष |
| ठेगाना | : | पोखरीचौरी गाविस, वडा नं. ४, काभ्रे जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या (बलात्कार पछि) |



पीडित रीना रसाइलीका बुबा कर्ण बहादुर रसाइली
© 2007 Nick Hogg.

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :***

१. सहायक सेनानी (सेकेन्ड लेफ्टिनेन्ट) सरोज बस्नेतको नेतृत्वमा रहेको नेपाली सेनाको गस्ती टोली

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** फेब्रुअरी १२, २००४ मा रातको करिब ११:४५ बजे ढोकामा ढकढक हानेको आवाजले रीना रसाइली र निजको परिवार ब्यूँझिए । आफूहरू भकुन्डेबेसीमा कार्यरत सेना भएको बताउँदै सादा पोशाकमा हातहतियारसहित आएका १० जना ढोका फोरी जबर्जस्ती घरभित्र घुसे । ती सेनाले रीनाका बुबाआमालाई कुटपिट गरी माओवादी भएको आरोप लगाउँदै रीनालाई ओच्छ्यानबाट घिसार्दै लगे । रीनालाई गोठमा लगेर रातभरी नै बलात्कार गरेको परिवारले बताए । घरबाहिर आए वा रिनालाई सहयोग गर्ने कोसिस गरेमा दुष्परिणति भोग्नुपर्ला भनी सेनाले परिवारलाई धम्क्याएका थिए । करिब ५ बजेतिर रीना घरमा आइन् र स्वीटर मागिन् । रीनाको हात पछाडिबाट बाँधिएको थियो । केही सेनाका जवानहरू रीनालाई लैजान छेउमा आए । करिब ५:१५ मा परिवारले ३ पटक बन्दुक पड्केको आवाज सुने, तर के भयो भनी हेर्न जान आँट भने गर्न सकेनन् । एकदुई घण्टापछि रीनालाई खोज्न जाँदा उनीहरूले घरै छेउमा रीनाको लाश भेटे । रीनालाई टाउको, आँखा र छातीमा गोली प्रहार गरिएको थियो ।

फेब्रुअरी १४, २००४ मा रीनाको परिवार उजुरी हाल्न काभ्रे जिल्ला प्रहरी कार्यालय र प्रमुख जिल्ला अधिकारी कहाँ गए, तर दुवै निकायले उजुरी दर्ता गर्न अस्वीकार गरे । छानबिन हुने आशामा परिवारले रीनाको लाश ६ दिनसम्म घटनास्थलमै त्यत्तिकै छाडे, तर रीनाको हत्या छानबिन गर्न त्यहाँ प्रहरी आएन । मार्च ९, २००४ मा रीनाका बुबाले छानबिन गरिपाऊँ भनी राष्ट्रिय मानवअधिकार आयोगमा निवेदन दिए । आयोगले छानबिन अघि बढायो र पक्राउ गरिसकेपछि सेनाले गैरकानूनी रूपले रीनाको हत्या गरेको ठहर गर्‍यो । जुन १३, २००५ मा आयोगले घटनाका जिम्मेवारहरू पत्ता लगाई निजहरू विरुद्ध कारवाही अघि बढाउन तथा परिवारलाई क्षतिपूर्ति स्वरूप रु १,५०,०००।- उपलब्ध गराउन सिफारिस गर्‍यो । आयोगको निर्णय सम्बन्धमा जुन १४, २००५ मा परिवारलाई

जानकारी गराइयो । आयोगको उक्त सिफारिस कार्यान्वयन गर्न कुनै पनि आधिकारिक निकायबाट आवश्यक कदम चालिएको परिवारलाई थाहा भएको छैन ।

**औपचारिक कारवाही :** मे २५, २००६ मा एड्भोकेसी फोरमका वकिलहरूको उपस्थितिमा जाहेरी दर्खास्त दर्ता गरिएको थियो । प्रहरीले गम्भीर छानबिन अघि बढाएका छैनन् । जुन ४, २००६ मा लेखिएको पत्रमा पीडकहरूको पहिचान गरी जिल्ला प्रहरी कार्यालयमा उपस्थित गराउन जिल्ला प्रहरी कार्यालयले आर्मी ब्रिगेडलाई आग्रह गरेको थियो । जुन २८, २००६ मा लेखिएको जवाफमा आर्मी ब्रिगेडले उक्त टुकडी सहायक सेनानी सरोज बस्नेतको कमाण्डमा रहेको जानकारी पठाएको थियो । सहायक सेनानी बस्नेतलाई सेनाले कारवाही गरे नगरेको बारेमा भने स्पष्ट छैन । अक्टोबर ८, २००७ मा रीनाका बुबा कर्ण बहादुर रसाइलीले जिल्ला प्रहरी कार्यालय र जिल्ला सरकारी वकिल कार्यालय, काभ्रेका नाममा जाहेरी दर्ता गर्नु भन्ने आदेश जारी गरी पाऊँ भनी सर्वोच्च अदालतमा निवेदन दिए । यो निवेदन सर्वोच्चमा अझै विचाराधीन अवस्थामा छ ।

***मुद्धा नं. ३०***

| | | |
|---|---|---|
| नाम | : | सुभद्रा चौलागाईं |
| घटनाको मिति | : | फेब्रुअरी १३, २००४ |
| उमेर | : | १७ वर्ष |
| ठेगाना | : | पोखरीचौरी गाविस, वडा नं. ३, काभ्रे जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |



पीडित सुभद्रा चौलागाईंको फोटो लिएकी आमा पुतली चौलागाईं
© 2007 Nick Hogg.

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :***

१. नेपाली सेनाको ९ नं. ब्रिगेड कार्यालय, भकुन्डेबेसी, काभ्रे जिल्लाबाट एक सहायक सेनानीको नेतृत्वमा खटिएको एक टोली

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** फेब्रुअरी १३, २००४ मा बिहानको करिब ३:४५ बजे कसैले हतारिदै ढोकामा ढकढक गरेको आवाजले बिहान सुभद्रा चौलागाईं र उनको परिवार ब्यूँझिए । सुभद्राकी आमाले ढोका खोल्ने वित्तिकै ४ जना हातहतियार सहित आएका सेना दौडदै घरभित्र प्रवेश गरे । तिनीहरूमध्ये एकले सुभद्राका बुबा केदार चौलागाईंलाई मुक्काले प्रहार गरी भूँईमा पल्टन आदेश दियो । अरू दुई जनाले सुभद्रालाई कपालमा तानेर भूईमा पछारे । परिवारका अनुसार सुभद्राले आफू माओवादी होइन भनी प्रतिकार गरेकी थिइन् । तर ती सेनाका

जवानहरूले उनको प्रतिकारको कुनै वास्ता नगरी उनलाई घिसार्दै घरबाहिर लगेका थिए । उनलाई घिसार्दै छेवैमा रहेको उनको काकाको घरमा लगियो र त्यसपछि फेरि बाहिर बाटोमा निकालियो, जहाँ उनलाई नहल्ली उभिन आदेश दिइयो । परिवारका अनुसार उनीमाथि सैन्य पोशाकमै रहेको एक सेनाको जवानले गोली प्रहार गऱ्यो, तर त्यसले उनलाई लागेन । त्यसपछि उसले अर्को सैन्य जवानको पेस्तोल थुत्यो र सुभद्रामाथि प्रहार गऱ्यो । अरू ४-५ जनाले पनि सुभद्रामाथि गोली चलाए । गोलीले सुभद्राको शरीरलाई नजिकैको खेतमा पछाऱ्यो । त्यसपछि ती सेनाका जवानहरू प्रत्यक्षरूपमा घटना हेरिरहेका सुभद्राका बुबा केदारप्रसादतर्फ फर्किए, र उनीमाथि जाईलागे । तिनीहरूले केदारप्रसादलाई बेहोस हुन्जेल पिटे । होस आएपछि केदारप्रसादले छोरी सुभद्राको लाश खेतमा पाएका थिए ।

घटना घटेको भोलिपल्ट र त्यसपछिका धेरै दिन केदारप्रसाद घटनाको छानबिन तथा दोषीमाथि कारवाहीको माग राख्दै काभ्रेपलाञ्चोक जिल्ला प्रहरी कार्यालयमा गए । सुरुमा त जिल्ला प्रहरी कार्यालयका कर्मचारीले उनलाई बेवास्ता गरे, तर पछि उनीमाथि नै "थप कारवाही" गर्ने धम्की दिए । केदारप्रसाद त्यसपछि प्रजिअ कहाँ उजुरी गर्न गए, तर प्रजिअले कुनै कारवाही अघि बढाएनन् । छानबिन हुने आशमा सुभद्राको परिवारले ५ दिनसम्म निजको लाश खेतमै छाडे । फ्रब्रुअरी २९, २००४ मा छानबिन गरीपाऊँ भनी केदारप्रसादले राष्ट्रिय मानवअधिकार आयोग समक्ष उजुरी गरे । आयोगले छानबिन अघि बढायो, र जुन १४, २००५ मा केदारप्रसादलाई सुभद्राको हत्या गैरन्यायीक थियो भनी जानकारी गराउँदै, सरकारलाई दोषी पत्ता लगाई कारवाही अघि बढाउन तथा पीडित परिवारलाई क्षतिपूर्ति स्वरूप रु १,५०,०००।- उपलब्ध गराउन सुझाव दियो । हालसम्म आयोगको उक्त सुझावप्रति आधिकारी वर्गबाट कुनै कारवाही अघि बढेको छैन ।

**औपचारिक कारवाही** : जुन ६, २००६ मा प्रहरीले जाहेरी दर्खास्त दर्ता गरेको थियो । यद्यपि प्रहरीबाट प्रभावकारी छानबिन अघि बढेको छैन । अक्टोबर ८, २००७ मा काभ्रे जिल्ला प्रहरी कार्यालय र जिल्ला सरकारी वकिल कार्यालय, काभ्रे विरुद्ध आदेश जारी गरी पाऊँ भनी सुभद्राका बुबा केदार चौलागाईंले सर्वोच्च अदालतको ढोका ढक्ढकाए । सर्वोच्च अदालतमा यो मुद्दा अझै विचाराधीन अवस्थामै रहेको छ ।

## मुद्दा नं. ३१

| | | |
|---|---|---|
| नाम | : | मैना सुनुवार |
| घटनाको मिति | : | फेब्रुअरी १९, २००४ |
| उमेर | : | १५ वर्ष |
| ठेगाना | : | खरेलथोक गाविस, वडा नं. ६, काभ्रे जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |



पीडित छोरी मैना सुनुवारको फोटो लिएकी आमा देवी सुनुवार साथमा बुबा © 2007 Nick Hogg.

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय***

१. कर्णेल बबी खत्री, नेपाल आर्मी क्याम्प, पाँचखाल
२. क्याप्टेन अमित पुन, नेपाली आर्मी क्याम्प, पाँचखाल
३. क्याप्टेन सुनिल अधिकारी, नेपाली आर्मी क्याम्प, पाँचखाल
४. क्याप्टेन निरञ्जन बस्नेत, नेपाली आर्मी क्याम्प, पाँचखाल

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** फेब्रुअरी १९, २००४ मा करिब ६ बजे बिहान सैन्य पोशाक लगाई १५ जनाको सेनाको जत्था मैना सुनुवारको घर आइपुग्यो । ती सुरक्षाकर्मीले मैनाको आमा देवी सुनुवारलाई खोजिरहेको बताए, तर देवी सुनुवार घरमा नभएकोले उनको सट्टामा मैनालाई लिएर गए । मैनाका बुबा पूर्णबहादुरलाई ती सुरक्षाकर्मीहरूले यदी मैनालाई फिर्ता चाहन्छौ भने मैनाकी आमा देवीलाई लामीडाँडा ब्यारेक, काभ्रेमा लिएर आउनु भनेका थिए । भोलिपल्ट मैना पढ्ने विद्यालयका प्रधानाध्यापक, अन्य एक शिक्षक र मैनाका बुबा पूर्णबहादुर लगायत करिब २५ जनाजतिको समूह लामीडाँडा ब्यारेक गए । उनीहरूले जब मैनाको बारेमा सोधपुछ गर्दै मैनालाई रिहा गर्न माग राखे, ब्यारेकका सुरक्षाकर्मीले मैनालाई पक्राउ गरेको कुरा अस्वीकार गरे । त्यसपछि उनीहरू पाँचखाल आर्मी ब्यारेक गए, तर त्यहाँ पनि सुरक्षाकर्मीले मैनालाई पक्राउका सम्बन्धमा आफूहरूको कुनै संलग्नता नरहेको जानकारी दिए । त्यसपछि मैनाकी आमा बारम्बार काभ्रे जिल्लाको जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, लामीडाँडा आर्मी क्याम्प, र पाँचखाल आर्मी क्याम्प धाइन्, तर सबैले मैनालाई पक्राउ गरिएको कुरा स्वीकार गरेनन्, बरु परिवारलाई उल्टै धम्की दिए । एक प्रसङ्गमा पाँचखाल आर्मी ब्यारेकका सुरक्षाकर्मीले मैनाकी आमालाई मैना "बेपत्ता" पारिइएकी नभई "माओवादी विरुद्धको कारवाहीमा मारिएकी" हुन भन्ने जवाफ दिए ।

अप्रिल २००४ मा मैनाकी आमा काठमाडौँस्थित नेपाली सेनाको जङ्गी अड्डा गइन् । त्यहाँ उनलाई मैना मारिइसकेकी र निजको कपडा लगायत अन्य सामानहरू प्रहरी कहाँ पठाइ सकिएको जानकारी दिइयो ।

मानवअधिकारका लागि संयुक्त राष्ट्र सङ्घीय उच्चायुक्त लुइस आर्वरलगायत अन्तर्राष्ट्रिय समुदायबाट निरन्तर दबाब परेपछि सेनाले आन्तरिक छानबिन सुरु गर्‍यो, र अप्रिल २१, २००४ मा ३ जना दोषी सेनाका जवानलाई कोर्ट मार्शलमा उभ्यायो । सेनाको अभिलेखअनुसार, ती तीनै जनालाई सोधपुछको गलत तरिका अपनाएको र मैनाको लाश अन्त्यष्टि गर्दा प्रक्रिया नपुर्‍याएको भनी सामान्य अपराधको अभियोग मात्र लगाइएको थियो । ती तीनै जनालाई मार्च १४, २००५ देखि लागू हुनेगरी ६ महिने कारावासको सजाय सुनाइएको थियो । ती तीनै जना सुरक्षा अधिकारीले अनुसन्धानको अवधिमा उक्त ६ महिनाको अवधि ब्यारेक भित्रै बिताइसकेकाले तीनै जनालाई थुनामुक्त गरिएको थियो । अपुष्ट रिपोर्टअनुसार भने ती तीन जनामध्ये २ जना अहिले सेनामा काम गर्दैनन् जबकि अर्को १ जना भने जङ्गी अड्डामा कार्यरत छन् ।

**औपचारिक कारवाही :** संयुक्त राष्ट्र सङ्घीय उच्चायुक्तको कार्यालय-नेपाल (ओएचसिएचआर-नेपाल) ले दबाब दिएपछि प्रहरीले छानबिन अघि बढायो र उक्त छानबिनले पाँचखाल आर्मी क्याम्पमा गैरकानूनी ढंगबाट पुरिएको ठाउँबाट मार्च २००७ मा मैनाको लाशको उत्खनन् गर्‍यो । लाश मैनाकै हो भनी पुष्टि गर्दै फरेन्सिक जाँचको प्रतिवेदन भारतबाट जुलाई २००८ मा प्राप्त भएको थियो । तत्पश्चात काभ्रे जिप्रकाले उक्त प्रतिवेदनका सम्बन्धमा सरकारी वकिल र अदालतलाई जानकारी गराएको थियो । त्यसपछि पनि अनुसन्धान प्रक्रियामा कुनै उल्लेख्य प्रगति भएको छैन ।[९९]

जनवरी १०, २००७ मा मैनाकी आमा देवीले एड्भोकेसी फोरमको कानूनी सहायतमा काभ्रे जिल्ला प्रहरी कार्यालय तथा जिल्ला सरकारी वकिललाई अनुसन्धान पूरा गर्न आदेश जारी गरी पाऊँ भनी सर्वोच्चमा रिट निवेदन दिएकी थिइन् । जनवरी ११, २००७ मा सर्वोच्चमा चलेको प्रारम्भिक सुनुवाइले काभ्रे जिल्ला प्रहरी कार्यालय तथा जिल्ला सरकारी वकिल कार्यालयलाई १५ दिने “कारण देखाऊ” आदेश जारी गरेको थियो । यसको अर्थ काभ्रे जिल्ला प्रहरी कार्यालय तथा जिल्ला सरकारी वकिल कार्यालयले या त छानबिन सम्पन्न गर्नु पर्थ्यो या त छानबिन गर्न किन सम्भव भएन सो को कारण १५ दिनभित्रमा अदालतसमक्ष पेश गर्नु पर्थ्यो । सो मुद्दालाई अग्राधिकार दिइएको थियो ।

फेब्रुअरी १, २००७ मा काभ्रे जिल्ला प्रहरी कार्यालयले यस कार्यालयले सो मुद्दामा छानबिन गरिरहेको छ भनी सर्वोच्च अदालतमा लिखित जवाफ पठायो । फेब्रुअरी १४, २००७ काभ्रे जिल्ला सरकारी वकिल कार्यालयले सो मुद्दाको सम्बन्धमा हालसम्म प्राप्त जानकारीका साथ सर्वोच्चमा सम्पर्क

[९९] यस मुद्दाबारे थप जानकारीका लागि ओएचसीएचआर-नेपालको "The Torture and Death in Custody of Maina Sunuwar. Summary of Concerns," December 2006, http://nepal.ohchr.org/en/resources/Documents/English/reports/IR/Year2006/2006_12_01_HCR%20_ Maina%20Sunuwar_E.pdf

गऱ्यो । प्रहरीले सो मुद्दाबारे छानबिन गर्नेछ र प्रहरीले छानबिन सम्पन्न गरी प्रतिवेदन बुझाएपछि यस कार्यालयले आवश्यक कारवाही अघि बढाउनेछ भनी सरकारी वकिल कार्यालयले बतायो ।

मे ८, २००७ मा ७ दिन भित्र कोर्ट मार्शलसम्बन्धी मिलिटेरी फाइलको मूलप्रति पेश गर्नू भनी सर्वोच्च अदालतले नेपाली सेनाको जङ्गी अड्डालाई आदेश दियो । जुन ११, २००७ नेपाली सेनाको जङ्गी अड्डाले कोर्ट मार्शलको निर्णयसँग सम्बन्धित कागजातहरू सर्वोच्च अदालत समक्ष पेश गऱ्यो । यसबाहेक अन्य कागजात भने उपलब्ध गराइएन । सर्वोच्च अदालत प्रशासनले पीडितका परिवार तथा वकिललाई सो सैन्य कागजातहरू हेर्न पढ्न दिएन । जुन २७, २००७ मा एड्भोकेसी फोरमले सर्वोच्च अदालत प्रशासनको सो कार्यलाई चुनौती दिँदै एक निवेदन दायर गऱ्यो, र परिणाम स्वरूप जुलाई ६, २००७ मा सर्वोच्चले सेनालाई छानबिन कार्यमा पूर्ण सहयोग गर्न र कोर्ट मार्शलसँग सम्बन्धित सबै कागजातहरू पेश गर्न आदेश दियो ।

सेप्टेम्बर १८, २००७ मा सर्वोच्च अदालतले एक निर्णय गर्दै काभ्रे जिल्ला प्रहरी कार्यालयलाई ३ महिना भित्र छानबिन सम्पन्न गर्न आदेश दियो । जनवरी २७, २००८ मा काभ्रे जिल्ला प्रहरी कार्यालयले जिल्ला सरकारी वकिल कार्यालय काभ्रेलाई आफ्नो प्रतिवेदन बुझायो । परिणामस्वरूप, फेब्रुअरी ३, २००८ मा काभ्रे जिल्ला सरकारी वकिल कार्यालयले काभ्रे जिल्ला अदालत समक्ष सैन्य अधिकारीहरू बबी खत्री, सुनिल प्रसाद अधिकारी, अमित पुन, र निरञ्जन बस्नेत विरुद्ध अभियोग पत्र दायर गऱ्यो । निजहरूमाथि मैना सुनुवारलाई गैरकानूनी रूपमा थुनामा राखेको, यातना दिएको, र हत्या गरेको अभियोग लगाइएको छ । अदालतले ती ४ अभियुक्तहरू विरुद्ध पक्राउ आदेश पनि जारी गऱ्यो । यद्यपि २००८ को अगस्टसम्म निजहरूलाई पक्राउ गरिएको छैन ।

**मुद्दा नं. ३२**

| | | |
|---|---|---|
| नाम | : | अर्जुन बहादुर लामा |
| घटनाको मिति | : | अप्रिल १९, २००५ |
| उमेर | : | ४८ वर्ष |
| ठेगाना | : | छत्रेबाँझ गाविस, वडा नं.५, दाप्चा, काभ्रे जिल्ला |
| अपराधको प्रकृति | : | अपहरण/गैरन्यायीक हत्या |



पीडित श्रीमान अर्जुन बहादुर लामाको फोटो लिएकी श्रीमती पूर्णिमाया लामा © 2007 Charu Lata Hogg/Human Rights Watch

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :***

१. माओवादी सदस्य यादव पौडचाल "रक्की", पुरानागाउँ–८, काभ्रे जिल्ला
२. माओवादी सदस्य भोला अर्याल, मथुरापाटी–३, फुलबारी, काभ्रे जिल्ला
३. माओवादी कार्यकर्ता कर्णखर गौतम "श्याम", पोखरीचौरी–८, काभ्रे जिल्ला
४. माओवादी केन्द्रीय समिति सदस्य अग्नी सापकोटा, सिन्धुपाल्चोक, नेकपा (माओवादी) केन्द्रीय कार्यालय, बुद्धनगर, काठमाडौँ
५. सूर्यमान दोङ्ग "लालधोज", नेकपा (माओवादी) जिल्ला सचिव, काभ्रे जिल्ला
६. माओवादी सदस्य नोर्बु मोक्तान, मेचे–९, काभ्रे जिल्ला

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** अप्रिल १९, २००५ मा अर्जुन बहादुर लामा छत्रेबाँझ गाविसस्थित श्रीकृष्ण माध्यमिक विद्यालयको अध्यक्ष पदमा निर्वाचित भई सोही विद्यालयको प्राङ्गणमा विजयोत्सव मनाउँदै थिए । माओवादी कार्यकर्ताहरू यादव पौडचाल "रक्की", भोला अर्याल, कर्णखर गौतम "श्याम" आक्रोसित हुँदै लामाको अभिनन्दन समारोहमा आए र लामालाई तपाईंसँग केही काम छ भनी अपहरण गरी लगी गए । त्यसपछिका घटनाक्रमहरू देख्ने प्रत्यक्षदर्शीका अनुसार, माओवादीहरूले लामालाई काभ्रे जिल्लाको विभिन्न गाउँ घुमाएका थिए । अर्जुनकी श्रीमतीले मे ३, २००५ मा राष्ट्रिय मानवअधिकार आयोग समक्ष उजरी गरिन् । माओवादी कार्यकर्ताले कसरी अर्जुन लामालाई निजलाई मारिएको स्थान बुढाकनीसम्म पुऱ्याए भन्ने सम्बन्धमा २००५ जुनको अन्त्यतिर धेरैजना प्रत्यक्षदर्शीले परिवारलाई वृतान्त सुनाएका थिए । अर्जुनकी श्रीमतीले धेरैपल्ट नेकपा (माओवादी) लाई आफ्नो श्रीमानको बारे जानकारी उपलब्ध गराइदिनको लागि अनुरोध गरेकी थिइन् । डिसेम्बर १७, २००५ मा नेकपा (माओवादी) का काभ्रे जिल्लाका जिल्ला सचिव सूर्यमान दोङ्गले पत्रकार सम्मेलनमा बोल्दै माओवादी सम्बद्ध तामाङ्ग मुक्ति मोर्चाका केन्द्रीय समितिका सदस्य नोर्बु मोक्तान र बसुस्मृति ब्रिगेडका एक प्लाटुन कमाण्डरले जबर्जस्ती अर्जुन बहादुर लामालाई लगेर गएका थिए । निज प्लाटुन कमाण्डर अर्जुन बहादुर लामाको हत्याको बेला उपस्थित रहेको तर लामाको हत्यामा संलग्न नभएको जानकारी माओवादी सूत्रले दियो । सूर्यमानले उनीहरू घर्तीछापमा हुँदा नेपाली सेनाले हवाई आक्रमण गरेको, र सोही हवाई आक्रमणमा अर्जुन बहादुर लामा मारिएको बताए । सूर्यमानको कुरा सुनेपछि अर्जुन बहादुर लामाकी श्रीमतीले आफ्नो श्रीमानको लाश खोजी गरी पाऊँ भनी राष्ट्रिय मानवअधिकार आयोग समक्ष निवेदन दिएकी थिइन् ।

राष्ट्रिय मानवअधिकार आयोगले घटनास्थल जाँच गऱ्यो र अर्जुनबहादुर लामाको मृत्यु सेनाको आक्रमणमा नभई निजलाई बन्दी बनाई मारिएको ठहर गऱ्यो । अर्जुन बहादुरको लाश अझै फेला परेको छैन ।

**औपचारिक कारवाही** : एड्भोकेसी फोरमले जुन २८, २००७ मा जाहेरी दर्खास्त दर्ता गराउन परिवारलाई सहयोग गरेको थियो, तर माओवादीहरूले बदला लिने डरले काभ्रेका प्रहरीले जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरे । एड्भोकेसी फोरमले प्रमुख जिल्ला अधिकारीलाई सम्पर्क गऱ्यो, तर प्रजिअले पनि जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरे । यसर्थ जुलाई १६, २००७ मा प्रहरीलाई जाहेरी दर्खास्त दर्ता गर्न, निष्पक्ष छानबिन सुरु गर्न, र दोषी उपर अभियोजन गर्न आदेश जारी गरी पाऊँ भनी सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरियो । मार्च १०, २००८ मा सर्वोच्च अदालतले दोषी ५ माओवादी सदस्यहरू र माओवादी केन्द्रीय समितिका सदस्य अग्नि सापकोटाका विरुद्ध मुद्दा दायर गर्न आदेश गरेको थियो । अन्ततः आदेश बमोजिम अगस्ट ११, २००८ मा जिप्रका काभ्रेले जाहेरी दर्खास्त दर्ता गऱ्यो ।

## लम्जुङ्ग जिल्ला

***मुद्दा नं. ३३ र ३४***

| | | |
|---|---|---|
| नाम | : | चोतनाथ घिमिरे र शेखरनाथ घिमिरे |
| घटनाको मिति | : | क्रमशः फेब्रुअरी २, २००२ र फेब्रुअरी ७, २००२ |
| उमेर | : | क्रमशः ५८ र ४५ वर्ष |
| ठेगाना | : | ईशानेश्वर गाविस, वडा नं. ४, रातमाटे, लम्जुङ्ग जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :***

१. मेजर खड्गबहादुर रानाभाट, युनिफाईड कमाण्ड बेस क्याम्प, भोर्लेटार, गाविस, वडा नं. ६, लम्जुङ्ग जिल्ला

२. जमदार (वारेन्ट अफिसर) रविन्द्र चेम्जोङ्ग, बेस क्याम्प

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** सन् २००० र २००२ बीचमा चोतनाथ घिमिरेलाई माओवादी समर्थक भएको आशङ्कामा सुरक्षाकर्मीद्वारा धेरैपल्ट पक्राउ गर्ने र छाड्ने काम भयो। जनवरी २६, २००२ मा युनिफाईड कमाण्ड बेस क्याम्प, भोर्लेटारका प्रमुखले चोतनाथ घिमिरेलाई क्याम्पमा उपस्थित हुनु भनी भनेका थिए। चोतनाथ त्यसै दिन क्याम्प गए। निज चोतनाथलाई दैनिक रूपमा क्याम्पमा हाजिर गर्न भनियो। निज चोतनाथ अन्तिम पटक फेब्रुअरी २, २००२ मा क्याम्प गएका थिए, तर त्यसपछि उनी घर फर्किएनन्। चोतनाथका परिवार उनलाई कहाँ राखिएको छ भनी बुझ्न क्याम्प गए, तर आर्मी अधिकारीले चोतनाथलाई पक्राउ गरेको र थुनामा राखेको कुरा अस्वीकार गरे।

फेब्रुअरी ७, २००२ को बिहान युनिफाईड कमाण्ड बेस क्याम्पका सैन्य अधिकारीहरूले चोतनाथका आफन्त शेखरनाथ घिमिरेलाई आर्मी क्याम्प भोर्लेटारमा भेट्न आउनु भनी बोलाएका थिए। शेखरनाथ क्याम्प गए, तर उनी क्याम्प गएपछि परिवारजनले उनलाई फेरि भेट्न पाएनन्। सन् २००२ को अन्त्यतिर शेखरका जेठानले पुनरावेदन अदालत पोखरामा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दर्ता गरे, तर प्रहरीले शेखरलाई पक्राउ गरेको कुरा स्वीकार गरेन। बामन प्रसाद न्यौपानेको अध्यक्षतामा रहेको बेपत्ता समितिले जुलाई २५, २००६ मा बाहिर ल्याएको प्रतिवेदनले शेखरनाथको अवस्था अज्ञात रहेको उल्लेख गरेको छ।

सेप्टेम्बर २०, २००६ मा सोही बेपत्ता समितिले "नेपाली सेनाको मानवअधिकार एकाईले अप्रिल १८, २००६ मा लेखिएको पत्रमार्फत चोतनाथले नेपाली सेनाको भोर्लेटार ब्यारेकमा दैनिक रूपमा सम्पर्क गरिरहेको भन्ने जानकारी दिएको" भनी आफ्नो प्रतिवेदनमा उल्लेख गरेको थियो । उक्त जानकारी प्राप्त गरे पछि चोतनाथका परिवारले निजलाई खोज्ने कार्य तीव्र पारे । अक्टोबर १५, २००६ मा चोतनाथका परिवारले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दर्ता गराए ।

भोर्लेटार आर्मी क्याम्पमा पहिले थुनिएका बन्दीहरूले चोतनाथ र शेखरनाथ घिमिरेलाई सो आर्मी क्याम्पमा आफूहरूले देखेको भनी चोतनाथ र शेखरनाथका परिवारलाई बताए । गाउँलेहरूले दिएको जानकारीका आधारमा जोडदार खोजी गर्न सुरु गरेको केही समयपछि परिवारले नोभेम्बर ३, २००६ मा हंसपुर गाविस वडा नं. ९ स्थित सौराको जङ्गलमा चोतनाथको कपडा फेला पारेका थिए । चोतनाथको कपडा फेला परेपछि कास्की जिल्ला प्रहरी कार्यालयका प्रहरीले राष्ट्रिय मानवअधिकार आयोगका अधिकारीहरूको उपस्थितिमा नोभेम्बर ४, २००६ मा निजको लाशको शवोत्खनन् कार्य सम्पन्न गऱ्यो । यो कार्यमा फरेन्सिक विशेषज्ञको भने संलग्नता थिएन । चोतनाथको लाश शेखरनाथ घिमिरेको लाश फेला परेको ठाउँबाट करिब २० मीटर पर फेला परेको थियो । चोतनाथको परिवारले शवोत्खनन्बाट प्राप्त कपडा, घडी र नक्कली दाँतको आधारमा लाश चोतनाथकै हो भनी पहिचान गरे । चोतनाथलाई मारिएको समय भने पत्ता लगाउन सकिएन । शेखरका परिवारले पनि शेखरलाई किन, कहिले र कसरी मारियो भन्ने जानकारी पाएनन् ।

**औपचारिक कारवाही :** कास्की जिल्ला प्रहरी कार्यालयले नोभेम्बर १९, २००६ मा जाहेरी दर्खास्त दर्ता गऱ्यो । त्यसको लगतै शवोत्खनन् गरियो, र लाशलाई फरेन्सिक जाँचको लागि कास्की जिल्ला प्रहरी कार्यालयले नेपाल प्रहरी काठमाडौं समक्ष पठायो । २००८ को अगस्ट सुरु हुँदासम्म यस मुद्दामा कुनै प्रगति भएको जानकारीमा आएको छैन ।

## मोरङ जिल्ला

**मुद्दा नं. ३५**

| | | |
|---|---|---|
| नाम | : | प्रेम बहादुर सुस्लिङ्ग मगर |
| घटनाको मिति | : | जुन २९, २००२ |
| उमेर | : | २८ वर्ष |
| ठेगाना | : | शनिश्चरे गाविस, वडा नं. ४, रातमाटे, मोरङ जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :***

नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरी, सुनसरीको कमाण्डमा रहेको संयुक्त सुरक्षाफौजका करिब ५०-५५ जना नाम वतन दर्जा थाहा नभएका सुरक्षाकर्मीहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** प्रेम बहादुर सुस्लिङ्ग मगर सन् १९९८ देखि नेकपा (माओवादी) सँग आबद्ध थिए, र पार्टीको काम गर्न निज बारम्बार बाहिर जाने गर्थे । मोरङ जिल्लाको टाँडी गाविस र रमिताखोला क्षेत्रमा हुने भनिएको माओवादी पार्टीको कार्यक्रमहरूमा भाग लिन मे २, २००२ को सबेरै प्रेम बहादुर घरबाट निस्किए । मोरङ जिल्ला, आइतबारे गाविसबाट खटिआएका सुरक्षाकर्मीले प्रेम बहादुरलाई जुन २९, २००२ मा पक्राउ गरी हिरासतमा राख्यो र जुन ३०, २००२ मा हत्या गऱ्यो । पक्राउ पुर्जी देखाइन । जुलाई २, २००२ मा प्रेम बहादुरका परिवारले रेडियो नेपाल र अन्य एफएम च्यानलमार्फत प्रेम बहादुर मारिएको समाचार सुने । घटना घटेको केही दिन पछि प्रेम बहादुरका परिवार घटनास्थलमा पुगे । सुरक्षाकर्मीले स्थानीय बासिन्दालाई धम्की दिई लाश छुन दिएनन् । चौथो दिनमा लाश कुहिन सुरु गऱ्यो, र गाउँलेहरूले लाशलाई नजिकैको कुलोमा सारे । प्रेम बहादुरका परिवार धेरैपल्ट मोरङ जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्न एवं दोषीलाई कारवाही गर्न माग राख्न गए । जिल्ला प्रशासन कार्यालयले पछि खबर गर्नेछ भनी प्रजिअले परिवारलाई बताए, तर जिल्ला प्रशासन कार्यालयले परिवारलाई कहिल्यै सम्पर्क गरेन ।

**औपचारिक कारवाही :** जुलाई ६, २००७ मा एड्भोकेसी फोरमका वकिलहरूका साथमा प्रेम बहादुरकी श्रीमती जाहेरी दर्खास्त लिएर मोरङ जिल्ला प्रहरी कार्यालय पुगिन् । उक्त कार्यालयका प्रहरी उपरीक्षक गोपाल प्रसाद भण्डारीले उक्त जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरे । प्रउ भण्डारीले जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकृत गरिन्छ भनी लिखित जवाफ दिनुहोस् भनी गरिएको अनुरोध पनि अस्वीकार गरे । जुलाई २९, २००७ मा प्रेम बहादुरकी श्रीमती र एड्भोकेसी फोरमका

वकिलहरू जाहेरी दर्खास्त लिएर प्रजिअलाई भेट्न गए । प्रजिअले सो उजुरी स्वीकार गरे र प्रेम बहादुरकी श्रीमतीलाई जिल्ला प्रशासन कार्यालयले सम्पर्क गर्नेछ भनी बताए । २००८ को अगस्टसम्म प्रेम बहादुरकी श्रीमतीले प्रहरीबाट कुनै जानकारी प्राप्त गरेकी छैनन् र जाहेरी दर्खास्त पनि दर्ता गरिएको छैन ।

***मुद्दा नं. ३६***

| | | |
|---|---|---|
| नाम | : | दाताराम तिम्सिना |
| घटनाको मिति | : | सेप्टेम्बर २८, २००३ |
| उमेर | : | २८ वर्ष |
| ठेगाना | : | शनिश्चरे गाविस, वडा नं. ९, मोरङ जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :***

१. मेजर सुमन गुरुङ्ग, नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरी, सुनसरी
२. मेजर वीरेन्द्र कटुवाल, अपरेसनल कमाण्डर, नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरी, सुनसरी
३. नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरी, सुनसरीबाट विराटनगर विमानस्थलमा खटिएका नाम वतन दर्जा थाहा नभएका सुरक्षाकर्मीहरू
४. मोरङ जिल्ला प्रहरी कार्यालयबाट खटिएका १०-१५ जना प्रहरीहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** दाताराम तिम्सिना शिंहबाहिनी माध्यमिक विद्यालयका शिक्षक थिए, र निजको मनोरोगसम्बन्धी उपचार हुँदै थियो । प्रत्यक्षदर्शीका अनुसार सेप्टेम्बर २८, २००३ मा नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरी, सुनसरीबाट विराटनगर विमानस्थलमा खटिएका संयुक्त सुरक्षाकर्मीहरू र मोरङ जिल्ला प्रहरी कार्यालयबाट खटिएका प्रहरीहरूले दाताराम तिम्सिनालाई पक्राउ गरे । प्रहरी उपरीक्षक चोप्का शेर्पासँग दातारामलाई कहाँ राखिएको छ भनी बुझ्न दातारामका आफन्तले मोरङ जिल्ला प्रहरी कार्यालय पुगे । प्रउ शेर्पाले दातारामलाई सेप्टेम्बर २९, २००३ मा नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरी, सुनसरीमा लगिएको जानकारी दिए ।

मोरङ जिल्ला इन्द्रपुर गाविस स्थायी निवासी हरि दङ्गालले नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरी, सुनसरीमा आफूले दातारामलाई भेटेको भनी जानकारी दिए । उनले बताएअनुसार सेप्टेम्बर २७, २००३ मा उनी दातारामसँगै बसेको र दातारामलाई सुरक्षाकर्मीले उक्त दिन अघि नै पिटेको र

भूँइमा घिसारेको हुनाले उनीहरूसँगै बसेको समयमा दाताराम गम्भीर रूपमा चोटग्रस्त थिए । अक्टोबर ८, २००३ मा एक सैन्य अधिकारीले अन्य बन्दीहरूसँगै दातारामलाई पनि स्थानान्तरण गर्न आदेश दिएको पनि हरिले बताए । दातारामले आफ्नो कपडा माग्दा निज सैन्य अधिकारीले मर्न लागेको बेला किन कपडा चाहियो भनी बताएका थिए ।

न्यौपाने समितिले २००६ को मध्य तिर प्रकाशित गरेको "बेपत्ता" भई पछि स्थिति ज्ञात भएका १७४ जनाको सूचीमा दातारामको नाम पनि उल्लेख गऱ्यो । अगस्ट १०, २००६ मा रेडक्रसको अन्तर्राष्ट्रिय समितिले नेपाली सेनाको मानवअधिकार एकाईले यस समितिलाई "अक्टोबर १४, २००३ मा मोरङ जिल्लाको केराबारी गाविस वडा नं. ५ आसपासमा भएको सुरक्षा कारवाहीमा दाताराम मारिएको" भनी जानकारी दिएको भनी दातारामको परिवारलाई पत्र पठायो । थप जानकारी भने दिइएन । दातारामको लाशलाई के गरियो भन्ने सम्बन्धमा आजसम्म पनि दातारामको परिवारले कुनै जानकारी पाएका छैनन् ।

**औपचारिक कारवाही :** जुन ७, २००७ मा पीडितको परिवार एड्भोकेसी फोरमका वकिलहरू र राष्ट्रिय मानवअधिकार आयोग तथा नेपालस्थित संयुक्त राष्ट्र सङ्घीय मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयका प्रतिनिधिहरूको साथमा जाहेरी दर्खास्त दर्ता गर्न मोरङ जिल्ला प्रहरी कार्यालय गए । मोरङ जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक गोपाल प्रसाद भण्डारीले दाताराम दोहोरो भिडन्तका क्रममा मारिएकोले कानूनी कारवाही अघि बढाउन सकिँदैन भनी जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरे । जुन ८, २००७ मा प्रहरी उपरीक्षक भण्डारीले जाहेरी दर्खास्त दर्ताको विषयलाई लिएर एड्भोकेसी फोरमलाई मोरङ जिल्ला प्रहरी कार्यालयमा आउन आग्रह गरेका थिए । एड्भोकेसी फोरमका वकिलहरू सोही दिन मोरङ जिल्ला प्रहरी कार्यालयमा पुग्दा भण्डारीले अर्को दिन आउन भनेका थिए । भेट्न भनिएको अर्को दिन एड्भोकेसी फोरमका वकिलहरू मोरङ जिल्ला प्रहरी कार्यालय पुग्दा उनीहरूलाई प्रहरी अझै प्रहरी प्रधान कार्यालयको जवाफको प्रतीक्षामा रहेको छ भनी बताइयो ।

जुन १७, २००७ मा पीडितको परिवार र एड्भोकेसी फोरमका वकिलहरू जिल्ला प्रशासन कार्यालय पुगे । जिल्ला प्रशासन कार्यालयका कर्मचारीले आफूहरूलाई सो मुद्दा हेर्ने "अधिकार नभएको" भन्दै जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरे । जाहेरी दर्खास्त दर्ता गर्न मोरङ जिल्ला प्रहरी कार्यालय र प्रमुख जिल्ला अधिकारीलाई आदेश जारी गरी पाऊँ भनी अगस्ट १, २००७ मा विराटनगर पुनरावेदन अदालतमा रिट निवेदन दायर गर्न एड्भोकेसी फोरमले पीडितका परिवारलाई सहयोग गऱ्यो । अक्टोबर १, २००७ मा दातारामको हत्या जस्ता घटनाहरू सन् २००६ नोभेम्बरमा हस्ताक्षरित विस्तृत शान्ति सम्झौतामा परिकल्पना गरिएको सत्य निरूपण तथा मेलमिलाप आयोग वा अन्य

यस्तै निकायले सम्बोधन गर्नेछ भनी पुनरावेदन अदालतले सो रिट निवेदन खारेज गऱ्यो । मार्च १८, २००८ मा पीडितको परिवारले पुनरावेदन अदालतको निर्णयको विरुद्धमा सर्वोच्च अदालतमा परमादेशको निवेदन दर्ता गराए । उक्त निवेदन अदालतमा विचाराधीन रहेको छ । जाहेरी दर्खास्त अझै दर्ता भएको छैन ।

**मुद्दा नं. ३७, ३८ र ३९**

| | | |
|---|---|---|
| नाम | : | विश्वनाथ पराजुली, टोमनाथ पौडयाल, र धन बहादुर तामाङ्ग |
| घटनाको मिति | : | सेप्टेम्बर २७, २००४ |
| उमेर | : | क्रमशः २९, २९ र ३० वर्ष |
| ठेगाना | : | हसनदह गाविस, वडा नं. ७ र ८, मोरङ जिल्ला |
| अपराधको प्रकृति | : | यातना/गैरन्यायीक हत्या |



पीडित छोरा टोमनाथ पौडयालको राहदानीको प्रतिलिपि लिएका बुबा गणेश प्रसाद पौडयाल © 2007 Nick Hogg.

**जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :**

१. महासेनानी प्रदिप प्रताप बम मल्ल, डिभिजनल कमाण्डर, नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरी, सुनसरी
२. प्रहरी नायब महानिरीक्षक कृष्ण बस्नेत, क्षेत्रीय प्रहरी प्रमुख, पूर्वाञ्चल क्षेत्रीय प्रहरी तालीम केन्द्र, विराटनगर
३. प्रहरी नायब महानिरीक्षक सनत कुमार बस्नेत, सशस्त्र प्रहरी बल प्रमुख, पूर्वाञ्चल कार्यालय, पकली, सुनसरी
४. प्रमुख जिल्ला अधिकारी एवं जिल्ला सुरक्षा समितिका संयोजक दोलख बहादुर गुरुङ, जिल्ला प्रशासन कार्यालय, मोरङ जिल्ला
५. नाम र दर्जा थाहा नभएका पूर्वी पृतना मुख्यालयबाट खटिएका संयुक्त कमाण्डका करिब ५६ जना सुरक्षाकर्मीहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** टोमनाथ पौडयालको साइकल तथा रेडियो बनाउने पसल थियो । सेप्टेम्बर २७, २००४ मा टोमनाथले आफ्नो छिमेकी विश्वनाथ पराजुली पल्लो गाउँमा झाँक्री भेट्न जाँदा साथ दिएका थिए । घर फर्कंदा बाटोमा उनीहरूले छिमेकीहरू मिठु पाश्वान, राजु पाश्वान, टुकिन्द्र आचार्य र रमेश न्यौपानेलाई भेटे र उनीहरू सबै सँगै घर फर्किए ।

प्रत्यक्षदर्शीका अनुसार, करिब ७:३० बजेतिर हसनदह गाविस, वडा नं. ८, भाटेगौडास्थित रामजानकी प्राथमिक विद्यालय नजिकै उनीहरूको भेट गस्तीमा रहेका करिब ५० जना सुरक्षाकर्मीहरूसँग भयो । सोही साँझ केहीबेर अघिमात्र पथरी गाविसको पथरी बजारमा हुने माओवादीको भेलामा भाग लिन एक माओवादी कार्यकर्ताले केही गाउँलेहरूलाई दबाब दिएका थिए । हातहतियार सहित गस्तीमा रहेका सुरक्षाकर्मीहरूले टोमनाथ र उनका साथीहरूलाई माओवादीहरूको कार्यक्रममा भाग लिएर आएको हो भनी सोधेका थिए । टोमनाथले आफूहरू माओवादीहरूको सो कार्यक्रममा भाग लिन नगएको भनी जवाफ दिँदा सुरक्षाकर्मीले टोमनाथ र उनका साथीहरूलाई माओवादी भएको आरोप लगाइ पक्राउ गरे ।

सो समयमा केही अन्य गाउँलेहरूलाई पनि पक्राउ गरिएको थियो । पक्राउ गरिएका सबैजनालाई विद्यालय कम्पाउण्डमा रातभरि थुनियो । विश्वनाथलाई कम्पाउण्डभित्र कुटिएको थियो । पक्राउ परेकाहरूले करिब ४:४५ बजे बिहान बन्दुक पड्केको आवाज सुनेको बताए ।

भोली पल्ट बिहान विश्वनाथका दाजु ख्याम राज पराजुली घटनास्थल गए र त्यहाँ छाती र चिउडोमा गोली हानिएको अवस्थामा भाइ विश्वनाथको लाश देखे । गाउँलेहरूको सहयोग लिएर ख्याम राजले भाइको लाश नजिकै रहेको खोलाको किनारमा गाडे । टोमनाथका बुबा गणेश प्रसाद पौडचाल पनि भोलिपल्ट बिहान घटनास्थल गए, जहाँ उनले छाती र हातमा गोली हानी मारिएका छोराको लाश फेला पारे । धन बहादुरका आफन्तले भने सो बिहान अलि पछि धन बहादुरको लाश भेटे । धन बहादुरलाई दुई ठाउँमा गोली प्रहार गरिएको थियो । सुरक्षाकर्मीहरूले घटनास्थलमा जम्मा भएका गाउँलेहरूलाई जबर्जस्ती कागजमा हस्ताक्षर गर्न लगाए । गाउँलेहरूलाई सो कागज पढ्न भने दिइएन । पक्राउ परी विद्यालयमा सो रात थुनिएका अन्य ४ जनालाई अर्को दिन सेनाको पूर्वी पृतना मुख्यालय, इटहरी लगियो । सो घटनापश्चात् घटनाको पूर्ण छानबिन तथा पीडकहरू उपर अभियोजनको माग राख्दै पीडितका परिवार बारम्बार जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा धाए ।

नोभेम्बर १, २००४ मा पीडित ३ परिवारले जाहेरी दर्खास्त दर्ता गरी पाऊँ भनी जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए, तर सम्बन्धित अधिकारीहरूबाट कुनै कारवाही अघि बढेन । उनीहरूले राष्ट्रिय मानवअधिकार आयोग र गृह मन्त्रालयमा समेत जानकारी दिए । राष्ट्रिय मानवअधिकार आयोगले घटनाको छानबिन गरी सो घटनामा पीडितको बाँच्न पाउँने अधिकार हनन् भएको ठहर गऱ्यो । जुन १६, २००५ मा उक्त आयोगले सरकारसमक्ष घटनाका जिम्मेवारहरू विरुद्ध कारवाही अघि बढाउन तथा पीडितका आफन्तलाई रु १,५०,०००।- बराबरको क्षतिपूर्ति दिन सिफारिस

गऱ्यो । छानबिन गरी दोषीको अभियोजन गर्न दिइएको सिफारिसप्रति प्रहरी र सरकारी वकिलहरूबाट कुनै कारवाही भएन । पीडितका परिवारले क्षतिपूर्तिसमेत पाएनन् ।

**औपचारिका कारवाही :** जुन ५, २००७ मा पीडितका परिवार एड्भोकेसी फोरमका वकिलहरू र गैसस, राष्ट्रिय मानवअधिकार आयोग तथा नेपालस्थित संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रतिनिधिहरूको साथमा जाहेरी दर्खास्त दर्ता गर्न मोरङ जिल्ला प्रहरी कार्यालय गए । मोरङ जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक गोपाल प्रसाद भण्डारीले दोहोरो भिडन्तमा सो हत्या भएकोले थप कानूनी कारवाही अघि बढाउन सकिदैन भनी जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरे । जुलाई ६, २००७ मा मोरङ जिल्ला प्रहरी कार्यालयले जाहेरी दर्खास्त एड्भोकेसी फोरमलाई फिर्ता पठायो । जुलाई १२, २००७ मा एड्भोकेसी फोरम र पीडितका परिवार प्रजिअलाई भेट्न गए, तर नागरिक प्रशासनलाई मुद्दा हेर्ने अधिकार दिइएको छैन भनी प्रजिअले जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरे ।

जाहेरी दर्खास्त दर्ता गर्न मोरङ जिल्ला प्रहरी कार्यालय र प्रमुख जिल्ला अधिकारीलाई आदेश जारी गरी पाऊँ भनी अगस्ट ५, २००७ मा विराटनगर पुनरावेदन अदालतमा रिट निवेदन दायर गर्न एड्भोकेसी फोरमले पीडित धन बहादुर तामाङ्गको परिवारलाई सहयोग गऱ्यो । अक्टोबर १०, २००७ मा पुनरावेदन अदालतले सो रिट निवेदन स्वीकार गऱ्यो, र सो अदालतबाट मोरङ जिल्ला प्रहरी कार्यालय र प्रजिअलाई जाहेरी दर्खास्त दर्ता गर्नू भन्ने आदेश भयो । सो आदेश जिप्रका तथा प्रजिअलाई पठाइयो । २००८ को सेप्टेम्बर १ मा पुनरावेदन अदालतको आदेश बमोजिम जाहेरी दर्ता गराउन एड्भोकेसी फोरमका वकिलहरूका साथ पीडित धन बहादुरको परिवार जिप्रका मोरङ्ग गए तर अदालतको आदेशलाई बेवास्ता गर्दै प्रहरी उपरीक्षक योगेन्द्र कटुवालले जाहेरी दर्खास्त दर्ता गर्न इन्कार गरे । २००८ को सेप्टेम्बर १ सम्ममा यी कुनै पनि घटना सम्बन्धमा जाहेरी दर्खास्त दायर भएका छैनन् ।

### *मुद्दा नं. ४०, ४१, ४२ र ४३*

| | | |
|---|---|---|
| नाम | : | जगप्रसाद राई "नारद", धनञ्जय गिरी,<br>माधुराम गौतम "मनोज", रत्न बहादुर कार्की |
| घटनाको मिति | : | डिसेम्बर १८, २००४ |
| उमेर | : | क्रमशः ३४, ४१, ३४ र ३४ वर्ष |
| ठेगाना | : | क्रमशः पथरी गाविस, वडा नं. ४ र ३,<br>शनिश्चरे गाविस, वडा नं. ७ र १ मोरङ जिल्ला |
| अपराधको प्रकृति | : | यातना/गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :***

नाम र दर्जा थाहा नभएका पूर्वी पृतना मुख्यालयबाट भवानी दल बटालियनका सह-सेनानी युवराज कार्कीको कमाण्डमा खटिएका करिब ५४ जना सैनिकहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** केही सदस्य माओवादीको भेषमा भएका सुरक्षाकर्मीहरूको एक जत्थाले जगप्रसाद राई "नारद", धनञ्जय गिरी, माधुराम गौतम "मनोज" र रत्न बहादुर कार्कीलाई एकै बिहान घटेको छुट्टाछुट्टै घटनामा पक्राउ गरी हत्या गऱ्यो ।

डिसेम्बर १८, २००४ मा बिहान "नारद" को भिनाजुको घरमा एक अपरिचित व्यक्ति आई "नारद"लाई आफूसँग जाउँ भन्यो । "नारद" सो अपरिचित व्यक्तिको पछिपछि गए । प्रत्यक्षदर्शीका अनुसार करिब १०:४५ बजेतिर पथरी गाविस वडा नं. ३ र ४ को सीमानामा पर्ने मलाउ चोकमा ५४ सुरक्षाकर्मीहरूको समूहले "नारद"लाई पक्राउ गऱ्यो र तत्काल गोली हानी हत्या गऱ्यो ।

सोही दिन बिहान करिब ६ बजेतिर छिमेकीलाई भेट्न भनी धनञ्जय घरबाट निस्किए । घर फर्कने क्रममा करिब १०:३० बजेतिर, आफूहरू माओवादी भएको र सुरक्षाकर्मीहरूले आफूहरूको पिछा गरिरहेको छ भनी दाबी गर्ने केही अपरिचित व्यक्तिहरूले धनञ्जयलाई रोके र धनञ्जयसँग कुरा गर्न थाले । त्यसपछि तिनीहरूले धनञ्जयलाई छाडिदिए । दिउँसो तिनै व्यक्तिहरू सेनाको समूहमा सामेल भई दक्षिण तर्फबाट धनञ्जयको घरतिर अघि बढिरहेको देखियो । आधाघण्टापछि पथरीबाट खटिएको सुरक्षाकर्मीहरूको टोली धनञ्जयको घर आइपुग्यो र धनञ्जयलाई पक्रेर गोली प्रहार गरी हत्या गऱ्यो ।

सोही दिन बिहान पथरी निवासी प्रकाश तिम्सिनाका साथमा माधुराम घरबाट निस्किए । प्रत्यक्षदर्शीका अनुसार, सोही दिन दिउँसोतिर माधुराम मायालु चोक नेर हिँड्दै गर्दा पूर्वी पृतना मुख्यालयबाट खटिएका सुरक्षाकर्मीहरूले समाती सोही स्थानमा गोली हानी हत्या गरे ।

रत्न बहादुर मलेसियामा काम गरी अक्टोबर २००४ मा घर फर्किएका थिए । डिसेम्बर १८, २००४ को बिहान ८ बजेतिर निज स्थानीय राइस मिलमा खाद्यान्न पिसाउन गए । करिब १० बजेतिर घर फर्कने क्रममा केही अपरिचत व्यक्तिहरूले आफूहरू माओवादी हूँ भनी उनलाई रोके । तिनीहरूले सेनाले आफूहरूको पिछा गरिरहेको पनि बताए । तिनीहरूले रत्न बहादुरसँग केही क्षण कुरा गरी स्थानीय माओवादी कार्यकर्ताहरूलाई भेटी बस्ने ठाउँको व्यवस्था मिलाउनको लागि उनीहरू बस्ने ठाउँ पत्ता लगाउन सहयोग गर्न उनलाई आग्रह गरे । दिउँसो तिनै व्यक्तिहरू सेनाको समूहमा सामेल भई दक्षिण तर्फबाट सो इलाकातिर अघि बढिरहेको देखियो । आधाघण्टा पछि अर्को ठाउँबाट

खटिएका सुरक्षाकर्मीहरूको टोली सो इलाका आइपुग्यो र रत्न बहादुरलाई पक्री गोली प्रहार गरी हत्या गर्‍यो ।

सुरक्षाकर्मीले गाउँलेहरूलाई धनञ्जय गिरी, माधुराम गौतम "मनोज", रत्न बहादुर कार्की र "नारद" राईलाई सेनाको नियन्त्रणबाट भाग्ने प्रयास गर्दा गोली प्रहार गरी हत्या गरिएको भन्ने व्यहोरा भएको कागजमा जबर्जस्ती हस्ताक्षर गर्न लगाए ।

डिसेम्बर १९, २००४ मा इलाका प्रहरी कार्यालय, उर्लाबारी, मोरङबाट पीडितका परिवारले ती चार लाशको बारेमा सूचना प्राप्त गरे । नारदको लाशमा पिटिएको घाउदाग तथा दायाँ कञ्चट, दायाँ कम्मर र पिठ्यूँमा गोली लागेको थियो । धनञ्जयलाई कुटपिट गरी ६ ठाउँमा गोली प्रहार गरिएको देखियो । धनञ्जयले लगाएको रु ९,६००।- मुल्यको सुनको सिक्री उनको लाशको घाँटीमा थिएन । माधुरामको लाशमा पनि कुटपिटपश्चात् शरीरका विभिन्न भागमा ५ गोली प्रहार गरिएको निशान देखियो, जसमध्ये दुई गोली टाउकोमा प्रहार गरिएको थियो । माधुरामको शव परीक्षण गरिएन । माधुरामको हत्या गर्नु अघि सुरक्षाकर्मीहरूले निजको घर खानतलाशी गरी ने रु २२,०००।- र माधुरामको नागरिकता प्रमाणपत्र लगेको थियो । माधुरामको घरबाट मलेसियन रिङगेट् ५,०००।- मूल्य पर्ने घडी र साइकल हराएको थियो ।

चारैजना पीडितका आफन्तहरूले धेरैपल्ट मोरङ जिल्ला प्रशासन कार्यालयमा गएर मौखिक रूपमा उजुरी गरे, तर ती उजुरीहरू स्वीकार गरिएनन् । "राजनीतिक मुद्दा" भएको भन्दै प्रहरीले ती उजुरीहरू दर्ता गर्न अस्वीकार गरे । पीडितका परिवारले बारम्बार प्रजिअलाई भेटी सो घटनाबारे उजुरी गरे । प्रजिअले कुनै कारवाही अघि बढाएनन् । उनीहरूले राष्ट्रिय मानवअधिकार आयोगमा पनि उजुरी गरे । यस लेखन कार्य हुँदासम्म उक्त आयोगले यी घटनाहरू उपर छानबिन गरिरहेको छ ।

**औपचारिक कारवाही** : जुन ५, २००७ मा पीडितका परिवार एड्भोकेसी फोरमका वकिलहरू र राष्ट्रिय मानवअधिकार आयोग तथा ओएचसीएचआर-नेपाल कार्यालयका प्रतिनिधिहरूको साथमा जाहेरी दर्खास्त दर्ता गर्न मोरङ जिल्ला प्रहरी कार्यालय गए । मोरङ जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक गोपाल प्रसाद भण्डारीले दोहोरो भिडन्तमा सो हत्या भएकोले थप कानूनी कारवाही अघि बढाउन सकिदैन भनी जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरे । जुलाई ६, २००७ मा मोरङ जिल्ला प्रहरी कार्यालयले उजुरी एड्भोकेसी फोरमलाई फिर्ता पठायो । जुलाई १२, २००७ मा पीडितका परिवार प्रजिअलाई भेट्न गए, तर नागरिक प्रशासनलाई यस्ता मुद्दा हेर्ने अधिकार दिइएको छैन बरु

सत्य निरूपण तथा मेलमिलाप आयोगले ती घटनाहरूका बारे छानबिन गर्नेछ भन्दै प्रजिअले जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरे ।

जाहेरी दर्खास्त दर्ता गर्न मोरङ जिल्ला प्रहरी कार्यालय र प्रमुख जिल्ला अधिकारीलाई आदेश जारी गरी पाऊँ भनी अगस्ट ५, २००७ मा विराटनगर पुनरावेदन अदालतमा रिट निवेदन दायर गर्न एड्भोकेसी फोरमले पीडितका परिवारलाई सहयोग गऱ्यो । माधुरामको मुद्दामा बाहेक अन्य मुद्दाहरूमा पुनरावेदन अदालतले अक्टोबर १, २००७ मा सत्य निरूपण तथा मेलमिलाप आयोगले यस्ता हत्याका सम्बन्धमा सम्बोधन गर्नेछ भन्ने प्रहरीको जिकिरलाई समर्थन जनाउँदै अन्य रिट निवेदनहरू खारेज गऱ्यो । एड्भोकेसी फोरमले उक्त मुद्दाहरूमध्ये धनञ्जय गिरीको हकमा पुनरावेदनको फैसलाको विरुद्धमा मार्च ३१, २००८ मा सर्वोच्च अदालतमा परमादेश निवेदन दर्ता गऱ्यो ।

सेप्टेम्बर १, २००८ मा एड्भोकेसीको साथमा माधुरामका परिवार पुनरावेदन अदालतको आदेश बमोजिम जाहेरी दर्खास्त दर्ता गराउन जिल्ला प्रहरी कार्यालय मोरङ गए । तर प्रहरी उपरीक्षक योगेन्द्र कटुवालले अदालतको आदेश बाबजुद जाहेरी दर्खास्त दर्ता गर्न इन्कार गरे ।

***मुद्दा नं. ४४***

| | | |
|---|---|---|
| नाम | : | चन्द्र बहादुर बस्नेत "मनोज बस्नेत" |
| घटनाको मिति | : | अगस्ट २४, २००५ |
| उमेर | : | २८ वर्ष |
| ठेगाना | : | सिजुवा गाविस, वडा नं. ४, मोरङ जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :***

सशस्त्र बल प्रहरी निरीक्षक नरदिप बस्नेत र निजको कमाण्डमा मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका-११ स्थित बन्दीगृहमा तैनाथ सशस्त्र प्रहरी बल युनिटबाट खटिएका १२ अन्य नाम दर्जा थाहा नभएका प्रहरीहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** मनोज बस्नेत मोरङ जिल्ला, सिजुवा गाविस कार्यालयमा पिउनको जागिर खाँदै आएका थिए । गाविसको केही काम पूरा गर्न भनी अगस्ट २४, २००५ घरबाट निस्की उनी विराटनगरस्थित मोरङ जिल्ला विकास समिति तिर हिँडे । प्रत्यक्षदर्शीका अनुसार विराटनगर बसपार्कस्थित धनकुटे होटेल एण्ड लजबाट सशस्त्र प्रहरीको एक टोलीले मनोजलगायत अन्य केहीलाई पक्राउ गऱ्यो । पक्राउ परेका अन्य व्यक्तिहरूलाई तत्कालै रिहा

गरिएको तर मनोज र सन्तोषलाई भने प्रहरीले आँखामा कालो पट्टी बाँधी को.१च. ४५४४ नं. को गाडीमा हाली लगेको प्रत्यक्षदर्शीले बताए ।

भोलिपल्ट बिहान मोरङ जिल्ला प्रहरी कार्यालयबाट फोनमार्फत "सुरक्षा घेरा तोडी भाग्ने क्रममा" सुरक्षाकर्मीहरूद्वारा मनोजको हत्या गरियो भन्ने जानकारी मनोजका छिमेकीहरूले पाए । मनोजका परिवार र छिमेकीहरूले सोही दिन विराटनगरबाट मनोजको लाश बुझे । घरबाट बाहिर निस्कँदा मनोजले सुनको औंठी र सिक्री लगाएका र ने रु २,३००।- बोकेका थिए, तर यी सबै लाशको साथमा थिएनन् । कोशी अञ्चल अस्पताल, विराटनगरमा गरिएको पोस्ट मोर्टम परीक्षणले मनोजको मृत्यु छाती र घाँटीमा प्रहार गरिएको गोलीको घाउबाट भएको भन्ने खुलायो ।

राष्ट्रिय मानवअधिकार आयोगले घटनाको छानबिन गर्‍यो, र फेब्रुअरी १७, २००६ मा मनोजका परिवारलाई क्षतिपूर्ति स्वरूप रु १,५०,०००।- उपलब्ध गराउन तथा थप छानबिन गरी पीडकहरूको पहिचान गरी उनीहरूलाई न्यायको कठघरामा उभ्याउन नेपाल सरकारलाई सिफारिस गर्‍यो । मार्च २३, २००६ मा यस आयोगले प्रधानमन्त्रीको कार्यालयलाई पत्र लेखी सो सिफारिस कार्यान्वयन गर्न अनुरोध गर्‍यो । सशस्त्र प्रहरी बलले पनि यस घटनामा संलग्न रहेका भनिएका सशस्त्र प्रहरी बल युनिटका कमाण्डर नरदिप बस्नेतलाई अनुशासनको कारवाही सुरु गरेको बतायो, तर सो इलाकाबाट सरुवा गर्नुबाहेक सो अनुशासनात्मक कारवाहीमा अन्य के कस्ता कारवाहीहरू समावेश थिए भनी पुष्टि गर्न भने सम्भव भएको छैन ।

**औपचारिक कारवाही :** मनोजको हत्या भएको केही दिनपश्चात् एड्भोकेसी फोरमका वकिलहरूको साथमा उनको परिवार जाहेरी दर्खास्त दर्ता गर्न मोरङ जिल्ला प्रहरी कार्यालय गए, तर प्रहरीले जाहेरी दर्खास्त दर्ता गर्न मानेनन् । त्यसपछि पीडित परिवारले हुलाकमार्फत सो जाहेरी दर्खास्त जिल्ला प्रहरी कार्यालयमा पठायो । अगस्ट ३०, २००५ मा पीडितका बुबाको पक्षमा प्रहरीले मनोजको हत्यामा संलग्न भएको भनिएका सशस्त्र बल प्रहरी निरीक्षक नरदिप बस्नेत र निजको कमाण्डमा रहेका १२ अन्य नाम दर्जा थाहा नभएका प्रहरीहरू विरुद्ध जाहेरी दर्खास्त दर्ता गर्‍यो । सुरुमा प्रहरीले छानबिन अघि बढाएन । नेपालस्थित संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले दबाब दिए पछि मात्र प्रहरीले केही प्रत्यक्षदर्शीको बयान लिनुका साथै शङ्कास्पद व्यक्तिहरूसँग सोधपुछ गर्‍यो र सो मुद्दा सेप्टेम्बर २०, २००६ मा सरकारी वकिलकहाँ पठायो । प्रहरीले पीडितका बुबालाई अर्को नयाँ जाहेरी दर्खास्तमा हस्ताक्षर गर्न लगाए, तर उनलाई त्यो जाहेरी दर्खास्त पढ्न भने दिएनन् । पछि अदालतमा जब परिवारले सो नयाँ जाहेरी दर्खास्त पढने मौका पाए, तब मात्र प्रहरीले मनोजको हत्यालाई दुर्घटना बनाइ नयाँ जाहेरी दर्खास्त बनाएको कुरा महसुस गरे, जुन मनोजका बुबाले कल्पना गरेका पनि थिएनन् ।

सुरक्षा बलको कब्जाबाट भाग्ने प्रयास गर्दा सशस्त्र सुरक्षा बलबाट गोली चल्दा पीडित मारिएकोले आरोपीहरू निर्दोष छन् भनी सेप्टेम्बर २२, २००६ मा मोरङ जिल्ला अदालतले फैसला सुनायो । उक्त निर्णयले सो हत्यालाई दुर्घटना साबित गऱ्यो ।

मे १०, २००७ मा पीडितका बुबा गोविन्द बस्नेतले मोरङ जिल्ला अदालतको सो निर्णय विरुद्ध मनोजका हत्या सम्बन्धमा यस अघि गरिएको छानबिन खारेज गरी प्रहरीलाई पुनः अर्को छानबिन गर्न तथा नरदिप बस्नेतलाई कर्तव्य ज्यान मुद्दाको आरोपमा अभियोजन गरी पाऊँ भनी सर्वोच्च अदालतमा अपिल गरे । त्यसपछि दर्जनौं स्थानीय राजनीतिज्ञहरूले बारम्बार गोविन्द बहादुरलाई सो अपिल फिर्ता लिन आग्रह गरे । सो मुद्दा फिर्ता लिएमा प्रहरीले मनोजकी विधवा श्रीमतीलाई प्रहरी कार्यालयमा जागिर दिने तथा उनका २ बच्चाबच्चीलाई बोर्डिङ्ग स्कूलमा भर्ना गरिदिने प्रलोभन देखाए । प्रहरीले गोविन्द बहादुरलाई रु २,५०,०००।- दिने प्रस्ताव राखी काठमाडौं ल्याए र उनलाई आफूले रिट निवेदन हाल्न नचाहेको तर एड्भोकेसी फोरमले दबाब दिएकोले सो अपिल गरिएको व्यहोरा सहितको निवेदन दायर गरी सर्वोच्च अदालतमा यस अघि दायर गरिएको अपिल फिर्ता लिन दबाब दिए । सो दबाबमा आइ नोभेम्बर ३०, २००७ मा गोविन्द बहादुरले सर्वोच्च अदालतमा सो मुद्दा फिर्ता गरी पाऊँ भनी निवेदन दिए । सोही दिन सर्वोच्च अदालतले सो मुद्दालाई स्थगन गर्ने निर्णय गऱ्यो । २००८ को अगस्टसम्म सर्वोच्च अदालतले सो मुद्दा फिर्ता गरी पाऊँ भनी गरिएको निवेदन पत्रमाथि निर्णय गर्न बाँकी छ ।

***मुद्दा नं. ४५ र ४६***

| | | |
|---|---|---|
| नाम | : | पूर्ण श्रेष्ठ र विदुर भट्टराई |
| घटनाको मिति | : | अक्टोबर १५, २००५ |
| उमेर | : | क्रमशः ३३ र २७ वर्ष |
| ठेगाना | : | इन्द्रपुर गाविस, वडा नं. ६ र पथरी गाविस, वडा नं. ५, मोरङ जिल्ला |
| अपराधको प्रकृति | : | यातना/गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय ः***

नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरी, सुनसरीका मेजर सुनिल श्रेष्ठ र निजको कमाण्डमा रहेका ५६ अन्य नाम दर्जा थाहा नभएका सुरक्षाकर्मीहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** अक्टोबर १५, २००५ को दिन बिहानै नेपाली सेनाले बेलबारी गाविस लिम्बू चोकमा दुर्गाराज राईको हत्या गरे । सैन्य अधिकारीहरूले

दुर्गाराजको मोबाइल बरामद गरे, र सो मोबाइलमा पूर्ण श्रेष्ठ र विदुर भट्टराईको मोबाइल नम्बर भेटाए । प्रत्यक्षदर्शीका अनुसार सेनाले दुर्गाराज बनेर सो मोबाइलबाट पूर्ण श्रेष्ठ र विदुर भट्टराईलाई फोन गरी तुरुन्त बेलबारी आउनू भनी बोलाए । मोहन खनालका साथमा पूर्ण श्रेष्ठ र विदुर भट्टराई बेलबारी तर्फ हिँडे । बेलबारी आइपुगेपछि ती तीनै जनालाई सुरक्षाफौजले पक्राउ गरे । सेनाले उनीहरूलाई यातना दिए र अक्टोबर १५, २००५ को बिहान ९:३० बजे तीनै जनालाई गोली हानी हत्या गरे ।

ती सैन्य अधिकारीहरूले शव बेलबारी इलाका प्रहरी कार्यालयमा लगे । पीडितका परिवारलाई उनीहरू सेनाको कारवाहीमा मारिएको भन्ने जानकारी दिइयो । त्यसछि अक्टोबर १६, २००५ मा पीडितका परिवार शव बुझ्न बेलबारी इलाका प्रहरी कार्यालय गए ।

वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा दुवै लाशको पोस्ट मोर्टम गरियो । पूर्ण बहादुर श्रेष्ठको शवमा मध्य माथिल्लो पेट, छाती, निधार र टाउकोको पछाडिको भागमा चोट लागेको थियो । लाश हेर्ने परिवार र अन्य गाउँलेहरूले बताएअनुसार घाउ गोलीको नभई बन्दुकको कुँजाले हिर्काएको जस्तो देखिन्थ्यो । पूर्ण बहादुरको लाशको पोस्ट मोर्टम जाँचले के देखायो भन्ने कुरा अज्ञात छ ।

विदुरको लाशको पोस्ट मोर्टम रिपोर्टले मध्य माथिल्लो पेट र कोखमा १ गोली र छातीमा ३ गोली लागेको र दुवै आँखा धारिलो हतियारले घोची फुटाइएको तथा निधारमा गहिरो घाउ लागेको देखायो ।

पोस्ट मोर्टम सम्पन्न भएपछि पीडित परिवारले बेलबारी इलाका प्रहरी कायालयबाट दोहोरो भिडन्तको क्रममा नेपाली सेनाद्वारा ती दुई मारिएका हुन् भन्ने व्यहोराको पत्र प्राप्त गरे । लाशको दाहसंस्कार परिवारका सदस्यले गरेका थिए ।

जुलाई १९, २००७ मा राष्ट्रिय मानवअधिकार आयोगले पूर्ण बहादुर श्रेष्ठ र विदुर भट्टराई प्रत्येकका परिवारलाई क्षतिपूर्ति स्वरूप रु १,५०,०००।- उपलब्ध गराउन सरकारलाई सिफारिस लेखी पठायो । यस आयोगले पीडकहरूको पहिचान गरी तिनीहरूलाई न्यायको कठघरामा उभ्याउनको लागि थप छानबिन अघि बढाउन पनि सिफारिस गऱ्यो । यस लेखन कार्य हुँदासम्म राष्ट्रिय मानवअधिकार आयोगको उक्त सिफारिस कार्यन्वयन भएको थिएन ।

**औपचारिक कारवाही** : जुन ५, २००७ मा पीडितका परिवार एड्भोकेसी फोरमका वकिलहरू र राष्ट्रिय मानवअधिकार आयोग तथा नेपालस्थित संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रतिनिधिहरूको साथमा जाहेरी दर्खास्त दर्ता गर्न मोरङ जिल्ला प्रहरी कार्यालय गएका

थिए । मोरङ जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक गोपाल प्रसाद भण्डारीले दोहोरो भिडन्तमा सो हत्या भएकोले थप कानूनी कारवाही अघि बढाउन सकिदैन भनी जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरे । जुलाई ६, २००७ मा मोरङ जिल्ला प्रहरी कार्यालयले उजरी एड्भोकेसी फोरमलाई फिर्ता पठायो । जुलाई १२, २००७ मा पीडितका परिवार र एड्भोकेसी फोरमका वकिलहरू प्रमुख जिल्ला अधिकारीलाई भेट्न गए । नागरिक निकायलाई मुद्दा हेर्ने अधिकार दिइएको छैन भन्दै प्रजिअले जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरे । जाहेरी दर्खास्त दर्ता गर्न मोरङ जिल्ला प्रहरी कार्यालय र प्रमुख जिल्ला अधिकारीलाई आदेश जारी गरी पाऊँ भनी अगस्ट १, २००७ मा विराटनगर पुनरावेदन अदालतमा रिट निवेदन दायर गर्न एड्भोकेसी फोरमले पीडितका परिवारलाई सहयोग गऱ्यो । अक्टोबर १, २००७ मा यस्ता घटनाहरू नोभेम्बर २००६ मा हस्ताक्षरित विस्तृत शाान्ति सम्झौतामा परिकल्पना गरिएको सत्य निरूपण तथा मेलमिलाप आयोग वा यस प्रकारका अन्य निकायले सम्बोधन गर्नेछ भनी पुनरावेदन अदालतले विदुरको रिट निवेदन खारेज गऱ्यो । तर पुनरावेदन अदालतले पूर्ण श्रेष्ठको रिट निवेदनमा माग बमोजिमको आदेश जारी गरेको थियो । विदुर भट्टराईको हकमा भने एड्भोकेसी फोरमले मार्च ३१, २००८ मा सर्वोच्च अदालतमा पुनरावेदन अदालतको फैसलाको विरुद्धमा परमादेश निवेदन दायर गऱ्यो । २००८ को अगस्टसम्म उक्त मुद्दा विचाराधीन अवस्थामै रहेको छ । पूर्ण श्रेष्ठको मुद्दाको हकमा भने जाहेरी दर्खास्त दर्ता गर्न भनी सेप्टेम्बर १, २००८ मा परिवारजन जिल्ला प्रहरी कार्यालय मोरङ गए । तर पुनरावेदन अदालतको आदेशका बावजुद प्रहरी उपरीक्षक योगेन्द्र कटुवालले जाहेरी दर्खास्त दर्ता गर्न इन्कार गरे । जाहेरी दर्खास्तहरू अझै दर्ता हुन बाँकी छन् ।

***मुद्दा नं. ४७***

| | | |
|---|---|---|
| नाम | : | सपना गुरुङ |
| घटनाको मिति | : | अप्रिल २५, २००६ |
| उमेर | : | २२ वर्ष |
| ठेगाना | : | बेलबारी गाविस, वडा नं. ३, मोरङ जिल्ला |
| अपराधको प्रकृति | : | बलात्कार पछि हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :***

मोरङ जिल्ला, बेलबारी इलाका प्रहरी कार्यालयस्थित सुरक्षा आधार शिविरबाट खटिएका क्याप्टेन प्रल्हाद थापा मगर र निजको कमाण्डमा रहेका १५ अन्य नाम दर्जा थाहा नभएका सुरक्षाकर्मीहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश** : अप्रिल २५, २००६ मा बेलुकाको करिब ८:३० बजे तिर प्रल्हाद थापा मगरको कमाण्डमा रहेका सुरक्षाकर्मीहरू सपना गुरुङको घर गए । ती सुरक्षाकर्मीहरू सपनाको घरभित्र घुसे र सपनालाई हातले मुख थुनेर घिसार्दै बाहिर निकाले । तिनीहरूले सपनालाई नजिकैको दुरसञ्चार कार्यालयमा लगी बलात्कार गरे । सो बलात्कारका कुनै पनि प्रत्यक्षदर्शी थिएनन् । करिब ९:२५ बजे तिर गाउँलेहरूले बन्दुक पड्केको आवाज सुने र पछि सपना मृत पाइन् । गाउँलेहरूका अनुसार हत्यापश्चात् सपनाको लाश आर्मी क्याम्प लगियो । वीपी कोइराला मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको मेडिकल रिपोर्टका अनुसार सपनालाई बलात्कारपश्चात् गोली प्रहार गरिएको थियो । सपनाको बलात्कार र बलात्कार पछि हत्याको खबरले गाउँभरी आक्रोशका माहौल छायो, र सो घटनाका विरुद्ध दङ्गा भड्किदा सुरक्षाकर्मीले गोली चलायो, जुन घटनामा ६ जनाको ज्यान गयो र दर्जनौं घाइते भए ।

**औपचारिक कारवाही** : मे १५, २००६ मा प्रहरीले जाहेरी दर्खास्त दर्ता गर्‍यो, तर संसदीय छानबिन समितिले आफ्नो प्रतिवेदन सार्वजनिक नगरेसम्म र सरकारबाट अधिकार प्राप्त नभएसम्म फौज्दारी छानबिन अघि बढाउन नसक्ने बतायो । संसदीय छानबिन समितिले छानबिन सम्पन्न गरी जनवरी १२, २००८ मा संसदमा आफ्नो प्रतिवेदन पेश गर्‍यो । सो समितिले प्रल्हाद थापा मगर तथा बिर बहादुर महरा र निर्मल कुमार पन्त नामका अन्य दुई सैन्य जवानहरूलाई हिरासतमा राखी बलात्कार र हत्यासम्बन्धी फौज्दारी छानबिन अघि बढाउन सिफारिस गर्‍यो । सो समितिले आर्मी ऐन अनुरूप दोषी उपर "विभागीय कारवाही" गर्न र पीडितका परिवारलाई क्षतिपूर्ति स्वरूप रु १०,००,०००।- उपलब्ध गराउन पनि सिफारिस गर्‍यो । संसदीय छानबिन समितिले आफ्नो प्रतिवेदन सार्वजनिक गर्नु अगावै सरकारले परिवारलाई क्षतिपूर्ति स्वरूप रु ३,००,०००।- उपलब्ध गराइसकेको थियो । २००८ को अगस्ट सुरु हुँदासम्म दोषी सैन्यहरूलाई पक्राउ गरिएको छैन ।

### मुद्दा नं. ४८, ४९, ५०, ५१, ५२ र ५३

| | | |
|---|---|---|
| नाम | : | छत्र बहादुर परियार, फुर्बा शेर्पा, प्रभुनाथ भट्टराई, प्रसाद गुरुङ "प्रशान्त", टंकलाल चौधरी र सुनिता ऋषिदेव |
| घटनाको मिति | : | अप्रिल २६, २००६ |
| उमेर | : | ३५, १८, ३४, १८, ३२ र १७ वर्ष |
| ठेगाना | : | इन्द्रपुर गाविस वडा नं. २ र ३, मृगौलिया गाविस वडा नं. ८, बेलबारी गाविस, वडा नं. ३, मोरङ जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :***

१. मोरङ जिल्ला, बेलबारी इलाका प्रहरी कार्यालयस्थित सुरक्षा आधार शिविरबाट खटिएका क्याप्टेन प्रल्हाद थापा मगर

२. घटनास्थलमा खटिएका नाम दर्जा थाहा नभएका सुरक्षाकर्मीहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** अप्रिल २६, २००७ को दिउँसो करिब २:३० बजेतिर क्याप्टेन प्रल्हाद थापा मगरको नेतृत्वमा रहेको संयुक्त कमाण्डका सुरक्षाकर्मीले प्रदर्शनकारीहरूमाथि अन्धाधुन्ध गोली चलाए । सपना गुरुङको परिवारलाई क्षतिपूर्ति माग राख्दै, तथा सपनाको बलात्कार र हत्याका जिम्मेवारहरूलाई कानूनी कारवाहीको माग राख्दै बेलबारी इलाका प्रहरी कार्यालय अगाडि गाउँलेहरूले स्वतःस्फूर्त रूपमा गरेको प्रदर्शनमा सो गोलीकाण्ड घटेको थियो । संसदीय छानबिन समितिको छानबिन प्रतिवेदनअनुसार सो घटनामा २१ जना सुरक्षाकर्मीहरूले गोली चलाएका, र १३१ राउण्ड गोली चलेको थियो । घटनास्थलमा सयजना भन्दा बढी सुरक्षाकर्मी खटाइएको र सो गोलीकाण्डमा ६ जनाको ज्यान गएको थियो । छत्र बहादुर परिवार, फुर्वा सेर्पा, प्रभुनाथ भट्टराई, प्रसाद गुरुङ "प्रशान्त", टंकलाल चौधरी र सुनिता ऋषिदेव सबैजनाको घटनास्थलमै मृत्यु भयो । माओवादीहरूले सो प्रदर्शनमा घुसेर सुरक्षाकर्मीहरूमाथि गोली चलाउन सुरु गरेका थिए भनी सुरक्षाकर्मीहरूले दाबी गरे, तर छानबिन समितिले सुरक्षाकर्मीको सो दाबीलाई पुष्टि गर्ने कुनै प्रमाण भेटाएन ।

**औपचारिक कारवाही :** छानबिन अघि बढाउन तथा पीडितहरूलाई न्याय दिलाउन माग राख्दै पीडितका परिवार मे २८, २००६ जाहेरी दर्खास्त दर्ता गर्नमा मोरङ जिल्ला प्रहरी कार्यालय गए । त्यहाँका प्रहरीले उजुरी दर्ता गर्न अस्वीकार गर्दै बेलबारी इलाका प्रहरी कार्यालयमा गई उजुरी गर्न सल्लाह दिए ।

मे ३१, २००६ मा बेलबारी इलाका प्रहरी कार्यालयले छओटा छुट्टाछुट्टै जाहेरी दर्खास्त दर्ता गऱ्यो । सपना गुरुङको घटनामा जस्तै, प्रहरीले संसदीय छानबिन समितिले आफ्नो प्रतिवेदन सार्वजनिक नगरेसम्म र सरकारबाट अधिकार प्राप्त नभएसम्म फौज्दारी छानबिन अघि बढाउन नसक्ने बताए । संसदीय छानबिन समितिले छानबिन सम्पन्न गरी जनवरी १२, २००८ मा संसदमा प्रतिवेदन पेश गरी २८ जना सुरक्षाकर्मी र (निजामती सेवा ऐन, २०४९ अनुरूप) प्रजिअ विरुद्ध कारवाहीको सिफारिस गऱ्यो । सो समितिले जिल्लामा कमाण्ड सम्हालेका सहायक रथी र प्रहरी उपरीक्षकलाई स्थानीय मानिसहरूको जीवन र सम्पत्ति रक्षा गर्न नसकेको कारण विभागीय कारवाही गर्न सिफारिस गऱ्यो । कारवाहीको सिफारिसमा पर्नेहरूमा धनकुटा ब्रिगेडका प्रमुख सहायक रथी ओम बहादुर पुन, विष्णु बटालियनका प्रमुख पवन बहादुर पाण्डे, राजु तामाङ्ग तथा बेलबारी चौकीका प्रमुख र क्याप्टेन

प्रल्हाद थापा रहेका छन् । सो समितिले प्रत्येक मृतकका परिवारलाई रु १०,००,०००।- र अङ्गभङ्ग भएकाहरूको परिवारलाई रु ६,००,०००।-, गोली लागि घाइते भएकाहरूलाई रु ७५,०००।- र सामान्य घाइतेहरूलाई रु २५,०००।- उपलब्ध गराउन पनि सिफारिस गऱ्यो । संसदीय छानबिन समितिको प्रतिवेदन आउनु अगावै सरकारले मृतकका परिवारलाई रु ३,००,०००।-, गम्भीर रूपमा घाइते भएका वा अङ्गभङ्ग भएकाहरूका परिवारलाई रु १,५०,०००।-, गोली लागी घाइते भएकाहरूलाई रु २५,०००।- र सामान्य घाइतेहरूलाई रु १०,०००।- उपलब्ध गराएको थियो ।

## म्याग्दी जिल्ला

**मुद्दा नं. ५४**

| | | |
|---|---|---|
| नाम | : | खगेन्द्र बुढाथोकी |
| घटनाको मिति | : | जनवरी ६, २००२ |
| उमेर | : | ३१ वर्ष |
| ठेगाना | : | अमन गाविस वडा नं. ६ पोक (सातघरे) म्याग्दी जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :***

१. प्रमुख सेनानी राजु नेपाली, कमाण्डर, कालीप्रसाद बटालियन बेनी ब्यारेक म्याग्दी जिल्ला

२. दारवाङ्ग दुखुको अस्थायी शिविरमा गएका कालीप्रसाद बटालियनका सैन्यहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** जनवरी ६, २००२ मा गस्ती गरिरहेका सैन्यहरूले तातोपानी जलकुनी पुलमा खगेन्द्र बुढाथोकीलाई पक्राउ गरे । खगेन्द्रलाई ती सैन्यहरूले अल्काचौरको दारवाङ्ग डुखुस्थित अस्थायी शिविरमा लग्दै गरेको गाउँलेहरूले देखे । स्थानीय मानिसहरू र खगेन्द्रका परिवारले बताएअनुसार भोलिपल्ट बिहान ९ बजेतिर खगेन्द्रलाई सोही अस्थायी शिविरमा गोली हानी हत्या गरियो । जनवरी ८, २००२ मा रेडियो नेपालबाट जनवरी ७, २००२ मा सेनाले गरेको कारवाहीमा खगेन्द्र बुढाथोकी नामको एक माओवादी मारिएको समाचार प्रसारण भयो । सो हत्याको छानबिन गर्न माग राख्दै खगेन्द्रका परिवार जिल्ला प्रहरी कार्यालय गए, तर प्रहरीले कुनै कारवाही अघि बढाएन ।

अस्थायी शिविर छोडी बटालियन अन्यत्र गएपछि, जनवरी २५, २००२ मा गाउँलेहरूको सहयोग लिई खगेन्द्रका परिवारले सो अस्थायी शिविर बसेको ठाउँमा खन्न सुरु गरे र सो शिविरको कम्पाउण्ड भित्रै खगेन्द्रको लाश फेला पारे । खगेन्द्रका परिवारले केही दिन धार्मिक परम्पराअनुसार आशौच बारे । खगेन्द्रका बुबाले सो घटनाका दोषीहरूलाई कारवाही गर्न र पीडितका परिवारलाई क्षतिपूर्तिको माग राख्दै सोही दिन जिल्ला प्रहरी कार्यालयमा र अर्को दिन जनवरी २६, २००२ मा जिल्ला प्रशासन कार्यालयमा जाहेरी दर्खास्त बुझाए । प्रहरीले घटनाको छानबिन गर्ने, पीडकहरूलाई न्यायको कठघरामा उभ्याउने र परिवारलाई क्षतिपूर्ति दिलाउने कुरा गरे । यस लेखनकार्य हुँदासम्म उल्लिखित बुँदाहरूमा केही कारवाही अघि बढाइएको छैन । (उजुरी पत्र प्राप्त नगरे पनि) राष्ट्रिय मानवअधिकार आयोगले यस घटनाका सम्बन्धमा छानबिन गरिरहेको छ । आयोगले पोस्ट मोर्टम रिपोर्टको एक प्रति

उपलब्ध गराउन सम्बन्धित अधिकारीहरूसमक्ष अनुरोध गरेको थियो, तर २००८ को अगस्टसम्म आयोग निचोडमा भने पुगेको छैन ।

**औपचारिक कारवाही** : अप्रिल १२, २००७ मा प्रहरीले जाहेरी दर्खास्त दर्ता गर्‍यो । २००८ को अगस्टसम्म थप कारवाही अघि बढेको थाहा हुन आएको छैन ।

***मुद्दा नं. ५५***

| | | |
|---|---|---|
| नाम | : | चन्द्र बहादुर विक |
| घटनाको मिति | : | जनवरी ८, २००३ |
| उमेर | : | १७ वर्ष |
| ठेगाना | : | अर्मान गाविस वडा नं. ६, कासेबगर, म्याग्दी जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या (यातना भएको सम्भावना) |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :***

१. प्रमुख सेनानी राजु नेपाली, कालीप्रसाद बटालियन कमाण्डर, बेनी ब्यारेक म्याग्दी जिल्ला

२. कालीप्रसाद बटालियनका सैन्यहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** जनवरी ८, २००३ को बिहान कालीप्रसाद बटालियनबाट हातहतियार सहित आएका सेनाको एक समूहले माओवादी भएको शङ्काको आधारमा चन्द्र बहादुर विकलाई निजकै घरबाट पक्राउ गरे । पक्राउ गर्दा कुनै पक्राउ पुर्जी देखाइएन । ती सैन्यहरू अर्मान गाविस, वडा नं. ६, कासेबगरमा अस्थायी शिविर स्थापना गरी बसेका थिए । पक्राउ गरे पछि अस्थायी शिविरतर्फ लैजानु अघि ती सैन्यले चन्द्र बहादुरलाई मुक्काले, बन्दुकको कुँजाले र लात्तले हाने । चन्द्र बहादुरका बुबा कर्ण बहादुर विक र आमा शसीकलाले सेनाले चन्द्र बहादुरलाई पिटेको प्रत्यक्ष देखे । चन्द्र बहादुरकी आमा छोरालाई छोडी दिनुहोस् भन्दै अस्थायी शिविरसम्म ती सैन्य अधिकारीहरूको पछिपछि आइन्, तर उनको अनुनयलाई स्वीकार गरिएन ।

चन्द्र बहादुरको परिवार निजलाई पक्राउ गरिएको पर्सीपल्ट म्याग्दी जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय गए, तर दुवै निकायले निजलाई गैरकानूनी रूपमा पक्रेर थुनामा राखिएको बारेमा दिइएको जाहेरी दर्खास्त दर्ता गर्न मानेनन् । जनवरी ११, २००३ मा राज्यको स्वामित्वमा रहेको रेडियो नेपालले चन्द्र बहादुर माओवादी भएको र बाग्लुङ जिल्लाको बारञ्जा गाविस वडा नं. ६ स्थित पाइरोखोरिया भन्ने ठाउँमा भएको भिडन्तमा सुरक्षाफौजद्वारा निज मारिएको समाचार प्रसारित गर्‍यो ।

चन्द्र बहादुरको परिवारले रेडियोबाट निजको मृत्युको खबर पाएपछि फेरि प्रहरीकहाँ गएर सो हत्याको छानबिन गर्न माग राखे । पीडितका परिवार जनवरी १२, २००३ मा उजुरी गर्न तथा लाश आर्मी क्याम्पबाट बुझी पाउन सुनिश्चित गर्न जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय गए । प्रजिअले आवश्यक कदम चाल्ने आश्वासन दिए र लाशको दाहसंस्कार गर्न आग्रह गरे । प्रजिअले आश्वासन दिए पछि परिवारजनले लाशको धार्मिक परम्पराअनुसार अन्तिम संस्कार गरे । चन्द्र बहादुरलाई क्याम्प परिसरमै गाडियो । हालसम्म चन्द्र बहादुरको शवोत्खनन् भएको छैन । । प्रजिअको आश्वासन व्यवहारमा उत्रिएन, र परिवारले छानबिनको कुनै खबर पाएनन् ।

राष्ट्रिय मानवअधिकार आयोगले हालसालै उक्त मुद्दा उपर अनुसन्धान अघि बढाएको छ ।

**औपचारिक कारवाही :** अप्रिल १२, २००७ मा बाग्लुङ जिल्ला प्रहरी कार्यालयले गैससहरूको सहयोगमा जाहेरी दर्खास्त दर्ता गऱ्यो । यस लेखन कार्य हुँदासम्म प्रहरीले छानबिन अघि बढाएको छैन ।

## पाल्पा जिल्ला

| | | |
|---|---|---|
| मुद्दा नं. | : | ५६, ५७ र ५८ |
| नाम | : | दलबहादुर दर्लामी, नारायण प्रसाद कनाउजे र टेक बहादुर गाह |
| घटनाको मिति | : | मार्च २२, २००५ |
| उमेर | : | १५, १६, १५ वर्ष |
| ठेगाना | : | खन्नीछाप गाविस वडा नं. ८, महाछाप, पाल्पा जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

***जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :***

१. मेजर रविन्द्र केसी, रणबुम कम्पनी कमाण्डर, तानसेन पाल्पा

२. घटनास्थलमा खटिएका सैन्य जवानहरू

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** मार्च २२, २००५ बेलुका ८:३० बजेतिर पाल्पाको आर्यभञ्ज्याङ्ग तर्फबाट आउँदै गरेको सेनाको तीनओटा गाडी चिडिपानी गाविस वडा नं. १ मा पर्ने धैरेनी भन्ने ठाउँमा रोकिए। भोलिपल्ट होली उत्सव मनाउन भनी सो बाटोमा केही विद्यार्थीहरूले गाडी रोक्दै चन्दा उठाइरहेका थिए। प्रत्यक्षदर्शीका अनुसार २५-३० जना सैन्यहरू गाडीबाट ओर्लिए र कुनै सोधपुछ नै नगरी तिनीहरूले अन्धाधुन्ध गोली चलाए। दलबहादुर दर्लामी, नारायण प्रसाद कनाउजे र टेक बहादुर गाह नामका ३ विद्यार्थीहरूको घटनास्थलमै मृत्यु भयो।

भोलिपल्ट बिहान पाल्पा जिल्ला प्रहरी कार्यालयबाट प्रहरीको एक टुकडी आई पोस्ट मोर्टमको लागि लाश पाल्पा जिल्ला अस्पताल, तानसेन लग्यो। मार्च २४, २००५ मा जिल्ला प्रहरी कार्यालयले लाश फर्काएपछि परिवारले दाहसंस्कार गरे। प्रहरीले परिवारलाई लाशको पोस्ट मोर्टम रिपोर्ट देखाएन। तीनै जना पीडितका परिवारका सदस्यहरूले पाल्पा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्खास्त दर्ता गराउन खोजे, तर प्रहरीले उनीहरूको जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरे। पछि थाहा भएअनुसार प्रहरीले उजुरी विना नै सो हत्यालाई दुर्घटनाको रूपमा दर्ता गरेको थियो। पाल्पा जिल्ला सुरक्षा समितिले पीडितहरूको अन्तिम संस्कार गर्न सहयोग स्वरूप प्रत्येक पीडितका परिवारलाई रु १,००,०००।- उपलब्ध गरायो। जिल्ला सुरक्षा समितिले पीडितहरूको परिवारलाई सैन्यहरूले जथाभावी गोली चलाएको र नाबालिगहरूको हत्या गरेको स्वीकारिएको व्यहोरा भएको भनिएको कागजमा हस्ताक्षर गराए, तर परिवारलाई भने सो कागजको कुनै प्रतिलिपि उपलब्ध गराएनन्।

**औपचारिक कारवाही :** नोभेम्बर ३०, २००६ मा एड्भोकेसी फोरमका वकिलहरू र पिस ब्रिगेड् इन्टरनेसनलका प्रतिनिधिहरूका साथमा पीडितका परिवार फौज्दारी छानबिनको माग राख्दै तीनओटा छुट्टाछुट्टै जाहेरी दर्खास्त दर्ता गराउन पाल्पा जिल्ला प्रहरी कार्यालय गए । प्रहरीले यो मुद्दा राजनीतिक मुद्दा भएकोले र नागरिक अधिकारीहरूलाई यस्तो मुद्दा हेर्न अधिकार नभएकोले जाहेरी दर्खास्त दर्ता गर्न मानेनन् । उनीहरू त्यसपछि सोही दिन प्रजिअ कहाँ गए । प्रजिअले सुरुमा आनाकानी गरे, तर पछि उनले जाहेरी दर्खास्त जिल्ला प्रहरी कार्यालयमा पठाए । घण्टौंसम्म चलेको चर्काचर्की विवादपछि प्रहरीले जाहेरी दर्खास्त दर्ता गर्न स्वीकारे गरे ।

डिसेम्बर २४, २००६ मा एड्भोकेसी फोरमका वकिलहरूले सो उजुरीको सम्बन्धमा के कस्तो कारवाही अघि बढाइँदैछ भनी अनुगमन गर्न जिल्ला प्रहरी कार्यालयको भ्रमण गरे । प्रहरी नायब उपरीक्षक भीम प्रसाद ढकालले प्रहरीले पीडितका परिवारका जाहेरी दर्खास्तहरू दर्ता नगरेको तर प्रहरी आफैँले अर्को छुट्टै जाहेरी दर्खास्त दर्ता गरी त्यस अनुरूप छानबिन गरिरहेको बताए, जुन पहिले दिइएको जानकारीको ठीक उल्टो थियो । मार्च २२, २००७ मा पाल्पा जिल्ला प्रहरी कार्यालयमा कार्यरत असई बोम बहादुर कुमालले जिल्ला सरकारी वकिल कार्यालयमा दुर्घटनामा परी ती छात्रहरूको मृत्यु भएको भन्ने व्यहोराको प्रतिवेदन पेश गरे । मार्च २३, २००७ मा एड्भोकेसी फोरमका वकिलहरू पाल्पा जिल्ला प्रहरी कार्यालय जाँदा प्रहरीले पीडितका परिवारका जाहेरी दर्खास्तहरू डिसेम्बर ३१, २००६ मा दर्ता गरेको र पीडित परिवारका जाहेरी दर्खास्तहरूमा आधारित एक प्रारम्भिक प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयमा जनवरी १, २००७ मा पठाएको पुष्टि गरे ।

जनवरी ८, २००७ मा जिल्ला सरकारी वकिल कार्यालयले सो घटनालाई कर्तव्य ज्यान मुद्दाको रूपमा छानबिन अघि बढाउन जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दियो । जिल्ला प्रहरी कार्यालयले पाल्पा अस्पताललाई पोस्ट मोर्टम रिपोर्टको प्रतिलिपि पठाउन अनुरोध गरिसकिएको छ भनी एड्भोकेसी फोरमलाई मौखिक रूपमा जानकारी दियो । २००८ को अगस्टसम्म यस मुद्दाका सम्बन्धमा कुनै प्रगति भएको थाहा हुन आएको छैन ।

## सुर्खेत जिल्ला

**मुद्दा नं. ५९**

| | | |
|---|---|---|
| नाम | : | मन बहादुर कार्की |
| घटनाको मिति | : | जुन १०, २००६ |
| उमेर | : | ३५ वर्ष |
| ठेगाना | : | लेखगाउँ गाविस वडा नं. ४, सुर्खेत जिल्ला |
| अपराधको प्रकृति | : | यातना/गैरन्यायीक हत्या |

**जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :**

१. कुल बहादुर सिजाली, लेखगाउँ गाविस वडा नं. ४, सुर्खेत जिल्ला
२. जित बहादुर सिजाली, लेखगाउँ गाविस वडा नं. ४, सुर्खेत जिल्ला
३. रतन बहादुर गौतम, लेखगाउँ गाविस वडा नं. ४, सुर्खेत जिल्ला
४. मेघराज गौतम, लेखगाउँ गाविस वडा नं. ४, सुर्खेत जिल्ला
५. यम बहादुर घर्ती, लेखगाउँ गाविस वडा नं. ४, सुर्खेत जिल्ला
६. माओवादी सदस्य लाल बहादुर राम्जाली "लोकेश", लगम, बेतन, सुर्खेत
७. माओवादी सदस्य दिलिप, कुनाथरी गाविस, वडा नं. ३ वा ४, सुर्खेत

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** प्रत्यक्षदर्शीका अनुसार, जुन १०, २००६ मा करिब बिहानीको ५ बजेतिर दुईजना माओावादीहरू दिलिप र लोकेशले मन बहादुरलाई उनकै घरबाट अपहरण गरे । भोलि पल्ट बिहान मन बहादुरको लाश सोही लेखगाउँ गाविस वडा नं. ४ धनीगन्ध निवासी रतन बहादुर गौतमको घरबाहिर झुण्डिएको अवस्थामा पाइयो । एक स्थानीय माओवादीले मन बहादुरले आत्महत्या गरेको कुरा उनका परिवारलाई बताए । मन बहादुरले आत्महत्या गरेको कुरा मन बहादुरका परिवारलाई विश्वास लागेन र यसैकारण उनीहरूले मन बहादुरको लाश बुझ्न अस्वीकार गरे । मन बहादुरलाई अपहरणपश्चात् हत्या गरिएको दाबी गर्दै उनीहरूले घटनाको छानबिन हुनु पर्ने माग राखे ।

जुन १२, २००६ मा सोही जिल्ला, विद्यापुर गाविस निवासी माओवादी सदस्य बिपिनले लाश बुझी दाहसंस्कार गर्न परिवारलाई दबाब दिए । स्थानीय मिडियाको रिपोर्ट र दुई प्रत्यक्षदर्शीले दिएको जानकारीअनुसार जग्गाको विषयमा लामो समयदेखि पीडित मन बहादुर र मन बहादुरको बुबासँग कुल बहादुरको किचलो परेको हुनाले कुल बहादुरले षड्यन्त्र गरी मन बहादुरलाई अपहरण गराई हत्या गराएको भन्ने देखिन्थ्यो । मन बहादुरलाई मार्न यही झगडाले नै पीडकहरूलाई उक्साएको हो भनी

एक गाउँलेले बताए । कुल बहादुर सिजाली, रतन बहादुर गौतम, मेघराज गौतम, यम बहादुर घर्ती नामका ४ सोही गाउँ निवासीहरू मन बहादुरलाई कुट्ने र मार्ने कार्यमा संलग्न रहेको परिवारले बताए । उनीहरूका अनुसार कुटेर मारिसकेपछि आत्महत्या गरेको जस्तो देखाउन पीडकहरूले मन बहादुरको लाशलाई रुखमा झुण्डचाएका थिए । अण्डकोश लगायत लाशको धेरै भागहरूमा घाउ थियो ।

**औपचारिक कारवाही** : सेप्टेम्बर ११, २००६ मा जाहेरी दर्खास्त दर्ता गराउन भनी मन बहादुरका आफन्त जिल्ला प्रहरी कार्यालय गए । राष्ट्रिय मानवअधिकार आयोगलाई पनि सो घटनाका सम्बन्धमा जानकारी दिइयो, तर यस लेखन कार्य हुँदासम्म आयोग निष्कर्षमा पुग्न सकेको थिएन । माओवादी कार्यकर्ताहरूले समेत जाहेरी दर्खास्त दर्ता नगराउन धम्की दिएका थिए । २००८ अगस्टसम्म प्रहरीले सो जाहेरी दर्खास्त दर्ता गरेको छैन र कुनै कारवाही पनि अघि बढाएको छैन ।

## तनहुँ जिल्ला

**मुद्दा नं. ६० र ६१**

| | | |
|---|---|---|
| नाम | : | गंगा बहादुर नेपाली र श्याम शुन्दर कैनी "भरत" |
| घटनाको मिति | : | अप्रिल २९, २००२ |
| उमेर | : | ३९ वर्ष (दुवैजना) |
| ठेगाना | : | घाँसीकुवा गाविस वडा नं. ३ र व्यास नगरपालिका वडा नं. ३, तनहुँ जिल्ला |
| अपराधको प्रकृति | : | गैरन्यायीक हत्या |

**जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :**

१. मेजर बाबुराम श्रेष्ठ, नेपाली सेनाको ३ नं. बटालियन, चापाघाट, व्यास नगरपालिका, तनहुँ जिल्ला

२. सोही बटालियनका जमदार दामोदर अधिकारी, चापाघाट, व्यास नगरपालिका, तनहुँ जिल्ला

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** अप्रिल २९, २००२ मा नेकपा (एमाले) का गाउँस्तरका राजनीतिक कार्यकर्ता गंगा बहादुर नेपालीलाई उनकै निवासमा पक्राउ गरी आर्मी ब्यारेक लगियो । बिरामी छोरालाई अस्पताल लगी घरमा आइपुगे लगतै गंगा बहादुरलाई पक्राउ गरियो । गंगा बहादुरकी श्रीमतीलाई गंगालाई केही नगरिने र चाँडै नै घर फर्काइने छ भनी आश्वासन दिइयो ।

सोही दिन करिब १० बजे राति सैन्य अधिकारीहरूले भरतलाई उनकै घरबाट अपहरण गरे । भरतकी श्रीमतीले श्रीमानको अपहरण प्रत्यक्ष देखेकी थिइन् । उनले श्रीमानको अपहरणलाई रोक्ने प्रयास गर्दा सेनाले उनलाई लछारपछार पारे र भरत सुरक्षितसाथ घर फर्किनेछ भनी बताए ।

दुवै परिवारका सदस्यहरूले जानकारी दिएअनुसार भोलिपल्ट बिहान गंगा र भरतलाई सुरक्षाकर्मीहरूले हत्या गरे । उक्त हत्याको भोलिपल्ट राज्यको स्वामीत्वमा रहेको रेडियो नेपालले बिहानको समाचारमा तनहुँ जिल्लाको घाँसीकुवा गाविस वडा नं. ८ मा सुरक्षाफौजलाई एम्बुसमा पार्न खोज्ने दुई आतंककारी गंगा बहादुर नेपाली र श्याम शुन्दर कैनी "भरत"लाई सुरक्षाफौजले गोली हानी हत्या गरे भनी उल्लेख गऱ्यो ।

गंगा बहादुर र श्याम शुन्दरको हत्याको दुई दिनपश्चात् उनीहरूका परिवार र नेकपा (एमाले) तनहुँ जिल्ला समितिका सचिव प्रताप लाल श्रेष्ठले लाश परिवारलाई हस्तान्तरण गर्न मेजर बाबुराम श्रेष्ठलाई अनुरोध गरे । तर मेजर बाबुराम श्रेष्ठले "आतंककारीहरू"को लाश आफूले हस्तान्तरण गर्न नसक्ने बताए । मेजर बाबुराम श्रेष्ठले दमौलीको आमसभालाई सम्बोधन गर्न आएका नेकपा (एमाले) का तत्कालीन महासचिव माधव कुमार नेपालले फोन गरे पछि मात्र परिवारलाई लाश बुझाए । जमदार दामोदर अभिकारीको कमाण्डमा रहेका सैन्यहरूले गंगा बहादुर र श्याम शुन्दरलाई पक्राउ गरी गोली हानी हत्या गरेको भनी आर्मी ब्यारेकका सैन्य अधिकारीहरूले आफूलाई जानकारी दिएका थिए भनी प्रताप लाल श्रेष्ठले लिखित वक्तव्यमार्फत सो कुरा पुष्टि गरे ।

**औपचारिक कारवाही** : प्रहरीले अप्रिल ६, २००७ मा दुईओटा जाहेरी दर्खास्त दर्ता गरे । यस लेखन कार्य हुँदासम्म प्रहरीले छानबिन सुरु गरेको थिएन । जब एड्भोकेसी फोरमले जिल्ला प्रहरी कार्यालय तनहुँलाई सम्पर्क गर्दा जुन २९, २००८ मा एक प्रहरी अधिकृतले जाहेरीमा उल्लिखित केही प्रत्यक्षदर्शीहरूको बयान लिइसकेको तथा पोस्ट मोर्टम रिपोर्टको लागि सम्बन्धित अधिकारीहरूसँग सम्पर्क गरिसकिएको जानकारी दिए । त्यस पछि सो मुद्दामा कुनै प्रगति भएको थाहा हुन आएको छैन ।

# उदयपुर जिल्ला

**मुद्दा नं. ६२**

| | | |
|---|---|---|
| नाम | : | धनकुमारी तुम्बाहाम्फे |
| घटनाको मिति | : | अप्रिल २४, २००५ |
| उमेर | : | २४ |
| ठेगाना | : | बराह क्षेत्र गाविस वडा नं. १, सुनसरी जिल्ला |
| अपराधको प्रकृति | : | बलात्कार पछिको गैरन्यायीक हत्या |

**जवाफदेहि बनाउनु पर्ने व्यक्ति र निकाय :**

करिब २५० जना अज्ञात सुरक्षाकर्मीहरू, जो निम्नानुसारको स्थान/कार्यालयबाट खटिएका थिए :

१. नेपाली सेनाको १८ नं. डिभिजन, भुल्के, उदयपुर जिल्ला
२. रणभिम बटालियन सुरक्षा आधार सिविर, फत्तेपुर, सप्तरी जिल्ला
३. नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरी, सुनसरीको कमाण्डमा रहेको सशस्त्र प्रहरी बलको दन्तकाली बटालियन, बर्माझिया, सप्तरी जिल्ला

**जाहेरी दर्खास्तमा उल्लेख भएको तथ्यको सारांश :** अप्रिल २४, २००५ मा धनकुमारी र उनको साथी रोमन राई उदयपुर जिल्लाको मैनामैनी गाउँमा बसेका थिए । सेनाले गाउँ घेरेको उनीहरूले सुने, र प्रत्यक्षदर्शीहरूले भनेअनुसार दुवैजनाले गाउँबाट भाग्ने प्रयास गरे । धनकुमारी भाग्न सकिनन्, र उनलाई करिब ५ बजेतिर सोमबारे चोकबाट पक्राउ गरियो । ती सैन्यहरूले उनको झोलाबाट नेकपा (माओवादी) को कागजात पनि बरामद गरे । सेनाले उनलाई मैनामैनी गाउँ घुमाउँदै मैनामैनी गाउँ वडा नं. ९ को एक स्थानीय घरमा लगेर राखे । एक प्रत्यक्षदर्शीका अनुसार भोलिपल्ट बिहान करिब १ बजेतिर सेनाले उनलाई घरबाट बाहिर निकाली डाँडातिर लगे र बलात्कार गरी हत्या गरे ।

सेनाले उनलाई बलात्कार गरी मारेकै डाँडामा पुरेका थिए । गाउँलेहरूले उनको परिवारलाई खबर गरे । परिवारले उनको लाश खनी निकाले र उनको अन्तिम संस्कार गरे । शवोत्खनन् गर्दा लाशको कन्चट र घाँटीमा गोली लागेको र बाँया स्तन काटि चुडाइएको पाइयो । लाशमा उनलाई बलात्कार गरिएको हुन सक्ने जनाउने संकेतहरू पनि थिए । धनकुमारीलाई बलात्कार गरिएको थियो भन्ने तथ्य स्थापित गराउन कुनै मेडिकल जाँच गरिएन ।

धनकुमारीको देवर चक्र बहादुर तुम्बाहाम्फेले अप्रिल २६, २००५ मा जाहेरी दर्खास्त दर्ता गराउन प्रयास गरे, तर उदयपुर जिल्ला प्रहरी कार्यालयले सो मुद्दा दर्ता गर्न अस्वीकार गऱ्यो । चक्र बहादुरले सो घटनाको विवरण सम्मिलित एक फाइल राष्ट्रिय मानवअधिकार आयोगमा बुझाए । आयोगले यस घटनामा अझै छानबिन गरिरहेको छ ।

**औपचारिक कारवाही :** सेप्टेम्बर २२, २००६ मा एड्भोकेसी फोरमले उदयपुर जिल्ला प्रहरी कार्यालय गई जाहेरी दर्खास्त दर्ता गर्ने प्रयास गऱ्यो । तर प्रहरी नायब उपरीक्षक मोहन बहादुर खड्काले जाहेरी दर्ता गर्नु अघि माथिल्ला निकायसँग परामर्श लिन चाहेको बताए । सेप्टेम्बर २४, २००६ मा जिल्ला प्रहरी कार्यालयले सो जाहेरी दर्खास्त साधारण डायरीमा दर्ता गरिएको छ भनी परिवारलाई जानकारी गरायो । पीडित परिवार २००७ को अक्टोबरमा जिल्ला प्रहरी कार्यालय पुगे र यस प्रकारका घटना दर्ता गरिने १० नं. डायरीमै जाहेरी दर्खास्त दर्ता गर्न आग्रह गरे । तैपनि जिल्ला प्रहरी अधिकृतहरूले उचित तवरले जाहेरी दर्खास्त दर्ता गर्न इन्कार गरे । त्यसपछि जनवरी १५, २००८ मा जाहेरी दर्खास्त दर्ता गर्न आदेश गरि पाऊँ भनी परिवार पुनरावेदन अदालत राजविराजको शरणमा गए । पुनरावेदन अदालतले अगस्ट १८, २००८ मा जाहेरी दर्खास्त दर्ता गर्नू भनी जिल्ला प्रहरी कार्यालयका नाममा आदेश जारी गऱ्यो । तर २००८ अगस्टको अन्तिमसम्म पनि सो जाहेरी दर्खास्त दर्ता भएको छैन ।

ADVOCACY FORUM
Baluwatar, Kathmandu
P.O. Box: 21798
NEPAL
www.advocacyforum.org

HUMAN RIGHTS WATCH
350 Fifth Avenue, 34th Fl.
New York, NY 10118-3229
USA
www.hrw.org

HUMAN RIGHTS WATCH

# न्यायको पर्खाइमा

## नेपालको सशस्त्र द्वन्द्वका अदण्डित अपराधहरु

नेपाल कम्युनिस्ट पार्टी माओवादी र नेपाल सरकारबीच चलेको दशक लामो सशस्त्र द्वन्द्वमा अनुमानित १३ हजार मानिसहरू मारिए, ती मध्ये अधिकांश गैरसैनिक सर्वसाधारणहरू थिए। गैरसैनिक सर्वसाधारणको जथाभावी रूपमा हत्या गर्ने, तिनलाई यातना दिने, बेपत्ता पार्ने र अन्य प्रकारले अधिकारको हनन् गर्ने कार्यमा सुरक्षा फौज र माओवादी दुवै पक्ष जिम्मेवार थिए। २००६ को नोभेम्बरमा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भए पश्चात त्यस्ता पीडितका केही साहसी परिवारहरू न्याय माग्दै अघि आएका छन्।

न्यायको पर्खाइमा भन्ने यो प्रतिवेदनले पीडितका परिवारद्वारा हत्या, यातना, बलात्कार तथा जबर्जस्ती बेपत्ताका आरोप सम्बन्धमा प्रहरी समक्ष दायर गरेका ४९ ओटा जाहेरीलाई विश्लेषण गरेको छ। यी जाहेरीहरूमा वर्णित अधिकांश अधिकार उल्लङ्घनका घटनाहरू २००२ देखि २००६ सम्म सुरक्षा फौजद्वारा घटाइएका हुन् भने दुईओटा हत्याका घटनाहरूमा माओवादीहरू आरोपित छन्। नेपालको न्याय प्रणाली यी जाहेरीहरूलाई सम्बोधन गर्नमा दयनीय रूपमा असफल भएको छ। एउटै पनि पीडकलाई नागरिक न्यायालयको कठघरामा उभ्याइएको छैन। सेना तथा माओवादीदेखि डराएका प्रहरीले अभियुक्त र साक्षीको बयान लिन तथा मुद्दाका सम्बन्धमा अत्यन्त आधारभूत अनुसन्धानका कार्य गर्नसमेत सकेको छैन। केही मुद्दाहरूमा यस्ता घटनाहरू सम्बन्धमा प्रस्तावित सङ्क्रमणकालीन न्यायका संरचनाले कार्य गर्ने छ भन्दै अदालतहरूले पीडित परिवारले घटनाको अनुसन्धान होस् भनी गरेका निवेदनलाई इन्कार गरेका छन्। सुरक्षा फौजबाट भएका हत्या, जबर्जस्ती बेपत्ता तथा यातनाबारे स्वतन्त्र अनुसन्धान तथा प्रभावकारी अभियोजन सुनिश्चित गर्ने प्रस्ट कानूनी मापदण्डको व्यवस्था कानूनमा नहुनुले पनि चालु दण्डहीनतालाई बल मिलेको छ।

नेपालको नयाँ सरकारले द्वन्द्वका समयमा घटित गम्भीर अपराधहरूको अनुसन्धान गरी त्यस उपर अभियोजन गर्ने कुरालाई प्राथमिकता दिई सुरक्षा फौज तथा हतियारधारी समूहहरूलाई मानवअधिकारको उल्लङ्घन अब सह्य हुने छैन भन्ने कडिलो सन्देश प्रवाहित गर्नु पर्दछ। अन्तर्राष्ट्रिय मापदण्डहरूलाई मिच्दै यस्ता उल्लङ्घनकर्ताहरूलाई क्षमादान दिइने पो हो कि भन्ने गम्भीर चिन्ता छाएको छ। मानवअधिकारका गम्भीर अपराधीहरूलाई दण्डबाट छुट दिँदा अधिकार उल्लङ्घनका घटनाहरू भविष्यमा अझ बढी घट्छन् भन्ने कुरा नेपाल तथा अन्य मुलुकहरूका विगतका अनुभवले देखाएका छन्। दोषीहरूलाई दण्डबाट उन्मुक्ति दिइनु न्यायको पर्खाइमा रहेका पीडित परिवारहरूको पनि अपमान गर्नु हो।



फेब्रुअरी १३, २००४ मा सेनाद्वारा मारिएकी १७ वर्षीय आफ्नी छोरी सुभद्रा चौलागाईंको तस्वीर लिएकी आमा पुतली चौलागाईं
© 2007 Nick Hogg.